# सार्वजनिक खरिद अनुगमन कार्यालय

## आर्थिक बर्ष २०७५/०७६

# बार्षिक प्रतिवेदन

नेपाल सरकार

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं

नेपाल

**सम्पादक समिति**

| | |
|---|---|
| संयोजक, सचिव | : श्री बेगेन्द्रराज शर्मा पौड्याल |
| अध्यक्ष, सह-सचिव | : श्री यज्ञराज कोइराला |
| सदस्य, निर्देशक | : श्री प्रभात कुमार झा |
| सदस्य, निर्देशक | : श्री केशव प्रसाद प्रसाँई |
| सदस्य, निर्देशक | : श्री मनिष भट्टराई |
| सदस्य, निर्देशक | : श्री श्रीधर पन्थी |
| सदस्य, निर्देशक | : श्री रेखा कंडेल |
| सदस्य, निर्देशक | : श्री रोमाकान्त काफ्ले |
| सदस्य, लेखा अधिकृत | : श्री दिनेश लम्साल |
| सदस्य, शाखा अधिकृत | : श्री सुनिता शर्मा |
| सदस्य, कम्प्यूटर अपरेटर | : श्री किशोर अर्याल |


**प्रकाशक**

## सार्वजनिक खरिद अनुगमन कार्यालय

**ताहाचल, काठमाडौं ।**

फोन नं. : ०१-४०३०५१८, ०१-४०३०७१५

फ्याक्स : ०१-४०३०६४२

इमेल : info@ppmo.gov.np

वेभसाइट : ppmo.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

ताहाचल, काठमाडौं, नेपाल

प.सं. : २०७६/७७ मिति : २०७६, भाद्र
च.नं. :

**बिषय : बार्षिक प्रतिवेदन, २०७६ प्रस्तुत गरिएको ।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद कारबाहीको बार्षिक प्रतिबेदन नेपाल सरकार समक्ष पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक बर्ष २०७५/७६ मा यस कार्यालयबाट सम्पादन भएका विविध कार्यहरु र सार्वजनिक खरिद सम्वन्धमा देखिएका समस्या एवं चुनौतीहरु तथा सुधारका लागि केही सुझावहरु समावेश गरि तयार गरिएको बार्षिक प्रतिवेदन, २०७६ प्रस्तुत गरेको छु ।

(बेगेन्द्रराज शर्मा पौड्याल)
सचिव

## मन्तब्य

सार्वजनिक खरिद अनुगमन कार्यालयले स्थापना दिवसको अवसरमा आ.व. ०७५/७६ मा सम्पादन गरिएका मुख्य-मुख्य कार्यहरु समेटी बार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा सार्वजनिक खरिदको काममा प्रत्यक्ष वा परोक्ष रुपले संलग्न हुने सम्पूर्ण सार्वजनिक निकाय, निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता, विकास साझेदार लगायत सम्बद्ध सबैमा हार्दिक शुभकामना ब्यक्त गर्न चाहन्छु ।

सार्वजनिक खर्चबाट अधिकतम प्रतिफल हासिल गर्ने गरी खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रबर्द्धन गर्न सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तर्जुमा भएको हो । सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न २०६४ भाद्र ३ गते कार्यालयको स्थापना भई ऐनको दफा ६५ र नियमावलीको नियम १४४ ले यस कार्यालयको काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । कानुनले तोके बमोजिमको जिम्मेवारी पुरा गर्न यस कार्यालयले मुख्य रुपमा खरिद सम्बन्धी नीति र कानुनमा सुधार गर्न सिफारिस गर्ने, वोलपत्र सम्बन्धी नमूना कागजात, निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन तयार गर्ने, खरिद प्रक्रियाको अनुगमन गर्ने, विद्युतीय खरिद प्रणाली (e-GP System) संचालन गर्ने, सार्वजनिक निकायहरुलाई खरिद सम्बन्धी राय परामर्श उपलब्ध गराउने, खरिद ऐन नियम विपरीत कार्य गर्ने बोलपत्रदातालाई कालोसूचीमा राख्ने, सार्वजनिक खरिद सम्वन्धमा पर्न आएका गुनासाहरुको सुनुवाई गरी सुधारका लागि लेखि पठाउने, खरिद कार्यमा संलग्न हुने कर्मचारी र वोलपत्रदातालाई नियमित प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने लगायतका कार्यहरु गर्दै आइरहेको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले सीमित स्रोत साधन र न्यून जनशक्तिको बाबजुद कानुनले निर्धारण गरेका कार्यहरुका अतिरिक्त सार्वजनिक खरिदका क्षेत्रका नविनतम अवधारणा, अन्तर्राष्ट्रिय प्रतिवद्धता र असल अभ्यासहरुको अवलम्बन गर्दै आइरहेको छ । यद्यपि, कार्यालयको संस्थागत सुदृढीकरण गरी खरिद प्रक्रियालाई सरल, सहज, प्रविधि मैत्री र विकास मैत्री बनाई पूँजीगत खर्च बढाउने र विद्यमान कानूनी प्रक्रियाको सदुपयोग गराउने, सार्वजनिक निकायहरुलाई योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्दति अबलम्बन गर्ने गराउने, नमूना वोलपत्र सम्बन्धी कागजात प्रयोग गर्ने, खरिद सम्झौताको कार्यान्वयनमा ध्यान दिने, सबै तहका खरिद

प्रक्रियामा संलग्न सरोकारवालाहरुको क्षमता विकास गर्ने जस्ता चुनौतीहरु विद्यमान छन् । उल्लिखित चुनौतीहरुको न्यूनिकरणका लागि यस कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै दक्ष जनशक्तिको आपूर्ति र उपयुक्त स्थानमा कार्यालयको स्थानान्तरण गर्नु अपरिहार्य देखिन्छ भने सम्पूर्ण सरोकारवालाहरुको सहयोग, समन्वय र प्रतिवद्धताबाट मात्रै खरिद प्रणालीमा सुधार गरी समृद्ध मुलुक निर्माणको अभियानमा टेवा पुर्‍याउन सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, प्रस्तुत बार्षिक प्रतिवेदन तयार गर्ने कार्यमा संलग्न कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद् दिन चाहन्छु ।

**धन्यवाद !**

**२०७६ भाद्र, ३**

(बेगेन्द्रराज शर्मा पौड्याल)

सचिव

## बिषय-सूची


| क्र.सं. | बिषय | पेज संख्या |
|---|---|---|
| | सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आर्थिक बर्ष २०७५/७६ मा सम्पादन भएका काम कारवाहीहरुको कार्यकारी सारांश | १ |
| | **परिच्छेद - एक** | |
| **१** | **सामान्य जानकारी** | ४ |
| | १.१ नेपालमा सार्वजनिक खरिद कानुनको विकास | ४ |
| | १.२ सार्वजनिक खरिद ऐन, २०६३ का मुख्य मुख्य प्रावधानहरु | ५ |
| | १.३ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारी | १० |
| | १.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मक संरचना र कार्य प्रणाली | १३ |
| | १.५ कार्यालयको भौतिक पूर्वाधारको अवस्था र कार्य वातावरण | २१ |
| | १.६ कार्यालयका गतिविधिहरु | २२ |
| | १.७ आर्थिक प्रशासन सम्बन्धी कार्यहरु | २२ |
| | **परिच्छेद - दुई** | |
| **२** | **सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरु** | **२४** |
| | २.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधार | २४ |
| | २.२ सार्वजनिक खरिद अनुगमन | २४ |
| | २.३ क्षमता विकास र तालिम | २७ |
| | २.४ वेवसाईटमा विवरण अध्यावधिक गर्ने व्यवस्था | २७ |
| | २.५ राय परामर्श प्रदान | २८ |
| | २.६ कालोसूचीको कार्यवाही | २८ |
| | २.७ सार्वजनिक खरिद पुनरावलोकन | २९ |
| | **परिच्छेद - तीन** | |
| **३.** | **राष्ट्रिय विद्युतीय खरिद प्रणाली: असल अभ्यास तथा कार्यान्वयनका चुनौतीहरु** | **३२** |
| | ३.१ हालको अवस्था | ३२ |
| | ३.२ समस्या र चुनौती | ३७ |
| | ३.३ आगामी कार्यदिशा | ३९ |
| | **परिच्छेद - चार** | |
| **४.** | **नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या, चुनौति, सुझाव र भावि कार्यदिशा** | **४०** |
| | ४.१ बिभिन्न सार्वजनिक निकायको खरिद व्यवस्थापनमा देखिएका समस्याहरु | ४० |
| | ४.२ नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका चुनौतिहरु | ४१ |
| | ४.३ सुझाव एवं भावी कार्यदिशा | ४२ |
| | ४.४ निष्कर्ष : | ४७ |

## अनुसूचीहरु


| अनुसूची | शिर्षक | पेज संख्या |
|---|---|---|
| १. | सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठन संरचना र दरवन्दी तेरिज | ५० |
| २. | सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण | ५२ |
| ३. | सार्वजनिक खरिद अनुगमन सम्वन्धी विवरण | ५४ |
| ४ | सार्वजनिक खरिद सम्वन्धी गुनासोको अनुगमन सम्वन्धी विवरण | १२० |
| ५. | क्षमता विकास तालिम सम्वन्धी विवरण | १७१ |
| ६. | राय परामर्श सम्बन्धी विवरण | १७२ |
| ७. | कालोसूची सम्वन्धी विवरण | २४४ |
| ८. | विद्युतीय खरिद प्रणाली (e-GP System) को तथ्याङ्क | २४८ |
| ९. | बार्षिक प्रगती विवरण | २४९ |

# सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आर्थिक बर्ष २०७५/७६ मा सम्पादन भएका कामकारवाहीहरुको कार्यकारी सारांश

सार्वजनिक खर्चबाट अधिकतम प्रतिफल हासिल गर्ने गरी खरिद प्रक्रियामा प्रतिस्पर्धा, स्वच्छता, इमान्दारिता, जवाफदेहिता र विश्वसनियता प्रबर्द्धन गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ ल्याइएको हो । यी कानुनी प्रावधानलाई कार्यान्वयनमा सघाउ पुऱ्याउन २०६४ भाद्र ३ गते सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भई ऐनको दफा ६५ र नियमावलीको नियम १४४ ले यसको काम कर्तव्य र अधिकार तोकिदिएको छ । सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम कार्यालयबाट आर्थिक बर्ष २०७५/७६ मा सम्पादन गरिएका काम कारवाहीहरु देहाय बमोजिम रहेका छन् :-

(१) समसामयिक विषयलाई सम्बोधन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं, सातौं र आठौं संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको र खरिद ऐनको दोस्रो संशोधनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रस्ताव पेश गरी थप सुझाव संकलन गर्ने र छलफल गर्ने कार्य भइरहेको छ ।

(२) सार्वजनिक खरिदका सम्पूर्ण प्रक्रियालाई विद्युतीय खरिद प्रणालीमा आबद्ध गर्न राष्ट्रिय विद्युतीय खरिद प्रणाली (e-GP System) कार्यान्वयनमा रहेको छ । यस प्रणालीको सहज पहुँचका लागि वेवसाईट www.bolpatra.gov.np/egp संचालन गरी कार्यान्वयनमा ल्याइएको छ । उक्त प्रणालीमा सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (Public Procurement Management Information System, PPMIS) समेतको व्यवस्था रहेको छ ।

(३) सार्वजनिक निकायहरुलाई खरिद कार्यका लागि आवश्यक पर्ने नमूना बोलपत्र सम्वन्धी कागजात (Standard Bidding Document), पूर्वयोग्यता सम्बन्धी कागजात (Standard Prequalification Document) र खरिद सम्झौता सम्बन्धी कागजात (Standard Contract Document) र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (Request For Proposal) को स्ट्यान्डर्ड नमूनाहरू तयार गरी प्रयोगमा ल्याइसकिएको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं, सातौं र आठौं संशोधन पश्चात् १३ वटा Standard Bidding Document हरुमा परिमार्जन गरी

कार्यान्वयनमा ल्याइसकिएको छ भने सबै Bidding Document बमोजिम विद्युतीय खरिद प्रणाली (e-GP System) मा समेत अपलोड गरीसकिएको छ ।

(४) सार्वजनिक खरिद ऐन, नियमावली तथा बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधानका सम्बन्धमा विभिन्न सरकारी कार्यालयहरुलाई राय परामर्श प्रदान गर्ने सम्बन्धमा आर्थिक बर्ष २०७५/७६ मा १८८ को संख्यामा राय परामर्श उपलब्ध गराइएको छ ।

(५) विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ को कार्यान्वयनवाट विद्युतीय खरिद प्रणालीलाई सरल, सहज र प्रभावकारी ढंगबाट सञ्चालन गर्न टेवा पुऱ्याएको छ भने यसको अवलम्वनवाट सरकारी कार्यालयका खरिद प्रकृयालाई बढी पारदर्शि र जिम्मेवार वनाउनमा सघाउ पुऱ्याएको छ ।

(६) कार्यालयले www.ppmo.gov.np नामको वेवसाईटमा सार्वजनिक सूचना जारी गर्ने, खरिद सम्बन्धी आवश्यक नमूना कागजात राख्ने, बोलपत्र सम्वन्धी सूचना अपलोड गर्ने, कालोसूचीको विवरण अद्यावधिक गर्ने, खरिद सूचना प्रकाशित गर्ने जस्ता कार्यहरु गर्दै आएको छ । यो वेवसाईटबाट सार्वजनिक खरिद प्रक्रियामा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न हुने सार्वजनिक निकायहरु, सरोकारवाला निकायहरु, बोलपत्रदाताहरु, निजी क्षेत्र र सार्वजनिक खरिदमा चासो राख्नेहरुलाई सार्वजनिक खरिद सम्बन्धी सूचना लिन सहज बनाएको छ ।

(७) खरिद प्रणालीलाई सरल, सहज, व्यवस्थित, सुरक्षित र भरपर्दो बनाउन आर्थिक बर्ष २०७५/७६ मा Mobile Notification Services र Moblie Apps को निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ जसका माध्यमबाट बोलपत्रदाताले मोवाइलका माध्यमवाटै वीड सम्वन्धी जानकारी प्राप्त गर्न सक्दछन् ।

(८) सार्वजनिक खरिदको बिषयबस्तु समेटेर लेख, रचना, सामग्रीहरु तथा सम्बद्ध अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने कार्य समेत यस कार्यालयले गर्दै आएको छ । साथै सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिम कार्यालयबाट सम्पादन भएका कार्यहरुका वारेमा सरोकारवालाहरुको लागि नियमित सार्वजनिक गर्नुपर्ने सार्वजनिक विवरण समेत प्रकाशन गर्ने गरिएको छ ।

(९) कार्यालयले बोलपत्रदाता वा खरिद कार्यमा संलग्न हुने कर्मचारीका लागि क्षमता विकास सम्बन्धी क्रियाकलापहरु नियमित बार्षिक कार्यक्रममा समावेश गरी प्रशिक्षण कार्यक्रम

सञ्चालन गर्दै आएको छ, जस अन्तर्गत केन्द्र र जिल्लामा गरी आधारभूत तालिम ५ वटा र e-GP सम्बन्धी १५ वटा गरी कुल २० वटा तालिम कार्यक्रमबाट सार्वजनिक निकायका कर्मचारी, बोलपत्रदाता र सरोकारवाला गरी जम्मा १००० जना प्रशिक्षित भएका छन् ।

(१०) यस आर्थिक बर्ष मा २२ जिल्लाहरुमा सार्वजनिक खरिदसँग संलग्न सरोकारवाला पक्षहरुः जिल्लास्थित सार्वजनिक निकायहरु, उद्योग बाणिज्य संघ तथा निर्माण व्यवसायी संघका पदाधिकारीहरु र संचारकर्मीहरुको सहभागितामा सार्वजनिक खरिद सम्वन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ भने विभिन्न ३० वटा सरकारी निकायको खरिद सम्वन्धी Random Monitoring कार्य सम्पन्न गरी थप सुधार तथा त्रुटी सच्चाउनका लागि लेखि पठाइएको छ ।

(११) विद्युतीय खरिद प्रणाली (e-GP System) सेवा जुनसुकै बेलामा पनि संचालनका लागि कार्यालयमा e-GP Help-Desk वाट प्राविधिक सेवा उपलब्ध हुँदै आएको छ । यस आर्थिक बर्षमा विभिन्न १५०० जना प्रयोगकर्ताहरुलाई उक्त सेवा प्रदान गरिएको छ ।

(१२) विभिन्न सार्वजनिक निकायबाट हुने खरिद कार्यका सम्वन्धमा पर्न आएका गुनासो तथा उजुरीहरुको सुनुवाई गरी सम्वद्ध निकाय वा पक्षलाई कानून बमोजिम खरिद कार्य गर्न, खरिद कार्य प्रकृयामा सुधार गर्न, त्रुटी सच्चाउन ध्यानाकर्षण गरी लेखि पठाइएको छ ।

(१३) सार्वजनिक खरिद ऐन र नियमावलीका कानुनी प्रावधान तथा सार्वजनिक निकायसंग गरेको खरिद सम्झौता विपरित काम गर्ने, समयमा तोकिए वमोजिमको निर्माण वा अन्य कार्य सम्पन्न नगर्ने, काममा लापरवाही तथा अटेरी गरी जिम्मेवारी नलिने, लामो समय सम्म काम गर्दै नगर्ने, तोकिए बमोजिमको गुणस्तरीय काम नगर्ने जस्ता कार्य गरी ऐन, नियम र सम्झौता विपरितको कार्य गर्ने विभिन्न ५० वटा निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा बोलपत्रदाताका फर्म तथा कम्पनीहरुलाई निश्चित अवधि सम्मका लागि सार्वजनिक खरिद कार्यमा भाग लिन नपाउने गरी कालोसूचीमा राख्ने निर्णय गरिएको छ ।

(१४) कार्यालय परिसरको सरसफाई, फलफूल रोपण तथा वगैंचा व्यवस्थापन गरी कार्यालय परिसरलाई चुस्त दुरुस्त पारिएको छ ।

परिच्छेद - एक

# सामान्य जानकारी

## पृष्ठभूमिः

सार्वजनिक वित्तको प्रयोग गरी सार्वजनिक निकायहरुबाट गरीने खरिद प्रक्रियालाई सार्वजनिक खरिदको रुपमा बुझिन्छ । राज्यको संचित कोषबाट गरीने कुल खर्चको करिब ७०% खर्च सार्वजनिक खरिदमा हुने अध्ययनहरुले देखाएका छन् । यसर्थ सार्वजनिक खरिदको प्रभावकारी व्यवस्थापन गर्न सकिएमा प्रतिस्पर्धा, पारदर्शिता र जवाफदेहिता अभिबृद्धि हुन गई जनताले तिरेको रकमबाट हुने खर्चको प्रभावकारितामा वृद्धि आई सरकारी निकायबाट हुने खर्चमा जनविश्वास बढ्न जाने अपेक्षा गर्न सकिन्छ ।

सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका प्रावधानहरुले सार्वजनिक खरिद सम्बन्धी कार्यविधी, प्रक्रिया तथा निर्णयलाई अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउनुको साथै सार्वजनिक खरिद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता र विश्वसनियता प्रवर्द्धन गरी मितव्ययी तथा विवेकपूर्ण ढंगबाट सार्वजनिक खर्चको अधिकतम प्रतिफल हासील गर्ने दिशानिर्देश गरेकोले नेपालको सार्वजनिक खरिद कानुनलाई सुशासनको आधारको रुपमा लिन सकिन्छ ।

सार्वजनिक निकाय र प्रचलित कानुन बमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधी पूरा गरी खरिद गर्नुपर्ने, ऐनको प्रतिकुल हुने गरी गरिएको खरिद वदर तथा अमान्य हुने (दफा ३), प्रदेश सरकार र स्थानीय तहले यस ऐन तथा खरिद सम्बन्धी मान्य सिद्धान्तको प्रतिकुल नहुने गरी नियमहरु बनाउन सक्ने (दफा ७४(३)) ऐनको कार्यान्वयनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले आवश्यक प्राविधिक मार्गदर्शन, कार्यविधी वा निर्देशिका बनाउन सक्ने व्यवस्थाले सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद सम्बन्धी छाता कानुनको रुपमा रहेको छ ।

## १.१ नेपालमा सार्वजनिक खरिद कानुनको विकासः

नेपालमा सरकारी रुपैयाँ खर्च सम्बन्धी (कार्यविधी) नियम, २०१६ को कार्यान्वयनबाट खरिद सम्बन्धी कानुनको आरम्भ भएको पाइन्छ । यसलाई प्रतिस्थापन गरी २०२६ सालमा आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०२६ जारी भयो । त्यसपछि आर्थिक प्रशासन सम्बन्धी नियमहरु, २०४२ जारी भयो । दातृ निकायका खरिद मार्गदर्शनसँगै बहुखरिद प्रणालीलाई सम्बोधन गर्ने

गरी आर्थिक कार्यविधी ऐन, २०५५ र उक्त ऐनको अधिकार प्रयोग गरी आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ जारी भई कार्यान्वयनमा आयो । सोही आर्थिक कार्यविधी ऐन, २०५५ मा भएको संशोधन र आर्थिक प्रशासन नियमावली, २०५६ लाई प्रतिस्थापन गरी २०६३ सालमा सार्वजनिक खरिद ऐन, २०६३ र उक्त ऐन अन्तर्गत सार्वजनिक खरिद नियमावली, २०६४ जारी भई हाल कार्यान्वयनमा रहेको छ ।

## १.२ सार्वजनिक खरिद ऐन, २०६३ को मुख्य मुख्य प्रावधानहरुः

(१) "खरिद" भन्नाले सार्वजनिक निकायले यस ऐन बमोजिम कुनै मालसामान, परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्ने वा कुनै निर्माण कार्य गर्ने वा गराउने कार्य सम्झनु पर्छ भनि उल्लेख भएको ।

(२) "सार्वजनिक निकाय" भन्नाले देहायका निकाय सम्झनु पर्छ भनि उल्लेख गरेको ।

(१) संवैधानिक अङ्ग वा निकाय, अदालत,नेपाल सरकार वा प्रदेश सरकारका मन्त्रालय, सचिवालय, आयोग, विभाग वा सो अन्तर्गतका अन्य जुनसुकै सरकारी निकाय वा कार्यालय,

(२) नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा रहेको संस्थान, कम्पनी, बैंक वा समिति वा प्रचलित कानुन बमोजिम सार्वजनिकस्तरमा स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्था,

(३) नेपाल सरकार वा प्रदेश सरकारद्वारा सञ्चालित वा नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण वा अधिकांश अनुदान प्राप्त विश्वविद्यालय, महाविद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,

(४) स्थानीय तह,

(५) विकास समिति ऐन, २०१३ बमोजिम गठित विकास समिति,

(६) नेपाल सरकार वा प्रदेश सरकारको ऋण वा अनुदानमा सञ्चालित संस्था, र

(७) नेपाल सरकार वा प्रदेश सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेको अन्य संस्था ।

(३) खरिद कार्यको जिम्मेवारी तोकिएको :-

ऐन बमोजिमको कार्यविधी पुरा गरी खरिद सम्बन्धी कार्य गर्ने, गराउने जिम्मेवारी सम्बन्धीत सार्वजनिक निकायको प्रमुखको हुने (दफा ७) खरिद सम्बन्धी कार्य गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेको योग्यता र खरिद सम्बन्धी ज्ञान भएको वा तालिम प्राप्त गरेको कर्मचारीबाट गराउनु पर्ने, खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा ईकाईको स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ ।

(४) खरिद विधि छनौट गर्नुपर्ने :-

सार्वजनिक निकायले खरिद गर्दा देहायको कुनै एक विधि अपनाई खरिद गर्नुपर्ने व्यवस्था रहेको । (दफा ८)

(क) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नु पर्दा

- अन्तर्राष्ट्रियस्तरमा खुल्ला बोलपत्र आह्वान गरी
- राष्ट्रियस्तरमा खुल्ला बोलपत्र आह्वान गरी
- सिलबन्दी दरभाउपत्र आह्वान गरी
- सोझै खरिद गरी
- उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराई
- अमानतबाट
- एकमुष्ट दरविधिबाट
- उत्पादक वा अधिकृत विक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधिबाट
- सिमित बोलपत्रदाताले भाग लिने (लिमिटेड टेण्डरिङ्ग) खरिद विधिबाट
- नयाँ लिने पुरानो दिने (वाई व्याक मेथड) खरिद विधिबाट ।

(ख) परामर्श सेवा खरिद गर्नुपर्दा:

- प्रतिस्पर्धात्मक प्रस्ताव माग गरी
- सोझै वार्ताबाट

(५) बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने

सार्वजनिक निकायले बोलपत्र आव्हान गर्नुअघि बोलपत्र सम्बन्धी कागजात तयार गर्नुपर्ने, बोलपत्र सम्बन्धी कागजातमा खुलाउनु पर्ने कुराहरु समेत उल्लेख भएको (दफा १३)

(६) बोलपत्र आव्हान सम्बन्धी व्यवस्था

बोलपत्र वा पूर्व योग्यता निर्धारणको प्रस्ताव आव्हानको सूचना राष्ट्रिय स्तरको दैनिक समाचारपत्र र वेभसाइटमा प्रकाशन गर्नुपर्ने, उक्त सूचनामा खुलाउनु पर्ने कुराहरुका साथै राष्ट्रिय स्तरको सूचनाको हकमा कम्तीमा ३० दिन, अन्तर्राष्ट्रियस्तरको सूचनाको हकमा कम्तीमा ४५ दिनको अवधि दिनुपर्ने उल्लेख भएको (दफा १४)

(७) बोलपत्र स्वीकृति र खरिद सम्झौता सम्बन्धी व्यवस्था

सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्र मात्र स्वीकृतिको लागि छनौट गर्नुपर्ने, छनौट भएको सात दिनभित्र बोलपत्र आशयको सूचना दिनुपर्ने, सूचना दिएको सात दिनको अवधिभित्र कुनै बोलपत्रदाताले निवेदन नगरेमा बोलपत्र स्वीकृत गरी पन्ध्र दिनभित्र खरिद सम्झौता गर्नका लागि कार्यसम्पादन जमानत दाखिला गर्न सूचना दिनुपर्ने व्यवस्था रहेको । (दफा २७)

(८) परामर्श सेवा सम्बन्धी व्यवस्था

सार्वजनिक निकायले देहायको अवस्थामा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने, (दफा २९)

(क) सम्बन्धीत सार्वजकि निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा,

(ख) दातृपक्षसँगको सम्झौता बमोजिम वैदेशिक सहायता श्रोतबाट ब्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नु पर्ने भएमा,

पन्ध्र दिनको अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा खुल्ला रुपमा आशयपत्र माग गरी तीन देखि छ आशयपत्रदाताको संक्षिप्त सूचि तयार गर्नुपर्ने (दफा ३०)

संक्षिप्त सूचि तयार भएपछि, संक्षिप्त सूचिमा परेका आशयपत्रदातालाई प्रस्ताव सम्बन्धी कागजात पठाई कम्तीमा तीस दिनको समय दिई प्रस्ताव माग गर्नुपर्ने (दफा ३१)

(९) दफा ४१ को व्यवस्था अनुसार मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न वा निर्माण कार्य सोझै गराउन सकिने ।

(१०) निवेदन दिन सक्ने

सार्वजनिक निकायले खरिद कारवाही वा निर्णय गर्दा कुनै त्रुटी गरेको वा पालना गर्नुपर्ने कर्तव्य पालना नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्नसक्ने कारण खुलाई निवेदन पेश गर्ने अवधि तोकेको भए सो अवधिभित्र, अवधि नतोकेकोमा बोलपत्रदाताले थाहा पाएको मितिले सात दिनभित्र खरिद सम्झौता हुनु अघि निवेदन दिन सकिने व्यवस्था ।

(११) पुनरावलोकन समितिको व्यवस्था

सार्वजनिक निकाय समक्ष दिएको निवेदन तोकिएको रकम भन्दा बढी रकमको वा निवेदन कर्ताको चित्त नबुझेमा ७ दिनभित्र खरिद सम्झौताको विषयमा तीस दिन भित्र निवेदन उपर पुनरावलोकन गर्नको लागि नेपाल सरकारले एकजना अध्यक्ष र दुईजना सदस्य रहने गरी सार्वजनिक खरिद पुनरावलोकन समिति गठन गर्ने । (दफा ४८,४९, ५०)

(१२) खरिद सम्झौतामा बोलपत्र सम्बन्धी कागजात, प्रस्ताव सम्बन्धी कागजात वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लिखित शर्तहरु समावेस गर्नुपर्ने, त्यस्ता शर्तहरु सम्झौताको प्रकृति अनुसार हुनसक्ने भनी शर्तहरु उल्लेख गरिएको । (दफा ५२)

(१३) पेश्की सम्बन्धी व्यवस्था

सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रमी बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी छुट्टै खोलिएको बैंकखाता मार्फत पेश्की दिन सक्ने ।

(१४) भेरिएशन आदेश सम्बन्धी व्यवस्था

खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा श्रृजना भएमा सो को स्पष्ट कारण खुलाई  भेरिएशन आदेश जारी गर्न सक्ने पदाधिकारी र प्रतिशत तोकिएको । (दफा ५४)

(१५) मूल्य समायोजन सम्बन्धी व्यवस्था

खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बाह्र महिना भन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयनको क्रममा मूल्य समायोजन गर्न आवश्यक देखिएमा अधिकार प्राप्त अधिकारीले मूल्य समायोजन गर्न सक्ने । (दफा ५५)

(१६) सार्वजनिक खरि कार्यमा संलग्न पदाधिकारीले पालना गनुपर्ने आचरणहरु उल्लेख भएको (दफा ६१) तथा बोलपत्रदाता वा प्रस्तावदाताले पालना गर्नुपर्ने आचरणहरु उल्लेख भएको (दफा ६२)

(१७) कालोसूचिमा राख्ने र फुकुवा गर्ने व्यवस्था

बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखि तीन वर्षसम्म कालो सूचिमा राख्ने अवस्था तथा फुकुवा गर्ने उल्लेख गरिएको छ।

(१८) खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालय र यसको काम कर्तव्य अधिकार निर्धारण गरिएको। (दफा ६४ र ६५)

(१९) विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्था आई परेमा सार्वजनिक निकायले तत्काल खरिद गर्न वा गराउन सक्ने व्यवस्था रहेको। (दफा ६६)

(२०) सार्वजनिक निकायले खरिद कार्यको कुनै वा सबै प्रक्रियामा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरे बमोजिम विद्युतीय कार्यविधी प्रणाली मात्र अपनाई विद्युतीय सञ्चारको माध्यमबाट खरिद कारोवार हुन सक्ने व्यवस्था। (दफा ६९)

(२१) सार्वजनिक खरिद ऐनको दफा ७४ को अधिकार बमोजिम नेपाल सरकारले सार्वजनिक खरिद नियमावली २०६४ को तर्जुमा गरेको छ। उक्त नियमावलीमा प्याकेजिङ्ग तथा समूह विभाजन गर्ने आधार एक वर्षभन्दा बढी अवधि सम्म संचालन हुने योजना वा आयोजनाको खरिद गर्दा वा वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिद गुरुयोजना र दश लाख रुपैयाभन्दा बढी खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा लिने आधार र स्वीकृति गर्ने पदाधिकारी तोकिएको, विदेशी मालसामानभन्दा नेपालमा उत्पादित मालसामान पन्ध्र प्रतिशतसम्म महंगो भएतापनि नेपाली मालसामान नै खरिद गर्नुपर्ने लगायतका व्यवस्थाहरु समावेश गरिएको छ।

सार्वजनिक निर्माणका कार्यलाई विकासमैत्री वनाउने उद्देश्यलाई सम्वद्ध सरोकारवाला तथा विकास साझेदारहरुको सुझावका आधारमा तथा सार्वजनिक खरिद सम्बन्धी अन्तर्राष्ट्रिय असल अभ्यासको आधारमा नेपालको सार्वजनिक खरिद ऐनमा समयानुकुल सुधार र परिमार्जन

हुदैं आएको छ । यद्यपि कानुनमा भएका व्यवस्थाहरुको कमजोर बुझाई तथा खरिद कार्यमा संलग्न व्यक्ति अनुसार नै फरक फरक बुझाईको कारण वा गलत नियतका कारण खरिद कानुनको परीपालनास्तर कमजोर देखिएको छ । सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा भएका व्यवस्थाहरुको आन्तरिकिकरण गरी, पुऱ्याउनुपर्ने प्रक्रियाहरु पूरा गरी खरिद प्रक्रियालाई अगाडि बढाउन सकेमा विकास निर्माणले गति लिई समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार पार्न सहयोग पुग्ने देखिन्छ ।

### १.३ सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना र यसको जिम्मेवारी :

सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय अन्तर्गत रहने गरी एक सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना गरीने कुरा ऐनमा उल्लेख गरिएको छ । ऐनको भावना अनुसार २०६४ साल भाद्र ३ गते यस कार्यालयको स्थापना भई आफ्नो कार्य जिम्मेवारी संहाल्दै आएको छ । यस कार्यालयको प्रमुखको रुपमा नेपाल सरकारका रा.प. विशिष्ट श्रेणीको सचिव रहने व्यबस्था ऐनमा नै उल्लेख गरिएको छ ।

### सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तब्य र अधिकारः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेका छन् ।

(क) खरिद सम्बन्धी नीति वा प्रचलित कानुनमा सुधार गर्न नेपाल सरकारलाई सिफारिश गर्ने,

(ख) टर्न कि, ई.पि.सि., संरचनात्मक वा इकाई दर सम्झौता, व्यवस्थापन सम्झौता जस्ता खरिद विधिका विषयमा आवश्यक पर्ने निर्देशिका, कार्यविधि र प्राविधिक मार्गदर्शन जारी गर्ने,

(ग) सार्वजनिक निकायले खरिद कारबाही संचालन गर्न प्रयोग गर्नुपर्ने बोलपत्र सम्वन्धी कागजात (स्टयान्डर्ड बिडिङ्ग डकुमेन्ट), पूर्वयोग्यता सम्बन्धी कागजात (स्टयान्डर्ड प्रिक्वालिफिकेसन डकुमेन्ट) र खरिद सम्झौता सम्बन्धी कागजात (स्टयान्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट), र प्रस्ताव माग गर्ने सम्बन्धी कागजात (रिक्वेस्ट फर प्रपोजल) को स्टयान्डर्ड नमूना तयार गर्ने,

(घ) सार्वजनिक निकायबाट हुने वा भएको खरिद कारबाहीको तथ्यांक संकलन गरी त्यस्तो कारबाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका अनुरुप भए वा नभएको अनुगमन र परीक्षण गर्ने वा गराउने,

(घ१) खरिद पश्चातको पुनरावलोकन गर्ने, गराउने,

(घ२) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता तथा सेवा प्रदायकको खरिद सम्बन्धी योग्यता र अनुभवको अभिलेख तयार गर्ने,

(घ३) विद्युतीय खरिद निर्देशिका जारी गर्ने,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिकामा उल्लिखित कुनै कुराका सम्बन्धमा सार्वजनिक निकायले राय परामर्श माग गरेमा राय परामर्श दिने,

(च) खरिद सम्बन्धी वेबसाइट स्थापना गरी त्यसको संचालन गर्ने,

(छ) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, प्राविधिक मार्गनिर्देशन तथा सार्वजनिक खरिद सम्बन्धी लेखरचना, सामग्री तथा यस्तै अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने,

(ज) खरिद कार्यमा समन्वय गर्नका लागि आबश्यक पर्ने कार्यविधि तयार गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्ने,

(झ) बोलपत्रदाता वा खरिद कार्यमा संलग्न भएको वा हुने कर्मचारीको लागि नियमित प्रशिक्षण कार्यक्रमको व्यवस्था गर्ने,

(ञ) दफा ६३ बमोजिमको कालोसूचीबाट फुकुवा गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तयार गर्ने र सो मापदण्ड अनुसार कालोसूचीबाट फुकुवा गर्ने,

(ट) खरिद व्यवस्था प्रभावकारी बनाउन निर्माण, आपूर्ति, परामर्श सेवा र अन्य सेवा प्रणाली पुनरावलोकन, समीक्षा गर्ने र सेवाग्राहीसंग वा आवश्यकतानुसार अन्तर्राष्ट्रिय संस्था तथा अन्य विदेशी निकायसँग नियमित रुपमा सुझाव लिने,

(ठ) खरिद प्रणालीलाई व्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा बैदेशिक सहायताको योजना तयार गर्ने तथा त्यस्तो सहायता समन्वय गर्ने केन्द्रिय निकायको रुपमा काम गर्ने,

(ठ१) खरिद विज्ञ प्रमाणिकरण गर्ने गराउने,

(ड) खरिद कारवाहीको बार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने र

(ढ) तोकिएको अन्य कार्य गर्ने ।

सार्वजनिक निकायबाट भएको खरिद कारवाही यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा निर्देशिका विपरीत भएको पाइएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो

खरिद कारवाहीमा भएको त्रुटि सच्याउन र खरिद कारवाहीमा संलग्न पदाधिकारी उपर प्रचलित कानुन बमोजिम कारबाहीका लागि सार्वजनिक निकायको प्रमुखलाई र सार्वजनिक निकायको प्रमुख नै त्यस्तो खरिद कारबाहीमा संलग्न रहेको अवस्थामा अख्तियारवाला समक्ष ध्यानाकर्षणका लागि लेखी पठाउन सक्नेछ भन्ने बिषय उल्लेख गरिएको छ । यसरी लेखी आएमा त्यसरी भएको त्रुटि सच्याई सम्बन्धित सार्वजनिक निकायको प्रमुख वा अख्तियारवालाले सम्बन्धित पदाधिकारीलाई कानुन बमोजिम कारबाही गरी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिनुपर्नेछ भनी उल्लेख गरिएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो कार्यालय बाहेक अन्य सार्वजनिक निकायले गरेको खरिद प्रक्रियामा कुनै किसिमले संलग्न हुने वा तत्सम्बन्धमा उत्पन्न हुने कुनै विवाद समाधान गर्ने छैन भनी ऐनको दफा ६५ को उपदफा (२) मा उल्लेख भएकाले कार्यालयबाट सम्पादन हुने कामको निष्पक्षता र तटस्थतालाई कायम राखेको छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४४ ले ऐनको दफा ६५ मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त सार्वजनिक खरिद अनुगमन कार्यालयको काम, कर्तब्य र अधिकारलाई  देहाय बमोजिम अझ बढी विस्तृतीकरण गरेको छ ।

(क) सम्बन्धित सार्वजनिक निकायको खरिद कारबाहीको अवलोकन भ्रमण गरी वा सार्वजनिक निकायबाट खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदन र जानकारीहरु माग गरी सार्वजनिक खरिद कार्यको अनुगमन गर्ने,

(ख) खरिद क्रियाकलाप सम्बन्धी प्रतिवेदनमा समावेश गर्नुपर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेश गर्नु पर्ने समयावधिका सम्बन्धमा सार्वजनिक निकायलाई निर्देशन दिने,

(ग) सार्वजनिक निकायलाई खरिद कारबाही सञ्चालन गर्न र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता आपूर्तिकर्तालाई खरिद कारबाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने,

(घ) खरिद कारबाहीलाई सरल र सहज बनाउने,

(ङ) केन्द्रिय डाटा बैंकको स्थापना गरी खरिद सम्झौता कार्यान्वयन सम्बन्धी कार्यसम्पादनको अभिलेख राख्ने,

(च) सार्वजनिक खरिद सम्बन्धी जानकारी प्रवाह गर्ने तरिकाको विकास गर्ने,

(छ) सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नको लागि अन्य देशको खरिद कारबाही सम्बन्धी नीति, कानुन, अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्ने,

(ज) सार्वजनिक निकायमा खरिद सम्बन्धी क्षमता वा दक्षता र व्यवसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाको लागि योजना तयार गर्ने,

(झ) खण्ड ज) बमोजिमको योजना अनुसार सार्वजनिक निकायका खरिद एकाई, मूल्याङ्कन समिति र सार्वजनिक खरिद अनुगमन कार्यालयमा नियुक्त हुने व्यक्तिले आवश्यक दक्षता र व्यवसायिक कार्यकुशलता पूरा गरे नगरेको यकिन गर्ने,

(ञ) सार्वजनिक निकायको प्रमुख, त्यस्तो निकायको खरिद एकाईका कर्मचारी, बोलपत्र मूल्याङ्कन समितिका सदस्यको काम, कर्तव्य र अधिकार तथा उत्तरदायित्वको विवरण तयार गर्ने,

(ञ१) पुनरावलोकन समितिको निर्णय कार्यान्वयनको अनुगमन गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रतिवेदन पेश गर्ने,

(ट) सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालीम कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुर्याउने,

(ठ) कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालीम कार्यक्रम सञ्चालन गर्ने ।

## १.४ सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मक संरचना र कार्य प्रणालीः

सार्वजनिक खरिद ऐनको दफा ६४ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सार्वजनिक खरिद सम्वन्धी नियामक निकायको रुपमा २०६४ भाद्र ३ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको स्थापना भएको हो । यस कार्यालयको स्वीकृत संगठन संरचना अनुसार स्वीकृत दरवन्दी संख्या ४८ रहेको छ । जसमध्ये अधिकृत स्तर २८, सहायक स्तर ८ र सहयोगी १२ जनाको दरवन्दी रहेको छ । त्यसैगरी २ वटा महाशाखा र १० वटा शाखाहरु रहेका छन् ।

महाशाखा तथा शाखाहरुको कार्य विवरण निम्नानुसार रहेको छ ।

**(क) महाशाखाहरु :**

**(१) प्रशासन, योजना तथा सूचना प्रविधि महाशाखाको कार्य विवरण :**

- कार्यालयको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने,
- आन्तरिक प्रशासन सम्वन्धी कार्य गर्ने, गराउने,
- जिन्सी निरीक्षण गर्ने, गराउने,
- कागजात धुल्याउने सम्वन्धी कार्य गर्ने, गराउने,

- कार्यालयको नियमित बैठकको व्यवस्थापन गर्ने,
- आर्थिक प्रशासनसंग सम्बन्धित कार्य गर्ने, गराउने,
- कार्यालयको खरिद व्यवस्थापन सम्वन्धी कार्य गर्ने, गराउने,
- तालिम, प्रशिक्षण तथा सचेतना विकास सम्बन्धी कार्य गर्ने, गराउने,
- जनशक्ति विकास सम्वन्धी कार्य गर्ने, गराउने,
- राय परामर्श सम्वन्धी कार्य गर्ने गराउने,
- प्रतिरक्षा सम्वन्धी कार्य गर्ने गराउने,
- कालोसूचीमा राख्ने सम्बन्धी कारवाही गर्ने, गराउने,
- बार्षिक प्रतिवेदन तयार गर्ने, गराउने,
- प्रवक्ता एवं सूचना अधिकारीको रुपमा कार्य गर्ने,
- कर्मचारीहरुको अर्ध बार्षिक तथा बार्षिक कार्य सम्पादन मूल्याङ्कन गरी तालुक अधिकारी समक्ष पेश गर्ने ।
- बार्षिक योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने, गराउने,
- सूचना तथा प्रविधि सम्बन्धी कार्य गर्ने गराउने,
- सार्वजनिक खरिद नीति तर्जुमा गर्ने,
- अन्य भैपरी आउने कार्य गर्ने ।

**(२) खरिद अनुगमन महाशाखाको कार्य विवरण :**

- खरिद सम्बन्धी स्तरिय नमूना कागजात तयार गर्ने तथा अद्यावधिक गर्ने,
- निर्देशिका, मार्गदर्शन, स्पेशिफिकेशन सम्वन्धी कार्य गर्ने गराउने,
- विभिन्न ढाँचाका फारामहरु तर्जुमा तथा अद्यावधिक गर्ने गराउने,
- प्राविधिक परामर्श सम्वन्धी कार्य गर्ने गराउने,
- खरिद कार्यहरुको अनुगमन गर्ने गराउने,
- उजुरी/गुनासो सुनुवाई सम्वन्धी कार्य गर्ने गराउने,

- अनुसन्धान तथा विकास सम्वन्धी कार्य गर्ने,
- Standard Bidding Documents र निर्देशिकाहरुको तयारी र परिमार्जन गर्ने गराउने,
- अन्य भैपरी आउने कार्य गर्ने ।

**(ख) शाखाहरु :**

**(१) कर्मचारी प्रशासन शाखाको कार्य विवरण :**

- कार्यालयको प्रशासन सम्वन्धी कार्य गर्ने,
- आन्तरिक प्रशासन सम्वन्धी कार्य,
- कर्मचारी प्रशासन सम्बन्धी काम गर्ने/वृत्ति विकास सम्वन्धी काम गर्ने,
- कार्यालय व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- सचिवालय सम्वन्धी कार्य गर्ने गराउने,
- आर्थिक प्रशासन संग सम्वन्धी कार्य गर्ने,
- कार्यालयको खरिद इकाई सम्वन्धी कार्य गर्ने,
- अन्य भैपरी आउने कार्य गर्ने ।

**(२) जनशक्ति विकास शाखाको कार्य विवरण :**

- प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने गराउने,
- सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीहरुको योग्यता निर्धारण गर्ने,
- खरिदमा संलग्न कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने,
- तालिम, प्रशिक्षण तथा सचेतना विकास सम्वन्धी कार्य गर्ने गराउने,
- सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक तालिम कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याउने,
- कर्मचारीको पेशागत दक्षता अभिवृद्धि गर्न आवश्यक पर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने,

- सार्वजनिक निकायका निर्माण, मालवस्तु आपुर्ति तथा परामर्श र अन्य सेवा प्रदान गर्ने कार्यमा संलग्न व्यक्तिहरु तथा संस्थाहरुको सार्वजनिक खरिद सम्वन्धमा अभिमुखीकरण तथा सचेतना प्रशिक्षण प्रदान गर्ने ।

**(३) कानुन शाखाको कार्य विवरण :**

- सार्वजनिक खरिद ऐन तथा नियममा समयानुकुल संशोधन, परिमार्जन सम्बन्धी मस्यौदा तयार गरी पेश गर्ने,
- सार्वजनिक खरिदका बिषयमा आवश्यक कानुनी परामर्श दिने,
- प्रतिरक्षा सम्बन्धी कार्य गर्ने गराउने,
- कालोसूचीमा राख्ने र फुकुवा गर्ने ।
- सार्वजनिक खरिद पुनरावलोन समितिको सचिवालयको कार्य गर्ने,

**(४) योजना तथा सूचना व्यवस्थापन शाखाको कार्य विवरण**

- नेपाल सरकारको सार्वजनिक खरिद सम्वन्धी नीति तर्जुमा गर्ने,
- बार्षिक तथा आवधिक नीति योजना, कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन र अनुगमन गर्ने,
- बैदेशिक सहायता परिचालन तथा समन्वय गर्ने,
- खरिद सम्वन्धी कार्यविधि तयार गरी स्विकृतीको लागी पेश गर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ र यस ऐन अर्न्तगत बनेको नियम, निर्देशिका, प्राविधिक मार्ग निर्देशन तथा सार्वजनिक खरिद सम्वन्धी लेख रचना, सामाग्री तथा यस्तै अन्य कुराहरु सार्वजनिक गराउन बुलेटिन प्रकाशन गर्ने,
- खरिद कारबाहीको बार्षिक प्रतिवेदन तयार तथा पेश गर्ने,
- सार्वजनिक निकायमा खरिद सम्वन्धी क्षमता वा दक्षता र व्यवसायिक कार्यकुशलता भएका कर्मचारीको व्यवस्थाका लागि योजना तयार गर्ने,
- कार्यालयको बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने सम्वन्धमा विभिन्न महाशाखा तथा शाखाबाट माग संकलन गरी सम्वन्धीत निकायमा पेश गर्ने,
- कार्यालयको नियमित प्रगती विवरण तयार गरी पेश गर्ने ।

## (५) सूचना प्रविधि शाखाको कार्य विवरण :

- विद्युतीय खरिद प्रणाली (e-GP System) संचालन तथा व्यवस्थापन गर्ने,
- खरिद सम्वन्धी वेवसाईट स्थापना गरी सार्वजनिक निकायहरुको लागि प्रयोग गर्न पहुँच योग्य वनाउने र सञ्चालन गर्ने,
- सूचना भण्डारण, कम्प्युटर सन्जालको वैकल्पीक व्यवस्था, प्रतिवेदन तयारी गर्ने,
- सार्वजनिक खरिद ऐन, २०६३ र यस ऐन अर्न्तगत बनेको नियमावली, २०६४ र खरिद निर्देशिका सर्वसाधारणको जानकारीको लागि यस कार्यालयको वेवसाईटमा राख्ने,
- केन्द्रिय डाटा बैंकको स्थापना गरी खरिद कारवाही सम्बन्धी कार्य सम्पादनको अभिलेख राख्ने,
- सार्वजनिक खरिद सम्वन्धी जानकारी प्रवाह गर्ने प्रणालीको विकास गर्ने,
- खरिद सम्वन्धी सूचना प्रविधि क्षेत्रको नीति निर्माण एवं कार्यान्वयनको रेखदेख, नियन्त्रण, निरीक्षण, परीक्षण तथा समन्वयको कार्यमा सहयोग पुऱ्याउने,
- सूचना तथा प्रविधि सम्वन्धी नीति, कार्यक्रमको अध्ययन, विश्लेषण, समिक्षा गरी सुधारको लागी पेश गर्ने,
- नेपाल सरकारका मन्त्रालय/निकायहरुमा Computerized सूचना प्रणालीको विकासमा सघाउ पुऱ्याउने,
- मुलुकको आर्थिक एवं सामाजिक क्षेत्रका महत्वपुर्ण गतिविधिहरुको जानकारीमूलक तथ्याङ्क प्रणालीको विकास गर्न सहयोग गर्ने,
- कार्यालयको कार्यमा आधुनिक सूचना प्रविधिको विकास गरी सूचनाहरुको दोहोरो प्रवाहको लागि नेटवर्किङ्ग, Internet को व्यवस्था मिलाउने,
- केन्द्रीयस्तरमा विद्युतीय शासन प्रणाली (e-Governance) लाई प्रभावकारी वनाउन अन्य निकायहरुसंग समन्वय गर्ने,
- यस कार्यालयको Website संचालन गर्ने सो मा प्रेशित सूचना तथा अन्य जानकारीहरु नियमित रुपमा अद्यावधिक गर्ने गराउने,

- कार्यालयको श्रव्यदृश्य उपकरणहरुको सञ्चालन, मर्मत सम्भार गरी गराई दुरुस्त राख्ने,
- यस कार्यालयका कम्प्युटरहरु र त्यसका उपकरणहरु तथा प्रोग्रामहरुको सञ्चालन, मर्मत सम्भार र व्यवस्थापन गर्ने,
- कार्यालयका विभिन्न शाखा/महाशाखाहरुलाई आवश्यक पर्ने कम्प्युटर प्रोग्रामहरुको व्यवस्था गर्न सहयोग पुर्‍याउने,
- विद्युतीय प्रणालीको माध्यमबाट प्राप्त जनगुनासो उपर आवश्यक कारवाही गरी त्यसको समाधान/व्यवस्थापन नहुँदा सम्म नियमित रुपमा अनुगमनमा सहयोग गर्ने,
- उपर्युक्त कार्य गर्दा सूचना तथा प्रविधिसंग सम्वद्ध निकाय र पदाधिकारीहरुको निकट रही कार्य फछ्र्यौट गर्ने काममा सघाउने ।

**(६) आर्थिक प्रशासन शाखाको कार्य विवरण :**

- आर्थिक प्रशासनसंग सम्वन्धीत कार्य गर्ने गराउने,
- निकासा लिई आम्दानी बाध्ने, प्राप्त विलको भुक्तानी र खर्चको विवरण अद्यावधिक गराउने,
- कार्यरत कर्मचारीहरुलाई तलब भत्ता उपलब्ध गराउने,
- मास्केवारी तयार गर्ने,
- बेरुजुको प्रतिक्रिया/फछ्र्यौट/संपरिक्षण/लगत कट्टा गर्ने गराउने,
- धरौटी आम्दानी गर्ने र फुकुवा गर्ने,
- बार्षिक कार्यक्रम तथा बजेट तयार गर्ने कार्यमा सहयोग पुर्‍याउने,
- खर्चको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने ।

**(७) सार्वजनिक निर्माण तथा परामर्श सेवा खरिद अनुगमन शाखाको कार्य विवरणः**

- सार्वजनिक निकायहरुले गरेको निर्माण सम्वन्धी कार्यहरु र परामर्श सेवाहरुको तथ्याङ्क संकलन एवं अनुगमन गर्ने,

- निर्माण तथा परामर्श सेवा सम्वन्धी खरिद प्रक्रियाको अवलोकन, स्थलगत भ्रमण तथा प्रतिवेदन पेश गर्ने,
- निर्माण तथा परामर्श सेवा खरिद सम्वन्धमा कानुनको पालना गर्ने बारेमा पत्राचार गर्ने,
- सार्वजनिक खरिद ऐन, नियमको पालना सम्वन्धी मार्गदर्शन तयार गर्ने,
- खरिद सम्वन्धमा राय माग भएका विषयबस्तु उपर राय सुझाव प्रदान गर्ने,

**(८) मालसामान खरिद अनुगमन शाखाको कार्य विवरण :**

- सार्वजनिक निकायहरुले गरेको मालसामान खरिद कार्यको तथ्याङ्क संकलन एवं अनुगमन गर्ने,
- मालसामान सम्वन्धी खरिद प्रक्रियाको अवलोकन, स्थलगत भ्रमण तथा प्रतिवेदन पेश गर्ने,
- मालसामान खरिद सम्वन्धमा कानुनको पालना गर्ने बारेमा पत्राचार गर्ने,
- सार्वजनिक खरिद ऐन, नियमको पालना सम्वन्धी मार्गदर्शन तयार गर्ने,
- खरिद सम्वन्धमा राय माग भएका विषयबस्तु उपर राय सुझाव प्रदान गर्ने,

**(९) स्थानीयस्तर खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखाको कार्य विवरण :**

- सार्वजनिक खरिदका बिषयमा प्राप्त गुनासोहरुलाई व्यवस्थापन गर्ने,
- अनुगमनका माध्यमबाट सार्वजनिक खरिदमा हुने खर्चको सम्वन्धमा नेपाल सरकारले अपेक्षा गरेको सुशासनको अनुभूती नागरीकलाई गराउने,
- स्थलगत भ्रमण एवं प्रतिवेदन तयार गर्ने,
- गुनासो व्यवस्थापन सम्वन्धी प्रगति विवरण तयार गरी सम्वन्धीत निकायमा सुधारका लागि पठाउने,
- स्थानिय स्तर (जिल्ला र क्षेत्र) मा हुने खरिद कारवाहीको अनुगमन गरी प्रतिवेदन पेश गर्ने,
- यस सम्वन्धमा प्रगती विवरण तयार गरी पेश गर्ने ।

## (१०) अनुसन्धान तथा विकास शाखाको कार्य विवरण :

- बोलपत्र सम्वन्धी नमूना कागजात (Standard Bidding Document), पुर्व योग्यता सम्बन्धी नमूना कागजात (Standard Prequalification Document) र खरिद सम्झौता सम्वन्धी नमूना कागजात (Standard Contract Document) तयार गर्ने,
- प्रस्ताव माग सम्वन्धी कागजातको नमूना (Standard Request for Proposal) तयार गर्ने,
- ठूला र जटिल निर्माण कार्यको स्तर निर्धारण गरी वर्गिकरण गर्ने,
- खरिद सम्वन्धी नीति वा प्रचलित कानुनमा समयानुकुल सुधार गर्न सिफारिस गर्ने,
- सार्वजनिक खरिद ऐन कार्यान्वयनको लागी आवश्यक प्राविधिक मार्गदर्शन र निर्देशिका जारी गर्न सिफारिस सहित पेश गर्ने,
- खरिद व्यवस्था प्रभावकारी वनाउन निर्माण, आपुर्ति, परामर्श सेवा र अन्य सेवा प्रणाली पुनरावलोकन, समीक्षा गर्ने र सेवाग्राहीसंग वा आवश्यकता अनुसार अन्तर्राष्ट्रिय संस्था तथा अन्य विदेशी निकायसंग नियमित रुपमा सुझाव लिने,
- खरिद प्रणालीलाई व्यवस्थित गर्न र सुधार गर्न आवश्यक पर्ने स्वदेशी वा वैदेशिक सहायताको योजना तयार गर्न तथा त्यस्तो सहायता सम्वन्धी बिषयमा समन्वय गर्ने,
- गुरुयोजनामा समावेश गर्नुपर्ने कुराहरु निर्धारण गर्ने,
- सार्वजनिक निकायका स्विकृत बार्षिक खरिद योजना प्राप्त गरी आवश्यक अन्वेषण गर्ने,
- खरिद क्रियाकलाप सम्वन्धी प्रतिवेदनमा समावेश गर्नुपर्ने जानकारी, तथ्याङ्क र त्यस्तो प्रतिवेदन पेश गर्नुपर्ने समयावधिका सम्वन्धमा सार्वजनिक निकायलाई निर्दिष्ट गर्ने,
- सार्वजनिक निकायलाई खरिद कारवाही सञ्चालन गर्न र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता र आपुर्तिकर्तालाई खरिद कारवाहीमा सहभागी हुन सहयोग हुने किसिमका कार्यक्रमहरु सञ्चालन गर्ने,
- खरिद कारवाहीलाई सरल र सहज बनाउन सिफारिश गर्ने,

- सार्वजनिक खरिद प्रणालीमा सुधार गर्नका लागी अन्य देशको खरिद कारवाही सम्वन्धी नीति कानुन अनुभव र अभ्यासको बारेमा अध्ययन अनुसन्धान गर्ने ।

कार्यालयको संगठन संरचनामा ३ सदस्यीय सार्वजनिक खरिद पुनरावलोकन समिति सचिवालय रहेको छ । सार्वजनिक खरिद पुनरावलोकन समितिको सचिवालयको काम समेत यस कार्यालयले गर्दछ । साथै चार जनासम्म विशेषज्ञ समूह करारमा राख्न सकिने गरी संगठन संरचना कायम भएको छ । कार्यालयको संगठनात्मक संरचना र दरवन्दी तेरिज अनुसूची १ मा उल्लेख गरिएको छ ।

**अन्य :** (१) विद्युतीय खरिद प्रणाली (e-GP System Operation & Maintenance Unit) मर्मत सम्भार कक्ष, (२) e-GP Help Desk कक्ष

## १.५ कार्यालयको भौतिक पूर्वाधारको अवस्था र कार्य वातावरणः

(क) नेपाल ट्रष्टको स्वामित्वमा रहेको काठमाण्डौ महानगरपालिका वार्ड नं. १३, ताहाचल स्थित हिमशैल भवन भाडामा लिई कार्यालय संचालन रही आएको छ । भूकम्प पश्चात नेपाल ट्रष्टको सहमतिमा यस कार्यालयबाट अस्थायी संरचना समेत निर्माण गरी पुरानो भवन तथा अस्थायी संरचना दुवैमा कार्यालय संचालन हुँदै आएको छ ।

(ख) कार्यालयमा नियमित रुपमा सार्वजनिक खरिद सम्बन्धी तालिम संचालन हुने हुँदा तालिम हलको छुट्टै व्यवस्था गरी तालिम हललाई व्यवस्थित गरिएको छ । तालिम हलमा यसबर्ष नयाँ शौचालय निर्माण गरिएको छ । यो बाहेक नियमित बैठक संचालन गर्नका लागि सानो बैठक कोठालाई समेत व्यवस्थित गरिएको छ ।

(ग) कार्यालयमा इ-हाजिरी तथा हाजिरी रजिष्टर दुवै प्रयोगमा आएकोले कार्यालयमा कर्मचारीहरुको समयमा उपस्थिति हुने गरेको छ ।

(घ) कार्यालयमा सौर्य उर्जामा आधारित बैकल्पिक उर्जाको व्यवस्था भएकोले विद्युत कटौतीको समयमा पनि कार्यालयको काममा बाधा नपर्ने हुँदा कार्य सम्पादन सहज भएको छ ।

(ङ) कार्यालयमा भएका एयर कन्डिसनर, सोफासेट, फोन, फोटोकपि मेशिन, कम्प्यूटर, प्रिन्टर तथा ल्यापटपहरु खरिद तथा मर्मत संभार गरेर चुस्त र दुरुस्त राखिएकोले कार्य वातावरणमा सहजता आएको छ ।

(च) कार्यालयमा रहेका सवारी साधनहरु पुराना भएपनि मर्मत संभार गरी प्रयोगमा ल्याइएको छ ।

## १.६ कार्यालयका गतिविधिहरुः

(क) कार्यालय परिसर सरसफाईमा विशेष ध्यान दिई नियमित सरसफाई गरीने गरिएको छ । समय समयमा सामूहिक सरसफाईको अभियान समेत संचालन गरीने गरिएको छ ।

(ख) कार्यालयमा नागरीक वडापत्रलाई सामयिक गरी सेवाग्राहीहरुले देख्न र बुझ्न सक्ने गरी राखिएको छ । कार्यालय प्रवेश गर्ने वित्तिकै कार्यालय परिसर र शाखा महाशाखाहरुको अवस्थिती (Lay out) विवरण वोर्डमा राखिएको छ । यसले आगन्तुक सेवाग्राहीहरुलाई सहज हुने अपेक्षा गरिएको छ ।


(ग) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम तीन तीन महिनामा प्रकाशन गरी सार्वजनिक गर्नुपर्ने विवरण नियमित रुपमा प्रकाशन गरी सार्वजनिक गरिएको छ । उक्त विवरण कार्यालयबाट वितरण गरिएको एवं वेभसाइटमा समेत राखिएको छ ।

(ङ) कार्यालयको प्रयोजनका लागि कार्यालयमा सानो पुस्तकालय स्थापना गरी महत्वपुर्ण पुस्तक, विवरण, अभिलेख तथा प्रतिवेदनहरु राखिएका छन् ।

## १.७ आर्थिक प्रशासन सम्बन्धी कार्यहरु :

### (क) वार्षिक वजेट र खर्चको स्थितिः

सार्वजनिक खरिद अनुगमन कार्यालयको स्विकृत बार्षिक कार्यक्रमहरुका लागि विनियोजित वजेट तथा वास्तविक खर्चको विवरणलाई ग्राफमा प्रस्तूत गरिएको छ ।




प्रस्तूत तथ्यांक अनुसार २०७१/७२ देखि आर्थिक बर्ष २०७४/७५ सम्म वजेट विनियोजन तथा खर्चको परिमाण बढ्दै गएको छ भने आर्थिक बर्ष २०७५/७६ मा बजेट विनियोजन धेरै घटे पनि खर्चको परिमाण भने केहि मात्र घटेको छ । वजेट विनियोजन तथा खर्चको समय रेखाको

अन्तर (Gap) ले खर्च हुन नसकेको बजेटलाई संकेत गर्दछ । आ.ब. २०७५/७६ को वार्षिक प्रगति विवरण अनुसूची ९ मा समावेश गरिएको छ ।

**आर्थिक बर्ष २०७०/७१ देखि २०७५/७६ सम्मको बिनियोजन र खर्चको विवरण:**


| आ.ब. | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
|---|---|---|---|---|---|
| बिनियोजन (रु. हजारमा) | ५९,२०६.९ | ६०,२०७.० | ७५,५५७.७६ | १८३,८५३.० | १०१,४२०.० |
| खर्च (रु. हजारमा) | ४९,३१६.९० | ५३,६९५.८९ | ५४,२१८.३९ | ७०,१७१.६२ | ६०९१७.०५ |
| **खर्च प्रतिशत** | **८३.३०** | **८९.१९** | **७१.७६** | **३८.१७** | **६०.०६** |

**(ख) बेरुजु फछ्र्यौटको स्थिती:**

आर्थिक बर्ष २०७२/७३ मा असुल उपर हुनु पर्ने भनी कायम भएको बेरुजु रु. ७२,९०३।- असुल उपर र फछ्र्यौट गरी यस कार्यालयको आर्थिक बर्ष २०७४/७५ सम्मको बेरुजु शुन्य पारिएको छ ।

**(ग) कार्यालयको समग्र भौतिक तथा वित्तीय प्रगतिको स्थिति:**

कार्यालयले आर्थिक बर्ष २०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएका कार्यक्रमहरु मध्ये भौतिक प्रगती ७२.३०% र वित्तिय प्रगति ६०.६% हासिल भएको छ । कार्यालयले आर्थिक बर्ष २०७५/७६ मा सञ्चालन गरेका कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगतिलाई निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ ।



परिच्छेद - दुई

# सार्वजनिक खरिद अनुगमन कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरु

## २.१ ऐन, नियम तथा खरिद कार्य प्रणालीमा सुधारः

(क) आर्थिक बर्ष २०७५/७६ को अवधिभरमा समसामयिक विषयलाई सम्बोधन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं, सातौं र आठौं संशोधन नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आइसकेको र खरिद ऐनको दोस्रो संशोधनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समक्ष प्रस्ताव पेश गरी थप सुझाव संकलन गर्ने र छलफल गर्ने कार्य भइरहेको छ ।

(ख) नमूना बोलपत्र सम्वन्धी कागजातको समय सापेक्ष सुधारः Sealed Quotations of works को बिड डकुमेन्ट नेपालीमा रुपान्तरण गरी website मा राखिएको, Sealed Quotations of Goods and Direct purchase को बिड डकुमेन्ट नेपालीमा तयार गरिएको, Framework Agreement, Design and Build and Turn key र Engineering Procurement Construction का बिडिङ डकुमेन्टहरुको मस्यौदा तयार गरी सकिएको र अन्तिम रुप दिन विज्ञ र सरोकारवालाहरु सँग छलफलको चरणमा रहेको छ ।

सार्वजनिक खरिद नियमावलीको छैठौं सातौं र आठौं संशोधन बमोजिम १३ वटा Standard Bidding Documents परिमार्जन गरी कार्यालयको website मा राखिएको र Standard Bidding Document का नयाँ प्रावधान बमोजिम विद्युतीय खरिद प्रणाली (e-Gp system) मा upload गरिएको छ ।

## २.२ सार्वजनिक खरिद अनुगमनः

### (क) सार्वजनिक खरिदको स्थलगत अनुगमनः

सार्वजनिक खरिद प्रक्रियामा रहेका अन्यौलता, अस्पष्टता र त्रुटिहरु औंल्याई खरिद प्रणालीमा सुधार तथा त्रुटि सच्चाउनका लागि ध्यानाकर्षणका लागि लेखी पठाउनु यस कार्यालयको महत्वपूर्ण कार्य हो । वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुगमन गर्नको लागि छुटै महाशाखाको ब्यवस्था गरी विभिन्न जिल्लास्थित सार्वजनिक निकायहरुबाट हुने खरिद प्रक्रियाको अनुगमन हुँदै आएको छ । सार्वजनिक खरिद अनुगमन कार्यालयबाट अनुगमन गरेपछि अनुगमन बाट प्राप्त जानकारी संलग्न गरी सुझाव सहितको प्रतिवेदन

तयार गरी एक प्रति प्रतिवेदन अनुगमन गरिएको कार्यालयमा कार्यान्वयन वा सुधारको लागि पठाउने गरिएको छ । नियमित रुपमा हुने अनुगमनले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ को कार्यान्वयनको प्रभावकारितामा बृद्धि हुनुका साथै खरिद कार्यमा संलग्न कर्मचारीहरुको क्षमता अभिबृद्धि हुदै गएको छ ।

आर्थिक बर्ष २०७५/७६ मा काठमाण्डौ, धनुषा, धनकुटा, संखुवासभा, सिन्धुपाल्चोक, नवलपरासी, पर्सा, मनाङ, मोरङ लगायतका जिल्लामा ३० वटा खरिद कार्यको अनुगमन तथा सार्वजनिक खरिद सम्वन्धी Random Monitoring कार्य सम्पन्न गरिएको छ । यस सम्बन्धी विवरणहरु तथा अनुगमनको क्रममा देखिएका कमिकमजोरीहरुलाई अनुसूचि ३ मा उल्लेख गरिएको छ ।

**(ख) खरिद सम्बन्धी गुनासोको व्यवस्थापनः**

सार्वजनिक निकायहरुबाट भएको खरिद क्रियाकलापहरुको सम्बन्धमा यस कार्यालयमा प्राप्त हुने गुनासो व्यवस्थापनको लागि यस कार्यालयमा स्थानीयस्तर खरिद अनुगमन तथा गुनासो व्यवस्थापन शाखा रहेको छ । यस्ता गुनासाहरु लिखित रुपमा हुलाक मार्फत, कार्यालयको इमेल र निवेदक कार्यालयमा आई दर्ता गरे पश्चात प्राप्त हुन्छन् । यस्ता गुनासाहरु प्राप्त भएपछि सम्बन्धित सार्वजनिक निकायलाई कानुन सम्मत कार्य गर्न र सो को जानकारी यस कार्यालयलाई समेत गराउन भन्ने गरिएको छ । साथै कतिपयको गुनासोको सम्बन्धमा थप कागजात माग गर्ने तथा कतिपय गुनासोहरु सम्बन्धमा स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदन समेतका आधारमा सार्वजनिक खरिद ऐन २०६३ को दफा ६५ (२) (क) बमोजिम सुधार गर्न, त्रुटी सच्चाउन तथा अन्य आवश्यक कार्यवाही गर्न लेखी पठाउने गरिएको छ ।

आ.ब. २०७५/७६ मा यस किसिमका ८२ वटा गुनासाहरु प्राप्त भएकोमा सार्वजनिक खरिद प्रक्रियामा गम्भिर खालका त्रुटि गरेको देखिएका ४ वटा सार्वजनिक निकायलाई ध्यानाकर्षण गराईएको (१. नेपाल लाइभस्टक सेक्टर प्रोजेक्ट, हरिहरभवन, २. महानगरीय दंगा नियन्त्रण गण, त्रिपुरेश्वर, ३. अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति, गुहेश्वरी र ४. पद्मकन्या बहुमुखी क्याम्पस, बागबजार काठमाडौंबाट भएको खरिद सम्बन्धमा), सार्वजनिक निकायका खरिद प्रक्रिया सम्बन्धी ३ वटा विषयमा अध्ययन छानविन प्रतिवेदन तयार गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोग समक्ष थप अनुसन्धानका लागि लेखी पठाइएको (१. विरगंज महानगरपालिकाबाट भएको मालसामान खरिद, २. खानेपानी संस्थानको पाइप खरिद र ३. मादी नगरपालिकाबाट भएको खरिद सम्बन्धमा), खरिद प्रक्रियामा न्यूनतम प्रावधान समेत पालना नगरेको

विषयका सम्बन्धमा २ वटा निकायका सम्वद्ध पदाधिकारीलाई आवश्यक कार्यवाहीका लागि लेखी पठाइएको (१. स्वर्गद्वारी नगरपालिका, प्यूठान र २. त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालय, वल्खु) र अन्य गुनासोहरुको प्रकृति हेरी सम्बोधन गरिएको छ। यस सम्बन्धी विवरण अनुसूची -४ मा राखिएको छ ।

**(ग) सार्वजनिक खरिद सम्बन्धमा अनुशिक्षणः**

यस कार्यालयका कर्मचारीहरुका लागि लक्षित गरी सार्वजनिक खरिदका विषयबस्तुहरु समेटी सार्वजनिक खरिद सम्वन्धमा अनुशिक्षण कार्यक्रम संचालन गर्ने गरिएको छ । यसबाट कार्यालयका कर्मचारीहरुलाई तोकिएको बिषयमा विज्ञता हासिल भई कार्यसम्पादन गर्न सहज हुने देखिन्छ । यस अन्तर्गत आर्थिक बर्ष २०७५/७६ मा बिमा, इन्कोटर्मस तथा स्टयान्डर्ड विडिङ डकुमेन्ट सम्बन्धी विषयमा विज्ञहरुद्वारा कार्यालयका कर्मचारीहरुलाई पाँच पटक अनुशिक्षण प्रदान गरिएको छ ।

**(घ) सार्वजनिक खरिद सम्बन्धी अन्तरक्रियाः**

सार्वजनिक खरिद कार्यमा संलग्न सार्वजनिक निकायहरुको स्थलगत रुपमा अनुगमन गर्ने, अनुगमन गरीसकेपछि अनुगमनको क्रममा देखिएका कमिकमजोरी र आगामी कार्यदिशा बारे कानुनी आधारहरुको बारेमा छलफल र सुझाव दिन अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन गर्ने गरिएको छ । यस कार्यक्रमबाट सार्वजनिक खरिद सम्बन्धी जिल्ला र कार्यस्थलमै साना तिना समस्याहरु त्यहीँ समाधान गर्न सहयोग पुग्ने विश्वास गरिएको छ । यस कार्यक्रमको माध्यमबाट जिल्ला स्थित सार्वजनिक निकायहरु, उंद्योग वाणिज्य संघ, निर्माण व्यवसायी संघ, संचार माध्यम तथा नागरीक समाजको सहभागितामा सार्वजनिक खरिद सम्बन्धमा वहसको साझा थलो उपलव्ध भई सार्वजनिक खरिद सम्वन्धमा भएका समस्याहरुको वारेमा व्यापक छलफल भएको छ । यसबाट जिल्लामा रहेको सार्वजनिक खरिदको वस्तुस्थितीको वारेमा जानकारी प्राप्त भई सार्वजनिक निकायहरु तथा सार्वजनिक खरिद सम्वन्धी सरोकारवाला निकायहरुमा भएका अन्यौलताहरुको उजागर भई सम्भावित समस्या समाधानका उपायहरु पहिचानमा सहयोग मिलेको छ । अन्तरक्रियामा हुने छलफलको माध्यमवाट सार्वजनिक निकाय र सार्वजनिक खरिदका सरोकारवाला पक्षहरुवीचमा समन्वय स्थापित भई खरिद कारवाहीमा प्रभावकारिता आएको छ । सार्वजनिक खरिद सम्वन्धी ऐन, नियममा भएका परिवर्तित व्यवस्थाहरुको सवै पक्षहरुलाई समयमा नै जानकारी भएको छ । आर्थिक बर्ष २०७५/०७६ मा यस कार्यालयबाट यस प्रकारको अन्तरक्रिया कार्यक्रम सप्तरी, सर्लाही, सिराहा, धनुषा, गोर्खा, सल्यान, प्यूठान, चितवन, मकवानपुर, ताप्लेजुङ, दोलखा,

रामेछाप, सिन्धुपाल्चोक, रोल्पा, बारा, अर्घाखाँची लगायतका २२ जिल्लामा सम्पन्न गरिएको छ जसबाट करिब १,५०० जनालाई सार्वजनिक खरिद प्रक्रियाका सम्बन्धमा क्षमता अभिबृद्धि भएको छ ।

**(ङ) विद्युतीय खरिद प्रणाली (e-Bidding) सम्बन्धी अनुगमन निरीक्षणः**

यस कार्यालयले सञ्चालनमा ल्याएको e-GP System को विभिन्न सार्वजनिक निकायहरुले के कसरी प्रयोग गरेका छन् भन्ने सम्बन्धमा भएको अनुगमनबाट उक्त System प्रयोगकर्ताहरुबाट भएका प्रयोगको अवस्था, प्रयोग गर्नुपर्ने बारेको चासो, e-GP System प्रयोग गर्दा आइपरेका समस्याहरु र e-GP System प्रयोगले स्थानीय Bidder मात्रको एकाधिकारको अन्त्य भई स्वच्छ प्रतिस्पर्धाको अवस्था रहे/नरहेको, प्रतिस्पर्धाले गर्दा लागत अनुमान मूल्य भन्दा कम मूल्य प्रस्ताब गरे/नगरेको सम्बन्धमा नियमित अनुगमन गरिएको छ । अनुगमनबाट प्राप्त नतिजालाई विश्लेषण गर्दा सकारात्मक नतिजाहरु प्राप्त भएका छन् । आर्थिक बर्ष २०७५/०७६ मा यस कार्यालयबाट मोरङ, सुर्खेत, कास्की, सुनसरी र कैलाली गरी पाँच जिल्लाका विभिन्न सार्वजनिक निकायहरुमा e-Bidding सम्बन्धी अनुगमन निरीक्षण कार्य सम्पन्न गरिएको छ ।

## २.३ क्षमता विकास र तालिमः

सार्वजनिक खरिद क्षमता बिकास सम्बन्धी सार्वजनिक निकायका खरिद कार्यमा संलग्न कर्मचारीहरुलाई विद्युतीय खरिद कार्य सम्बन्धी क्षमता अभिवृद्धि तालिम १५ वटा र आधारभूत तालिम ५ वटा गरी २० वटा कार्यक्रम संचालन गरेर करिब १,००० जनालाई प्रशिक्षित गरिएको छ । यसबाट खरिद कार्यमा संलग्न कर्मचारीहरुको क्षमता विकास भई खरिद प्रक्रियामा प्रभावकारिता आएको छ । आर्थिक बर्ष २०७५/७६ मा यस कार्यालयबाट संचालित तालिम सम्बन्धी विस्तृत विवरण अनुसूची ५ मा उल्लेख गरिएको छ ।

## २.४ वेवसाईटमा विवरण अध्यावधिक गर्ने व्यवस्था :

(क) सार्वजनिक खरिद अनुगमन कार्यालयले आफ्नो वेबसाईट स्थापना गरी स्ट्याण्डर्ड विडिङ डकुमेन्ट (Standard Bidding Document) हरु, राय परामर्शका विवरणहरु, कालोसूचीको नामावली लगायत कार्यालयबाट भए गरेका कार्यहरुको विवरण नियमित रुपमा सार्वजनिक गर्ने गरेको छ । सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम काम कारबाही नगर्ने विभिन्न फर्महरुलाई कालोसूचीमा राख्ने प्रावधान भएकोमा आर्थिक बर्ष २०७५/७६ मा ५० वटा फर्मलाई कालोसूचीमा राखि कार्यालयको आधिकारिक वेबसाईटमा अपडेट गरिएको छ ।

(ख) सार्वजनिक खरिदका सम्पूर्ण प्रक्रियालाई विद्युतीय खरिद प्रणालीमा आबद्ध गर्न राष्ट्रिय विद्युतीय खरिद प्रणाली कार्यान्वयनमा रहेको छ । यस प्रणालीमा सहज पहुँचका लागि वेवसाईट www.bolpatra.gov.np/egp रहेको छ ।

## २.५ राय परामर्श प्रदान :

सार्बजनिक खरिद ऐन, नियम परिपालना गर्ने गराउने सम्बन्धमा सार्वजनिक निकायहरुलाई परेको खरिद सम्बन्धी द्विविधा समाधानका लागि त्यस्ता निकायहरुबाट माग भई आएका बिभिन्न बिषयहरुमा यस कार्यालयले ऐन, नियम र सार्वजनिक खरिदका सिद्धान्तहरुको आधारमा राय परामर्श उपलब्ध गराउँदै आएको छ । जसबाट समयमा समस्याको निकास आउने र प्रक्रियात्मक त्रुटि हुनबाट जोगिन गई खरिद कार्यमा सघाउ पुगेको छ । आर्थिक बर्ष २०७५/७६ मा यस कार्यालयबाट कुल १८८ वटा राय परामर्श प्रदान गरिएको र हाल सम्म कुल १२७१ वटा राय परामर्श प्रदान गरिएको छ । यस कार्यालयबाट शुरु देखि उपलब्ध गराइएको रायपरामर्श सम्वन्धी विस्तृत विवरण समेटिएको संग्रह website: www.ppmo.gov.np मा राखिएको छ । यस सम्वन्धी विस्तृत विवरण अनुसूची ६ मा उल्लेख गरिएको छ ।

राय परामर्शको माध्यमबाट सार्वजनिक निकायहरुलाई निम्नानुसार उपलब्धी हासिल भएको अपेक्षा गरिएको छ ।

- ऐन नियमको खरिद सम्बन्धी व्यवस्थाको व्याख्या र कार्यान्वयनमा एकरुपता आएको छ ।
- राय परामर्शले सार्वजनिक खरिद निर्देशिकाको रुपमा काम गरेको छ ।
- सार्वजनिक खरिद कार्यलाई छिटो छरितो रुपमा सम्पादन गर्न मद्दत पुगेको छ ।
- सार्बजनिक निकायहरुको खरिद कार्यमा परेका दुविधा हट्न गई सहजता आएको छ ।
- सार्वजनिक खरिद कार्यलाई थप पारदर्शी र काममा जिम्मेवार वनाउनमा सघाउ पुऱ्याएको छ ।

## २.६ कालोसूचीको कार्यवाही :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को व्यवस्था अनुसार कानुन विपरित कार्य गर्ने बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भिर्यताको आधारमा यस कार्यालयले १ वर्ष देखि ३ वर्ष सम्म कालोसूचीमा राखी खरिद कार्यमा भाग लिनवाट रोक लगाउने गरिएको छ ।

आर्थिक बर्ष २०७५/७६ मा ५० वटा फर्म, संस्था, कम्पनीलाई कालोसूचीमा राख्ने निर्णय गरी सार्वजनिक सूचना गरिएको छ । यसको विस्तृत विवरण यस कार्यालयको वेवसाईटमा

राखिएको छ । साथै कालोसूचीमा राखिएको फर्म/संस्थाहरुको तेरिज विवरण अनुसूची ७ मा उल्लेख गरिएको छ ।

कालोसूचीमा राख्ने सम्बन्धी ऐनको दफा ६३ मा भएको व्यवस्था निम्नानुसार छ ।

कालोसूचीमा राख्ने सम्बन्धी कानुनी व्यवस्थाः

(१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गाम्भीर्यताको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले एक वर्ष देखि तीन वर्षसम्म कालोसूचीमा राख्न सक्नेछ :-

(क) दफा ६२ बमोजिमको आचरण विपरीत काम गरेको प्रमाणित भएमा,

(ख) स्वीकृतिको लागि छनौट भएको प्रस्तावको प्रस्तावदाता दफा ३८ बमोजिम सम्झौता गर्न नआएमा,

(ग) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत त्रुटि गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा, वा

(च) तोकिए बमोजिमको अन्य कुनै अवस्थामा ।

## २.७ सार्वजनिक खरिद पुनरावलोकनः

सार्वजनिक खरिदको अन्तर्राष्ट्रिय प्रचलनमा सार्वजनिक खरिद कार्यमा सार्वजनिक निकायले गरेका कार्य तथा निर्णयहरुको पुनरावलोकन गर्ने व्यवस्था रहेको हुँदा यस किसिमका कार्यले सार्वजनिक निकायलाई खरिद सम्बन्धी कार्यहरु व्यवस्थित रुपमा संचालन गर्न सघाउ पुर्‍याएको छ । यसै तथ्यलाई मध्यनजरमा राखी हाम्रो सन्दर्भमा पनि सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ६ मा खरिद कारवाही वा निर्णयको पुनरावलोकन सम्बन्धी व्यवस्था गरिएको छ ।

सार्वजनिक खरिद अनुगमन कार्यालय संगैको परिसरमा अलग्गै समितिको कार्यालय रहेको पुनरावलोकन समितिमा आर्थिक बर्ष २०७५/७६ मा २३ वटा निवेदन दर्ता भई २० वटा

फर्छ्यौट भएको पाइन्छ । पुनरावलोकन समितिमा आर्थिक बर्ष २०७५/७६ सम्ममा कुल जम्मा १२१ वटा पुनरावलोकन निवेदन दर्ता भएको समितिवाट प्राप्त तथ्याङ्कले देखाउँछ ।

सार्वजनिक खरिद ऐन नियमको कार्यान्वयन गर्ने सिलसिलामा सार्वजनिक खरिद कार्यमा संलग्न पदाधिकारीहरुबाट भएका कुनै निर्णयबाट बोलपत्रदाता वा प्रस्तावदातालाई मर्का परेमा दुई चरणमा पुनरावलोकन गर्न सकिने व्यवस्था रहेको छ । पहिलो चरणमा सम्बन्धित सार्वजनिक निकायको प्रमुख समक्ष उजुरी दिने र सोबाट भएको निर्णय चित्त नबुझेमा वा ५ दिन भित्र निर्णय नदिएमा दोस्रो चरणमा पुनरावलोकन समिति समक्ष निवेदन दिन सकिने कानुनी व्यवस्था छ । दुई करोड रुपैयाँ भन्दा बढीको खरिद कारवाहीको सम्वन्धमा निवेदकले वोलपत्रको कवोल रकमको एक प्रतिशत वरावरको रकम जमानत राखी निवेदन दिन सकिने छ । ऐनको दफा ४८ अनुसार अध्यक्ष र सदस्य सहित ३ सदस्यीय पुनरावलोकन समिति क्रियाशील रहँदै आएको छ । समिति समक्ष पेश भएका निवेदनहरु उपर पुनरावलोकन भई समितिबाट भएका निर्णयहरुको संग्रह समितिवाट प्रकाशन हुँदै आएको छ । यसबाट खरिद सम्बन्धी व्यवस्थापन प्रभावकारी बनाउन सम्बद्ध सवै पक्षहरुको कार्यक्षमतामा अभिवृद्धि हुने विश्वास कार्यालयले लिएको छ ।

**पुनरावलोकन समितिको गठन विधि देहाय बमोजिम रहेको छ ।**

(क) पुनरावेदन अदालतको न्यायाधीश वा पुनरावेदन अदालतको न्यायाधीश भईसकेको व्यक्ति वा नेपाल सरकारको विशिष्ठ श्रेणीको पदबाट अवकाश प्राप्त व्यक्तीहरु मध्येबाट एक जना - अध्यक्ष

(ख) नेपाल सरकारको नेपाल इन्जिनियरिङ सेवाको राजपत्राङ्कित प्रथम श्रेणीबाट अवकाश प्राप्त व्यक्तिहरु मध्येबाट एक जना - सदस्य

(ग) सार्वजनिक खरिद सम्वन्धी बिषयमा अनुभवी तथा बिज्ञ व्यक्तिहरु मध्येबाट एक जना - सदस्य

**पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकारः**

सार्वजनिक निकाय विरूद्ध बोलपत्रदाता वा प्रस्तावदाताले खरिद कार्य सम्पन्न भएको ३० दिन भित्र दिएको पुनरावलोकन निवेदन उपर छानविन गर्ने, सार्वजनिक निकायसँग प्रतिक्रिया माग गर्ने, दुवै पक्ष राखि सुनवाई गर्ने, प्रस्तुत कागजातहरुको अध्ययन अवलोकन गरी निवेदन दिएको ३० दिन भित्र निर्णय गर्नेछ । सार्वजनिक खरिद पुनरावलोकन समितिले निर्णय गर्दा बोलपत्रदाता वा प्रस्तावदाताले दिएको निवेदन उपर निम्नानुसारको निर्णय गर्दछ ।

(क) निवेदन खारेज गर्ने,

(ख) खरिद सम्झौता भईनसकेको अवस्थामा,

(१) सार्वजनिक निकायलाई अनधिकृत काम वा निर्णय वा गलत कार्यविधि अवलम्वन नगर्न आदेश दिने ।

(२) सार्वजनिक निकायले गरेको अनधिकृत कार्य वा निर्णयलाई पूर्ण वा आंशिक रुपमा रद्द गर्ने आदेश दिने ।

(३) वोलपत्र वा प्रस्ताव मूल्याङ्कनमा कुनै त्रुटी देखिई पुनः मूल्याङ्कन गर्नुपर्ने भएमा त्यस्तो त्रुटी समेत उल्लेख गरी पुनः मूल्याङ्कन गर्न आदेश दिने ।

(ग) खरिद सम्झौता भईसकेको अवस्थामा त्यस्तो सम्झौता निवेदकले पाउनु पर्दथ्यो भन्ने पुनरावलोकन समितिलाई लागेमा निवेदकलाई परेको मर्का विचार गरी मनासिब माफिकको रकम निवेदकलाई भुक्तानी गर्न सार्वजनिक निकायलाई सिफारिस गर्ने कानुनी अधिकार ऐनले सार्वजनिक खरिद पुनरावलोकन समितिलाई प्रत्याभूत गरेको छ ।

परिच्छेद - तीन

# राष्ट्रिय विद्युतीय खरिद प्रणालीः असल अभ्यास तथा कार्यान्वयनका चुनौतीहरु

## पृष्ठभूमी :

नेपाल सरकारले शासन व्यवस्थाका सम्पूर्ण आयामहरुलाई क्रमिक रुपमा विद्युतीय सुशासन अन्तर्गत परिणत गर्दै जाने रणनीति लिए बमोजिम सार्वजनिक खरिदका सम्पूर्ण प्रक्रियालाई विद्युतीय खरिद प्रणालीमा आवद्ध गरी व्यवस्थित रुपमा सञ्चालन र व्यवस्थापन गर्ने उद्देश्यका साथ शुरु गरिएको राष्ट्रिय विद्युतीय खरिद प्रणाली सार्वजनिक खरिद अनुगमन कार्यालयले विकास गरी हाल कार्यान्वयनको चरणमा रहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ र नियमावलीको नियम १४६ बमोजिम एकल पोर्टलको रुपमा विकास गरी सञ्चालनमा ल्याईएको यो प्रणालीमा समयसापेक्ष रुपमा अद्यावधिक गरिदै आएको छ । प्रणालीका प्रयोगकर्ताहरुमध्ये मुख्यतः हाल संघ, प्रदेश र स्थानीय तह अन्तर्गतका सार्वजनिक निकाय, बोलपत्रदाता, बैंक तथा वित्तीय संस्थाहरुले प्रणाली प्रयोगकर्ताको रुपमा दर्ता भई एकीकृत रुपमा खरिद कारोबार सञ्चालन भईरहेको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६५ (१)(घ३) को अधिकार प्रयोग गरी सार्वजनिक खरिद अनुमगन कार्यालयले विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ मिति २०७४।५।८ देखि जारी गरी लागू गरेको छ । उक्त निर्देशिकाको दफा ३५ मा जतिसुकै रकमको खरिदमा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्न सकिने तथा २० लाख रुपैयाँ वा सो भन्दा बढीको परामर्श सेवा खरिदमा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणाली मात्र प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सार्वजनिक निकायहरुले गर्ने ६० लाख रुपैयाँ भन्दा बढीको मालसामान वा २ करोड रुपैयाँ भन्दा बढीको निर्माण कार्यको सार्वजनिक खरिदमा अनिवार्यरुपमा विद्युतीय खरिद प्रणाली मात्रको प्रयोग गर्नुपर्ने व्यवस्था रहेको छ ।

## ३.१ हालको अवस्था

सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सार्वजनिक निकायले गर्ने खरिद कार्यलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको विद्युतीय खरिद प्रणाली हाल कार्यान्वयनको चरणमा रहेको छ । यस प्रणालीको प्रयोग गरी सार्वजनिक खरिद कार्यलाई प्रतिस्पर्धी, मितव्ययी, पारदर्शी र प्रविधिमैत्री रुपमा सञ्चालन गर्न सकिने अपेक्षा गरिएको छ ।

यस प्रणालीमा सहज पहुँचको लागि वेवसाईट www.bolpatra.gov.np/egp सञ्चालनमा रहेको छ । यो प्रणालीले सार्वजनिक खरिदको शुरु देखि अन्त्य सम्मको सबै चरणहरुलाई समेटेको छ । सार्वजनिक निकाय, बोलपत्रदाता, बैंक तथा मान्यता प्राप्त वित्तीय संस्थाहरु सर्वप्रथम प्रयोगकर्ताको रुपमा प्रणालीमा दर्ता गरी आ-आफ्नो विवरण अद्यावधिक गर्नु पर्दछ । तत्पश्चात उक्त निकायहरुमा कार्यरत सम्बन्धित कर्मचारीहरु समेत प्रणालीमा प्रयोगकर्ताका रुपमा दर्ता हुनुपर्दछ । यसमा सार्वजनिक निकायमा खरिद कार्यमा संलग्न हुने कर्मचारीहरु प्रयोगकर्ताका रुपमा दर्ता हुन्छन् भने बोलपत्रदाताको हकमा विद्युतीय खरिद प्रणाली प्रयोग गर्न अधिकार प्राप्त व्यक्ति तथा बैंकको हकमा Banking Instruments हरुलाई प्रमाणिकरण गर्ने अधिकार प्राप्त अधिकारीहरु Maker र Checker गरी दुई प्रकारका प्रयोगकर्ताहरु दर्ता हुन्छन् । प्रयोगकर्ताहरुलाई उपलब्ध मेनु तथा सुविधा अनुसार प्रयोगकर्ताहरुले यस प्रणालीमा प्रवेश गरी सार्वजनिक खरिद सम्वन्धी कार्यहरु सम्पादन गर्नु पर्दछ ।

विद्युतीय खरिद प्रणाली सम्वन्धी तथ्याङ्क **अनुसूची ८** मा उल्लेख गरिएको छ ।

### ३.१.१ विद्युतीय खरिदका चरणहरु

यस विद्युतीय खरिद प्रणालीमा दर्ता भई विद्युतीय खरिद प्रणाली सञ्चालन प्रक्रिया मार्फत खरिद कारवाही सञ्चालन गर्न खरिदसँग सम्बन्धित देहायका कार्यहरु प्रणाली भित्रै बनि बनाउ (Built-in) रुपमा सञ्चालन गर्न सकिन्छ:

- खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयारी र प्रकाशन
- बोलपत्र तयारी तथा प्रकाशन
- बोलपत्रमा संशोधन
- बोलपत्रदाताबाट बोलपत्र तयारी तथा बुझाउने
- बोलपत्रदाताबाट बोलपत्र संशोधन तथा फिर्ता
- बोलपत्र खोल्ने
- बोलपत्र मूल्यांकन र प्रतिवेदन
- आशयको सूचना (Letter of Intent-LoI) तथा सम्झौताको सूचना (Letter of Award-LoA) जारी
- बोलपत्रदाताबाट उजुरी निवेदन तथा सार्वजनिक निकायबाट सो को जवाफ
- खरिद सम्झौता

### ३.१.२ खरिद सम्झौता व्यवस्थापन

यस विद्युतीय खरिद प्रणाली सञ्चालन प्रक्रिया मार्फत खरिद सम्झौता कार्यान्वयन गर्न देहायका कार्यहरु सञ्चालन गर्न सकिन्छ:

- कार्य तालिका (Work schedule) अद्यावधिक गर्ने
- प्रगति विवरण तयार गर्ने, बुझाउने तथा स्वीकार गर्ने
- अन्तरिम बिल बुझाउने तथा सो को भुक्तानी
- भेरिएशन आदेश र म्याद थप
- कार्य सम्पन्न प्रमाणपत्र
- अन्तिम भुक्तानी
- विवाद व्यवस्थापन (Dispute Management) को प्रविष्टि

### ३.१.३ बैंकिङ्ग कागजात प्रमाणीकरण:

सार्वजनिक खरिद कारवाही सञ्चालन गर्न बैंक तथा वित्तीय संस्थाहरुको अहम् भूमिका रहन्छ। यस प्रणालीमा बैंक तथा वित्तीय संस्थाहरुले जारी गर्ने सार्वजनिक खरिद कार्यसँग सम्बन्धित सबै प्रकृतिका कागजातहरुको प्रमाणीकरण स्वयं बैंककै सम्बन्धित कर्मचारीहरुबाटै सम्पादन गर्न गराउनको लागि बैंकिङ्ग सम्मुख मोड्युल (Banking Interface Module) को व्यवस्था गरिएको छ। यस विद्युतीय खरिद प्रणाली सञ्चालन प्रक्रियाको बैंकिङ्ग सम्मुख मोड्युल मार्फत खरिद कारवाहीमा बैंक तथा वित्तीय संस्थाहरुले देहायका कार्यहरु सञ्चालन गर्न सकिने व्यवस्था गरिएको छ :

- जारी कागजात प्रमाणीकरण
- बैंक ग्यारेण्टी फुकुवा तथा जफत

### ३.१.४ सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (PPMIS):

यस विद्युतीय खरिद प्रणालीमा सार्वजनिक खरिद व्यवस्थापन सूचना प्रणाली (PPMIS) बनिबनाउ (Built-in) रुपमा रहेको छ । यस प्रणालीको सञ्चालन प्रक्रिया मार्फत बोलपत्र सम्बन्धी कारवाही, खरिद सम्झौता कार्यान्वयन लगायतका काम कारवाहीको प्रतिवेदनका आधारमा देहाय बमोजिमका अनुगमन तथा नियामक कार्यहरु सञ्चालन गर्न सकिन्छ :

- प्रमुख कार्यसम्पादन परिसूचक (Key Performance Indicator) अनुगमन,
- व्यवस्थापन सूचना प्रणाली (Management Information System) प्रतिवेदन ।

### ३.१.५ विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिकाः

विद्युतीय खरिद प्रणाली सञ्चालनलाई थप व्यवस्थित बनाउनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७४।०५।०८ मा विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ जारी गरिएको छ । यो निर्देशिकाले विद्युतीय खरिद प्रणालीको प्रयोग तथा सञ्चालन, दर्ता प्रक्रिया, बोलपत्र तयारी र सूचना प्रकाशन, बोलपत्र पेश गर्ने, खोल्ने तथा मूल्यांकन गर्ने प्रक्रिया, बोलपत्रको स्वीकृति र खरिद सम्झौता आदि जस्ता कार्यहरु कसरी गर्ने, कुन कुन प्रयोगकर्ताको काम-कर्तव्य के हुने जस्ता विषयहरुको बारेमा प्रष्ट पारेको छ ।

### ३.१.६ Mobile Notification Service:

बोलपत्रदाताहरुका लागि बोलपत्र पेश गर्ने प्रक्रियालाई अझ बढी सुरक्षित तथा आधिकारिक गर्नको लागि बोलपत्र पेश गर्नु अगाडि निजहरुको आधिकारिकता पुष्टि गर्न One Time Password सम्बन्धित प्रयोगकर्ताको email तथा SMS प्रणाली मार्फत mobile मा समेत notification जाने व्यवस्था रहेको छ ।

### ३.१.७ Mobile Apps Development:

बोलपत्रदाताहरुका लागि विद्युतीय खरिद प्रणाली माथिको पहुँच अझ सहज होस् भन्ने उद्देश्यले आर्थिक बर्ष ०७५/७६ को वार्षिक कार्यक्रम बमोजिम Mobile Apps को विकास गरी लागू गरिएको छ । जसमा बोलपत्रदाता तथा सार्वजनिक निकायहरुले e-GP System का अलावा Category of Interest अनुसारका Notification प्राप्त गर्ने लगायतका सुविधा उपलब्ध गरिएको छ । जसलाई Google Play को Playstore बाट सहजै Download गरी प्रयोग गर्न सकिन्छ ।

### ३.१.८ Information System Audit:

World Bank को सहयोगमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट संचालित विद्युतीय खरिद प्रणालीको Information System Audit सम्पन्न भई IS Audit को प्रतिवेदन अनुसार प्रणालीको सुरक्षा सम्बन्धमा अपनाउनु पर्ने सुरक्षा प्रणाली एवं सुधार गर्ने कार्यहरु भैरहेको छ ।

### ३.१.९ विद्युतीय खरिद प्रणाली सहायता कक्ष (e-GP Help Desk):

विद्युतीय खरिद प्रणालीको प्रयोगमा सरोकारवालाहरु सहजीकरण, अभिमुखिकरण तथा जानकारी प्रदान गर्नको लागि एक सहायता कक्ष (e-GP Help Desk) सञ्चालन गरिएको छ । यस सहायता कक्षबाट सरोकारवालाहरुलाई टेलिफोन, अनलाइन तथा कार्यालयमा भौतिक उपस्थितिको माध्यमबाट प्रणाली प्रयोग सम्बन्धी विभिन्न सेवा (Support Service) प्रदानको कार्य गरी आइएको छ । यस आर्थिक बर्ष मा विभिन्न १५०० प्रयोगकर्ताहरुलाई उपरोक्त सेवा प्रदान गरिएको छ ।

### ३.१.१० विद्युतीय खरिद प्रणालीको मर्मत सम्भार (Operation and Maintenance of e-GP System):

विद्युतीय खरिद प्रणालीको सूचारु सञ्चालनको सुनिश्चितताको लागि प्रणालीको नियमित मर्मत सम्भार, देखिएका समस्याहरुको समाधान तथा आवश्यक सुधार समेतका लागि यस कार्यालयको वार्षिक कार्यक्रम अनुसार DG Market International Inc USA /Dohatec New Media, Bangladesh/ DG Market Nepal JV नामक अन्तर्राष्ट्रिय परामर्शदाता छनौट गरी उक्त संस्थाबाट सेवा प्राप्त भैरहेको छ ।

हाल सार्वजनिक खरिद अनुगमन कार्यालयको सूचना प्रविधि शाखा, उपरोक्त परामर्शदाता तथा e-GP Help Desk को संयुक्त प्रयासबाट सरोकारवाला पक्षहरुबाट आएका राय सल्लाह तथा पृष्ठपोषणहरु समेतलाई समेट्दै विद्युतीय खरिद प्रणालीको सुचारु ढंगले सञ्चालन भैरहेको छ ।

### ३.१.११ नेपालमा सार्वजनिक खरिदमा पारदर्शिताको लागि अग्रसरता (PPTIN ):

सार्वजनिक खरिदमा पारदर्शिता गर्ने विश्वव्यापी अभियानमा आवद्ध हुंदै सार्वजनिक खरिदका सूचनाहरु जन समक्ष पुर्याउन पूर्वाधार स्थापना गर्ने कार्य शुरु गरिएको छ । यसका लागि Open Contracting Data Standard को अर्न्तराष्ट्रिय मापदण्डअनुसार सूचना प्रवाह गर्ने गरी Open Contracting Partnership नामक अर्न्तराष्ट्रिय संस्थासँगको सहकार्यमा नेपालको सार्वजनिक खरिदको पारदर्शिताको लागि अग्रसरता (Public Procurement Transparency in Nepal-PPTIN) शुरु गर्न छदफल भइरहेको छ । यस कार्यक्रम अन्तर्गत www.ppip.gov.np नामक एक पोर्टलको परीक्षण समेत (Beta Launch) गरिएको छ ।

### ३.१.१२ विद्युतीय खरिद प्रणालीसम्बन्धी क्षमता अभिवृद्धिः

सबै सरोकारवालाहरुलाई विद्युतीय खरिद प्रणाली सम्बन्धी क्षमता अभिवृद्धिको लागि यस आर्थिक बर्ष २०७५/७६ मा निम्नानुसार प्रशिक्षित गरिएको छ ।

| क.सं. | कार्यक्रम | संख्या | सहभागी |
|---|---|---|---|
| १ | सार्वजनिक निकायहरुको लागि विद्युतीय खरिद प्रणाली सम्वन्धी चार तथा पाँच दिने तालिम कार्यक्रम | ११ | ५५० |
| २ | बोलपत्रदाताहरुको लागि बिद्युतीय खरिद प्रणाली सम्बन्धी दुई दिने तालिम कार्यक्रम | ४ | २०० |
| ३ | सबै सरोकारवालाहरुको लागि विद्युतीय खरिद प्रणाली सम्वन्धी एक दिने अन्तरक्रिया कार्यक्रम | २ | १५० |

### ३.२ समस्या र चुनौतीः

विद्युतीय खरिद प्रणालीमा हाल देखिएका मुख्य मुख्य समस्या तथा चुनौतीहरु यस प्रकार रहेका छन् :

- सबै सम्बन्धित सार्वजनिक निकायका कर्मचारी, बोलपत्रदाताहरु तथा बैंकका कर्मचारीहरुमा प्रणाली प्रयोगबारेको दक्षता पर्याप्त मात्रामा नभएको कारणले प्रणालीको प्रयोगमा आवश्यक मात्रामा उत्साह नदेखिएको ।
- विभिन्न सरकारी कार्यालयका कर्मचारीहरुबीच पर्याप्त समन्वयको अभाव तथा प्रयोगकर्ता नाम तथा पासवर्डको आवश्यक सुरक्षण नगर्दा एकै कार्यालय तथा प्रयोगकर्ताको लागि पटक पटक दर्ता तथा पासवर्ड प्राप्तिको अनुरोध आउने गरेको ।
- कानुनमा उल्लेख भए बमोजिमका सबै प्रकारका खरिद विधिहरुको नमूना बोलपत्रसम्बन्धी कागजात तयार गरी त्यस्ता विधिहरुलाई विद्युतीय खरिद प्रणालीमा आवद्ध गर्न बाँकी रहेको ।
- सार्वजनिक निकायहरुले प्रणालीमा सम्झौता व्यवस्थापन (Contract management) सम्बन्धी कार्य नगण्यरुपमा गर्ने गरेको ।
- सार्वजनिक निकायका प्रयोगकर्ताहरुलाई विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ बारेको जानकारी पर्याप्त नभएको, जसले गर्दा तोकिएको सीमाभन्दा बढी रकमको खरिदमा सेमत प्रणालीको अनिवार्य प्रयोग नभइरहेको ।

- बैंकहरुबाट समझदारी अनुसार समयमै बैंकिङ्ग कागजातको प्रमाणीकरण नभएको तथा सही कागजातलाई समेत गलत भनेर प्रमाणित गरेको कारण खरिद प्रक्रियामा समस्या उत्पन्न भएको ।
- बोलपत्रदाताहरुले धेरैजसो अन्तिम समयमा (झण्डै ३० औ वा ४५ औ दिनमा) मात्र बोलपत्र तयारी तथा दाखिला गर्ने गर्दा आफूले बुझाउन चाहेको सबै कागजात भए नभएको निश्चित गर्न Preview हेर्ने व्यवस्था भएतापनि सो हेर्ने नगरेको । यसबाट कुनै अनिवार्य कागजात छुटेको कारणले निजको बोलपत्र रद्द हुने गरेको । अर्थात बोलपत्रदातालाई ऐन नियम अनुसारको महिनै दिनको अवधि दिदा पनि २८/२९ दिन सम्म पनि विड पेश नगरी अन्तिम ३० औ दिनमा विड पेश गर्दा e-GP system मा load पर्ने गरेको ।
- दुर्गम स्थानमा इन्टरनेट, विद्युत, कम्प्युटर तथा प्रणालीबारेको जानकारीको अभावले त्यस्ता स्थानका सार्वजनिक निकायहरुबाट प्रणालीको प्रयोग सन्तोषजनक रुपमा हुन नसकेको ।
- केही सार्वजनिक निकायहरुबाट बोलपत्र खोल्ने दिनमा बोलपत्र नखोली अन्य दिनमा बोलपत्र खोल्ने तथा प्रणालीमा व्यवस्थित मुचुल्का तथा मूल्याङ्कन प्रतिवेदनहरु अपलोड गरेको भेटिएन । यस सम्बन्धमा सार्वजनिक निकायले विद्युतीय खरिद प्रणालीको व्यवस्थित प्रयोग भन्दा पनि कानुनी प्रक्रिया पुऱ्याउन मात्र खोजेको देखिएको ।
- केही सार्वजनिक निकायहरुबाट Bid Addendum अर्थात बोलपत्र संशोधन प्रक्रिया मार्फत बोलपत्र खोल्ने केही दिन अघि मात्रै मुख्य कागजात, BoQ राख्ने र चाँडो प्रकाशन गर्न अन्य कागजात तथा जानकारी बोलपत्रमा राख्ने गरेको भेटिएको ।
- बोलपत्र सम्बन्धी कागजातको दस्तुर एवं बोलपत्र धरौटीको कागजात समेत प्रणालीमा अपलोड गर्ने व्यवस्था भए अनुसार केही बोलपत्रदाताहरु बाट एउटै कागजात धेरै वटा बोलपत्रमा पेश गर्ने तथा फर्जी कागजात राख्ने समेत सम्भावना बढेको ।
- सार्वजनिक खरिद नियमावलीमा भएका संशोधनहरुलाई प्रणालीमा तत्काल आबद्ध गर्न नसक्दा प्रणाली मार्फत हुने बोलपत्र प्रकाशनहरुमा त्रुटिहरु हुने गरेको छ । सार्वजनिक निकायहरुले त्यस्तो अवस्थामा बोलपत्रमा सच्याउने वा अपलोडेबल प्रणाली अपनाउनु पर्नेमा धेरैले सोको जानकारी समेत राखेको नदेखिएको ।
- प्रणालीबाट तयार हुने Standard Bidding Document अनुसार line of credit तथा Bid security हरु बैंकबाट जारी नहुने, Letter of Bid को format मा पनि एकरुपता नहुने र परम्परागत अभ्यास कायमै रहेकोले पूर्ण रुपमा विद्युतीय खरिद प्रणाली संचालन गर्न कठिनाई तथा अवरोधहरु आउने गरेको ।

- विद्युतीय खरिद प्रणाली र अन्य निकायहरु जस्तै कम्पनी रजिस्टार, आन्तरिक राजस्व विभाग लगायतका प्रणालीहरु बिचमा समन्वय भैनसकेको अवस्थामा बोलपत्रदाताहरुको कागजात प्रमाणिकरण Manually गर्नुपर्ने अवस्था छ ।

## ३.३ आगामी कार्यदिशाः

विद्युतीय खरिद प्रणालीमा देखिएका समस्या र चुनौतीहरु समाधान गर्दै विद्युतीय खरिद प्रणालीको प्रभावकारिताका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले लिनुपर्ने आगामी कार्यदिशाहरु यस प्रकार रहेका छन्ः

- विद्युतीय खरिद प्रणाली सम्बन्धी दक्षता अभिवृद्धि तालिम तथा अभिमुखीकरण कार्यक्रम सबै सरोकारवालाहरुलाई समेट्ने गरी सञ्चालन गर्ने ।
- सबै प्रकारका खरिद विधिहरुलाई विद्युतीय खरिद प्रणालीमा आवद्ध गर्ने ।
- अन्तर्राष्ट्रिय असल अभ्यास अनुसारका सुविधाहरु थप गर्दै विद्युतीय खरिद प्रणालीमा सुधार गर्दै जाने ।
- प्रणालीको डाटा सेन्टरका उपकरणहरु अद्यावधिक गर्ने तथा डिजाष्टर रिकोभरी सेन्टरको स्थापना गर्ने ।
- प्रणालीको प्रयोगमा विद्युतीय हस्ताक्षरको अनिवार्यता कायम गर्ने ।
- सम्झौता व्यवस्थापन मोडुलमा परिमार्जन गरी थप परिष्कृत गर्ने ।

परिच्छेद - चार

# नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या, चुनौति, सुझाव र भावि कार्यदिशा

नेपालको सार्वजनिक खरिद कार्यलाई व्यवस्थित गरी समय सापेक्ष सुधार गर्न अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ, विश्वसनिय, जवाफदेही, प्रतिस्पर्धी, मितव्ययी एवं प्रभावकारी बनाउँदै सार्वजनिक खरिद प्रक्रिया तथा कार्यविधिलाई अन्तर्राष्ट्रिय मापदण्डमा आधारित बनाउने उद्देश्यका साथ मिति २०६३।०९।३० बाट सम्पूर्ण सार्वजनिक निकायहरुमा समान रुपमा लागू हुने गरी छाता ऐनको रुपमा सार्वजनिक खरिद ऐन, २०६३ र सो अन्तर्गत बनेको सार्वजनिक खरिद नियमावली, २०६४ कार्यान्वयनमा आएको हो । ऐनको प्रथम संशोधन र नियमावलीको हालसम्म सातौं संशोधन भई कार्यान्वयनको चरणमा रहेको छ । ऐन, नियमको संशोधन, सुधार एवं परिमार्जन समयको माग सँगै क्रमशः हुँदै जाने विषय हो ।

वर्तमान समयमा सार्वजनिक खरिदको कार्य धेरै नै जटिल अनि कठिन कार्यको रुपमा देखा पर्दै आएको छ । यो कार्यलाई सफलतापूर्वक सम्पादन गर्नको लागि सार्वजनिक खरिद प्रक्रियामा संलग्न रहने सम्पूर्ण व्यक्ति एवं पदाधिकारीहरुमा खरिद ऐन, नियम, Standard Bidding Document, निर्देशिका, सार्वजनिक खरिदका सिद्धान्तहरु, विकसित मुलुक एवं दातृ निकायहरुले सार्वजनिक खरिदको क्षेत्रमा अपनाएका असल अभ्यास जस्ता महत्वपूर्ण पक्षको राम्रो ज्ञान समान रुपमा हुनु पर्दछ । तत्पश्चात स्वीकृत खरिद योजना अनुरुपको कार्यान्वयनमा प्रतिवद्धता र तत्परता देखिएमा मात्र उद्देश्य हासिल हुन सक्दछ ।

नेपालको सार्वजनिक खरिद व्यवस्थापनलाई भरपर्दो एवं विश्वसनिय बनाउन सार्वजनिक खरिद अनुगमन कार्यालयको पहलमा सुधारका प्रयासहरु हुँदै आएको छ । नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्या एवं चुनौतिहरु समाधान गर्न सक्ने गरी समयानुकुल कानुन संशोधनको आवश्यकता महसुस गरिएको छ ।

## ४.१ बिभिन्न सार्वजनिक निकायको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका समस्याहरु :

(१) सार्वजनिक निकायहरुमा खरिद महाशाखा, शाखा, इकाई सम्बन्धि अवधारणाको प्रभावकारी ढङ्गमा कार्यान्वयन हुन नसकेको ।

(२) बोलपत्र सम्बन्धि कागजातको तयारीमा प्रर्याप्त मात्रामा ध्यान नदिएको ।

(३) योजनाबद्ध र रणनीतिमा आधारित खरिद पद्धतिको स्थापना हुन नसकेको ।

(४) प्रतिस्पर्धालाई सीमित गर्ने गरी स्लाईसिङ्ग र प्याकेजिङ्ग गर्ने र निश्चित ब्राण्डसँग मात्र मिल्ने गरी स्पेशिफिकेशन तयार गर्ने प्रवृत्ति बढ्दै गएको ।

(५) आचरण सम्बन्धि व्यवस्थाको पालना प्रभावकारी हुन नसकेको ।

(६) बोलपत्रमा हुने मिलोमतो न्यूनिकरण गर्ने दिशामा अपेक्षित उपलब्धी हाँसिल हुन नसकेको ।

(७) सार्वजनिक खरिद कार्यमा संलग्न कर्मचारीहरुमा सार्वजनिक खरिद सम्बन्धि ज्ञान, सीप, क्षमता, दक्षताको ज्यादै कमि देखिएको ।

(८) निर्माण व्यवसायीहरुमा व्यवसायिकताको विकास अपेक्षित स्तरमा हुन नसकेको ।

(९) ठेक्का र खरिद संझौताको कार्यान्वयन पक्ष अत्यन्त कमजोर देखिएको ।

(१०) सार्वजनिक खरिद विषयको विशेषज्ञ सेवाको विकास गर्न नसकिएको ।

(११) सार्वजनिक खरिद अनुगमन कार्यालयको सिमित साधन स्रोत र न्यून जनशक्तिको कारण अनुगमन कार्यलाई अपेक्षित ढंगले अगाडी बढाउन नसकिएको ।

(१२) केही महत्वपूर्ण खरिद पद्धतिसँग सम्बन्धित Standard Bidding Document को कमी रहेको ।

## ४.२ नेपालको सार्वजनिक खरिद व्यवस्थापनमा देखिएका चुनौतिहरु :

नेपालको सार्वजनिक खरिद व्यवस्थापनको क्षेत्रमा देखिएको प्रमुख चुनौति भनेको वर्तमान समयमा सुशासन, जवाफदेहिता, पारदर्शिता, खुल्ला, वस्तुनिष्ठ, विश्वसनिय एवं सदाचार प्रर्वद्धन गर्दै सार्वजनिक खरिदको क्षमता अभिवृद्धि गर्नु र सार्वजनिक श्रोत साधनको दुरुपयोग, भ्रष्टाचार, विसंगती र विकृतिलाई रोक्नु साथै मूल्य सार्थकता (Value for Money) हाँसिल गर्ने गरी सार्वजनिक खरिद कार्य यथासमयमै पूरा गर्नु नै हो । यस क्षेत्रमा देखिएका चुनौतिहरुलाई बुँदागत रुपमा यस प्रकारले उल्लेख गर्ने प्रयास गरिएको छ ।

(१) संघिय संरचना अनुरुपको प्रभावकारी खरिद पद्धति, नीति नियमको विकास गर्नु,

(२) सार्वजनिक खरिद सम्बन्धी कानुनलाई विकासको वाधक होइन साधकको रुपमा परिणत गर्दे लैजानु ।

(३) सार्वजनिक निकायका खरिद सम्बन्धि निर्णयकर्ताको निर्णय क्षमता विकास गर्नु,

(४) विभिन्न तहका सार्वजनिक निकायको खरिद कार्यमा संलग्न कर्मचारीको क्षमता विकास गर्नु,

(५) सार्वजनिक खरिदलाई प्रतिस्पर्धी बनाउनु,

(६) खरिद प्रक्रियाको लागत समय घटाउनु,

(७) आधुनिक खरिद विधिको अवलम्बन गर्नु,

(८) वैदेशिक सहायताबाट प्राप्त हुने रकमको खरिद कार्यमा आफ्नै देशको खरिद पद्धति प्रयोग गर्ने प्रणाली स्थापित गर्नु,

(९) सार्वजनिक खरिदको प्रक्रियामा संझौता पश्चातको कार्यान्वयन चरणलाई सहज बनाउदै लैजानु ।

(१०) सार्वजनिक खरिद निर्णयको जवाफदेहितामा प्रवर्द्धन गर्नु ।

(११) दण्ड र पुरस्कार पद्धतिको व्यवहारीक कार्यान्वयन गर्नु ।

## ४.३. सुझाव एवं भावी कार्यदिशा

### (क) सुझावहरु

माथिका समस्याहरु समाधान गर्न देहायका सुझावहरु अवलम्वन गर्न सकेमा खरिद कानुनले लिएको उद्देश्य हासिल गर्न सहयोग पुग्ने छ ।

(१) सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिद गुरु योजना र बार्षिक खरिद योजना तयार गर्नु पर्ने हुँदा तोकिए अनुसारको ढाँचामा तयार गरेर मात्र खरिद कारवाही अगाडि बढाउनु पर्ने ।

(२) सार्वजनिक निकायले खरिद सम्बन्धी कार्यवोझ र कार्यप्रकृतिको अधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्ने व्यवस्था अनुसार महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्ने र खरिद कार्यलाई व्यवस्थापन गर्नु पर्ने ।

(३) सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेका वोलपत्र सम्बन्धी कागजातहरुको सार्वजनिक निकायहरुले प्रयोग गर्दा सारभुत रुपमा फरक नपर्ने गरी कागजात तयार गर्नुपर्ने ।

(४) सार्वजनिक निकायहरुले सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय परामर्श माग गर्दा सार्वजनिक निकायहरुबाट खरिद प्रकृयामा भएका त्रुटीहरुको बारेमा मात्र राय परामर्श माग गरिने भएको हुँदा खरिद सम्बन्धी कानूनी द्विविधाको बिषयमा मात्र राय माग गर्नु उपयुक्त हुने ।

(५) यदा कदा सामान्य समस्या पर्दा पनि सार्वजनिक निकायहरुले विशेष परिस्थितिको खरिद सम्बन्धी व्यवस्था उपयोग गरी खरिद गर्ने प्रचलन रहेको हुँदा विशेष

परिस्थितिलाई परिभाषा खण्डमा स्पष्ट रुपमा परिभाषा गरिएको हुँदा सो अनुसारको परिस्थितिमा मात्र सार्वजनिक निकायहरुले विशेष परिस्थितिको खरिद विधि उपयोग गर्नुपर्ने ।

(६) सार्वजनिक निकायहरुले खरिद आवश्यकता पहिचानको आधारमा खरिद कारवाहीको तयारी गरेर मात्र खरिद कार्य गर्नुपर्ने ।

(७) सार्वजनिक निकायहरुले सोझै खरिद गर्नु अघि यकिन गर्नु पर्ने कुराहरुको समेत ध्यान नदिई खरिदलाई साना साना टुक्रा बनाई सोझै खरिद गर्ने प्रवृति बढेको हुँदा यसलाई निरुत्साइत गर्नुपर्ने ।

(८) सार्वजनिक निकायहरुले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ ले तोके अनुसार हरेक खरिद कारवाहीको निम्ति छुट्टै फायल खडा गरी राख्नु पर्ने कागजातहरु अनिवार्य रुपमा राख्नु पर्ने ।

(९) सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठनात्मक सुधार गर्दै कार्यमूलक संगठनको संरचना तयार गर्ने र आवश्यकता अनुरुप दक्ष कर्मचारीहरुको व्यवस्थापन गर्नुपर्ने ।

(१०) खरिद सम्बन्धि ऐन, नियम, निर्देशिका र नमूना बोलपत्र कागजातहरु परिमार्जन गरी व्यवहारीक सरल एवं स्पष्ट पार्नुपर्ने ।

(११) सार्वजनिक खरिद सम्बन्धि तालिम, गोष्ठि, सेमिनार, अन्तरक्रिया जस्ता कार्यक्रमहरु बढी भन्दा बढी विस्तार गरी सार्वजनिक निकायहरुको खरिद क्षमता विकास गर्ने ।

(१२) सार्वजनिक निकायहरुबाट सम्पादन भै रहेका खरिद सम्बन्धि कार्यहरुको अनुगमन गर्नुपर्ने र यसको लागि प्रयाप्त साधन श्रोतको व्यवस्था हुनुपर्ने ।

(१३) निर्माण व्यवसायी एवं आपूर्तिकर्ताहरुमा व्यवसायिकताको विकास गर्नुपर्ने ।

(१४) खरिद सम्बन्धि सम्झौताको कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन हरेक सार्वजनिक निकायले उपयुक्त ठोस कदम चाल्नु पर्ने ।

(१५) सार्वजनिक खरिद विषयको विशेषज्ञ सेवाको रुपमा विकास गर्न आवश्यक प्रक्रिया अवलम्वन गर्ने ।

**बोलपत्रदातालाई विद्युतीय खरिद प्रणाली प्रयोग सम्बन्धमा सुझावहरु**

- बोलपत्र कागजात समयमै डाउनलोड गरेर राम्ररी अध्ययन गर्ने ।
- बोलपत्र पेश गर्नु केहि दिन अगाडि नै प्रणालीमा दर्ता गरी प्रोफाईल व्यवस्थापनको कार्य गर्ने ।
- बोलपत्रदाताहरुले एकल वा संयुक्त उपक्रम कसरी बोलपत्र पेश गर्ने हो समयमै यकिन गर्ने ।

- संयुक्त रुपमा बोलपत्र पेश गर्ने हो भने प्रणालीमा संयुक्त उफक्रमको नाम र संयुक्त उपक्रमको सहमतीपत्र राख्ने ।
- संयुक्त उपक्रमका बोलपत्रदाताहरुले प्रणालीबाट पठाइएको संयुक्त उपक्रमको अनुरोधलाई समयमै इमेल मार्फत सहमती जनाउने ।
- बोलपत्र प्रतिवेदन तयार गर्दा Supporting document हरु आवश्यक संख्यामा मात्रै हाल्ने ।
- प्रणालीबाट बोलपत्र पेश गर्नु अगाडि सम्बन्धित बैंकबाट बोलपत्र दस्तुर कागजात र बैंक ग्यारेन्टीको प्रतिलिपी अपलोड गर्ने ।
- प्रणालीमा कागजात अपलोड भैसकेपछि ती कागजातहरु डाउनलोड हुन्छ वा हुंदैन यकिन गर्ने ।
- बोलपत्र पेश गर्नु अगाडि बोलपत्र प्रतिवेदनको preview डाउनलोड गरेर हेर्ने र कुनै कागजात छुटेको भएपनि संशोधन गर्ने ।
- बोलपत्र प्रणालीबाट बोलपत्र पेश गर्न आवश्यक OTP (One Time Password) प्रयोगकर्ताको इमेल तथा मोवाईल मार्फत SMS मार्फत request गर्न सकिने (Mobile मा PPMO type गरेर 34001 मा SMS गर्ने ) ।
- बोलपत्र पेश गरिसकेपछि प्रणालीबाट submission receipt आउने व्यवस्था गरिएकोले त्यो हेर्ने ।
- एक पटक प्रणालीबाट बोलपत्र पेश गरिसकेपछि समय सीमा अगाडि जति पटक पनि संशोधन गरेर पुन पेश गर्न सकिने ।
- प्रणालीबाट बोलपत्र पेश गर्न समस्या आएमा सार्वजनिक खरिद अनुगमन कार्यालयको Help desk र सूचना प्रविधि शाखामा समयमै जानकारी गराई समाधान गराउन पर्ने । यसरी अनुरोध गर्दा पनि समाधान गर्न धेरै समय लाग्ने देखिएमा सम्बन्धित कार्यालयलाई तत्काल जानकारी गराई म्याद थपको लागि अुनरोध गर्न सक्ने । म्याद थपको सन्दर्भमा सम्बन्धित कार्यालयले PPMO मा सम्पर्क गरेर वास्तविक समस्या यकिन गरी म्याद थपको निर्णय गरेर अगाडि बढ्न उचित हुने ।
- बोलपत्रदाताहरुले बोलपत्र पेश गर्ने अन्तिम समयसम्म पनि बोलपत्रमा कुनै संशोधनहरु भए नभएको monitor गर्नुपर्ने ।
- सार्वजनिक निकायले बोलपत्र संशोधन गरेको खण्डमा बोलपत्रदाताले पनि आवश्यक भएको खण्डमा पुन बोलपत्र संशोधन गर्नुपर्ने ।
- बोलपत्रदाताहरुले प्रणालीबाटै Bid query गर्न सक्ने ।

- बोलपत्रदाताहरुले प्रणालीबाट आएका इमेलहरु ध्यानपुर्व हेर्नुपर्ने ।
- बोललपत्रदाताहरुले प्रोफाईलमा प्रविष्टी गर्ने Financial detail, contract details मा सही विवरण राख्नु पर्ने ।
- प्रोफाईलमा हालेको विवरण गलत भएमा प्रणालीबाट बन्ने फारमहरुमा गलत विवरण आउन सक्ने ।
- बोलपत्रदाताहरुले प्रोफाईलमा राखेका personnel हरुको इमेल आइडी र मोवाईल नम्बर सकेसम्म Unique राख्ने ।
- प्रयोगकर्ताको युजर नेम र पासवर्ड गोप्य राख्ने ।
- बोलपत्रदाता, आपूर्तिकर्ता, व्यक्ति, संघ संस्था एवं कम्पनी तथा निर्माण व्यवसायीहरुले बोलपत्रको अन्तिम समयमा झण्डै ३० औं दिनको १०/११ बजे मात्रै विड हाल्ने प्रवृत्तिले विद्युतीय खरिद प्रणाली (e-GP System) मा लोड हुने गरेको र यसरी महिनौ दिन सम्म पनि विड निवेदन नदिने र अन्तिम समयमा आएर मात्र प्राय सबै विडरले विड निवेदन हाल्ने गर्दा e-GP System मा वढी लोड भई कहिलेकाही प्राविधिक समस्या आउने गरेकोले सबै बोलपत्रदाताहरुले प्रर्याप्त समय छदै समयमै (अन्तिम नपर्खिकन) विड निवेदन दिनु उपयुक्त हुने ।

**सार्वजनिक निकायहरुलाई विद्युतीय खरिद प्रणाली प्रयोग सम्वन्धमा सुझाबहरु**

- सार्वजनिक निकायहरुले समयमै वार्षिक खरिद योजना प्रणालीमा प्रविष्टी गरेर सर्वसाधारण र बोलपत्रदाताहरुलाई जानकारी गराउने ।
- वर्षिक खरिद योजना तयार गर्दा बोलपत्र आव्हान प्रक्रिया, सम्झौता प्रक्रिया तथा बोलपत्र कागजात तयार गर्ने र बोलपत्र सूचना निकाल्ने आदि विवरण प्रणालीमा राख्नु पर्ने ।
- बोलपत्र कागजात बनाउँदा प्रणालीबाटै डकुमेन्ट बनाउने वा पहिले नै बनाइएको डकुमेन्टको PDF प्रणालीमा अपलोड गर्न सक्ने ।
- प्रणालीमा बोलपत्रको नमुना कागजात revised नभएको अवस्थामा Uploadable Template प्रयोग गरी बोलपत्र आव्हान गर्नुपर्ने ।
- प्रणालीबाट बन्ने बोलपत्र अध्ययन गरेर मात्रै प्रकाशित गर्ने ।
- बोलपत्र संशोधन गर्दा बोलपत्रदाताहरुलाई पर्याप्त समय प्रदान गर्ने ।

- प्रणालीमा समस्याआई बोलपत्रदाताहरुले म्याद थप गर्न अनुरोध गरेको खण्डमा प्रणाली संचालक, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट वास्तविकता यकिन गरेर प्रतिस्पर्धा बढाउन म्याद थपको निर्णय कार्यालय आफैले लिन सक्ने ।
- बोलपत्र खोल्ने समयमा बोलपत्र खोल्ने समितिका सवैको उपस्थितिमा मात्रै बोलपत्र खोल्ने र सोहीदिन मुचुल्का तयार गर्ने । बोलपत्र कागजात डाउनलोड गर्न समय लाग्ने देखिएमा डकुमेन्टको लिंक copy गरी अन्य कम्प्युटरहरुबाट लगईन गरेर पनि एकै पटकमा डाउनलोड गर्न सक्ने ।
- प्रणालीबाट बोलपत्र मूल्याङ्कन गर्दा Clearification सोध्नु पर्ने अवस्थामा प्रणालीबाटै वा manual process बाट सोध्न सकिने ।
- बोलपत्र प्रतिवेदनमा समावेश भएका कागजातहरुको सूचीमा समावेश भएको बोलपत्रको लिंकहरुबाट डाउनलोड गरेर मूल्याङ्कनमा समावेश गर्ने । प्रयोगकर्ताको युजर नेम र पासवर्ड गोप्य राख्ने ।

**(ख) भावी कार्यदिशा**

सार्बजनिक खरिदलाई अझ ब्यबस्थित, पारदर्शी, बस्तुनिष्ठ, बिश्वसनिय, जवाफदेही, प्रतिस्पर्धात्मक बनाउन तपसिल बमोजिम भावी कार्यदिशा लिइने छ,

- सार्बजनिक खरिद ऐन तथा नियमावाली को समसामयिक परिमार्जनको लागि नेपाल सरकार समक्ष सिफारिस गरीने ।
- सार्बजनिक निकायहरुबाट आत्यधिक मात्रामा राय माग हुने गरेकोले खरिद प्रक्रियामा हुने ढिलाईलाई व्यवस्थित गर्न, यस कार्यालयबाट दिईएका रायहरुको विश्लेषण गरी, बारम्बार सोधिने प्रश्नहरु (Frequently Asked Questions) को सेक्शन, https://ppmo.gov.np मा थप गरीने ।
- Design and Build (NCB/ICB), Engineering-Procurement-Construction (EPC/Turnkey) (NCB/ICB), Framework Agreement- Goods and related services (NCB) , Non-Consulting (Other) Services (NCB/ICB), Catalog Shopping लगायतका ४० किसिमका थप Standard Bidding Documents जारी गर्न आवश्यक तयारी गरिने ।
- गुनासो ब्यबस्थापन गर्न, निर्देशिका बनाई Online Grievance Redressal Mechanism (GRM) System लागु गर्न आवश्यक कार्य गरिने ।

- सार्बजनिक खरिदको प्रभाबकारिता मापन गर्न Procurement Audit को थालनी गरीने ।
- सार्बजनिक खरिदको Online Training Portal तयार गरी सार्बजनिक खरिदको क्षेत्रमा जनशक्ति विकास गरिने ।
- सार्बजनिक खरिद बिज्ञ तथा Trainer को Accreditation कार्यको निर्देशिका बनाई लागु गरिने ।
- नेपालका बिभिन्न विश्वविद्यालयको स्नातकोत्तर तहको पाठ्यक्रममा सार्बजनिक खरिदको कोर्स समाबेस गर्न सिफारिस गरिने ।
- संघ, प्रदेश, तथा स्थानीय तहमा सार्बजनिक खरिद बिज्ञ को Resource Pool तयार गर्न आवश्यक कार्य गरिने ।
- ठेक्का ब्यबस्थापनको लागि बर्तमान e-GP System मा आबश्यक सुधार/परिमार्जन र सरलिकरण गरी अनिवार्य गरिने ।

**४.४ निष्कर्ष :**


सार्वजनिक खरिदको विषय नेपालमा अझै पनि नौलो अभ्यास पो हो कि ? भन्ने भ्रम परी रहेको छ । यद्यपी सार्वजनिक खरिद ऐन, २०६३ लागू भई यो क्षेत्रलाई व्यवस्थित, सुदृढ, पारदर्शी, जवाफदेही एवं अन्तर्राष्ट्रिय मापदण्ड अनुकुल बनाउने प्रयास भएको पनि करिब १३ वर्ष पूरा हुन लागि सकेको छ । खरिद कानुनलाई विकासको वाधकको रुपमा विभिन्न सरोकार राख्ने पक्षले यत्रतत्र टिका टिप्पणी पनि गर्ने गरेको समय समयमा सुनिन्छ । ऐन, नियम, विधि, पद्धति बुझेर पालना गर्ने भन्दा पनि त्यसलाई अस्वीकार गर्ने, मिच्ने पद्धति बढीरहेको हुँदा ऐनको उद्देश्य हासिल गर्न कठिनाई भै रहेको छ । अन्य कानुन भन्दा खरिद कानुन प्रशासनिक आँखाले हेर्दा प्राविधिक कानुन चाहीं पक्कै हो । तर यो विषय अत्यन्त जटिल भन्ने होईन । यो विषयको व्यवस्थित ज्ञान सीप हाँसिल गरेका प्राविधिक र अन्य जनशक्तिको विकास गरेर सही ढंगमा सार्वजनिक खरिदको कार्य सन्तोषजनक रुपमा सम्पादन गर्न सकिन्छ । सार्वजनिक खरिद व्यवस्थापनको क्षेत्रमा समस्या र चुनौतिहरु छन् । ऐन नियमको संशोधन निरन्तर चलीरहने प्रक्रिया हो । सम्बन्धित खरिद विषयका विज्ञहरुको समेत परामर्शमा ऐन नियम, निर्देशिका, नमूना बोलपत्र कागजातमा समसामयिक सुधार गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको संस्थागत क्षमता समेत विकास गर्दै, तालिम, गोष्ठि, अन्तरक्रिया कार्यक्रमलाई व्यापक बनाई विभिन्न तहका सरकारमा काम गर्ने जनशक्तिको सीप विकास गरी विधि र पद्धति पालना गरेर मात्र सार्वजनिक खरिद व्यवस्थापनको कार्य अघि बढाउनुको विकल्प छैन । नियमावलीको छैठौं, सातौं र आठौं संशोधनले केही पक्षको सुधारको प्रयास गरेको छ । तथापि

अझै सुधार गर्नु पर्ने बिषयहरु पनि छन् । आगामी दिनमा समयानुकुल कानुनी सुधार गरी तद्नुकुल निर्देशिका, Standard Bidding Document जारी गरेर e-GP System मा पनि सुधार गर्दै सार्वजनिक खरिद अनुगमन कार्यालयले सुधारको थालनीको अगुवाई गर्ने छ । यसको लागि खरिद सम्बन्धी ज्ञान, क्षमताको विकासमा पनि श्रोत साधन लगानी गर्नु पर्ने देखिएको छ । चरणबद्धरुपमा सुधारका प्रयास गर्दै जाँदा पक्कै पनि नेपालको सार्वजनिक खरिद व्यवस्थापन सार्वजनिक खरिद ऐनले लिएको उद्देश्य अनुरुप पारदर्शी, खुल्ला, जवाफदेही, प्रतिस्पर्धी, विश्वसनिय, वस्तुनिष्ठ भई भरपर्दो संयन्त्रको रुपमा विकास गर्न सकिने कुरामा विश्वास गर्न सकिन्छ ।

# अनुसूचीहरु

अनुसूची १

# सार्वजनिक खरिद अनुगमन कार्यालयको संगठन संरचना



## कार्यालयको दरबन्दी तेरिज

| सि.नं. | पदको नाम | श्रेणी/तह | सेवा/समुह/उपसमुह | दरबन्दी संख्या |
|---|---|---|---|---|
| १. | सचिव | रा.प. विशिष्ट | | १ |
| २. | सह-सचिव | रा.प.प्रथम | नेपाल प्रशासन/सा.प्र. | १ |
| ३. | सह-सचिव | रा.प.प्रथम | नेपाल इन्जिनियरिङ्ग/सिभिल इन्जि. | १ |
| ४. | निर्देशक | रा.प.द्धि. | नेपाल प्रशासन/सा.प्र. | ४ |
| ५. | निर्देशक | रा.प.द्धि. | नेपाल प्रशासन/लेखा | २ |
| ६. | निर्देशक | रा.प.द्धि. | नेपाल न्याय/कानुन | १ |
| ७. | निर्देशक | रा.प.द्धि. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे | १ |
| ८. | निर्देशक | रा.प.द्धि. | नेपाल विविध | १ |
| ९. | शाखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन/सा.प्र. | ६ |
| १०. | लेखा अधिकृत | रा.प.तृ. | नेपाल प्रशासन/लेखा | १ |
| ११. | कानुन अधिकृत | रा.प.तृ. | नेपाल न्याय/कानुन | १ |
| १२. | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/हाइवे | २ |
| १३. | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/वि.आ. | १ |
| १४. | ईन्जिनियर | रा.प.तृ. | नेपाल इन्जिनियरिङ्ग/सिभिल/ इरिगेशन | १ |
| १५. | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | नेपाल विविध | ३ |
| १६. | कम्प्यूटर अधिकृत | रा.प.तृ. | नेपाल विविध | १ |
| १७. | नायब सुब्बा | रा.प.अनं. प्र. | नेपाल प्रशासन/सा.प्र. | ४ |
| १८. | लेखापाल | रा.प.अनं. प्र. | नेपाल प्रशासन/लेखा | १ |
| १९. | कम्प्युटर अपरेटर | रा.प.अनं. प्र. | नेपाल विविध | ३ |
| २०. | हलुका सवारी चालक | श्रेणी विहिन | | ६ |
| २१. | कार्यालय सहयोगी | श्रेणी विहिन | | ६ |
| **जम्मा** | | | | **४८** |

अनुसूची २

# सार्वजनिक खरिद अनुगमन कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण

| महाशाखा | शाखा | कर्मचारीको नाम | पद | फोन नं. | |
|---|---|---|---|---|---|
| | | | | कार्यालय | मोवाईल |
| सचिवज्यूको कार्यकक्ष | | श्री बेगेन्द्रराज शर्मा पौड्याल | सचिव | ४२८५४४२ | |
| | | श्री रेकम जि.सी. | कम्प्युटर अपरेटर | ४२८५४४२ | ९८४१८०९३५६ |
| प्रशासन, योजना तथा सूचना प्रविधि शाखा | | श्री यज्ञराज कोइराला | सह-सचिव | ४०३०५१५ | ९८५११४२७७७ |
| | कर्मचारी प्रशासन शाखा | श्री श्रीधर पन्थी | निर्देशक | ४०३०५४६ | ९८५१२१८६२३ |
| | | श्री कैलाश बहादुर ठकुराठी | शाखा अधिकृत | ४०३०६०९ | ९८५१०७८६६९ |
| | | श्री सावित्रा भट्ट दुवाडी | नायव सुब्बा | | ९८४३२६३३७५ |
| | | श्री नेत्र प्रसाद अधिकारी | नायव सुब्बा | | ९८५१२३५६५२ |
| | | श्री किशोर अर्याल | कम्प्युटर अपरेटर | | ९८४९९३१९३६ |
| | जनशक्ति विकास शाखा | श्री निर्मला थापा | निर्देशक | Ext. २१७ | ९८४९१६४६२३ |
| | | श्री सन्तोष कुमार भट्ट | शाखा अधिकृत | Ext. २२७ | ९८४८७२६४४५ |
| | कानुन शाखा | श्री राजेश थापा | निर्देशक | Ext. २०३ | ९८४१३६०२०८ |
| | | श्री मिरा मैनाली पौडेल | कम्प्युटर अपरेटर | | ९८४६०३१५५० |
| | योजना तथा सूचना व्यवस्थापन शाखा | श्री रेखा कंडेल | निर्देशक | | ९८४११७२४१३ |
| | | श्री सुनिता शर्मा | शाखा अधिकृत | | ९८४११७९०१४ |
| | सूचना प्रविधि शाखा | रिक्त | निर्देशक | Ext. २१४ | ९८४१३८७७९९ |
| | | श्री सुर्यवती खनाल | शाखा अधिकृत | Ext. २०२ | ९८४१८७२९१९ |
| | | श्री राज कुमार मर्हजन | कम्प्युटर ईन्जिनियर | Ext. २१५ | ९८२३१८४८८७ |
| | | श्री अमोद उलक | कम्प्युटर ईन्जिनियर | Ext. २०१ | ९८४३१०४०५६ |
| | | श्री मधुसुदन पुडासैनी | कम्प्युटर अधिकृत | Ext. २०२ | ९८६११११५३३ |
| | | श्री सिकेन्द्र कुमार झा | आई.टि. कन्सल्टेन्ट | Ext. २०१ | ९८४९५४४०८८ |
| | आर्थिक प्रशासन शाखा | श्री दिनेश लम्साल | लेखा अधिकृत | Ext. २१२ | ९८५८०२३८४७ |
| | | श्री निर्मला ज्ञवाली | लेखापाल | Ext. २२१ | ९८४१७९२८४० |
| खरिद अनुगमन महाशाखा | | रिक्त | सहसचिव | ४०३०५७३ | |
| | सा.निर्माण तथा परामर्श सेवा ख. अनुगमन शाखा | ई. श्री प्रभात कुमार झा | निर्देशक | Ext. २११ | ९८४१३६०२४४ |
| | | श्री सुभाष कुमार दत्त | इन्जिनियर | Ext. २०४ | ९८५११८४८०९ |

| महाशाखा | शाखा | कर्मचारीको नाम | पद | फोन नं. | |
|---|---|---|---|---|---|
| | | | | कार्यालय | मोवाईल |
| खरिद अनुगमन महाशाखा | मालसामान खरिद अनुगमन शाखा | श्री केशव प्रसाद प्रसाँई | निर्देशक | ४०३०६४९ | ९८४३२३८६९४ |
| | | श्री तारा ज्ञवाली | शाखा अधिकृत | Ext. २२५ | ९८४९१५८२०० |
| | स्थानीयस्तर ख.अ. तथा गुनासो व्यवस्थापन शाखा | श्री रोमाकान्त काफ्ले | निर्देशक | Ext. २१० | ९८५१०१२७४८ |
| | | श्री ढाल बहादुर जि.सी. | शाखा अधिकृत | Ext. २०४ | ९८४१५८३३०० |
| | अनुसन्धान तथा विकास शाखा | श्री अच्यूत राज रेग्मी | निर्देशक | Ext. २३० | ९८४१३६७८६६ |
| | | श्री सन्तोष कुमार भट्ट | शाखा अधिकृत | Ext. २२७ | ९८४८७२६४४५ |
| विद्युतीय खरिद प्रणाली सहयोग कक्ष (e-GP Help Desk) | | | | ४२८२९६३ | |
| | | श्री नरेन्द्र शाह | ह.स.चा. | | ९८४१३५३४१५ |
| | | श्री दिनेशमान प्रधान | ह.स.चा. | | ९८४१७२८५४७ |
| | | श्री कुमार वरुवाल | ह.स.चा. | | ९८४१०१६१८७ |
| | | श्री गोपाल श्रेष्ठ | ह.स.चा. | | ९८६११०१८७५ |
| | | श्री रमेश लामिछाने | ह.स.चा. | | ९८५१२१३५११ |
| | | श्री चन्दनभगत थारु | का.स. | | ९८०७०६५९३८ |
| | | श्री शोभा कार्की | का.स. | | ९८०३२९६२३७ |
| | | श्री रुद्र प्रसाद पौडेल | का.स. | | ९८४९५९४७१५ |
| | | श्री राज कुमार श्रेष्ठ | का.स. | | ९८६०१३२८१७ |

# सार्वजनिक खरिद अनुगमन सम्वन्धी विवरण

## १. लुम्विनी विकास कोष, रुपन्देही :

### (क) पृष्ठभूमिः

यस कार्यालयको निर्णय अनुसार लुम्बिनी विकास कोष लुम्बिनी, रुपदेहीमा स्थलगत रुपमा गएर खरिदको अनुगमन गरिएको अनुगमनको सिलसिलामा कामु सदयसचिव श्री सरोज भट्टराई लेखा अधिकृत भीम बहादुर बस्नेत तथा सम्बन्धित पदाधिकारीहरु संग आवश्यक जानकारी माग गरी तथा खरिद संग सम्बन्धित कागजपत्र अध्ययन गरिएको । अनुगमनको क्रममा उक्त निकायको समग्र खरिद प्रकृयाका विषयमा र आ.ब. २०७३/७४ र आ.ब. २०७४/७५ मा भएका केहि बोलपत्रहरुको बोलपत्र प्रकृया, बोलपत्र सम्बन्धी कागजात तथा खरिद सम्झौताको अध्ययन गरियो । अनुगमन पश्चात सदस्य सचिव लगायतका कमचारीहरुको उपस्थितिमा खरिद प्रकृयामा रहेका कमि कमजोरीहरुको बारेमा छलफल गरियो । अनुगमनको क्रममा संकलन गरिएका कागज र प्रमाणहरु अनुसूचीमा राखिएको छ ।

### (ख) समग्र खरिद प्रकृयाको अवस्थाः

उक्त कार्यालयको समग्र खरिद प्रकृयाको बारेमा सम्बन्धित पदाधिकारीको छलफल तथा कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाईः

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा  छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरि खरिद अधिकारी तोक्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । तर अनुगमनको सिलसिलामा हेर्दा खरिद सम्बन्धि काम गर्ने अधिकारी तोकिएको देखिएन भने अलग्गै महाशाखा, शाखा वा इकाईको स्थापना गरेको समेत देखिएन । यसले ऐनको दफा ७ बमोजिम गर्नु पर्ने खरिद सम्बन्धि कामकारवाही प्रभावकारी नहुने देखियो । खरिद इकाईमा रहने कुनै पनि पदाधिकारीहरुले कुनै किसिमको खरिदको तालिम लिएको पाईएन । खरिद सम्बन्धी सम्पुर्ण कागजपत्रहरु आर्थिक प्रशासन शाखा तथा जिन्सी शाखाको स्वामित्वमा राखिएको देखिन्छ ।

### (२) सूची दर्ताः

सूची दर्ताको लागि सूचना प्रकाशन गरिएको र सूची दर्ता गर्दा बर्गिकरण गरेर दर्ता गर्ने गरिएको । साथै सोझै खरिद गर्दा त्यस्तो सूचीबाट गर्ने गरिएको भए पनि सूची दर्ता भएका फर्मको संख्या अत्यन्त न्यून रहेको देखिन्छ ।

### (३) खरिद योजनाः

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ। बार्षिक खरिद योजना तयार गरिएको तर खरिदको गुरुयोजना तयार गरेको पाईएन । खरिद योजना तयार गरिएता पनि त्यसको परिपालनाको अवस्था कमजोर रहेको ।

### (४) बोलपत्र सम्बन्धी कागजातः

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३)(ख) मा ***"सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने"*** भन्ने प्रवधान रहेकोमा बोलपत्र आव्हान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आव्हान हुने गरेको । बोलपत्र सम्बन्धी कागजात तयार गर्दा विभिन्न फिल्डहरु खालि रहने, नमुना बोलपत्र सम्बन्धी कागजातकका प्रावधानको प्रतिकुल हुनेगरी बोलपत्र सम्बन्धी कागजात तयार गरिएको लगायतका कमजोरीहरु रहेको देखिन्छ । बोलपत्र आव्हान पूर्व बोलपत्र सम्बन्धी कागजात तयार गरी अधिकारप्राप्त अधिकारिबाट स्वीकृत गराई राख्नुपर्नेमा त्यसरी कागजपत्र स्वीकृत गर्ने गरिएको पाईएन। बोलपत्र सम्बन्धी कागजात तयार गरी छपाई खरिद विक्रि बितरण गर्ने गरिएको पाईयो ।

### (५) खरिद विधिको छनौट :

आ.ब. २०७४/७५ मा आव्हान भएको बोलपत्रहरु मध्ये Construction of International Buddhist Conference and Meditation Hall, Procurement of Enhancement of Distribution Network र Procurement of Transmission Backbone and IT Infrastructure को बोलपत्र आव्हान गर्दा अन्तर्राष्ट्रिय स्तरको खुला बोलपत्र आव्हान गरेको देखिन्छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ मा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गर्नुपर्ने अवस्था उल्लेख भएकोमा उक्त बोलपत्रमा उल्लेखित व्यवस्था लागु हुने अवस्था

देखिएन साथै बोलपत्र आव्हान गर्दा किन अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरिएको भन्ने उल्लेख भएको देखिएन । उक्त तीनै वटा बोलपत्रमा नेपाली बोलपत्रलाताहरु मात्र सहभागि भएका र सबैमा नेपाली बोलपत्रदाता संग खरिद सम्झौता गरेको देखिन्छ जसले अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गर्न आवश्यक थिएन भन्ने समेत देखाउछ । सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को व्यवस्थाको परिपालना भएको देखिएन ।

**(६) बोलपत्र खोल्ने समितिः**

कोषबाट आव्हान भएका बोलपत्रहरु कोषका पदाधिकारीहरुको संलग्नतामा खोल्ने गरिएको भएता पनि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ बमोजिम खरिद अधिकारीको संयोजकत्वमा बोलपत्र खोल्न समिति गठन गर्नु पर्ने कानुनी व्यवस्था रहेको । बोलपत्र खोल्दा अलग्गै समिति गठन गरी बोलपत्र खोल्ने गरिएमा सो प्रकृया अझ बढी प्रभावकारी हुने विश्लेषण खरिद ऐन र नियमावलीले गरेको हुनाले बोलपत्र खोल्दा केहि समस्या आइपरे जिम्मेवारी र जवाफदेहिता कसको रहने भन्ने भन्नेमा अन्योल रहने अवस्था देखिन्छ ।

**(७) बोलपत्रको विशेष मूल्याङ्कन :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मूल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । कोषबाट निर्माण सम्बन्धि कार्यको लागी आव्हान भएका बोलपत्रहरुमा बिशेष मूल्यांकन गरेको देखिएन । यसबाट कोषबाट भएका खरि Front Loading, Seriously Unbalance आदि भए नभएको जानकारी हुन सकेन । निर्माण कार्यको बिशेष मूल्याङ्कन नहुँदा बोलपत्र मूल्याङ्कन अपुरो रहेको र बिशेष मूल्याङ्कन नगरि खरिद सम्झौता हुँदा सम्झौता कार्यान्यनको सिलसिलामा विभिन्न समस्या र जोखिमहरु आउन सक्ने सम्भावना रहने दखिन्छ ।

**(८) कालो सूची :**

बोलपत्र मुल्याङ्कनको क्रममा कालो सूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाईट हेर्ने नगरिएको छलफलको क्रममा जानकारी प्राप्त भयो ।

**(९) बिद्युतीय खरिद :**

सार्वजनिक खरिद प्रकृयामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रकृयामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरि प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४

जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना, संचालन र व्यवस्थापन गरेको छ । सार्वजनिक निकायहरुले अनलाइन विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी खरिद गर्नु पर्दा उक्त प्रणाली प्रयोग गर्नुपर्दछ । कोषले हाल सम्म पनि आफनै पोर्टल सञ्चालन गरेको पाइएकोले तत्काल आपलनो पोर्टल बन्द गरि सार्वजनिक खरिद अनुगमन कार्यालयले सञ्चालमा ल्याएको पोर्टलमा आवद्ध हुनु पर्ने देखिन्छ । सार्वजनिक निकायले आवश्यक ठानेमा जतिसुकै रकमको खरिद कार्य यो प्रणाली मात्र प्रयोग गरेर गर्न सक्ने व्यवस्था छ । निर्देशिकामा उल्लेख भए अनुसार साठी लाख रुपैयाँ भन्दा बढी रकमको निर्माण कार्य खरिद गर्दा बिद्युतीय खरिद प्रणालीको समेत गर्नुपर्दछ । तर दुई करोड रुपैयाँ भन्दा बढी रकमको निर्माण कार्य तथा साठी लाख रुपैयाँ भन्दा बढीको मालसामान खरिद गर्दा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नुपर्दछ । साथै बीस लाख रुपैयाँ वा सो भन्दा बढीको परामर्श सेवा खरिद गर्दा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नु पर्ने व्यवस्था छ । तर हाल सम्म पनि कोषले सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रयोगमा ल्याएको बिद्युतीय खरिद प्रणालीमा आवद्ध भएको देखिएन । साथै आफनै विद्युतीय पोर्टलबाट अनलाइन बिडिङ्ग गर्ने गरेको जानकारी प्राप्त भयो भने हार्डकपी भए पनि बुभ्ने गरेको पाइयो ।

**(१०) आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८ :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७५ (२) अनुसार प्रचलित कानुनमा जुनसुकै कुरा उल्लेख भएको भए तापनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड ख (२) बमोजिम कासार्वजनिक निकायहरुले खरिद सम्बन्धि कानुनी व्यवस्था यस ऐन अनुकुल भएको नदेखिएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले यो ऐन अनुकल हुने गरि संसोधन गर्न सम्बन्धित सार्वजनिक निकायलाई निकायलाई लेखि पठाउनु पर्नेछ भन्ने व्यवस्था रहेका छ । लुम्बिनी विकास कोषले हालसम्म लुम्बिनी विकास कोष आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८ अनुसार काम गरेको देखियो । उक्त विनियमावलीमा भएका खरिद सम्बन्धि कानुनी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ मा भएका व्यवस्था अनुकुल भएको नदेखिएकोले तत्काल कोषको  विनियमावली संसोधन गर्नुपर्ने देखिन्छ ।

**(११) खरिद सम्झौताः**

सम्झौता सार्वजनिक खरिदको महत्वपूर्ण पक्ष हो । सम्झौतामा उल्लेख भएका बिषयहरुका आधारमा नै दुबै पक्षहरुले आफनो जिम्मेवारी पूरा गर्नु पर्ने हुन्छ । यस आधारमा खरिद सम्झौतामा रहने सबै बिषयहहरु पूर्ण हुनु जरुरी हुन्छ । तथापी कोष र निर्माण व्यवसायी बीच

भएका सम्झौता हेर्दा त्यसो हुन सकेको देखिदैन । सम्झौता गर्दा राख्नु पर्ने सबै डकुमेन्टहरु समावेश गरेको पाइदैन ।

### (१२) जनशक्तिको क्षमता विकासः

खरिद संग सम्बन्धित कामकारवाहीहरुमा गुणात्मकता हासिल गर्न जनशक्तिलाई उचित तालिम लगायतका अवसरहरु उपलब्ध हुनु जरुरी हुन्छ । दक्ष जनशक्तिबाट नै संगठनले अपेक्षित नतिजा हासिल गर्न सक्दछ । खरिदको सम्बन्धी काम गर्ने कर्मचारीहरुको लागी उचित तालिम लगायत यस संग सम्बन्धित बिभिन्न गतिविधिहरुमा संलग्न हुने अवसर नभएको पाइयो । खरिदसंग सम्बन्धित बिभिन्न तालिमहरुको अभावमा खरिद योजना बनाउने देखि कार्यान्वयन सम्मका सबै जसो चरणमा धेरै कमजोरीहरु देखिएका छन । खास गरि बिडिङ्ग डकुमेन्ट जस्तो महत्वपूर्ण कागजातमा समेत अत्यधिक रुपमा समस्या रहेको पाइयो ।

### (१३) खरिद कारवाहीको डकुमेन्ट व्यवस्थापनः

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरि राख्नु पर्नेछ भन्ने व्यवस्था छ । उक्त फाइलमा अन्य कागजातहरुका अतिरिक्त देहायका कागजातहरु राख्नुपर्नेछ  भन्ने व्यवस्था छ । यस्ता अभिलेख खरिद कारबाही टुंगो लागेको कम्तीमा सात वर्षसम्म सुरक्षित राख्नु पर्नेछ व्यवस्था रहेको छ । कोषमा अनुगमनको क्रममा फाइलहरु हेर्दा व्यवस्थित रुपमा खरिदसंग सम्बन्धित कागजातहरु राखेको देखिएन । खरिद संग सम्बनिधत कागजातहरु अत्यन्तै महत्वपूर्ण र संवेदनशील हुने भएकोको यस्ता कागजातहरु व्यवस्थित रुपमा राख्नु पर्ने भनी सार्वजनिक खरिद नियमावलीले स्पस्ट गरेको देखिन्छ तर कागजातहरु खरिद इकाईमा व्यवस्थित किसिमबाट राखेको देखिएन ।

(क) सम्झौता फाइलको पञ्जिका,

(ख) बोलपत्र वा पूर्व योग्यताको लागि गरिएको आह्वानको सूचना,

(ग) बोलपत्र, पूर्व योग्यता वा प्रस्ताव आह्वान सम्बन्धी कागजातहरु,

(घ) बोलपत्र सम्बन्धी कागजात, पूर्व योग्यता सम्बन्धी कागजात वा प्रस्ताव सम्बन्धी कागजात सम्बन्धमा बोलपत्रदाताले स्पष्टीकरणको लागि गरेको अनुरोध र सो सम्बन्धमा सार्वजनिक निकायले सबै सहभागी बोलपत्रदाता वा प्रस्तावदाताहरुलाई पठाएको जवाफ,

(ङ) बोलपत्रदाता वा परामर्शदातासँग गरिएको बोलपत्र पेश गर्नु पूर्वको बैठकको माइन्यूट र सार्वजनिक निकायले सो माइन्यूटको प्रतिलिपि सबै सहभागी बोलपत्रदाता वा प्रस्तावदाताहरुलाई पठाएको प्रमाण,

(च) बोलपत्र खोल्दाको माइन्यूट,

(छ) बोलपत्रको मूल प्रति,

(ज) बोलपत्र मूल्याङ्कन समितिले बोलपत्र मूल्याङ्कनको सिलसिलामा बोलपत्रदाता वा प्रस्तावदातालाई सोधेको प्रश्न र सम्बन्धित बोलपत्रदाता वा प्रस्तावदाताबाट सार्वजनिक निकायलाई पठाएको जवाफ,

(झ) पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता मूल्याङ्कनको प्रतिवेदन,

(ञ) पूर्वयोग्य बोलपत्रदाताको सूची,

(ट) वार्ता गरिएको भए सोको माइन्यूट,

(ठ) सफल बोलपत्रदातालाई पठाइएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि,

(ड) असफल बोलपत्रदाताहरुलाई पठाइएको सूचनाको प्रतिलिपि,

(ढ) खरिद सम्बन्धमा प्रकाशित सबै सूचना,

(ण) सार्वजनिक निकायका प्रमुख समक्ष र पुनरावलोकन समिति समक्ष दिएको निवेदन र सोका सम्बन्धमा सम्बन्धित सार्वजनिक निकायले पेश गरेको राय प्रतिक्रिया, जानकारी तथा सो सम्बन्धमा भएको निर्णय,

(त) खरिद सम्झौता,

(थ) प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन जस्ता खरिद सम्झौताको कार्यान्वयनसँग सम्बन्धित कागजात,

(द) खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात,

(ध) मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतका कागजात,

(न) निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग भएका सम्पूर्ण पत्राचार,

(प) सब-कन्ट्र्याक्टरको अनुरोध र सो सम्बन्धमा सार्वजनिक निकायले दिएको जवाफ,

(फ) मूल्याङ्कन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात, र

(ब) खरिद सम्झौता सम्बन्धी विवाद समाधान गर्न भएको कारबाहीसँग सम्बन्धित कागजात ।

## (ग) बार्षिक खरिदको विवरण :

उक्त कोषको आर्थिक बर्ष २०७३/७४ र २०७४/७५ मा बोलपत्र आव्हान गरी भएको खरिदको विवरण निम्नानुसार रहेको छ ।

### आ.व. २०७३/७४

| क्र. सं. | ठे.नं. | कामको विवरण | आपुर्तिकर्ता कम्पनीको नाम | लागत अनुमन (भ्याट बाहेक) | सम्झौता रकम | सम्झौता रकम लागत अनुमान भन्दा घटी (-) वा बढी (+) प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| १ | 1/ 073/ 74 | Procurement of underground Water Reservior, overhead tank and Water supply | शर्मा /दिया जे.भी. | २५,२७,५०,०२९.६३ | १७,७३,०३,०२२।१२ | -२९.८५ |
| २ | 2/ 073/ 74 | Construction of Blacktop road in Shanti stupa and Monastic Zone | बाबुल निर्माण सेवा | ३,५१,२७,१२९.३० | २,६३,५६,७००।०० | -२४.९६ |
| ३ | 3/ 073/ 74 | Construction of Building in Bhawanipur, Devdaha | हिमदुंग एण्ड थोकर कन्स्ट्रक्सन प्रा.लि | ४,४७,९७३,८४.७९ | ४,०९,७९,४१८.४० | -१९.०४ |
| ४ | 4/ 073/ 74 | Construction of Symbolic Pavalion | लुम्बिनी सांस्कृतिक एसोसियट्स प्रा.लि. | १,५३,२०,५७८.६० | १,३०,१२,६४०।०१ | -१५.०६ |
| ५ | 5/ 073/ 74 | Works in Kudan and Niglihwa | के.सी. निर्माण सेवा | १,५०,०४,१४६.९५ | १,१२,६२,६९५.१४ | -२४.९३ |
| ६ | 6/ 073/ 74 | Construction of Peace Garden | प्रिन्स निर्माण सेवा | ७८,४९,९९१.८६ | ७८,४०,५००.०० | -०.१२ |
| ७ | 8/ 073/ 74 | Cocstruction of foot path and road decoration | पिस बिल्डर्स एण्ड कन्स्ट्रक्सन | ९८,५९,८१०.१३ | ७६,२०,९३०.०० | -२२.७० |
| ८ | 10/ 073/ 74 | Cocstruction of Fencing wall | प्रिन्स निर्माण सेवा | १,०९,८३,३८१.१२ | १,०९,७१,८१८.१२ | -०.१० |
| ९ | 14/ 073/ 74 | Land scape work in central canel | आशिष / सि.एम. जे.भि. | ४,५६,२८,८९१.७४ | ४,५१,१६,३९३.७२ | -१.१२ |
| १० | 15/ 073/ 74 | Solar light works in Masterplan area | वेभ टप्सन जे.भि. | २,९३,२५,०००.०० | १,९८,३७,५००।०० | -३२.३५ |
| ११ | 12/ 073/ 74 | Security Uniform | | ८,३६,६९२.८० | ८,३६,५००.०० | -०.०२३ |
| १२ | 16/ 073/ 74 | Cleaning works one year contact | | ३६,८४,०००.०० | २२,८३,७५०.०० | -३८ |

### आ.व. २०७४/७५

| क्र. सं. | ठे.नं. | कामको विवरण | आपुर्तिकर्ता कम्पनीको नाम | लागत अनुमन (भ्याट बाहेक) | सम्झौता रकम | सम्झौता रकम लागत अनुमान भन्दा घटी (-) वा बढी (+) प्रतिशतमा |
|---|---|---|---|---|---|---|
| १ | १/०७४/७५ | Construction of Track Opening and Road work in South of Lumbini Master Plan | श्री काष्ठमण्डप / ट्रष्टी/ चण्डी जे.भी. मर्यादपुर- २, रुपन्देही | ३२,१२६,३३०.६३ | २१,८२४,३९९.४० | -३२.०६६९ |
| २ | २/०७४/७५ | Construction of Iron Grill and Toffenglass work at | चण्डी निर्माण सेवा, मर्यादपुर- २, | ४,७६०,७२३.२७ | ४,२३८,६४१.३७ | -१०.९६६४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | Administrative Block | रुपन्देही | | | |
| ३ | ३/०७४/७५ | Construction of International Buddhist Conference & Meditation Hall | ANK/Arghakhanchi/Babul J/V, Siddharthanagar - 9, Rupandehi | ३८५,६६३,८००.०० | २८१,३५२,५३३.६९ | -२७.०४७२ |
| ४ | ४/०७४/७५ | Procurement of Enhancement of Distribution Network | Sailung/Arghakhanchi/Babul J/V, Siddharthanagar - 9, Rupandehi | २४१,४९७,८७८.६१ | २४०,३४७,७५३.४५ | -०.४७६२ |
| ५ | ५/०७४/७५ | Procurement of Transmission Backbone and IT Infrastructure | Waves/Max J/V, Putalisadak, Kathmandu | २३४,५०७,०२१.३४ | २३४,१००,६५०.०० | ०.१७३२ |
| ६ | ७/०७४/७५ | Construction of Symbolic Pavilion and Colonade Works at North Pond | हनुमान कन्सट्रक्सन | १९४,८६४,२०५.९७ | १९,३७,५७,२४९।१६ | -०.५६८० |
| ७ | ८/०७४/७५ | Construction of Quarter Blocks of Lumbini Master Plan | लुम्बिनी/अर्घाखाँची / बाबुल जे.भी. | १३९,२४०,९२३.७७ | १३,९२,११,०५९।४६ | -०.०२१४ |
| ८ | ९/०७४/७५ | Construction of Vehicle Parking and Landscape Works of Lumbini Master Plan | श्री हिमदुङ्ग एण्ड थोकर कन्स्ट्रक्सन प्रा.ली. | ५९,७४१,७८३.२८ | ४,३७,८५,२००।- | -२६.७०९२ |
| ९ | १०/०७४/७५ | Construction of Landscape Works around East Pond and Canal of Lumbini Master Plan | श्री दया निर्माण सेवा | ५०,०४१,०४३.१० | ४,९८,००,१२६।२० | -०.४८१४ |
| १० | ११/०७४/७५ | Construction of Wooden Walkway at Archaeological Site, Tilaurakot | लुम्बिनी/अर्घाखाँची / बाबुल जे.भी. | ३२,८०३,४९४.३८ | २,९४,८७,२९३।४४ | -१०.१०९२ |
| ११ | १२/०७४/७५ | Construction of Wooden Walkway at Archaeological Site, Ramagrama | श्री अबरार निर्माण सेवा | ११,१५६,६९९.३७ | १०,४२८,४५८.३१ | -६.५२७३ |

## (घ) अन्तर्राष्ट्रिय बौंद्ध सम्मेलन र ध्यान केन्द्र सभाहल निर्माण कार्य:

अन्तर्राष्ट्रिय बौंद्ध सम्मेलनको बेलामा सम्मेलन सभाहलको रुपमा प्रयोग गर्न सकिने र अन्य अवस्थामा ध्यान केन्द्रको रुपमा संचालन गर्ने उद्देश्यका साथ लगभग पाँच हजार जना अट्ने सभाहलको निर्माण कार्यको बोलपत्र आह्वान भई निर्माण कार्यको सुरुवात भएको छ । उक्त निर्माण कार्यको लागि लागत अनुमान, ड्रोइङ डिजाइङ, बोलपत्र सम्बन्धी कागजात तयार, बोलपत्र मूल्याङ्कन तथा  निर्माण कार्यको अनुगमन गर्न श्रेष्ठ/श्री आर एस/डिकोन जे भि. कन्सल्टेन्सी फर्मसंग खरिद सम्झौता गरिएको छ । निर्माण कार्यको लागि रु ३८,५६,६३,८००।०२ (मु.अ.क, प्रोभिजनल सम र कन्टिन्जेन्सी बाहेक) लो लागत अनुमान तयार गरी मिति २०७३।०६।२२ मा बोलपत्र आव्हान गरिएको र निर्माण व्यवसायि श्री अनक/अर्घाखाँची/वावुल जे.भि. २८,१३,५२,५३३।६९ मा निर्माण कार्य गर्न खरिद सम्झौता भएको । हालसम्म पहिलो किस्ता मोविलाईजेशन पेश्की भुक्तानी भएको र निर्माण कार्य प्रारम्भ भएको स्थलगत रुपमा अनुगमनको क्रममा देखिएको ।

## बोलपत्र सम्बन्धी संक्षिप्त विवरण

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | लुम्बिनी विकास कोष लुम्बिनी, रुपन्देही |
| | ३/०७४/७५ |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of International Buddhist Confrence and Meditation Hall |
| लागत अनुमान | ३८,५६,६३,८००।०२ (मु.अ.क, प्रोभिजनल सम र कन्टिन्जेन्सी बाहेक) |
| खरिद विधि | अन्तर्राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (ICB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७३/७/३० |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | गोरखापत्र दैनिक |
| बिक्री भएका बोलपत्र संख्या | ९ वटा |
| दाखिला भएका बोलपत्र संख्या | ९ वटा |
| बोलपत्र फिर्ता संख्या | बोलपत्र मूल्याङ्कन प्रतिवेदनमा नखुलेको । |
| प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ९ वटा |
| खरिद सम्झौताको मिति | २०७४/१२/०६ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | २८,१३,५२,५३३।६९ |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि(-) वा बढि (+) | - २७% |
| ठेकेदारको नाम | अनक/अर्घाखाँची/बाबुल जे. भि. |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | २४ महिना |

उक्त खरिद कार्यको लागत अनुमान, बोलपत्र सम्बन्धी कागजात तथा बोलपत्र मूल्याङ्कन प्रतिवेदन आदिको अध्ययन गर्दा देहाय बमोजिमका अवस्था र कमीकमजोरीहरु देखिएका छन् ।

(१) सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ मा कस्तो अवस्थामा अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्न सकिन्छ भन्ने बारेमा उल्लेख भएको । उक्त Construction of International Buddhist Conference and Meditation Hall निर्माण गर्न अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गरिएको छ । उक्त निर्माण कार्यको अवस्था हेर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ अवस्था विद्यमान भएको देखिदैन साथै अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आह्वान गर्नुको कुनै कारण खुलाईएको छैन । कानूनमा स्पष्ट रुपमा उल्लेखित व्यवस्थाको कार्यान्वयन भएको देखिदैन ।

(२) लागत अनुमानको स्वीकृति उपाध्यक्षबाट गरिएको भएको देखिन्छ । लुम्बिनी विकास कोष, आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८ तथा सार्वजनिक खरिद नियमावली २०६४ मा सो किसिमको व्यवस्था रहेको देखिदैन । सार्वजनिक खरिद ऐन तथा नियमावलीका प्रावधान हेर्दा लागत अनुमान उक्त निकायको कार्यकारी प्रमुखबाट हुनुपर्ने देखिन्छ ।

(३) सार्वजनिक खरिद नियमावली २०६४ को अनूसुची १ मा लागत अनुमान तयार गर्दा समावेश गर्नुपर्ने विषयहरु उल्लेख भएको छ । जस अनुसार अन्य विषयका अतिरिक्त लागत अनुमान तयार गर्दा बजेट व्यवस्थापनको लागि आवश्यकतानुसार जम्मा लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सि वापत १० प्रतिशतले, फिजिकल कन्टिन्जेन्सि वापत १० प्रतिशत समावेश गरी लागत अनुमान तयार गर्नु पर्नेमा मूल्य समायोजन तीन प्रतिशत मात्र राखिएको र फिजिकल कन्टिन्जेन्सि वापत कुनै रकम नराखिएको ।

(४) बोलपत्र सम्बन्धी कागजातको बोलपत्रमा कानूनी ग्राह्यताको कागजपत्र माग गर्दा विगत दश बर्षको कर चुक्ता प्रमाणपत्र माग गरिएको देखिन्छ जुन औचित्पूर्ण देखिदैन । विगत १० बर्षको कर चुक्ता प्रमाणपत्र माग गरिएता पनि सो पेश भए नभएको विषयमा मूल्याङ्कन गरेको देखिदैन । विगत बर्षको कर चुक्ता नभई अन्तिम बर्षको करचुक्ता नहुने हुँदा विगत बर्षहरुको कर चुक्ता माग गर्नु आवश्यक देखिदैन । सो किसिमको अनावश्यक कागजपत्र माग गर्दा बोपलपत्रदातालाई बोलपत्र दाखिला गर्दा तथा सार्वजनिक निकायलाई बोलपत्र मूल्याङ्कन गर्दा अन्यौल हुने देखिन्छ ।

(५) बोलपत्र मूल्याङ्कन प्रतिवेदन अनुसार अधिकांश बोलपत्रदाताहरुको Qualification Criteria को Similar Size and Nature, Personal र Equipment को योग्यता पुरा नगरेता पनि सबै बोलपत्रदातालाई प्राविधिक प्रस्तावको मूल्यांकनमा सारभूतरुपमा प्रभावग्राही मानेर सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव खोलेर मूल्याङ्कन गरेको देखिन्छ जुन सार्वजनिक खरिद ऐन, २०६३ को दफा १० को उपदफा ४ को प्रतिकुल भएको देखिन्छ ।

(६) 2.4.2 Specific Construction Experience (a) Contracts of Similar Size and Nature को योग्यता निर्धारण गर्दा SBD (Standard Bidding Document) मा उल्लेखित प्रावधान भन्दा फरक हुनेगरी निम्नानुसनरको योग्यता निर्धारण गरिएको ।

- ➢ विगत १० बर्षमा गरेको अनुभव गणना गर्नुपर्नेमा ७ बर्षको अनुभव मात्र गणना हुनेगरी योग्यता निर्धारण गरिएको ।

- उक्त ठेक्काको लागत अनुमान रु.३८,५६,६३,८०० (मु.अ.क र कन्टिन्जेन्सी बाहेक) रहेको र SBD(Standard Bidding Document) बमोजिम उक्त अनुभव निर्धारण गर्दा सामान्यतया लागत अनुमानको ८० प्रतिशत रकम वरावरको एक वा दुई ठेक्काको अनुभव माग गर्नु पर्नेमा " at least two contracts with in the last Seven years, each with a value of at least NRs. 175,000,000.00 or one contract of NRs. 350,000,000.00" भनि योग्यता निर्धारण गरिएको छ । उक्त योग्यतामा सामान्यतया रु. ३०,८५,००,००० वरावरको एक वा दुई ठेक्काको अनुभव माग गर्नु पर्ने देखिन्छ तर SBD (Standard Bidding Document) को प्रावधान बमोजिम योग्यता निर्धारण गरिएको ।

| Criteria | Compliance Requirements | | | | Documents |
|---|---|---|---|---|---|
| Requirement | Single Entity | Joint Venture | | | Submission Requirements |
| | | All Partners Combined | Each Partner | One Partner | |
| Participation as contractor, management contractor, or subcontractor, in at least two contracts within the last Seven years, each with a value of at least **NRs.** 175,000,000.00 or one contract of **NRs**. 350,000,000.00 that have been successfully completed and also must have completed one Building, Sabha Hall, Waiting Hall or similar type of building with capacity of 1000 person or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section 5, Works Requirements. | must meet requirement | must meet requirement | 25% of requirement | 40% of requirement | Form EXP - 2(a) |

- SBD (Standard Bidding Document) बमोजिम उक्त योग्यता निर्धारणमा संयुक्त उपक्रममा बोलपत्र दाखिला गर्ने बोलपत्रदाता मध्ये कुनै एक सदस्यले वा सवै सदस्यहरु जोडेर पुरा गरे हुने व्यवस्था भएको तर संयुक्त उपक्रममा रहेका सवै सदस्यले उक्त योग्यता पुरा गर्नुपर्ने अवस्था नरहेको देखिन्छ । तर उक्त बोलपत्रमा संयुक्त बोलपत्रमा सहभागि सबै सदस्यले पुरा गर्नुपर्ने गरी योग्यता निर्धारण गरिएको जुन SBD (Standard Bidding Document) को प्रतिकुल रहेको । संयुक्त उपक्रममा बोलपत्र दाखिला गर्ने बोलपत्र दाताहरु मध्ये प्रत्येक सदस्यले योग्यताको २५% र कुनै एक सदस्यले ४०% पुरा गर्नुपर्ने व्यवस्था भएकोमा सो व्यवस्था ठेक्काको संख्यामा हो वा ठेक्का रकममा हो वा १००० जना अट्ने भवन हुनुपर्ने भन्ने योग्यतामा हो स्पष्ट हुन नसकेको ।

(७) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मूल्यांकन गर्दा विशेष मूल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन । विशेष मूल्याङ्कन नगरेको हुँदा सम्झौता भएको बोलपत्र seriously unbalanced or front

loaded आदि भए नभएको सम्बन्धमा मूल्याङ्कन नहुँदा खरिद सम्झौता कार्यान्यनमा विभिन्न किसिमका समस्याहरु देखा पर्न सक्ने अवस्था रहन सक्छ ।

(८) बोलपत्र खोल्ने मुचुल्कामा उल्लेखित कैफियत बमोजिम के कसरी अंकगणितीय त्रुटि सच्याएको वा नसच्याएको सम्बन्धमा बोलपत्र मूल्याङ्कन प्रतिवेदमा उल्लेख नभएको ।

(९) बोलपत्र मूल्याङ्कनको क्रममा बोलपत्रदाताहरु कालो सूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(१०) उक्त खरिद कार्यमा मुल्य समायोजन भुक्तानी दिने गरी खरिद सम्झौताको शर्त उल्लेख गरिएको तर मुल्य समायोजन भुक्तानीको लागि बोलपत्र सम्बन्धी कागजातमा GCC 53.1 बमोजिम Coefficient Range उल्लेख गर्नु पर्नेमा सो उल्लेख नभएको । बोलपत्रदाताले Coefficient उल्लेख गरेको र सोही बमोजिम खरिद सम्झौतामा राखिएको । सार्वजनिक निकायले Coefficient Range उल्लेख नगर्दा बोलपत्रदाताले आफ्नो अनुकुल हुनेगरी Coefficient उल्लेख हुनसक्ने ।

(११) बोलपत्र सम्बन्धी कागजात तयार गर्दा तथा खरिद सम्झौताको कागजपत्र तयार गर्दा क्रमशः Bid Data Sheet र Special Condition of Contract मा SBD (Standard Bidding Document) बमोजिम विभिन्न विवरणहरु उल्लेख गर्नु पर्ने भनि राखिएको कतिपय स्थानमा कुनै कुरा उल्लेख नहुँदा वा भर्नुपर्ने विवरण पूर्ण रुपमा नभर्दा बोलपत्र दाखिला, मूल्यांकन तथा सम्झौता कार्यान्यनमा समस्या हुन सक्ने देखिन्छ ।

(१२) बोलपत्र खोल्ने मुचुल्कामा कुन कुन विषयहरु उल्लेख गर्नु पर्ने भनि सार्वजनिक खरिद नियमावली २०६४ को दफा ५९ को उपदफा ४ मा स्पष्ट व्यवस्था भएकोमा सो बमोजिम मुचुल्का तयार गरेको देखिएन । Letter of Technical Bid लगायतका कागजपत्ररविवरणहरु उल्लेख गर्न छुटेको । आर्थिक प्रस्तावको मुचुल्कामा कैफियत उल्लेख गर्दा अपूर्ण रुपमा उल्लेख भएको यस किसिमको अपूर्णताले जोखिम वृद्धि हुने देखिन्छ ।

(१३) सार्वजनिक खरिद नियमावली २०६४ को दफा ५९ को उपदफा १ बमोजिम बोलपत्र खोल्ने समिति गठन गरी उक्त समितिले बोलपत्र खोल्नु पर्नेमा सो बमोजिम भएको देखिएन ।

(१४) बोलपत्र सम्बन्धी कागजातमा विमा सम्बन्धी व्यवस्था अपूर्ण रहेको ।

(१५) कार्यसम्पादन जमानत राख्दा सम्झौता अवधि, मर्मत सम्भार अवधि र एक महिना हुने गरी जमानत राख्नु पर्नेमा सो बमोजिम कार्यसम्पादन जमानत नलिएको ।

**(ङ) Construction of Symbolic Pavilione and Colonade Works at North Pond:**

गुरुयोजना बमोजिम Symbolic Pavilione and Colonade Works at Narth Pond ठेक्का नं. ७/२०७४।०७५ निर्माण कार्यको लागि रु.१९,४८,६४,२०५।९७ (मु.अ.क, प्रोभिजनल सम र कन्टिन्जेन्सी बाहेक) को लागत अनुमान तयार गरी मिति मा बोलपत्र आव्हानको सूचना प्रकासित भएको । निधार्रित समयसम्म एक वटा बोलपत्र दाखिला भएको र बोलपत्रदाता श्री हनुमान कन्स्ट्रक्सनको बोलपत्र स्वीकृत भई निर्माण कार्य भैरहेको देखिन्छ ।

**बोलपत्र सम्बन्धी संक्षिप्त विवरण**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | लुम्बिनी विकास कोष लुम्बिनी, रुपदेही |
| | ७/०७४/७५ |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of Symbolic Pavilione and Colonade Works at North Pond |
| लागत अनुमान | १९,४८,६४,२०५।९७ (मु.अ.क, प्रोभिजनल सम र कन्टिन्जेन्सी बाहेक) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रर्धात्मक बोलपत्र **(NCB)** पूर्व योग्यता निर्धारण गरी |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७४/१०/१० |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | गोरखापत्र |
| बिक्री भएका बोलपत्र संख्या | ९ थान |
| दाखिला भएका बोलपत्र संख्या | १ थान |
| बोलपत्र फिर्ता संख्या | बोलपत्र मूल्याङ्कन प्रतिवेदनमा नखुलेको । |
| प्राविधिक प्रस्ताव मूल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | १ थान |
| खरिद सम्झौताको मिति | २०७५/१/०७ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | १९,३७,५७,२४९।१६ (भ्याट बाहेक) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि(-) वा बढि (+) | - ०.५६८% |
| ठेकेदारको नाम | हनुमान कन्स्ट्रक्सन |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | ३० महिना |

उक्त खरिद कार्यको लागत अनुमान, बोलपत्र सम्बन्धी कागजात तथा बोलपत्र मूल्याङ्कन प्रतिवेदन आदिको अध्ययन गर्दा देहाय बमोजिमका अवस्था र कमी-कमजोरीहरु देखिएका छन् ।

(१) सार्वजनिक खरिद नियमावली २०६४ को अनूसूची १ मा लागत अनुमान तयार गर्दा समावेश गर्नुपर्ने विषयहरु उल्लेख भएको जस अनुसार अन्य विषयका अतिरिक्त लागत अनुमान तयार गर्दा बजेट व्यवस्थापनको लागि आवश्यकतानुसार जम्मा लागत अनुमानमा मूल्य समायोजन कन्टिन्जेन्सि वापत १० प्रतिशतले, फिजिकल कन्टिन्जेन्सि वापत १० प्रतिशत समावेश गरी लागत अनुमान तयार गर्नु पर्नेमा मूल्य समायोजन तीन प्रतिशत मात्र राखिएको र फिजिकल कन्टिन्जेन्सि वापत कुनै रकम नराखिएको ।

(२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० को उपनियम (३) मा अनुमान तयार गर्दा सार्वजनिक निकायले निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नु पर्नेछ भन्ने व्यवस्था भएता पनि लागत अनुमान तयार गर्दा सो बमोजिम निर्माण अवधि उल्लेख नभएको ।

(३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ङ बमोजिम दुई करोड रूपैयाँभन्दा बढी र एक अरब रूपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्यको खरिद गर्दा प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखेर बोलपत्र दाखिला गर्नेगरी बोलपत्र आव्हान गर्नुपर्नेमा बोलपत्र सम्बन्धी कागजातमा आर्थिक प्रस्ताव र प्राविधिक प्रस्ताव एउटै खाममा राखेर बोलपत्र गर्नेगरी बोलपत्र सम्बन्धी कागजात तयार गरिएको तर बोलपत्र दाखिला र बोलपत्र मूल्याङ्कन गर्दा नियम ३१ङ बमोजिम गरेको देखिन्छ । एकातर्फ खरिद प्रकृया छनौट गर्दा गल्ती गरेको देखिन्छ भने अर्कोतर्फ बोलपत्र सम्बन्धी कागजातमा उल्लेखित प्रावधान भन्दा फरक हुनेगरी बोलपत्र दाखिला र बोलपत्र मूल्याङ्कन गरेको देखिन्छ ।

(४) उक्त ठेक्काको लागत अनुमान रु.१९करोड ४८ लाख र कार्यसम्पन्न गर्नुपर्ने समय ३० महिना रहेकोमा Standard Bidding Document (SBD) मा उल्लेख भएको फर्मुला अनुसार उक्त ठेक्काको Average Annual Construction Turnover सामान्यतया रु. ११ करोड ६८ लाख (लगभग) माग गर्नु पर्नमा सो भन्दा लगभग २८% बढी रु १५ करोड माग भएको देखिएको जुन SBD को प्रतिकूल रहेको ।

(५) बोलपत्रदाताको योग्यता माग गर्दा 2.3.3 Financial Resources माग गर्नुपर्ने व्यवस्था भएकोमा उक्त योग्यता माग पनि नगरिएको र कार्यान्यिन नहुने पनि उल्लेख नभएको, त्यसै खाली छोडिएको ।

(६) बोलपत्र सम्बन्धी कागजात तयार गर्दा तथा खरिद सम्झौताको कागजपत्र तयार गर्दा क्रमशः Bid Data Sheet र Special Condition of Contract मा SBD (Standard Bidding Document) बमोजिम विभिन्न विवरणहरु उल्लेख गर्नुपर्ने भनि राखिएको कतिपय स्थानमा कुनै कुरा उल्लेख नहुँदा वा भर्नुपर्ने विवरण पूर्ण रुपमा नभर्दा बोलपत्र दाखिला, मूल्याङ्कन तथा सम्झौता कार्यान्यनमा समस्या हुन सक्ने देखिन्छ।

(७) उक्त खरिद कार्यमा मुल्य समायोजन भुक्तानी सम्बन्धमा बोलपत्र सम्बन्धी कागजातको दुई ठाँउमा फरक फरक विवरण उल्लेख भएको। Bid Data Sheet मा मुल्य समायोजन दिने नदिने कुनै कुरा पनि उल्लेख नभएको तर Specific Condition of Contract मा मुल्य समायोजन दिने भनि उल्लेख भएको। तर मुल्य समायोजन भुक्तानीको लागि बोलपत्र सम्बन्धी कागजातमा GCC 53.1 बमोजिम Coefficient Range उल्लेख गर्नु पर्नेमा सो उल्लेख नभएको साथै खरिद सम्झौतामा पनि मुल्य समायोजनको लागि आवश्यक पर्ने विवरण (Price Adjestment Table) नराखिएको।

(८) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क बमोजिम पेश्की रकम भुक्तानी गर्दा वीस प्रतिशतमा नबढ्ने गरी दुई वरावर किस्तामा भुक्तानी गर्न सकिने व्यवस्था भएकोमा बोलपत्र सम्बन्धी कागजातमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नभएको।

(९) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मूल्याङ्कन गर्दा विशेष मूल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन। विशेष मूल्याङ्कन नगरेको हुँदा सम्झौता भएको बोलपत्र seriously unbalanced or front loaded आदि भए नभएको सम्बन्धमा मूल्याङ्कन नहुँदा खरिद सम्झौता कार्यान्वयनमा विभिन्न किसिमका समस्याहरु देखा पर्न सक्ने अवस्था रहन सक्छ।

(१०) बोलपत्र आह्वान गर्दा बोलपत्र सम्बन्धी कागजातमा कार्य सम्पन्न गर्नुपर्ने अवधि ३० महिना उल्लेख भएको तर खरिद सम्झौतामा २४ महिना उल्लेख भएको।

(११) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ बमोजिम दश लाख रुपैयाँ भन्दा बढी रकमको निर्माण कार्य खरिदको बिमा गराउनुपर्ने व्यवस्था भएता पनि सो बमोजिम बिमा नगराईएको।

(१२) बोलपत्र मूल्याकनको क्रममा बोलपत्रदाताहरु कालो सूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको।

(१३) कार्यसम्पादन जमानत राख्दा सम्झौता अवधि, मर्मत संभार अवधि र एक महिना हुनेगरी जमानत राख्नु पर्नेमा सो बमोजिम कार्यसम्पादन जमानत नलिएको ।

(१४) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४० बमोजिम बोलपत्र सम्बन्धी कागजातमा कर चुक्ता प्रमाणपत्र माग गर्नु पर्नेमा सो माग नगरिएको । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क बमोजिम पेश्की भुक्तानी दिदा दुई वरावर किस्तामा दिनुपर्नेमा सो बमोजिम कार्यान्यन नगरिएको ।

**(च) Detail Drawing Design, Estimation and Supervision of Shaba Hall, Electricity and It Backbord:**

सभाहलको लागत अनुमान तयारी, ड्र्इङ, डिजाइङ, बोलपत्र सम्बन्धी कागजात तयार, बोलपत्र मूल्याङ्कन तथा कार्य लगायको कार्यको रु.४,७१,३४,०३७९६ (मु.अ.क, र कन्टिन्जेन्सी बाहेक) को लागत अनुमान तयार गरी मिति २०७३/८/२ मा खुला रुपमा आशय पत्रको सूचना प्रकाशित भएको र खुला रुपमा आशय पत्रबाट ७ वटा फर्म सूचिकृत भएका । सूचिकृत फर्महरु संग मिति २०७३।१०।१९ मा आसयपत्र माग गरिएको र आसयपत्र मूल्याङ्कनबाट छनौट भएको परामर्शदाता श्रेष्ठ/श्री आर एस/डिकोन जे भि खरिद सम्झौता गरिएको छ ।

**बोलपत्र सम्बन्धी संक्षिप्त विवरण**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | लुम्बिनी विकास कोष लुम्बिनी, रुपदेही |
| | ११/०७४/७५ |
| निर्माण कार्यको संक्षिप्त विवरण | Detail Drawing Design, Estimation and Supervision of Shaba Hall, Electricity and It Backbord |
| लागत अनुमान | ४,७१,३४,०३७९६ (मु.अ.क, र कन्टिन्जेन्सी बाहेक) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रर्धात्मक आसयपत्र (NCS) माग गरी |
| खरिद सम्झौता विधि | Lump Sum Contract |
| खुला रुपमा आसयपत्र माग मिति | २०७३।०८।०२ |
| खुला रुपमा आसयपत्र दाखिला संख्या | १२ |
| खुला रुपमा आसयपत्रबाट छनौट परामर्शदाताको संख्या | ७ |
| प्राविधिक प्रस्तावमा सफल हुने परामर्शदाताको संख्या | ३ |

| | |
|---|---|
| खरिद सम्झौताको मिति | २०७४/१२/०६ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको । |
| खरिद सम्झौता रकम | ४,६९,१०,०००।- |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि(-) वा बढि (+) | - १% |
| ठेकेदारको नाम | श्रेष्ठ/श्री आर एस/डिकोन जे भि |

उक्त खरिद कार्यको लागत अनुमान, बोलपत्र सम्बन्धी कागजात तथा बोलपत्र मूल्याङ्कन प्रतिवेदन आदिको अध्ययन गर्दा देहाय बमोजिमका अवस्था र कमी-कमजोरीहरु देखिएका छन ।

(१) Expression of Interest (EOI) Document मा छोटकरीमा Terms of Reference उल्लेख गर्नुपर्नेमा सो उल्लेख नगरेको ।

(२) Shaba Hall को Detail Drawing Design, Estimation and Supervision लागि आसयपत्र आह्वान गरिएकोमा उक्त निर्माण कार्यको समयावधि नै २४ महिनाको रहेको र त्यसको Detail Drawing Design को लागि समेत थप समय लाग्ने तर उक्त परामर्श सेवा खरिदको लागि जम्मा १२ महिनाको अवधिको मात्र आसयपत्र माग गरिएको ।

(३) उक्त परामर्श सेवाको लागत अनुमान कुन नम्सका आधारमा गरिएको स्पष्ट हुन सकेन ।

(४) Request for Peropsel (RFP) Document जारी गर्दा Time Based Conrract बमोजिम सस्झौता हुनेगरी जारी भएकोकोमा खरिद सम्झौता हुँदा Lump Sum Contract मा खरिद सम्झौता गरिएको । खरिदको प्रकृति हेर्दा Detail Drawing Design, Estimation कार्यको लागि केही रकम Lump Sum रुपमा भुक्तानी गरेता पनि Supervision कार्यको लागि Time Based Conrract गर्नुपर्ने देखिन्छ ।

(५) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ को उपनियम (७) बमोजिम परामर्श सेवा खरिदमा Professional Liability Insurance गर्नुपर्नेमा गरेको देखिएन ।

**(छ) भवानीपुरमा मन्दिर अकारको इन्फरमेसन कम मल्टीपरपोज हल निर्माणः**

रुपन्देहीको भवानीपुरमा मन्दिर आकारको इन्फरमेसन कम मल्टीपरपोज हल निर्माणको लागि ठेक्का नं. ३/२०७३/०७४ बाट रु.४,४७,९७,३८४।७९ (भ्याट बाहेक) को लागत अनुमान तयार गरी मिति २०७३।६।२२ मा बोलपत्र आह्वानको सूचना प्रकाशित भएको । निर्धारित समयसम्म ८ वटा बोलपत्र दाखिला भएको र बोलपत्रदाता श्री हिम्दुङ एण्ड ठोकर कन्स्ट्रक्सन प्रा.लि. को रु.४,०९,७९,४१८।४० (भ्याट बाहेक) बोलपत्र स्वीकृत भई निर्माण कार्य गरिएको ।

**बोलपत्र सम्वन्धी संक्षिप्त विवरण**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | लुम्बिनी विकास कोष लुम्बिनी, रुपन्देही |
| | ३/०७३/७४ |
| निर्माण कार्यको संक्षिप्त विवरण | भवानीपुरमा मन्दिर अकारको इन्फरमेसन कम मल्टीपरपोज हल निमाण |
| लागत अनुमान (भ्याट बाहेक) | ४,४७,९७,३८४।७९ |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रर्धात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आव्हान मिति | २०७३।६।२२ |
| बोलपत्र आव्हान भएको राष्ट्रिय दैनिक | गोरखापत्र दैनिक |
| बिक्री भएका बोलपत्र संख्या | ८ वटा |
| दाखिला भएका बोलपत्र संख्या | ८ वटा |
| बोलपत्र फिर्ता संख्या | छैन |
| खरिद सम्झौताको मिति | २०७३।८।२६ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम (भ्याट बाहेक) | ४,०९,७९,४१८।४० |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | -२२.५५% |
| ठेकेदारको नाम | हिम्दुङ एण्ड ठोकर कन्सटक्सन प्रा लि |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १६ महिना |

उक्त खरिद कार्यको लागत अनुमान, बोलपत्र सम्बन्धी कागजात तथा बोलपत्र मूल्याङ्कन प्रतिवेदन आदिको अध्ययन गर्दा देहाय बमोजिमका अवस्था र कमी-कमजोरीहरु देखिएका छन् ।

(१) उक्त खरिदको लागि बार्षिक खरिद योजना तथा खरिद गुरुयोजना तयार गरेको पाईएन ।

(२) बोलपत्रको लागि तयार गरिएको बिडिंग डकुमेन्टमा धेरै छुटफुट देखिएको । बिडिंग डकुमेन्टमा देखिएका कमी कमजोरीहरु सम्बन्धमा माथि उल्लेख गरिएका बिषयहरु यस ठेक्कामा पनि देखिएको

(३) बोलपत्र मुल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ बमोजिम बोलपत्र परीक्षण तथा दफा २५ बमोजिम बोलपत्र मुल्याङ्कन गरी सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६६ बमोजिम बोलपत्र मुल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्नेमा सो किसिमले गरेको देखिएन ।

(४) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मुल्यांकन गर्दा विशेष मुल्यांकन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन । विशेष मुल्यांकन नगरेको हुँदा सम्झौता भएको बोलपत्र Seriously Unbalanced or Front loaded आदि भए नभएको सम्बन्धमा मुल्यांकन नहुँदा खरिद सम्झौता कार्यान्वयनमा विभिन्न किसिमका समस्याहरु देखा पर्न सक्ने अवस्था रहन सक्छ ।

(५) बोलपत्र मूल्यांकन समितिले बोलपत्रको मूल्यांकन प्रतिवेदन तयार गर्दा ठेक्का नं. अनुसार अलग अलग प्रतिवेदन तयार गरि पेश गर्नु पर्नेमा बिभिन्न ठेक्का नं.हरुको मूल्यांकन एकै पटक पेश गरेको । मूल्यांकन प्रतिवेदनमा कम बोल अंक कबोल गरेको बिषय मात्र आएको । कानून बमोजिम समेटनु पर्ने अन्य बिषयहरु नसमेटिएको । खरिद ऐन नियमको व्यवस्था बमोजिम प्रतिवेदन नै नबनाएको अवस्था देखिन्छ ।

(६) सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए अनुसार बोलपत्र आव्हानको लागि बोलपत्रको बोलपत्र सम्बन्धि कागजात तयार भए पछि बोलपत्रको एक प्रतिलाई मूल प्रतिको रुपमा प्रमाणित गरि राख्नु पर्नेमा सो गरेको पाइएन ।

(७) सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ (४) अनुसार बोलपत्रदाताले लागत अनुमान भन्दा १५ प्रतिशत सम्म कम अंक कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र १५ प्रतिशत भन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा जति रकमले घटी कबुल गरेको छ सो को पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरि कार्यसम्पादन जमानत बापत दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था भए तापनि सो अनुसार कार्यसम्पादन जमानत बापतको रकम दाखिला गरि सम्झौता गरेको देखिएन ।

(८) खरिद सम्झौता गर्दा पनि यस कार्यालयबाट जारी गरिएको SBD (Standard Bidding Document) बमोजिम खरिद सम्झौता नभएको जसको कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ ले खरिद सम्झौताले समेट्नु पर्ने भनि तोकिएका बिषयहरु खरिद सम्झौता पत्रले नसमेटेको । खरिद सम्झौता गर्दा पनि भर्नु पर्ने महत्वपूण विवरण नभरि खालि राखिएको । यसले गर्दा ठेक्का कार्यान्वयनको क्रममा केही समस्या आएमा जटिलता उत्पन्न हुने ।

**(ज) सेक्युरिटी सर्भिस खरिदः**

(१) लुम्बिनी विकास कोषले मिति २०७५ जेठ एक देखि लागु हुने गरि एकेडेमी फर वीर गुर्खाज सेक्युरिटी सर्भिसेज, बालुवाटार, काठमाडौसंग २०७५।१।१५ मा सम्झौता गरि

सेक्युरिटी सेवा लिएको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मूल्यको आधारमा देहायको कुनै एक विधि अपनाई खरिद गर्नुपर्नेछ भन्ने व्यवस्था छ। जस अनुसार एउटा विधिको रुपमा सोझै खरिद गरि भन्ने विधि पनि उल्लेख छ। ऐनको दफा ४१ मा भएको व्यवस्था अनुसारको अवस्थामा सोझै खरिद गर्न सक्ने व्यवस्था छ। तर सेक्युरिटी सर्भिस लिदा ऐनको दफा ४१ मा भएको कुनै पनि अवस्था विद्यमान नरहेको देखिन्छ।

(२) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) (क) को व्यवस्था अनुसार पाँच लाख रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा परामर्श सेवा सोझै खरिद गर्न सकिन्छ। तर नियम ८५ (४) को व्यवस्था अनुसार एक लाख रुपैयाँ भन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरि खरिद गर्नुपर्नेछ भन्ने व्यवस्था छ। यस आधारमा सोझै खरिद गर्दा पनि दरभाउपत्र वा प्रस्ताव माग गरि मूल्य तुलना गरि कम मूल्य पेश गर्ने प्रस्तावदाताबाट निर्माण कार्य, मालसामान वा परामर्श सेवा लिनु पर्ने व्यवस्था छ।

(३) कोषले सेक्युरिटी सर्भिस सम्बन्धी सेवा लिदा एकेडेमी फर वीर गुर्खाज सेक्युरिटी सर्भिसेज, बालुवाटार, काठमाडौंबाट प्रस्ताव माग गरि निजले पेश गरेका प्रस्ताव बमोजिम मासिक रु. २,०८,०००।- (दुई लाख आठ हजार) र मूल्य अभिवृद्धि कर समेत २,३५,०४०।- (दुई लाख पैतीस हजार चालीस) र बार्षिक रुपमा २८,२०,४८०।- (अट्ठाइस लाख बीस हजार चार सय असी) रकम भुक्तानी गर्ने गरि सम्झौता गरि सेवा लिएको देखिन्छ।

(४) सम्झौता गरिएको कागजात हेर्दा पार्ट एकको दुई नं. बुदामा देहायको कुरा उल्लेख उल्लेख भएको छ । The service provider will provide Security service for a period of one year i.e. From 1st jesth 2075 to 30 th Baisakh 2076। उल्लेख भए अनुसार सेक्युरिटी सर्भिसेजले २०७५ जेठ १ देखि २०७६ बैशाख सम्म (एक बर्ष) सेवा प्रदान गर्ने कुरा उल्लेख छ । भने पार्ट IX Duration मा उल्लेख देहायको कुरा उल्लेख भएको छ। This contract is valid for two years from the start date and will be renewable in both parties understanding for equal periods unless either party terminates the same giving one month notice in writing before the end of the contract period.

(५) यस आधारमा एउटै सम्झौताको एउटै बिषयलाई फरक फरक बुँदामा फरक फरक किसिमले लेखिएको हुँदा बिरोधाभास श्रृजना भएको देखिन्छ ।

(६) माथि उल्लेखित आधारमा हेर्दा यति ठूलो रकमको काम गर्दा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ भएको प्रावधानहरु कुनै पनि अवलम्बन गरेको देखिदैन । यस आधारमा सेक्युरिटी सर्भिसेज लिदा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा रहेका विधि र प्रकृया विपरित काम भएको देखिन्छ ।

**(झ) बिड डकुमेन्टमा देखिएका कमीकमजोरीहरुः**

कोषबाट आव्हान भएका बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बोलपत्रको लागि तयार गरिएका बिड डकुमेन्टहरु अध्ययन गदा अधिकाशं डकुमेन्टहरुमा देखिएका केही कमीकमजोरीहरु देहाय बमोजिम रहेका छन ।

(१) बिड डाटा सिटमा आइएफबि नम्बर उल्लेख गरेको पाइएन ।

(२) The number and identification of lots comprising this bidding process खाली राखिएको ।

(३) आयोजनको नाम लेख्ने ठाउँ खाली राखिएको ।

(४) आइटिबि ४.९ बमोजिम Foreign Bidder भएमा के पेश गर्नु पर्ने हो नखुलाई खाली राखिएको ।

(५) Additional document आवश्यक हो होइन खुलेको देखिदैन ।

(६) Alternative bid permitted आवश्यक हो होइन खुलेको देखिदैन ।

(७) Electronocally bid submit कसरी गर्ने हो सो बारेको procedure उल्लेख छैन । तर २१.१ मा Electronocally bid submit गर्न सक्ने व्यवस्था राखिएको छ । साथै Electronocally submit भएका बिड कसरी खोल्ने हो त्यसको प्रकृया उल्लेख छैन ।

(८) आइटिबि २२.१ मा Bid submission गर्ने अन्तिम मिति र समय सूचनामा उल्लेख हुने भनिएको छ । जुन अनिवार्य रुपमा बिड डकुमेन्टमा हुनु पर्ने थियो । सूचनामा पनि ३१ औं दिन भनि उल्लेख छ । मिति नै प्रस्ट नखुलाउदा बोलपत्रदातालाई अन्योलता रहन्छ ।

(९) बोलपत्र खोल्ने मिति र समय सूचनामा उल्लेख भए बमोजिम हुने भनिएको ।

(१०) डाटा सिटमा प्रिबिड मिटिङ्गको समय तोक्दा गते स्थान र मिति संगै गते पनि तोक्नु पर्नेमा सो नगरि सूचना प्रकाशित भएको औं दिनमा भन्ने उल्लेख भएको देखियो । यसबाट बिडरहरुलाइ अन्यौलता हुन सक्दछ ।

(११) बिडबन्डको रकम बुझाउनको लागी बैकको नाम, ठेगाना, खाता नम्बरको विवरण सूचनामा उल्लेख गर्ने भनि खालि राखिएको ।

(१२) Pending litigation मा बोलपत्रदाताको net worth कति प्रतिशत बढी हुनु पर्ने हो खुलेको देखिदैन ।

(१३) Historical financial performance कति बर्षको चाहिने सो उल्लेख छैन ।

(१४) जिसीसी मा Site located at मा कुनै कुरा उल्लेख नभएको ।

(१५) Sectional Copletions are भनि खालि राखिएको ।

(१६) Minimim insurance amount and deductibles कति हुने हो केही उल्लेख छैन ।

(१७) Site investigation report बारेमा केहि उल्लेख नभएको ।

(१८) Completion date SCC मा उल्लेख नगरि सम्झौतामा उल्लेख हुने भनि लेखिएको ।

(१९) Adjudicator NEPCA रहने वा अन्य रहने भन्ने बारेमा उल्लेख नभएको । arbitration को स्थान कहाँ हुने, कसरी भुक्तानी गर्ने केहि उल्लेख छैन ।

(२०) Defects liability period बारेमा उल्लेख छैन ।

माथि उल्लेखित बाहेक पनि धेरै कमी कमजोरीहरु रहेका छन ।

यस खालका कमजोरीहरु कोषबाट आव्हान भएका सबैजसो बोलपत्र सम्बन्धि डकुमेन्टमा भएको देखिन्छ । कोषबाट आव्हान भएका राष्ट्रिय स्तरका बोलपत्र लगायत अन्तर्राष्ट्रिय स्तरका बोलपत्रहरुमा यस खालका गम्भीर त्रुटि भएको देखिन्छ । यस्ता खालका त्रुटिहरुलाई कमीकमजोरीको रुपमा हेर्नु हुदैन । खरिदको सन्र्दभमा यी गम्भीर खालका लापरवाही नै हुन ।

**(ज) निष्कर्ष**

लुम्बिनी विकास कोषको खरिद सम्बन्धि अनुगमनबाट देहायको निष्कर्ष देखिन्छ ।

(१) बिडिंड डकुमेन्ट निर्माण गर्दा अधिकांश डकुमेन्टमा अत्यन्त गम्भीर खालका त्रुटीहरु देखिए ।

(२) विद्युतीय खरिदको लागी सार्वजनिक खरिद अनुगमन कार्यालयले सञ्चालमा ल्याएको पोर्टलमा आवद्ध नभएको देखियो ।

(३) कोषको आर्थिक प्रशासन सम्बन्धी विनियमावली, २०५८ मा भएका खरिद सम्बन्धि कानुनी व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ मा भएका व्यवस्था अनुकुल भएको नदेखिएकोले तत्काल संसोधन गर्नुपर्ने देखियो ।

(४) साझै खरिद गर्न पाउँने सीमा भन्दा बढी रकमको काम पनि सोझै खरिदबाट गरिएको ।

(५) खरिद सम्बन्धि कामकारवाहीमा उस्तै खालका कमीकमजोरीहरु सबै जसो फाइलमा देखिएको ।

## २. जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), सिन्धुपाल्चोक :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), सिन्धुपाल्चोकको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), सिन्धुपाल्चोकमा खरिद इकाईको स्थापना गरेको देखियो । खरिद इकाईमा रहने केही कर्मचारीहरुले खरिदको तालिम लिएको पाईएन ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने कानुनी व्यवस्था रहेको भए पनि खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार गरिएको देखिएन ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३)(ख) मा "सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने" भन्ने प्रावधान रहेकोमा बोलपत्र

आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको जानकारी उक्त कार्यालयका कागजातहरुको अध्ययन तथा छलफलबाट जानकारी प्राप्त भयो ।

### (४) खरिद विधिको छनौट

आ.व. २०७३/०७४ मा आह्वान गरिएको बोलपत्रहरु मध्ये Construction of Building of District Nyayik police Barrack Chautara, Sindhpalchowk का लागी आह्वान भएको बोलपत्र आह्वान राष्ट्रिय स्तरको खुला बोलपत्र (NCB) बाट गरेको देखियो ।

### (५) विद्युतीय खरिद

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना ,संचालन र व्यवस्थापन गरेको छ । जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), सिन्धुपाल्चोकले पनी बोलपत्र आह्वान गर्दा निर्देशिकामा तोकिए बमोजिम रकमको लागी उक्त सिस्टम मार्फत नै बोलपत्र सम्बन्धी प्रक्रिया सञ्चालन गर्ने गरेको पाईयो ।

### (६) जनशक्तिको क्षमता विकास

खरिदसंग सम्बन्धित काम कारबाहीहरुमा गुणात्मकता हासिल गर्न जनशक्तिलाई उचित तालिम लगायतका अवसरहरु उपलब्ध हुनु जरुरी हुन्छ । दक्ष जनशक्तिबाट नै संगठनले अपेक्षित नतिजा हासिल गर्न सक्दछ । खरिद इकाइमा काम गर्ने कर्मचारीहरुको लागि खरिद सम्बन्धि तालिम दिन सकेमा खरिद सम्बन्धि काम कारवाहीमा थप सुधार हुने अपेक्षा गर्न सकिन्छ .

### (ख) अनुगमन गरिएको फाइलहरुः

जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन), सिन्धुपाल्चोकमा अध्ययन गरिएको फाइलहरुमा Construction of Building of District Nyayik police Barrack Chautara, Sindhpalchowk ठेक्का नं. MOUD/DLPIU/Sindhpalchowk/Works/NCB/04/073-74 का लागि आ.व.-७३/७४ मा बोलपत्र आह्वान भई १,४३,३०,६२६।०४ (मु.अ.क र कन्टिन्जेन्सी बाहेक) सम्झौता भई काम सम्पन्न भएको देखिन्छ ।

**फाइलः** Construction of Building of District Nyayik police Barrack Chautara, Sindhpalchowk.

**बोलपत्र सम्वन्धी संक्षिप्त विवरण**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | MOUD/DLPIU/Sindhpalchowk/Works/ NCB/04/073-74 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of Building of District Nyayik police Barrack Chautara, Sindhpalchowk |
| लागत अनुमान | १,४३,६९,३८४।९० (मु.अ.कर र कटिन्जेन्सी बाहेक) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आव्हान मिति | २०७३।१२।२४ |
| बोलपत्र खोलिएका मिति | २०७४।०१।०८ |
| पेश भएका बोलपत्र संख्या | १ वटा (e-Bid ) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुत रुपमा प्रभावग्राही बोलपत्र संख्या | १ वटा |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७४।०१।२८ |
| खरिद सम्झौताको मिति | २०७४।०२।२१ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएका | नभएको |
| खरिद सम्झौता रकम | १,४३,३०,६२६।०४ (मु.अ.कर र कन्टिन्जेन्सी बाहेक) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढी (+) | (-०.२७%) |
| ठेकेदारको नाम | Prasin Nirman Sewa, Chautara, Sindhupalchowk |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १२ महिना |
| पहिलो पटक म्याद थप | २०७५/०५/१९ सम्म |

**(ग) बोलपत्रको विशेष मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । उपर्युक्त ठेक्काहरुमा मूल्याकंन समितिले बोलपत्रको मूल्याकंन गरी प्रतिवेदन पेश गरेको देखिन्छ, दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने बोलपत्रदाताको टेन्डर स्विकृतको लागी सिफारिस गरेको देखिन्छ । नियमावलीमा

विशेष मूल्याकंन सम्बन्धी स्पष्ट व्यवस्था भए बमोजिम सो व्यवस्था अवलम्बन गरेको भने पाइदैन । निर्माण कार्यको बिशेष मुल्याङ्कन नहुँदा बोलपत्र मुल्याङ्कन अपुरो रहेको र बिशेष मुल्याङ्कन नगरी खरिद सम्झौता हुँदा सम्झौता कार्यान्यनको सिलसिलामा विभिन्न समस्या र जोखिमहरु आउन सक्ने सम्भावना रहने देखिन्छ । साथै बोलपत्र मूल्याकंन समितिले सबै कुरा समेटेर प्रतिवेदन तयार गरेको समेत देखिदैन ।

### (घ) कमी कमजोरीहरु

(१) बोलपत्र मुल्याकंनको क्रममा बोलपत्रदाताहरु कालोसूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(२) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मुल्याङ्कन गर्दा विशेष मुल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन । मुल्याङ्कन नहुँदा खरिद सम्झौता कार्यान्यनमा विभिन्न किसिमका समस्याहरु देखा पर्न सक्ने अवस्था रहन सक्छ ।

### (ङ) निष्कर्ष

उक्त आयोजना कार्यालयबाट भएका बिभिन्न खरिद क्रियाकलापहरु मध्ये एक वटा बोलपत्रहरुको खरिद क्रियाकलापको अध्ययन गरिएकोमा बोलपत्र आह्वान गर्दा प्रयोगमा ल्याइएको बिड डकुमेन्ट राम्रो नै देखियो । विद्युतीय माध्यमबाट समेत बोलपत्र पेश भएको देखियो । बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने आवश्यकता देखियो । आगामी दिनहरुमा खरिद ऐन तथा नियमावलीहरुमा भएका व्यवस्थाहरुको कार्यान्वयन गर्दा कमजोरी देखिएका पक्षहरुमा थप ध्यान दिन सकेमा थप प्रभावकारिता हासिल हुन सक्ने देखिन्छ ।

## ३. चौतारा साँगाचोकगढी नगरपालिका, सिन्धुपाल्चोक :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

उक्त कार्यालयको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने

व्यवस्था रहेकोमा उक्त नगरपालिकामा खरिद इकाईको स्थापना गरेको देखियो । खरिद इकाईमा रहने कुनै पनि कर्मचारीहरुले खरिदको तालिम लिएको पाईएन ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । तथापी खरिद योजना तथा गुरुयोजना तयार गरेको देखिएन ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३)(ख) मा “सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूत रुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने” भन्ने प्रवधान रहेकोमा बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको जानकारी प्राप्त उक्त नगरपालिकामा भएको छलफलमा जानकारी प्राप्त भयो ।

### (४) खरिद विधिको छनौट

आ.ब. २०७५/०७६ मा आह्वान भएका बोलपत्रहरु मध्ये Upgrading of Chhapvanjyang Thanti Fhatkeshor Road ठेक्का नं IDOSIN/W/NCB/03/075-76, Bituminous Premix Carpeting (Black top) works in Sangachok-Daduwa Road, CSGM/NCB - 21/075/076 / CSGM/NCB - 22/075/076 Earthwork excavation, causeway, Hume pipe and Gabion works in Jalkine-Jitpur-Kadambas सडक कार्यको बोलपत्र आह्वान राष्ट्रिय स्तरको खुला बोलपत्र गरी गरेको देखियो ।

### (५) बिद्युतीय खरिद

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना, संचालन र व्यवस्थापन गरेको छ । बोलपत्र आह्वान गर्दा निर्देशिकामा तोकिए बमोजिम रकमको लागि उक्त सिस्टम मार्फत नै बोलपत्रको काम गर्ने गरेको जानकारी प्राप्त भयो ।

### (६) जनशक्तिको क्षमता विकास

खरिदसंग सम्बन्धित कामकारवाहीहरुमा गुणात्मकता हासिल गर्न जनशक्तिलाई उचित तालिम लगायतका अवसरहरु उपलब्ध हुनु जरुरी हुन्छ । दक्ष जनशक्तिबाट नै संगठनले अपेक्षित नतिजा हासिल गर्न सक्दछ । खरिद इकाइमा काम गर्ने कर्मचारीहरुले लागि खरिद सम्बन्धि तालिम दिन सकेमा खरिद सम्बन्धि कामकारवाहीमा थप सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

### (ख) अनुगमन गरिएको फाइलहरु

Upgrading of Chhapvanjyang Thanti Fhatkeshor Road ठेक्का नं IDOSIN/W/NCB/03/075-76, Bituminous Premix Carpeting (Black top) works in Sangachok - Daduwa Road, CSGM/NCB-21/075/076 र CSGM/NCB-22/075/076 Earthwork excavation, causeway, Hume pipe and Gabion works in Jalkine-Jitpur-Kadambas सडक कार्यका लागि आ.ब. २०७५/७६ मा बोलपत्र आह्वान भई क्रमस रु. ११,७०,२७४।६७ (भ्याट सहित), रु. ४७,८४,२०५।१९ (भ्याट सहित) र रु. २६,०८,६२०।१४ (भ्याट सहित) ठेक्का सम्झौता भई काम अघि बढेको देखिन्छ ।

### बोलपत्र सम्बन्धी संक्षिप्त विवरण

**फाइल नं. १ :** Earthwork Exavation & Stone Soling Works in Narsari-Katunje-Jamune Road

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | नर्सरी कटुन्जे जामुने सडक |
| | CSGM/NCB-11/075-76 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Earthwork Exavation & Stone Soling Works in Narsari-Katunje-Jamune Road |

| | |
|---|---|
| लागत अनुमान | २४,९९,८६६।३३ (भ्याट सहित) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।०८।०९ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | लोकप्रिय राष्ट्रीय दैनिक |
| बोलपत्र खोलिएका मिति | २०७१।०७।१६ |
| पेश भएका बोलपत्र संख्या | ११ वटा (हार्डकपी) |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७५।०९।२२ |
| खरिद सम्झौताको मिति | २०७५।१०।०७ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | ११,७०,२७४.६७ (भ्याट सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-५१।१२%) |
| ठेकेदारको नाम | Bhadaure Ganesh Nirman Sewa Sinamangal, Kathmandu |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | २०७६।०३।२० सम्म |
| पहिलो पटक म्याद थप | |

**फाइल नं. २ :** Bituminous Premix Carpeting (Black top) works in Sangachok-Daduwa Road, Chautara, SINDHHUPALCHOK

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | सागाँचोक डुडुवा सडक |
| | CSGM/NCB – 21/075/076 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Bituminous Premix Carpeting (Black top) works in Sangachok-Daduwa Road |
| लागत अनुमान | ४७,८४,२०५।१९ (मु.अ.क र कन्टिन्जेन्सी समेत ) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्पर्धात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।०९।१५ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | नयाँ पत्रिका राष्ट्रिय दैनिक |
| बोलपत्र खोलिएका मिति | २०७५।१०।१५ |
| पेश भएका बोलपत्र संख्या | ३ वटा (हार्डकपी) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ३ वटा |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७१।१०।२२ |

| | |
|---|---|
| खरिद सम्झौताको मिति | २०७१।११।०८ |
| पुनरावलोकनको लागि निवेदन पेश भएर नभएको | नभएको |
| खरिद सम्झौता रकम | रु. ४७,८४,२०५।१९ (भ्याट सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-0।0८%) |
| ठेकेदारको नाम | Kamakhya/Prasin J.V.,Chautara, Sindhupalchok |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | २०७६।०३।२० सम्म |

**फाइल नं.३ :** Earthwork Excavation, Causeway, Humepipe and Gabion works in Jalkine-Jitpur-Kadambas

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | Jalkine-Jitpur-Kadambas सडक |
| | CSGM/NCB – 22/075/076 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Earthwork Excavation, Causeway, Humepipe and Gabion works in Jalkine-Jitpur-Kadambas सडक कार्य |
| लागत अनुमान | ५५,०८,३०६।०० (मु.अ.क र कन्टिन्जेन्सी बाहेक) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।०९।१७ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | नयाँ पत्रिका राष्ट्रिय दैनिक |
| बोलपत्र खोलिएका मिति | २०७५।१०।१७ |
| पेश भएका बोलपत्र संख्या | ११ वटा (हार्डकपी) र ३ वटा (ई-बिड) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७५।१०।२९ |
| सम्झौताको मिति | २०७५।११।१५ |
| पुनरावलोकनको लागि निवेदन पेश भए र नभएको | नभएको |
| खरिद सम्झौता रकम | रु. २६,०८,६२०।१४ (भ्याट सहित ) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-५८.०९%) |
| ठेकेदारको नाम | Pravat Nirman Sewa, CGGM-5 |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | ६ महिना |

### (ग) बोलपत्रको विशेष मुल्याङ्कन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । यस ठेक्कामा मुल्याङ्कन समितिले बोलपत्रको मुल्याङ्कन गरी प्रतिवेदन पेश गरेको देखिन्छ । दर्ता हुन आएका बोलपत्रदाता मध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने बोलपत्रदाताको टेन्डर स्वीकृतीको लागि सिफारिस गरेको देखिन्छ । तथापी नियमावलीमा विशेष मुल्याङ्कन गर्दा के के बिषय हेर्ने भन्ने बारेमा स्पस्ट व्यवस्था भए तापनि सो बारेमा केहि खुलेको देखिदैन । निर्माण कार्यको बिशेष मुल्याङ्कन नहुँदा बोलपत्र मुल्याङ्कन अपुरो रहेको र बिशेष मुल्याङ्कन नगरी खरिद सम्झौता हुँदा सम्झौता कार्यान्यनको सिलसिलामा विभिन्न समस्या र जोखिमहरु आउन सक्ने सम्भावना रहने दखिन्छ । साथै बोलपत्र मुल्याङ्कन समितिले सबै कुरा समेटेर प्रतिवेदन तयार गरिएको समेत देखिएन ।

### (घ) कमी कमजोरीहरु

(१) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम १ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक दश लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्यमा अनिवार्य विमा गर्नुपर्ने प्रष्ट उल्लेख भएतापनि कार्यालयले दश लाख भन्दा बढीका केहि ठेक्काहरुमा लागत अनुमान तयार गर्दा विमाको प्रावधान नराखेको देखियो ।

(२) बोलपत्र मुल्यांकनको क्रममा बोलपत्रदाताहरु कालोसूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मुल्याङ्कन गर्दा विशेष मुल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन । मुल्याङ्कन नहुँदा खरिद सम्झौता कार्यान्यनमा विभिन्न किसिमका समस्याहरु देखा पर्न सक्ने अवस्था रहन सक्छ ।

### (ङ) निष्कर्ष

उक्त नगरपालिकाबाट भएका बिभिन्न खरिद क्रियाकलापहरु मध्ये तीन वटा बोलपत्रहरुको खरिद क्रियाकलापको अध्ययन गरिएकोमा बोलपत्र आह्वान गर्दा प्रयोगमा ल्याइएको बिड डकुमेन्ट राम्रो नै देखियो । विद्युतीय माध्यमबाट समेत बोलपत्र पेश भएको देखिएको । बोलपत्रको मुल्याङ्कनका क्रममा आगामी दिनहरुमा खरिद ऐन तथा नियमावलीहरुमा भएका

व्यवस्थाहरु खरिद क्रियाकलापहरुको शुरुवात देखि मुल्याङ्कन र आयोजना कार्यान्वयनका चरण समेत थप ध्यान दिनुपर्ने देखियो ।

## ४. जनकपुर उपमहानगरपालिका एकीकृत शहरी विकास आयोजना :

### (क) पृष्ठभूमि

जनकपुर उपमहानगरपालिकामा संचालित एकीकृत शहरी विकास आयोजना एशियाली विकास बैकको सहयोगमा सञ्चालनमा आएको हो । उक्त आयोजनाको सन् २०१५ डिसेम्बर २३ मा सम्झौता भएको देखिन्छ । यो आयोजनाको कुल लागत शुरुमा (भ्याट सहित) रु.९८,८१,५६,६३८। १३ (रु. अन्ठानब्बे करोड एकासी लाख छपन्न हजार छ सय अठतीस र पैसा तेह्र) रहेको । भेरिएसन (भ्याट सहित) ३,२४,९५,६२२।६० (तीन करोड चौबिस लाख पन्चानब्बे हजार छ सय बाइस र पैसा साठी) थप हुदा कुल लागत रु १,०२,०६,५२,२६०।७३ ( रु. एक अर्व दुई करोड छ लाख बाउन्न हजार दुइ सय साठी र पैसा त्रिहत्तर) कायम भएको देखिन्छ ।

यो आयोजनाको सम्झौता फेब्रुअरी २२, २०१६ मा भएको र सम्झौता हुँदा आयोजना सम्पन्न गर्ने अवधि फेब्रुअरी २१, २०१८ रहेकोमा प्रथम पटक म्याद थप भई ३० जून, २०१८ रहेकोमा दोश्रो पटक म्याद थप भई सन् २०१८, ५ डिसेम्बर सम्म कायम भएको देखिन्छ ।

यस आयोजनको लागी डिजाइन तथा सुपरभिजनको काम गर्ने जम्मेबारी पाएको Soil test (p) Limited in Joint venture with Welink Consultants(p) Ltd., Aviyan Consulting (p) Ltd in association with Beam Consultants (p) Ltd. ले आयोजना प्रमुखलाई लेखेको पत्रानुसार सन् २०१८ को अगस्ट सम्म ८४.४० प्रतिशत भौतिक प्रगति भएको छ ।

### (ख) आयोजनाको हालको अवस्था

आयोजना कार्यान्वयनको लागि सम्झौता हुदा आयोजनाको अवधि ७३० दिन हुने गरी कायम गरिएको थियो । यस आधारमा आयोजना फेब्रुअरी २१,२०१८ मा सम्पन्न हुनु पर्ने थियो । समयमा आयोजना सम्पन्न नभए पछि म्याद थप गरी आयोजनाको काम अगाडि बढाइएको देखिन्छ । यस आधारमा आयोजनाको म्याद ५ डिसेम्बर,२०१८ सम्म रहेको छ ।

### (ग) आयोजना ढिलो हुनुका कारणहरु

कुनै पनि आयोजना कार्यान्वयनका क्रममा बिभिन्न पक्षहरुले बिभिन्न जिम्मेवारी निर्वाहको जिम्मा लिएका हुन्छन । आयोजनाको लक्ष्य अनुसार काम हुन कुनै एक पक्ष मात्र जिम्मेवार हुदैन । बिभिन्न पक्षहरु जिम्मेवार हुन्छन ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ को उपिनयम ३ को व्यवस्था अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभइ निर्माण कायको खरिद कारवाही शुरु गनु हुदैन भन्ने व्यवस्था छ । यस आधारमा साइट क्लियर नभइ निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने भए तापनि साइट क्लियर नहुदै खरिदको काम अगाडि बढेको देखिन्छ । यस आयोजनाको मुख्य समस्या भनेको साइट क्लियर नहुनु हो भन्ने कुरा आयोजना प्रमुख र यस आयोजनाको डिजाइन तथा सुपरभिजनको काम गर्ने निकायहरुको रहेको छ ।

यो आयोजना कार्यान्वयन गर्ने क्षेत्र जनकपुर उपमहानगरपालिकाको मुख्य बस्ती रहेको ठाउँमा रहेको छ । आयोजना कार्यान्वयनको क्रममा धेरै ठाउमा घर तथा पर्खालहरु भत्काउनु पर्ने अवस्था रहेको साथै कतिपय स्थानमा घर अगाडिका भागहरु क्लियर गर्नु पर्ने अवस्था रहेको । बाक्लो बस्तीको क्षेत्र भएकोले घर सम्म यातायातका साधन तथा पैदल मार्फत पुग्न पनि बाटोको बैकल्पिक व्यवस्था गर्नु पर्ने जस्ता कारणले पनि काममा ढिलाइ भएको देखिन्छ । तथापी हाल धेरै हद सम्म साइट क्लियर भएको देखिन्छ । र काम पनि सोहि आधारमा अगाडि बढेको देखिन्छ । आयोजनाको काम हेर्दा अब फुटपाथ निर्माण गर्ने काम प्रमुख रुपमा रहेको छ । फुटपाथको लागि पनि कतिपय स्थानमा साइट क्लियर गर्नु पर्ने अवस्था रहेको छ । भने टेलिकम र विद्युत प्राधिकरणले फुटपाथ बनाउँने क्षेत्रमा एरियामा जमिन मुनिबाट तार र टेलिफोनको तार राख्नको लागि पाइप बिच्छयाउने काम संग संगै गरेको देखिन्छ । यस्ता पाइप र तार बिच्छयाउने काम गरेपछि फुटपाथ बनाउने काम गर्दा कतिपय अवस्थामा काममा केही ढिला हुन गए पनि काम निरन्तर भइरहेको भन्ने भनाई आयोजना प्रमुख र डिजाइन तथा सुपरभिजनकर्ताकाको रहेको छ ।

यस आयोजनाको डिजाइन तथा सुपरभिजनको काम Soil test (p) Limited in Joint venture with Welink Consultants(p) Ltd., Aviyan Consulting (p) Ltd. in association with Beam Consultants(p) Ltd. ले लिएको देखिन्छ । कम्पनीले आयोजनाको डि.पि.आर. तयार गर्दा नै आयोजना कार्यान्वयनमा ल्याउदा आउन सक्ने स्थानीय परिस्थितीको केहि पक्षमा राम्रो विश्लेष्ण हुन नसकेको देखिन्छ । स्थानीय परिस्थितीको सबै पक्षमा राम्रो विश्लेष्ण हुन सकेको भए समय व्यवस्थापन गर्न सहज हुने थियो । आयोजना कार्यान्वयनमा स्थानीयबासीको सहयोगले परियोजना सम्पन्न गर्न सहज बनाउँदछ भने सहयोग भएन भने आयोजना सम्पन्न गर्न समय बढी लाग्दछ । यसको लागी उचित विश्लेषण गरी व्यवस्थापन गर्ने तर्फ पहिल्याउनु पर्ने थियो । त्यस तर्फ केहि ध्यान नपुगेको देखिन्छ । साथै डि.पि.आर. तयार गर्दाको डिजाइन मध्ये कतिपय बिषयमा फेरबदल भएको पनि देखिन्छ । यसले काममा केहि हदसम्म ढिलाई भएको हो कि भन्ने अनुमान गर्न सकिन्छ । तथापि डिजाइनमा भएको

केहि परिवर्तनका कारण आयोजनाको कार्यान्वयनमा ढिलाई भएको छैन भन्ने भनाई डिजाइन तथा सुपरभिजन गर्ने निकायको रहेको छ ।

यस आयोजनामा ZIEC/SHARMA JV को तर्फबाट स्थानीय निर्माण व्यवसायी Raman Construction, Dhanusa ले काम गरेको देखिन्छ । अनुगमनका क्रममा स्थलगत निरीक्षण गर्दा निर्माण व्यवसायीले धेरै स्थानबाट काम गराएको देखिन्छ । साना तिना अवरोध एबम तथा घर नभत्केका स्थान बाहेकका स्थानमा विवाद भएका स्थान छाडेर काम भएको देखिन्छ । शुरुवातका चरणमा कामका सम्बन्धमा कम ध्यान दिएको कारण काममा ढिलाई भएको हो कि भन्ने अवस्था रहे पनि हाल निर्माण व्यवसायी पक्षले काम गरीरहेको नै देखिन्छ ।

आयोजनका कार्यान्वयनका क्रममा खास गरी बिद्युतका पोल र टेलिकमका तारहरु व्यस्थापनको समयमा व्यवस्थापन नहुदा काममा अवरोध आएको देखिन्छ । यसमा खास गरी टेलिकम र बिद्युतका स्थानीय कार्यालयहरुलाई पोल बिस्तार तथा तार व्यवस्थापनको कामको लागी सबै बिषयमा निर्णय गर्ने अधिकार नहुदा सम्बन्धित तालुक निकायहरुमा पत्राचार गर्ने तथा सम्बन्धित निकायहरुबाट आदेश निर्देशन दिने तथा कतिपय अवस्थामा निरीक्षण समेत गर्ने र आवश्यक निर्देशन दिने जस्ता कारणले गर्दा पनि काममा ढिलाई भएको देखिन्छ । हाल यस्तो अवस्था नरहे पनि पुटपाथ एरियामा जमिन मुनिबाट तार र टेलिफोनको तार राख्नको लागि पाइप बिच्छयाउने काम जति छिटो भयो आयोजनाको काम पनि सोही आधारमा अगाडि बढने देखिन्छ ।

### (ङ) निष्कर्ष

यस आयोजनको सम्झौताअवधि भित्र बमोजिम काम सम्पन्न हुन नसकि म्याद थप भई सन् २०१८, डिसेम्बर ५ सम्म आयोजना सम्म गर्ने म्याद दिएको देखिन्छ । आयोजनको डिजाइन देखि नै बिश्लेष्ण गर्नु पर्ने कतिपय कुराहरुको बिश्लेष्ण नहुदा आयोजनाको काम निर्धारित समयमा सम्पन्न हुन सकेन । सन २०१८ को अगस्ट सम्म ८५ प्रतिशत काम सम्पन्न भएको प्रतिवेदनबाट देखिन्छ । बाँकी रहेको अन्य कामका अतिरिक्त खास गरी फुटपाथको काम धेरै बाकी रहेको र थोरै केहि स्थानमा मात्र अवरोध रहेको कारण काममा तदारुकता देखाउन सकेमा आयोजना सम्पन्न गर्न कठिनाई नपर्ने देखिन्छ । यसको लागि सम्बन्धित सबै पक्षहरु उत्तिकै जिम्मेवार हुनुपर्दछ । सबै पक्षहरु मध्ये आयोजना प्रमुख नै मुख्य रुपमा सक्रिय भई कामलाई द्रुत गतिमा लैजान काम गर्ने स्थानमा हाल सम्म पनि बाँकी रहेका अवरोधहरु सल्टयाइदिनु पर्दछ । साथै समन्वय गर्ने कामहरुको समन्वय गरीदिने, डिजाइन तथा सुपरिभजनकर्ताले आफनो जिम्म्वारी लाई उच्च प्राथमिकता दिएर गर्ने र निर्माण व्यवसायीले थप जनशक्ति परिचालन गरी बाँकी रहेको काम रहेका बिभिन्न क्षेत्रहरुबाट एकैपटक काम

शुरुवात गरी निरन्तर रुपमा अगाडि बढाउने हो भने निर्धारित अवधिमा आयोजना सम्पन्न हुन सक्ने संकेत देखिन्छ ।

## ५. जनकपुर उपमहानगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना :

### (क) पृष्ठभूमि

जनकपुर उपमहानगरपालिकामा सञ्चालित एकीकृत शहरी विकास आयोजना (Integrated Urban Development Project) निर्माण कार्यको प्रगती सम्बन्धमा उच्च अदालत जनकपुरमा परेको रिटमा सार्वजनिक खरिद अनुगमन कार्यालयलाई समेत बिपक्षी बनाई दायर भएको रिटमा उच्च अदालत जनकपुर (रिट शाखा) को प.स.८०।०७४-WO-००६४,च.नं.३६१५,मिति २०७४।८।१० को पत्र अनुसार जनकपुर उपमहानगरपालिका र ZIEC/SHARMA JV बीच भएको सम्झौता अनुसार भइरहेको निर्माण कार्यको नियमित निरीक्षण गरी आवश्यक निर्देशन दिन तथा भइरहेको प्रगती विवरण प्रत्येक महिना पेश गर्न निर्देशन भएको । सो सम्बन्धमा आयोजनाको कार्यप्रगति सम्बन्धमा देहाय बमोजिमको अवस्था रहेको व्यहोरा अनुरोध छ । यो प्रतिवेदन आयोजना स्थलगत अनुगमन गर्दा देखिएको अवस्था र यस आयोजनको डिजाइन तथा सुपरभिजनको काम गर्ने जम्मेबारी पाएको Soil test (p) Limited in Joint venture with Welink Consultants (p) Ltd., Aviyan Consulting (p) Ltd in association with Beam Consultants (p) Ltd. ले आयोजना कार्यालयमा पेश गरेको प्रतिवेदनमा आधारित रहि तयार गरिएको छ । आयोजना सम्बन्धित समग्र पक्षहरु आयोजना संग सम्बन्धित निकाय र सम्बन्धित निर्माण व्यवसायी बीच भएको सम्झौता बमोजिम हुने हुदा सो बमोजिम सम्बन्धित निकायहरुले आ-आफनो तर्फबाट अनुगमन मुल्याङ्कन गुणस्तर परीक्षण लगायतका बिषयहरुमा जिम्मेवारी बहन गर्ने अवस्था रहन्छ । यस कार्यालयलाई कामको प्रगति पेश गर्न अदालतको आदेश भएकोले सोही बमोजिम प्रतिवेदन तयार गरिएको छ ।

### (ख) आयोजना सम्बन्धि संक्षिप्त विवरण

Major work items to be carried out under this contract:

- Construction of primary,secondary and tertiary storm water drains.
- Improvement of urban road with asphalt concrete pavement including side drains.
- And related structure

**<u>The scope of works for this project is divided into two components:</u>**

**Component-I**: Improvement and Development of Drainage system

**Component-II**: Improvement of Urban roads and lanes.

*Contract No:* IUDP/DR/JNK/ICB-01

*Contract Name:* Improvement and Development of storm water drainage and urban road subproject

*Contractor:* ZIEC-Sharma Jv

*Employer:* Janakpur Sub Metropoliton city

Integrated Urban Development Project(IUDP)

Project Implementation Unit(PIU), Janakpur, Dhanusha, Nepal

*The Engineer:* Soil Test-Welink-Aviyaan Jv in association with BEAM Janakpur, Dhanusha

*Executing Agency:* Department of Urban Development and Building Construction(DUDBC)

*Contract agreement date:* 23rd December, 2015

*Original completion date:* 21th February 2018

*Revised completion date after EOT-3:* 29th March 2019

*Original Contract Amount(Including VAT):* NRs 988,156,638.13

*Revised Contract amount as per VO-2(Including VAT):* NRs 1,158,816,147.29

*Payment till date(Upto IPC-19) :* NRs. 1,125,797,604.58(including VAT)

*Physical Progress:* 100%

*Financial Progress:* 97.15%

*Total Length of Road works completed:* 9.878 Km

*Total length of Hume pipe laid till March 2019(Drainage works):* 31.26 Km

**(ग) आयोजनाको हालको अवस्था**

जनकपुर उपमहानगरपालिकामा संचालित एकीकृत शहरी विकास आयोजना (Improvement and Development of Storm Water Drainage and Urban Road Sub-Project, Contract No.IUDP/DR/JNK/ICB-01) एशियाली विकास बैकको सहयोगमा सञ्चालनमा आएको हो । उक्त आयोजनाको सन् २०१५ डिसेम्बर २३ मा सम्झौता भएको देखिन्छ ।

सम्झौता हुँदा यस आयोजनाको कार्य सम्पन्न गर्ने मिति फेब्रुअरी २१,२०१८ रहेकोमा पुन म्याद थप भई २९ मार्च,२०१९ सम्म कायम भएको थियो । हाल यस आयोजनको म्याद समाप्त भएको छ ।

सम्झौताा हुँदा यस आयोजनाको कुल लागत शुरुमा रु. ९८,८१,५६,६३८। १३ (भ्याट सहित) (रु. अन्ठानब्बे करोड एकासी लाख छपन्न हजार छ सय अठ्तीस र पैसा तेह्र) रहेको थियो । भेरिएसन पश्चात कुल लागत रु १,१५,८८,१६,१४७।२९ (भ्याट सहित) (रु. एक अर्व पन्ध्र करोड अठासी लाख सोह्र हजार एक सय सत्चालीस र पैसा उन्नतीस) कायम भएको देखिन्छ ।

यस आयोजनाको लागी डिजाइन तथा सुपरभिजनको काम गर्ने जम्मेबारी पाएको Soil test (p) Limited in Joint venture with Welink Consultants (p) Ltd., Aviyan Consulting (p) Ltd in association with Beam Consultants(p)Ltd. ले आयोजना प्रमुखलाई लेखेको पत्रानुसार आयोजना कार्यान्वयनको लागि सम्झौता हुँदा आयोजनाको अवधि ७३० दिन हुने गरी कायम गरिएको थियो । यस आधारमा आयोजना फेब्रुअरी २१, २०१८ मा सम्पन्न हुनु पर्ने थियो । समयमा आयोजना सम्पन्न नभए पछि म्याद थप गरी आयोजनाको काम अगाडि बढाइएको देखिन्छ । ४०१ दिन म्याद थप भए पश्चात आयोजनाको म्याद २९ मार्च, २०१९ सम्म रहेकोमा हाल आयोजनाको म्याद समाप्त भएको छ । उक्त प्रतिवेदन अनुसार सन् २०१९ को मार्च २९ सम्म भौतिक प्रगति शतप्रतिशत सम्पन्न भएको छ । साथै मार्च ६,२०१९ सम्मको भुक्तानीको आधारमा आर्थिक प्रगति ९७.१५ प्रतिशत रहेको छ ।

स्थलगत अनुगमनबाट आयोजना को प्राविधिक पक्षको मुल्याङ्कन गर्दा कार्यालय अनुसार यस आयोजना अन्तर्गत गर्नु पर्ने सम्पूर्ण भौतिक कामहरु सम्पन्न भएको भनिए पनि केहि Chainage मा गरिएको कामहरु जस्तै Footpath, Thermoplastic paint, catchpit covers का कार्यहरुमा Defect देखिएकोले मर्मत सम्भार गर्नु पर्ने देखिन्छ । सोहि सम्बन्धि कार्यालयसँगको अन्तरक्रियामा कार्यालय तर्फबाट उक्त कामहरु यथाशिघ्र सम्पन्न हुने मौखिक जानकारी पाइयो ।

**(घ) आयोजना ढिलो हुनुका कारणहरु**

कुनै पनि आयोजना कार्यान्वयनका क्रममा बिभिन्न पक्षहरुले बिभिन्न जिम्मेवारी निर्वाहको जिम्मा लिएका हुन्छन । आयोजनाको लक्ष्य अनुसार काम हुन कुनै एक पक्ष मात्र जिम्मेवार हुदैन । बिभिन्न पक्षहरु जिम्मेवार हुन्छन । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ को उपिनयम ३ को व्यवस्था अनुसार सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभइ निर्माण कायको खरिद कारवाही शुरु गनु हुदैन भन्ने व्यवस्था छ । यस आधारमा साइट क्लियर नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्न नहुने भए तापनि साइट क्लियर नहुदै खरिदको

काम अगाडि बढेको देखिन्छ । यस आयोजनाको मुख्य समस्या भनेको सम्झौता हुँदा साइट क्लियर नहुनु देखिन्छ । आयोजना कार्यान्वयन गर्ने क्षेत्र जनकपुर उपमहानगरपालिकाको मुख्य बस्ती रहेको ठाउँमा रहेको छ । आयोजना कार्यान्वयनको क्रममा धेरै ठाउमा घर तथा पर्खालहरु भत्काउनु पर्ने अवस्था रहेको साथै कतिपय स्थानमा घर अगाडिका भागहरु क्लियर गर्नु पर्ने अवस्था रहेको । बाक्लो बस्तीको क्षेत्र भएकोले घर सम्म यातायातका साधन तथा पैदल मार्फत पुग्न पनि बाटोको बैकल्पिक व्यवस्था गर्नु पर्ने जस्ता कारणले पनि काममा ढिलाइ भएको देखिन्छ ।

यस आयोजनाको डिजाइन तथा सुपरभिजनको काम Soil test (p)Ltd. in Joint venture with Welink Consultants (p) Ltd., Aviyan Consulting (p) Ltd. in association with Beam Consultants(p) Ltd. ले लिएको देखिन्छ । कम्पनीले आयोजनाको डि.पि.आर. तयार गर्दा नै आयोजना कार्यान्वयनमा ल्याउदा आउन सक्ने स्थानीय परिस्थितीको केहि पक्षमा राम्रो विश्लेषण हुन नसक्दा समेत आयोजना कार्यान्वयनमा ढिलाई हुन पुगेको देखिन्छ । साथै डि.पि.आर. तयार गर्दाको डिजाइन मध्ये कतिपय बिषयमा फेरबदल भएको पनि देखिन्छ । यसले काममा केहि हदसम्म ढिलाई भएको हुन सक्ने सम्भावना देखिन्छ ।

यस आयोजनामा ZIEC/SHARMA JV को तर्फबाट स्थानीय निर्माण व्यवसायी Raman Construction, Dhanusa ले काम गरेको देखिन्छ । साना तिना अवरोध तथा घर नभत्केका स्थान बाहेक विवाद भएका स्थान छाडेर सम्बन्धित निर्माण व्यवसायीले काम गर्दै गएको भन्ने जानकारी प्राप्त भयो । साइट क्लियर भएका स्थानमा साइट क्लियर हुदै काम अगाडि बढ्नाले साइट क्लियर नभएका स्थानमा समेत साइट क्लियर गर्न दबाब श्रृजना गरेको देखिन्छ । यसरी थोरै थोरै भए पनि क्रमश आयोजनाको काम एक हदसम्म अगाडि बढन सकेको देखिन्छ । यसरी काम गर्दै जादा काममा ढिलाई हुन पुगेको भन्ने भनाई आयाजना प्रमुखको रहेको छ ।

**(ङ) निष्कर्ष**

यस आयोजनाको सम्झौता अवधि भित्र काम सम्पन्न हुन नसकि म्याद थप भई सन् २०१९ को मार्च २९ सम्म कायम भएकोमा उक्त समयावधि भित्र आयोजनाको म्याद पनि समाप्त भएको तथा भौतिक प्रगति पनि शतप्रतिशत सम्पन्न भएको यस आयोजनाको डिजाइन तथा सुपरभिजनको काम गर्ने Soil test (p) Ltd. in Joint venture with Welink Consultants(p) Ltd., Aviyan Consulting (p) Ltd. in association with Beam Consultants (p) Ltd. ले पेश गरेको प्रतिवेदनबाट देखिन्छ । आयोजनाको डिजाइन देखि बिभिन्न चरणमा आयोजना कार्यान्वयन गर्ने निकाय देखि स्थानीय बासिन्दाहरु समेत आयोजना

ढिला हुनुमा जिम्मेवार रहेका छन । तथापि आयोजनाको म्याद थप भई कायम रहेको अवधिमा आयोजना सम्पन्न भएकोले यसलाई सकारात्मक पक्षका रुपमा दिनुपर्दछ ।

साथै आयोजना अर्न्तगत गर्नु पर्ने सम्पुर्ण भौतिक कामहरु सम्पन्न भएको भनिए पनि केहि Chainage मा गरिएको कामहरु जस्तै Footpath, Thermoplastic paint, catchpit covers का कार्यहरुमा Defect देखिएकोले उक्त कामहरु तत्काल मर्मत सम्भार गर्नु पर्ने देखिन्छ ।

## ६. जलश्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

उक्त कार्यालयको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था बमोजिम उक्त कार्यालयमा खरिद इकाईको स्थापना भएको ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहे पनि खरिद योजना तथा गुरुयोजना तयार गरेको देखिएन ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३) (ख) मा "सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने" भन्ने प्रवधान रहेकोमा

बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको जानकारी प्राप्त भयो ।

### (४) खरिद विधिको छनौट

आ.ब. २०७५/०७६ मा आह्वान भएका बोलपत्रहरु मध्ये Construction of Embankment and Sloping Gabion Revetment, ठेक्का नं AKRTW/WRIDDO-01-2075/76 र Construction of Gabion Spur and Revetment works, ठेक्का नं AKRTW/WRIDDO-02-2075/76 कार्यको बोलपत्र आह्वान राष्ट्रिय स्तरको खुला बोलपत्र गरी गरेको देखियो ।

### (५) बिद्युतीय खरिद

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना, संचालन र व्यवस्थापन गरेको छ । बोलपत्र आह्वान गर्दा निर्देशिकामा तोकिए बमोजिम रकमको लागि उक्त सिस्टम मार्फत नै बोलपत्रको काम गर्ने गरेको जानकारी प्राप्त भयो ।

### (६) जनशक्तिको क्षमता विकास

खरिदसंग सम्बन्धित कामकारवाहीहरुमा गुणात्मकता हासिल गर्न जनशक्तिलाई उचित तालिम लगायतका अवसरहरु उपलब्ध हुनु जरुरी हुन्छ । दक्ष जनशक्तिबाट नै संगठनले अपेक्षित नतिजा हासिल गर्न सक्दछ । खरिद इकाइमा काम गर्ने कर्मचारीहले खरिद सम्बन्धि तालिम प्राप्त गरेको देखिएन ।

अनुगमन गरिएको फाइलहरुः Construction of Embankment and Sloping Gabion Revetment ठेक्का नं AKRTW/WRIDDO-01-2075/76 र Construction of Gabion Spur and Revetment works ठेक्का नं AKRTW/WRIDDO-02-2075/76 कार्यका लागि आ.ब. ०७५/७६ मा बोलपत्र आह्वान भई क्रमसः रु. २४,५२,७६५।५७ (भ्याट सहित) र रु. ४९,१९,७७४।७९ (भ्याट सहित) ठेक्का सम्झौता भई काम अघि बढेको देखिन्छ ।

### (ख) बोलपत्र सम्बन्धी संक्षिप्त विवरण

**फाइल नं. १ :** Construction of Embankment and Sloping Gabion Revetment

| | | |
|---|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय | |
| | AKRTW/WRIDDO-01-2075/76 | |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of Embankment and Sloping Gabion Revetment | |
| लागत अनुमान | ४३,३०,५०८।३६ (भ्याट तथा कन्टिनजेन्सी सहित) | |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) | |
| खरिद सम्झौता विधि | Unit Rate Contract | |
| बोलपत्र आह्वान मिति | २०७५।०९।२७ | |
| बोलपत्र खोलिएका मिति | २०७५।१०।२८ | |
| पेश भएका बोलपत्र संख्या | ५ वटा (१-हार्डकपी, ४-ई बिड) | |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ५ वटा | |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७५।११।२२ (नयाँ पत्रिका) | |
| खरिद सम्झौताको मिति | २०७५।१२।०५ | |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको | |
| खरिद सम्झौता रकम | २४,५२,७६५।५७ (भ्याट सहित) | |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-४०।४४%) | |
| ठेकेदारको नाम | नवलपुर कन्स्ट्रक्सन सर्भिसेज, शिव मन्दिर-३, नवलपरासी | |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | २०७६।०२।३० सम्म | |

**फाइल नं.२ :** Construction of Gabion Spur and Revetment works

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय |
| | AKRTW/WRIDDO-02-2075/76 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of Gabion Spur and Revetment works |
| लागत अनुमान | ८९,६५,१२७।०५ (भ्याट तथा कन्टिनजेन्सी सहित) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।०९।२७ |

| | |
|---|---|
| बोलपत्र खोलिएका मिति | २०७५।१०।२८ |
| पेश भएका बोलपत्र संख्या | ८ वटा (१-हार्डकपी, ७-ई बिड ) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ८ वटा |
| आशयपत्रको सुचना निकालिएको मिति | २०७५।११।२२ (नयाँ पत्रिका) |
| खरिद सम्झौताको मिति | २०७५।१२।०५ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | ४९,१९,७७४।७९ (भ्याट सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-४२।३६%) |
| ठेकेदारको नाम | नवलपुर कन्स्ट्रक्सन सर्भिसेज, शिव मन्दिर-३, नवलपरासी |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | २०७६।०३।१५ सम्म |

**(ग) बोलपत्रको विशेष मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । यी ठेक्काहरुमा बोलपत्र मुल्याङ्कन समितिले मुल्याङ्कन गरी प्रतिवेदन पेश गरेको देखिन्छ । दर्ता हुन आएका बोलपत्रदाता मध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने बोलपत्रदाताको टेन्डर स्वीकृतीको लागि सिफारिस गरेको देखिन्छ । तथापी नियमावलीमा विशेष मुल्याङ्कन गर्दा के के बिषय हेर्ने भन्ने बारेमा स्पस्ट व्यवस्था भए तापनि सो बारेमा केहि खुलेको देखिदैन । निर्माण कार्यको बिशेष मुल्याङ्कन नहुँदा बोलपत्र मुल्याङ्कन अपुरो रहेको र बिशेष मुल्याङ्कन नगरी खरिद सम्झौता हुँदा सम्झौता कार्यान्यनको सिलसिलामा विभिन्न समस्या र जोखिमहरु आउन सक्ने सम्भावना रहने दखिन्छ । साथै बोलपत्र मुल्याङ्कन समितिले सबै कुरा समेटेर प्रतिवेदन तयार गरिएको समेत देखिएन ।

**(घ) बोलपत्र मुल्याङ्कन समिति**

बोलपत्र मुल्याङ्कनको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ बमोजिमको समिति गठन गरी मुल्याङ्कन गर्नुपर्ने व्यवस्था भएतापनि सो बमोजिम मुल्याङ्कन समिति गठन भएको देखिएन ।

**(ङ) खरिद सम्झौता**

सम्झौता सार्वजनिक खरिदको महत्वपूर्ण पक्ष हो । सम्झौतामा उल्लेख भएका बिषयहरुका आधारमा नै दुबै पक्षहरुले आफनो जिम्मेवारी पूरा गर्नु पर्ने हुन्छ । यस आधारमा खरिद

सम्झौतामा रहने सबै बिषयहहरु पूर्ण हुनु जरुरी हुन्छ । निर्माण व्यवसायी बीच भएका सम्झौता हेर्दा त्यसो हुन सकेको देखिदैन । सम्झौता गर्दा राख्नु पर्ने सबै डकुमेन्टहरु समावेश गरेको पाइदैन ।

### (च) खरिद कारवाहीको डकुमेन्ट व्यवस्थापनः

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्नेछ भन्ने व्यवस्था छ । उक्त फाइलमा रहने कागजातहरुका बारेमा समेत उल्लेख भएको पाइन्छ । अनुगमनको क्रममा उक्त कार्यालयले फाइलहरु थप व्यवस्थित रुपमा राख्नु पर्ने तर्फ ध्यान दिनुपर्ने देखियो ।

### (छ) कमी कमजोरीहरु

(१) कार्यालय र निर्माण व्यवसायी बीच सम्झौता हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको Standard Bidding Document मा उल्लेख भए अनुसार राख्नुपर्ने सम्बन्धित कागजातहरु राखेर सम्झौता हुनुपर्नेमा बोलपत्र आह्वान गर्दा प्रयोग भएको बिड डकुमेन्ट राखेर सम्झौता भएको देखिदा आगामी दिनहरुमा सुधार गर्नुपर्ने देखिन्छ ।

(२) कार्यालयले बोलपत्र आव्हान गर्दा देखि सम्झौता गर्ने सम्मको कागजातको अभिलेख व्यवस्थित तरिकाले राख्नु पर्ने तर्फ ध्यान दिनुपर्ने ।

(३) बोलपत्र मुल्यांकनको क्रममा बोलपत्रदाताहरु कालोसूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(४) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मुल्याङ्कन गर्दा विशेष मुल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन ।

(५) निर्माण व्यवसायी सँगको सम्झौता सँग आवश्यक पर्ने निर्माण व्यवसायीको कार्य सम्पन्न सम्मको Work Schedule र Quality Assurance Plan पेश भएको देखिएन ।

### (ज) निष्कर्ष

उक्त कार्यालयबाट भएका बिभिन्न खरिद क्रियाकलापहरु मध्ये दुई वटा बोलपत्रहरुको खरिद क्रियाकलापको अध्ययन गरिएकोमा बोलपत्र आह्वान गर्दा प्रयोगमा ल्याइएको डकुमेन्ट राम्रो नै देखियो । विद्युतीय माध्यमबाट समेत बोलपत्र पेश भएको देखिएको । कार्यालयले निर्माण व्यवसायीसँग सम्झौतामा आवश्यक पर्ने सम्पूर्ण कागजपत्रहरु यकिन गरी सो सम्झौतामा

राख्नु पर्ने देखियो । साथै खरिद सम्बन्धि सम्पूर्ण कागजातको अभिलेख व्यवस्थित तरिकाले कार्यालयमा राखिनु पर्ने देखिन्छ ।

## ७. कमला नदी नियन्त्रण आयोजना, जनकपुरधाम, धनुषा :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

उक्त कार्यालयको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा उक्त आयोजनमा खरिद इकाईको स्थापना गरेको देखियो । तथापी खरिद इकाईमा रहने कुनै पनि कर्मचारीहरुले खरिदको तालिम लिएको पाईएन ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । बार्षिक खरिद योजना तयार गरिएको तर खरिदको गुरुयोजना तयार गरेको पाईएन ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३)(ख) मा “सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने” भन्ने प्रवधान रहेकोमा बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको जानकारी प्राप्त भयो ।

### (४) खरिद विधिको छनौट

आ.ब. २०७१/७२ मा आह्वान भएका बोलपत्रहरु मध्ये Construction of A.F.S. Work in Kamala River at ch.12+100km Kataniya River left Bank Siraha ठेक्का नं I-N/Kamala/LB-84/070/71 र Construction of Anti Flood Sluice work (10 Barrrel) at chainage 16+200 ठेक्का नं I-N/Kamala/LB-82/070/71 को बोलपत्र राष्ट्रिय स्तरको खुला बोलपत्र आह्वान गरेको देखिन्छ ।

### (५) बिद्युतीय खरिद

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्पच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना, संचालन र व्यवस्थापन गरेको छ । हाल उक्त सिस्टम मार्फत नै बोलपत्रको काम गर्ने गरेको जानकारी प्राप्त भयो ।

### (६) जनशक्तिको क्षमता विकास

खरिदसंग सम्बन्धित कामकारवाहीहरुमा गुणात्मकता हासिल गर्न जनशक्तिलाई उचित तालिम लगायतका अवसरहरु उपलब्ध हुनु जरुरी हुन्छ । दक्ष जनशक्तिबाट नै संगठनले अपेक्षित नतिजा हासिल गर्न सक्दछ । खरिद इकाइमा काम गर्ने कर्मचारीहरुले खरिद सम्बन्धि तथा इजिपी तालिम नलिएको देखियो ।

### (ख) अनुगमन गरिएको फाइलहरु

(१) Construction of A.F.S. Work in Kamala River at ch.12+100km Kataniya River left Bank Siraha

कमला नदी नियन्त्रण आयोजना, धनुषाबाट Construction of A.F.S. Work in Kamala River at ch.12+100km Kataniya River

left Bank Siraha ठेक्का नं I-N/Kamala/LB-84/070/71 र Construction of Anti Flood Sluice work (10 Barrrel) at chainage 16+200 ठेक्का नं I-N/Kamala/LB-82/070/71 को लागि आ.ब. २०७१/७२ मा बोलपत्र आह्वान भई क्रमसः रु.

७,६३,१२,५२२।३७ (भ्याट सहित) र १२,९४,४०,३०८।५२(भ्याट सहित) ठेक्का सम्झौता भई काम अघि बढेको देखिन्छ ।

**बोलपत्र सम्बन्धी संक्षिप्त विवरण**

**फाइल नं. १**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | कमला नदी नियन्त्रण आयोजना, जनकपुरधाम, धनुषा<br>I-N/Kamala/LB-84/070/71 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of A.F.S. Work in Kamala River at ch.12+100km Kataniya River left Bank Siraha |
| लागत अनुमान | १०,२२,११,२३३।३१ (मु.अ.क र कन्टिन्जेन्सी समेत) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७१।०६।०७ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | हिमालय टाइम्स राष्ट्रिय दैनिक |
| बोलपत्र खोलिएका मिति | २०७१।०७।१६ |
| पेश भएका बोलपत्र संख्या | ११ वटा (४ वटा इविड र ७ वटा हार्डकपी ) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ९ वटा |
| आशयपत्रको सुचना निकालिएको मिति | २०७१।११।२६ |
| खरिद सम्झौताको मिति | २०७१।१२।१० |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | ६,७५,३३,२०५।६४ (भ्याट बाहेक), भ्याट रु. ८७,७९,३१६।७३ समेत रु. ७,६३,१२,५२२।३७ ( भ्याट सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-२५।३३%) |
| ठेकेदारको नाम | लामा खानी जगदम्वा जे.भी., बुद्धनगर, काठमाडौं |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १५ महिना (२०७३।०३।०२) सम्म) |
| पहिलो पटक म्याद थप | २०७४।०३।२० |
| दोश्रो पटक म्याद थप | २०७५।०९।१६ |

| | |
|---|---|
| तेस्रो पटक म्याद थप | २०७६।०३।३० |

**फाइल नं.२**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | कमला नदी नियन्त्रण आयोजना, जनकपुरधाम, धनुषा<br>I-N/Kamala/LB-82/070/71 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of Anti Flood Sluice work (10 Barrrel) at chainage 16+200 |
| लागत अनुमान | १८,६७,३६,४४८।८८ (भ्याट सहित) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७१।०६।०७ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | हिमालय टाइम्स राष्ट्रिय दैनिक |
| बोलपत्र खोलिएका मिति | २०७१।०७।१६ |
| पेश भएका बोलपत्र संख्या | १२ वटा |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ११ वटा |
| आशयपत्रको सुचना निकालिएको मिति | २०७१।११।०५ |
| खरिद सम्झौताको मिति | २०७१।१२।१० |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | १२,९४,४०,३०८।५२(भ्याट सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-३०।६८%) |
| ठेकेदारको नाम | रमण कन्स्ट्रक्सन, जनकपुर-९, धनुषा |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १५ महिना (२०७३।०३।२० सम्म) |
| पहिलो पटक म्याद थप | २०७५।०२।३० |
| दोश्रो पटक म्याद थप | २०७५।०९।२९ |
| पहिलो पटक म्याद थप | २०७६।०२।३२ |

**(ग) बोलपत्रको विशेष मुल्याङ्कन**

माथी उल्लेखीत Construction of A.F.S. Work in Kamala River at ch. 12+100km Kataniya River left Bank Siraha ठेक्का नं DROPT /3373554/074/75-14 मा पेश भएका ११ वटा बोलपत्रहरु मध्ये सात वटा हार्डकपी र ४ वटा विद्युतीय माधयमबाट पेश

भएको देखिन्छ । उक्त बोलपत्रहरु मध्ये ९ वटा बोलपत्र प्राविधिक रुपमा समेत सफल भएको मुल्याङ्कन प्रतिवेदनबाट देखिन्छ । प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोलेको देखिन्छ । यसरी खोलिएका प्रस्तावहरु मध्ये लामा खानी जगदम्वा जे.भी., बुद्धनगर, काठमाडौले प्रस्ताव गरेको रकम रु. ७,६३,१२,५२२।३७ (भ्याट समेत) सबै भन्दा न्यून मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त प्रस्तावदाताको बोलपत्र स्वीकृत भएको देखिन्छ ।

साथै माथी उल्लेखीत Construction of Anti Flood Sluice work (10 Barrrel) at chainage 16+200 ठेक्का नं I-N/Kamala/LB-82/070/71 मा पेश भएका १२ वटा बोलपत्रहरु मध्ये ८ वटा बोलपत्र प्राविधिक रुपमा समेत सफल भएको मुल्याङ्कन प्रतिवेदनबाट देखिन्छ । प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव खोलेको देखिन्छ । यसरी खोलिएका प्रस्तावहरु मध्ये रमण कन्स्ट्रक्सन, जनकपुर-९, धनुषाको प्रस्ताव गरेको रकम रु. १२,९४,४०,३०८।५२ (भ्याट सहित) सबै भन्दा न्यून मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त प्रस्तावदाताको बोलपत्र स्वीकृत भएको देखिन्छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । यस ठेक्कामा मुल्याङ्कन समितिले बोलपत्रको मुल्याङ्कन गरी प्रतिवेदन पेशे गरेको देखिन्छ । एकैपटक आह्वान भएका धेरै वटा बोलपत्रहरुको बोलपत्र नम्बर अनुसार प्राविधिक प्रस्तावमा सफल भएका रुपमा मध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने बोलपत्रदाताको बोलपत्रदाताको टेन्डर स्वीकृतीको लागि सिफारिस गरेको देखिन्छ । तथापी नियमावलीमा विशेष मुल्याङ्कन गर्दा के के बिषय हेर्ने भन्ने बारेमा स्पस्ट व्यवस्था भए तापनि सो बारेमा केहि खुलेको देखिदैन । निर्माण कार्यको बिशेष मुल्याङ्कन नहुँदा बोलपत्र मुल्याङ्कन अपुरो रहेको र बिशेष मुल्याङ्कन नगरी खरिद सम्झौता हुँदा सम्झौता कार्यान्यनको सिलसिलामा विभिन्न समस्या र जोखिमहरु आउन सक्ने सम्भावना रहने दखिन्छ । साथै बोलपत्र मुल्याङ्कन समितिले सबै कुरा समेटेर प्रतिवेदन तयार गरिएको समेत देखिएन ।

**(घ) कमी कमजोरीहरु**

(१) यस आयोजनाको सम्झौता हुँदा अध्ययन गरिएको दुवै आयोजना सम्पन्न गर्नुपर्ने समयावधि १५ महिना अर्थात २०७३।३।२) सम्म रहकोमा तेश्रो पटक म्याद थप भई क्रमस: २०७६।०३।३० र २०७६।०२।३२ सम्म कायम भएको देखिन्छ । यसरी समयमा आयोजना सम्पन्न नहुनु नै आयोजनाको प्रमुख समस्या हो । म्याद थप सम्बन्धि विवरणमा उल्लेख भए अनुसार समयमा काम सम्पन्न हुन नसक्नुको कारणमा तटबन्धको Alignment मा स्थानीय विवाद, Dewatering मा समय लाग्ने र बजेट

अभाव उल्लेख भएको पाइन्छ । यसरी समयमा आयोजना सम्पन्न नहुनुमा मुख्य रुपमा आयोजनाबाट प्रभावितहरुका लागि क्षतिपूर्ति दिने व्यवस्था नहुँदा स्थानीयहरुको विवाद आएको भन्ने भनाई आयोजना कार्यालयको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्नु हुदैन भन्ने व्यवस्था भएता पनि आयोजनाको काम अगाडि बढाउँदा सो बारेमा उचित विश्लेषण भएको देखिएन । यहि कारणले गर्दा नै आयोजना समयमा सम्पन्न हुन नसकेको देखिन्छ ।

(२) बोलपत्र मुल्यांकनको क्रममा बोलपत्रदाताहरु कालोसूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(३) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मुल्याङ्कन गर्दा विशेष मुल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन । मुल्याङ्कन नहुँदा खरिद सम्झौता कार्यान्यनमा विभिन्न किसिमका समस्याहरु देखा पर्न सक्ने अवस्था रहन सक्छ ।

(४) बोलपत्र आह्वान गर्दा प्रयोग गरिएको टेन्डर डकुमेन्ट सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारि भएको स्टयान्र्डड बिड डकुमेन्टमा आधारित रहेर गरिएको भए तापनि कार्यालयले तयार गर्ने क्रममा केहि कमजोरीहरु समेत देखिएकोले हुँदा आगमी दिनमा थप सचेतता अपनाउनु पर्ने देखिन्छ ।

(५) आयोजना पक्ष र निर्माण व्सायी बीच सम्झौता हुदा राख्नु पर्ने सम्बन्धित कागजातहरु राखेर सम्झौता हुनु पर्नेमा बोलपत्र आह्वान गर्दा प्रयोग भएको बिड डकुमेन्ट राखेर सम्झौता भएको देखिन्छ ।

(६) सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा ३ (च) मा पूर्व योग्यताको प्रस्ताव, बोलपत्र वा परामर्श सेवाको प्रस्ताव प्राप्त गर्ने र त्यसलाई सुरक्षित तरिकाले राख्ने उल्लेख भएको तर कार्यालयले सो अनुसार राखेको देखिएन ।

**(ङ) निष्कर्ष**

उक्त आयोजना कार्यालयबाट भएका बिभिन्न खरिद क्रियाकलापहरु मध्ये दुई वटा बोलपत्रहरुको खरिद क्रियाकलापको अध्ययन गरिएकोमा बोलपत्र आह्वान गर्दा प्रयोगमा ल्याइएको डकुमेन्ट राम्रो नै देखियो । विद्युतीय माध्यमबाट समेत बोलपत्र पेश भएको देखिएको । बोलपत्रको मुल्याङ्कनका क्रममा आगामी दिनहरुमा खरिद ऐन तथा नियमावलीहरुमा भएका

व्यवस्थाहरु खरिद क्रियाकलापहरुको शुरुवात देखि मुल्याङ्कन र आयोजना कार्यान्वयनका चरण समेतमा थप ध्यान दिनुपर्ने देखियो । साथै खरिदमा काम गर्ने कर्मचारीहरुको लागि तालिमको व्यवस्था भएमा काममा थप सघाउ पुग्ने अपेक्षा गर्न देखिन्छ ।

## ८. कावासोती नगरपालिका, नवलपरासी (बर्दघाट सूस्ता पूर्व) :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

उक्त कार्यालयको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा उक्त नगरपालिकामा खरिद इकाईको स्थापना गरेको देखियो । साथै खरिद इकाईमा रहने कर्मचारीहरुले खरिदको तालिम लिएको पाइयो ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । उक्त नगरपालिकामा खरिद योजना तयार गरेको देखिए तापनि खरिदको गुरुयोजना तयार गरेको देखिएन ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३) (ख) मा “सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने” भन्ने प्रवधान रहेकोमा बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात

बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको जानकारी प्राप्त उक्त नगरपालिकामा भएको छलफलमा जानकारी प्राप्त भयो ।

**(४) खरिद विधिको छनौट**

आ.ब.२०७५/०७६ मा आह्वान भएका बोलपत्रहरु मध्ये Kawasoti Water Supply and Sanitation Project (Construction of Overhead Tank (450 m3) ठेक्का नं 26/KM/NCB/2075-76 र Construction of Office Building (ward no 15) of Kawasoti Municipality ठेक्का नं 06/KM/NCB/2075-76 निर्माण कार्यको बोलपत्र आह्वान राष्ट्रिय स्तरको खुला बोलपत्र गरी गरेको देखियो ।

**(५) बिद्युतीय खरिद**

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना, संचालन र व्यवस्थापन गरेको छ । बोलपत्र आह्वान गर्दा निर्देशिकामा तोकिए बमोजिम रकमको लागि उक्त सिस्टम मार्फत नै बोलपत्रको काम गर्ने गरेको जानकारी प्राप्त भयो ।

**(ख) अनुगमन गरिएको फाइलहरु**

Kawasoti Water Supply and Sanitation Project (Construction of Overhead Tank (450 m3) ठेक्का नं 26/KM/NCB/2075-76 र Construction of Office Building (ward no 15) of Kawasoti Municipality ठेक्का नं 06/KM/NCB/2075-76 निर्माण कार्यका लागि आ.ब. २०७५/७६ मा बोलपत्र आह्वान भई क्रमस रु. १,६३,३४,८५६।५० (भ्याट बाहेक) र रु. ५२,९७,७३९।१६ (भ्याट बाहेक) ठेक्का सम्झौता भई काम अघि बढेको देखिन्छ ।

**बोलपत्र सम्बन्धी संक्षिप्त विवरण**

**फाइल नं. १ :** Kawasoti Water Supply and Sanitation Project (Construction of Overhead Tank (450 m3)

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | कावासोती नगरपालिका |

| | |
|---|---|
| | 26/KM/NCB/2075-76 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Kawasoti Water Supply and Sanitation Project (Construction of Overhead Tank (450 m3)) |
| लागत अनुमान | २,२६,४८,५३३।१६ (भ्याट सहित) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।१२।१७ |
| बोलपत्र खोलिएको मिति | २०७६।०१।१९ |
| पेश भएका बोलपत्र संख्या | ६ वटा (ई बिड) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ६ वटा |
| खरिद सम्झौताको मिति | २०७६।०२।२३ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | १,६३,३४,८५६।५० (भ्याट बाहेक) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-१८।५०%) |
| ठेकेदारको नाम | भिमेश्वोर ड्रीलिंग तथा निर्माण सेवा, सूर्यविनायक, भक्तपुर |

**फाइल नं. २ :** Construction of Office Building (ward No. 15) of Kawasoti Municipality

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | कावासोती नगरपालिका |
| | 06/KM/NCB/2075-76 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of Office Building (ward no 15) of Kawasoti Municipality |
| लागत अनुमान | ७९,७३,६४९।६९ (भ्याट तथा कन्टिन्जेन्सी सहित) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| पेश भएका बोलपत्र संख्या | १२ वटा (ई बिड ) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा | १२ वटा |

| | |
|---|---|
| प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७५।०९।०३ |
| पुनरावलोकनको लागि निवेदन पेश भएरनभएको | नभएको |
| खरिद सम्झौता रकम | ५२,९७,७३९।७९ (भ्याट बाहेक) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-२४।९२%) |
| ठेकेदारको नाम | आर एण्ड आर सिभिल कन्स्ट्रक्सन सेवा, तानसेन, पाल्पा |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | २०७६।०९।३० सम्म |

**(ग) बोलपत्रको विशेष मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । यी ठेक्काहरुमा मुल्याङ्कन समितिले दर्ता हुन आएका बोलपत्रदाता मध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने बोलपत्रदाताको टेन्डर स्वीकृतीको लागि सिफारिस गरेको देखिन्छ । तथापी नियमावलीमा विशेष मुल्याङ्कन गर्दा के के बिषय हेर्ने भन्ने बारेमा स्पस्ट व्यवस्था भए तापनि मुल्याङ्कन हुन नसकेको तथा मुल्याङ्कन पश्चात बोलपत्र मुल्याङ्कन समितिले सबै कुरा समेटेर प्रतिवेदन तयार गरिएको समेत देखिएन ।

**(घ) कमी कमजोरीहरु**

(१) कार्यालयले बोलपत्र आव्हान गर्दा देखि सम्झौता गर्ने सम्मको कागजातको अभिलेख व्यवस्थित तरिकाले राखेको देखिएन ।

(२) कार्यालय र निर्माण व्यवसायी बीच सम्झौता हुँदा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको Standard Bidding Document मा उल्लेख भए अनुसार राख्नु पर्ने सम्बन्धित कागजातहरु राखेर सम्झौता हुनु पर्नेमा कार्यालयले गरेको देखिंदैन ।

(३) बोलपत्र मुल्यांकनको क्रममा बोलपत्रदाताहरु कालोसूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(४) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मुल्याङ्कन गर्दा विशेष मुल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन ।

(५) निर्माण व्यवसायी सँगको सम्झौता सँग आवश्यक पर्ने निर्माण व्यवसायीको कार्य सम्पन्न सम्मको Work Schedule र Quality Assurance Plan पेश भएको देखिएन ।

### (ङ) निष्कर्ष

अनुगमन गरिएको उक्त नगरपालिकाबाट भएका बिभिन्न खरिद क्रियाकलापहरु मध्ये माथि उल्लिखित दुई वटा बोलपत्रहरुको खरिद क्रियाकलापको अध्ययन गरिएको । बोलपत्र आह्वान गर्दा विद्युतीय माध्यमबाट गरेको देखिएको भए तापनि माथि उल्लिखित कमिकमजोरीमा सुधार गरी अगाडी बाउनु पर्ने देखिन्छ ।

## ९. पूर्वाधार विकास कार्यालय (बर्दघाट सूस्ता पूर्व) :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

उक्त कार्यालयको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा उक्त कार्यालयमा खरिद इकाईको स्थापना गरेको देखिएन ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । तथापी खरिद योजना तथा गुरुयोजना तयार गरेको देखिएन ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३)(ख) मा "सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने" भन्ने प्रावधान रहेकोमा बोलपत्र

आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको देखियो ।

### (४) खरिद विधिको छनौट

आ.ब. २०७५।०७६ मा आह्वान भएका बोलपत्रहरु मध्ये Madhyabindu-11. Campus Chowk (Arunkhola)-Damar ward no. 14-Batase-Jaluke to Nisdi Rural Municipality Palpa (Province 5) Road Upgrading works ठेक्का नं. IDO/ NAW (BSE)/W/NCB/UG/01/075-076 सडक कार्यको बोलपत्र आह्वान राष्ट्रिय स्तरको खुला बोलपत्र गरी गरेको देखिन्छ ।

### (५) बिद्युतीय खरिद

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना, संचालन र व्यवस्थापन गरेको छ । बोलपत्र आह्वान गर्दा निर्देशिकामा तोकिए बमोजिम रकमको लागि उक्त सिस्टम मार्फत नै बोलपत्रको काम गर्ने गरेको जानकारी प्राप्त भयो ।

### (६) सूची दर्ता :

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६क. मा मौजुदा सूची तयार गर्नु पर्ने व्यवस्था भए तापनि सूची दर्ताको लागि सूचना प्रकाशन नगरिएको र सूची दर्ता गर्दा गरेको देखिएन ।

### (ख) अनुगमन गरिएको फाइलहरु

१. Madhyabindu-11. Campus Chowk(Arunkhola)-Damar ward no. 14-Batase-Jaluke to Nisdi Rural Municipality Palpa (Province 5) Road Upgrading works, ठेक्का नं. IDO/NAW(BSE)/W/NCB/UG/01/075-076 सडक कार्यका लागि आ.ब. ०७५/७६ मा बोलपत्र आह्वान भई रु. १२,८२,१०,८३२।१४ भ्याट र पि.एस. सहित) ठेक्का सम्झौता भई काम अघि बढेको देखिन्छ ।

**बोलपत्र सम्वन्धी संक्षिप्त बिवरण**

Madhyabindu-11 Campus Chowk (Arunkhola)-Damar ward no. 14-Batase-Jaluke to Nisdi Rural Municipality Palpa (Province 5) Road Upgrading works

**बोलपत्र सम्वन्धी संक्षिप्त बिवरण**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | पूर्वाधार विकास कार्यालय |
| | IDO/NAW(BSE)/W/NCB/UG/01/075-076 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Madhyabindu-11Campus Chowk (Arunkhola)-Damar ward no. 14-Batase-Jaluke to Nisdi Rural Municipality Palpa (Province 5) Road Upgrading works. |
| लागत अनुमान | २५,०३,५२,२३१।८३ (भ्याट तथा कन्टिन्जेन्सी सहित) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।०९।२० |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक |
| बोलपत्र खोलिएका मिति | २०७५।१०।२० |
| पेश भएका बोलपत्र संख्या | १६ वटा (ई बिड ) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ९ वटा |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७६।०२।११ |
| खरिद सम्झौताको मिति | २०७६।०२।२४ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | १२,८२,१०,८३२।१४ (भ्याट तथा पी.एस सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-३८.३६४%) |
| ठेकेदारको नाम | रायमाझी कन्स्ट्रक्सन प्रा.ली, सामाखुसी, काठमाडौं |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | २०७८।०२।३१ सम्म |

**(ग) बोलपत्रको विषेश मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था बमोजिम मुल्याङ्कन समितिले बोलपत्रको मुल्याङ्कन गरी प्रतिवेदन पेश गरेको देखिन्छ । दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने

बोलपत्रदाताको टेन्डर स्वीकृतीको लागि सिफारिस गरेको देखिन्छ । तथापी नियमावलीमा विशेष मुल्याङ्कन गर्दा के-के बिषय हेर्ने भन्ने बारेमा स्पस्ट व्यवस्था भए तापनि सबै बिषय समेटेर प्रतिवेदन तयार गर्न सकेको देखिएन ।

### (घ) कमी कमजोरीहरु

(१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३६(१) अनुसार मुल्याङ्कन समितिले नियम ३५ बमोजिम गरेको परिक्षणको विस्तृत विश्लेषण सहितको प्रतिवेदन तयार गरी मुल्याङ्कन कार्य शुरु गरेको मितिले पन्ध्र दिनभित्र सार्वजनिक निकायमा पेश गर्नु पर्नेछ भनि उल्लेख रहेकोमा कार्यालयले उक्त ठेक्का मिति २०७५।१०।२० मा खोली सो मिति बाट १२० दिन (२०७६।०२।२०) भित्र सम्झौता गरी सक्नु पर्नेमा कार्यालयले समयमा मुल्याङ्कन सम्पन्न नगरी बोलपत्रदातालाई बोलपत्र मान्य अविधि थप्न पत्र लेखेको र मिति २०७६।०२।२४ मा रायमाझी कन्स्ट्रक्सन प्रा.ली सँग सम्झौता भएको देखिन्छ ।

(२) बोलपत्र मुल्यांकनको क्रममा बोलपत्रदाताहरु कालोसूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याकन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(३) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको विशेष मुल्याङ्कन गर्दा सबै बिषय समेटेर प्रतिवेदन तयार गर्दा नभएको ।

### (ङ) निष्कर्ष

उक्त निकायको माथि उल्लेखीत खरिद क्रियाकलापको अध्ययन गर्दा औंल्याइएका माथि उल्लेख गरिएको बिभिन्न बिषयमा सुधार गर्नु पर्ने देखिन्छ । उक्त आयोजना कार्यालयबाट भएका बिभिन्न खरिद क्रियाकलापहरु मध्ये एक वटा बोलपत्रहरुको खरिद क्रियाकलापको अध्ययन गरिएकोमा खरिद ऐन र नियमावलीमा व्यवस्था भए बमोजिम खरिदको योजना र गुरुयोजना तयार गरी सो बमोजिम कार्यान्वयन गर्नु पर्ने देखियो । साथै खरिद ऐनको व्यवस्था बमोजिम मौजुदा सूची तयार गरी सो बमोजिम खरिद सम्बन्धि काम कारवाही गर्नुपर्ने देखिन्छ ।

उक्त कार्यालयबाट बोलपत्र आह्वान गर्दा प्रयोगमा ल्याइएको डकुमेन्ट समग्रमा राम्रो नै देखिन्छ । विद्युतीय माध्यमबाट बोलपत्रको काम गर्ने गरेको । बोलपत्रको मुल्याङ्कनका क्रममा आगामी दिनहरुमा खरिद ऐन तथा नियमावलीहरुमा भएका व्यवस्थाहरु खरिद क्रियाकलापहरुको शुरुवात देखि मुल्याङ्कन र आयोजना कार्यान्वयनका चरण समेत थप ध्यान दिनु पर्ने देखियो । बोलपत्रको मुल्याङ्कन प्रक्रिया समयमै सम्पन्न गर्न ध्यान गर्नु पर्ने देखियो ।

## १०. पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोक :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था रहेकोमा पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकमा खरिद इकाईको स्थापना गरेको देखियो । खरिद इकाईमा रहने कर्मचारीहरुले खरिदको तालिम लिएको पाईयो ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली ,२०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले २०७५ मार्गमा स्थापना भएकोले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार गरिएको बनेको देखिएन ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३)(ख) मा “सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने” भन्ने प्रावधान रहेकोमा बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम

तयार गरी बोलपत्र आह्वान हुने गरेको जानकारी उक्त कार्यालयका कागजातहरुको अध्ययन तथा छलफलबाट जानकारी प्राप्त भयो ।

### (४) खरिद विधिको छनौट

आ.व. २०७५/०७६ मा आह्वान गरिएको बोलपत्रहरु मध्ये Construction of Chopku khola Plate Grider Motrable Bridge (40 m spam) र Upgrading of Chhapbhanjyang-Thanti-Fatkeshwor Road का लागी आह्वान भएको बोलपत्र आह्वान राष्ट्रियस्तरको खुला बोलपत्र (NCB) बाट गरेको देखियो ।

### (५) विद्युतीय खरिद

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्वच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना ,संचालन र व्यवस्थापन गरेको छ । पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकले पनी बोलपत्र आह्वान गर्दा निर्देशिकामा तोकिए बमोजिम रकमको लागी उक्त सिस्टम मार्फत नै बोलपत्र सम्बन्धि प्रक्रिया सञ्चालन गरने गरेको पाईयो ।

### (ख) अनुगमन गरिएको फाइलहरु

पूर्वाधार विकास कार्यालय, सिन्धुपाल्चोकमा अध्ययन गरिएको २ वटा फाइलहरुमा Construction of Chopku khola Plate Grider Motrable Bridge (40 m spam) ठेक्का नं IDOSIN/W/NCB/07/075-76 र Upgrading of Chhapbhanjyang-Thanti-Fatkeshwor Road, ठेक्का नं MM/IDO/SIN/W/NCB/03/075-76 का लागि आ.ब. ०७५/७६ मा बोलपत्र आह्वान भई क्रमशः रु. ४,३८,४९,१७३।८६ (भ्याट सहित), २,५३,४६,५६३।४६ ( मु.अ.क र PS बाहेक) ठेक्का सम्झौता भई काम अघि बढेको देखिन्छ ।

**फाइल न १** (Construction of Chopku khola Plate Grider Motrable Bridge (40 m spam)) को बोलपत्र सम्बन्धी संक्षिप्त विवरण :

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | Melamchi River Chokpu Bridge Nakote, Sindhupalchok |

| | |
|---|---|
| | IDOSIN/W/NCB/07/075-76 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Construction of Chopku khola Plate Grider Motrable Bridge (40 m spam) |
| लागत अनुमान | ६,९५,६४,३७८।२८ (भ्याट सहित) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।१०।१३ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | नयाँ पत्रिका राष्ट्रिय दैनिक |
| बोलपत्र खोलिएका मिति | २०७५।११।१४ |
| पेश भएका बोलपत्र संख्या | २ वटा (e-Bid ) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | १ वटा |
| आशयपत्रको सूचना निकालिएको मिति | २०७५।११।३० |
| खरिद सम्झौताको मिति | २०७५।१२।१५ |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | ४,३८,४९,१७३।८६ (भ्याट सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-२३.७३%) |
| ठेकेदारको नाम | M/S GPNSPL/PARA JV |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १२ महिना |

**फाइल न २ -** Upgrading of Chhapbhanjyang-Thanti-Fatkeshwor Road को बोलपत्र सम्बन्धी

**संक्षिप्त विवरणः**

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | |
| | MM/IDO/SIN/W/NCB/03/075-76 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Upgrading of Chhapbhanjyang-Thanti-Fatkeshwor Road |
| लागत अनुमान | २,५३,४६,५६३।४६ (मु.अ.क र कन्टिन्जेन्सी बाहेक) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७५।०९।२४ |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | अभियान राष्ट्रिय दैनिक |

| | |
|---|---|
| बोलपत्र खोलिएका मिति | २०७५।१०।२४ |
| पेश भएका बोलपत्र संख्या | ३ वटा (e-Bid) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | १ वटा |
| पुनरावलोकनको लागि निवेदन पेश भए/नभएको | नभएको |
| खरिद सम्झौता रकम | २,२८,३६,४६०।२० (मु.अ.क र कन्टिन्जेन्सी बाहेक) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | (-९।९०%) |
| ठेकेदारको नाम | M/S Bhandari Builders Pvt. Ltd. |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १२ महिना |

**(ग) बोलपत्रको विशेष मुल्याङ्कन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । उपर्युक्त ठेक्काहरुमा मूल्याकंन समितिले बोलपत्रको मूल्याकंन गरी प्रतिवेदन पेश गरेको देखिन्छ, दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये सबैभन्दा कम रकम प्रस्ताव गर्ने बोलपत्रदाताको टेन्डर स्विकृतको लागी सिफारिस गरेको देखिन्छ । नियमावलीमा विशेष मूल्याकंन सम्बन्धी स्पष्ट व्यवस्था भए बमोजिम कार्यालयले सो व्यवस्था अवलम्बन गरेको पाइन्छ ।

**(घ) कमी कमजोरीहरु**

कार्यालयले बोलपत्र सूचना प्रकाशन गर्दा कार्यालयलाई सो कामको लागि आवश्यक पर्ने बोलपत्रदाताको कार्यअनुभव PPMO ले जारी गरेको Standard Bidding Document र सार्वजनिक खरिद ऐन र नियमावलीको सर्वमान्य सिद्धान्तमा आधारित रही जारी गर्नु पर्दछ । माथि उल्लेखीत फाइललाई अध्ययन गर्दा कार्यालयले Construction experience in similar size and nature मा धेरै नै Specific भएर कार्य अनुभव माग गरेको देखिन्छ जसले गर्दा प्रतिस्पर्धा संकुचित हुने र विभिन्न बोलपत्रदाताले उक्त ठेक्का प्रक्रियामा भाग लिन नपाउने अवस्था रहन्छ । अब हुने बोलपत्र यस बिषयमा थप ध्यान दिनु आवश्यक छ ।

**(ङ) निष्कर्ष**

उक्त आयोजना कार्यालयबाट भएका बिभिन्न खरिद क्रियाकलापहरु मध्ये दुई वटा बोलपत्रहरुको खरिद क्रियाकलापको अध्ययन गरिएकोमा बोलपत्र आह्वान गर्दा प्रयोगमा ल्याइएको बिड डकुमेन्ट राम्रो नै देखियो । विद्युतीय माध्यमबाट समेत बोलपत्र पेश भएको

देखियो । बोलपत्रको विशेष मुल्याङ्कन समेत गरेको पाइयो । यस्ता राम्रा पक्षहरुलाई निरन्तरता दिदै कमजोरी देखिएका पक्षमा खरिद ऐन तथा नियमावली र Standard bidding document मा भएका व्यवस्थाहरुको पालना गरी खरिद क्रियाकलाप र आयोजना कार्यान्वयनमा थप प्रभावकारिता आउने देखिन्छ ।

## ११. सडक डिभिजन कार्यालय, प्यूठान :

### (क) समग्र खरिद प्रक्रियाको अवस्था

उक्त कार्यालयको समग्र खरिद प्रक्रियाको बारेमा सम्बन्धित कागजपत्र अध्ययन गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छ ।

### (१) खरिद इकाई

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ अनुसार खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ । अनुगमनको सिलसिलामा हेर्दा खरिद इकाईको स्थापना गरेको देखियो । यसले ऐनको दफा ७ बमोजिम गर्नु पर्ने खरिद सम्बन्धि कामकारवाही प्रभावकारी नहुने देखियो । खरिद इकाईमा रहने कुनै पनि कर्मचारीहरुले कुनै किसिमको खरिदको तालिम लिएको पाईएन ।

### (२) खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ अनुसार एक बर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी खरिद गर्दा वा बार्षिक दश करोड रुपैया भन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ अनुसार बार्षिक दश लाख रुपैया भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नु पर्ने कानुनी व्यवस्था रहेको छ । बार्षिक खरिद योजना तयार गरिएको तर खरिदको गुरुयोजना तयार गरेको पाईएन । खरिद योजना तयार गरीएता पनि त्यसको परिपालनाको अवस्था कमजोर रहेको ।

### (३) बोलपत्र सम्बन्धी कागजात

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३)(ख) मा “सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा

फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने" भन्ने प्रवधान रहेकोमा बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको ।

## (४) खरिद विधिको छनौट

आ.ब. २०७४/७५ मा आह्वान भएको बोलपत्रहरु मध्ये Construction of Kapurkot Dahaban Swargadwari Sadak (Dahaban Nigalpani Section) Rolpa को बोलपत्र राष्ट्रिय स्तरको खुला बोलपत्र आह्वान गरेको देखिन्छ ।

## (५) बोलपत्रको विशेष मुल्याङ्कन

उक्त टेन्डरमा सात वटा बोलपत्र इजिपी सिस्टमबाट पेश भएको देखिन्छ । प्राविधकि पक्षको मुल्याङ्कन गर्दा सात वटा मध्ये ५ वटा सफल भएको मुल्याङ्कन प्रतिवेदनबाट देखिन्छ । प्राविधिक प्रस्तावमा सफल भएका पाँच वटा बोलपत्रदाताहाहरुको आर्थिक प्रस्ताव खोलेको देखिन्छ । यसरी खोलिएका प्रस्तावहरु मध्ये लुम्बिनी पि.के जे.भी., काठमाडौले प्रस्ताव गरेको रकम रु. २,२२,७२,०६३।५० (मू.अ.क. बाहेक) सबै भन्दा न्यून मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भएकोले उक्त प्रस्तावबदाताको बोलपत्र स्वीकृत भएको देखिन्छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ मा निर्माण कार्यको बोलपत्रको विशेष मुल्याङ्कन गर्नु पर्ने व्यवस्था छ । यस ठेक्कामा मुल्याङ्कन समितिले बोलपत्रको मुल्याङ्कन गर्दा बिशेष मुल्याङ्कन भन्ने शब्द राखेको देखिए तापनि बिशेष मुल्याङ्कन गर्दा के कस्ता बिषय हेरियो । यस बारेमा केहि खुलेको देखिदैन । बिशेष मुल्याङ्कन गर्दा Front Loading, Seriously Unbalance आदि भए नभएको जानकारी हुन सकेन । निर्माण कार्यको बिशेष मुल्याङ्कन नहुँदा बोलपत्र मुल्याङ्कन अपुरो रहेको र बिशेष मुल्याङ्कन नगरी खरिद सम्झौता हुँदा सम्झौता कार्यान्यनको सिलसिलामा विभिन्न समस्या र जोखिमहरु आउन सक्ने सम्भावना रहने दखिन्छ । साथै बोलपत्र मूल्याकन पश्चात सबै कुरा समेटेर तयार गरिएको प्रतिवेदन पनि तयार गरेको देखिएन ।

## (६) बिद्युतीय खरिद

सार्वजनिक खरिद प्रक्रियामा अझ बढी खुला, पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन सार्वजनिक खरिद प्रक्रियामा विद्युतीय सञ्चार माध्यमको प्रयोग गरी प्रतिस्पर्धा, स्पच्छता, ईमान्दारीता, जवाफदेहिता र विश्वसनियता हासिल गर्ने उद्देश्यले सार्वजनिक खरिद ऐन २०६३ को दफा ६९ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४६ उपनियम (२) बमोजिम

सार्वजनिक खरिद अनुगमन कार्यालयले बिद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ जारी गरेको छ । निर्देशिकामा उल्लेख भए अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले www.bolpatra.gov.np/egp एकल पोर्टलको स्थापना, संचालन र व्यवस्थापन गरेको छ । उक्त सिस्टम मार्फत नै बोलपत्रको काम गरेको देखिन्छ .

### (७) जनशक्तिको क्षमता विकासः

खरिद संग सम्बन्धित कामकारवाहीहरुमा गुणात्मकता हासिल गर्न जनशक्तिलाई उचित तालिम लगायतका अवसरहरु उपलब्ध हुनु जरुरी हुन्छ । दक्ष जनशक्तिबाट नै संगठनले अपेक्षित नतिजा हासिल गर्न सक्दछ । खरिद इकाइमा काम गर्ने कर्मचारीहरुले खरिद सम्बन्धि तथा इजिपी तालिम नलिएको देखियो ।

### (ख) Construction of Kapurkot Dahaban Swargadwari Sadak (Dahaban Nigalpani Section) Rolpa

सडक डिभिजन कार्यालय, प्यूठानबाट कपुरकोट दहवन स्वर्गद्धारी सडक (दहबन निगालपानी खण्ड) रोल्पाको लागि आ.ब.०७४।७५ मा रु. एक करोड पचास लाख बजेट विनियोजन भएकोमा विनियोजित भएको बजेटलाइ त्रिबर्षीय प्रक्षेपण गरी विभागीय सहमतीबाट ठेक्का लगाउन सक्ने स्वीकृत बार्षिक कार्यक्रम अर्न्तगत बार्षिक बजेटलाइ त्रिबर्षीय प्रक्षेपण गरी ठेक्का भएको यो सडकको बोलत्रप आह्वान भई प्रक्रिया अघि बढेको देखिन्छ । यो सडक आयोजनको कुल लागत अनुमान रु. ४,४९,७३,७९५।३८ (मु.अ.क र कन्टिन्जेन्सी समेत) रहेको देखिन्छ ।

### बोलपत्र सम्बन्धी संक्षिप्त विवरण

| | |
|---|---|
| सार्वजनिक निकाय/ठेक्का नं. | Kapurkot Dahaban Swargadwari Sadak (Dahaban Nigalpani Section) Rolpa |
| | DROPT /3373554/074/75-14 |
| निर्माण कार्यको संक्षिप्त विवरण | Kapurkot Dahaban Swargadwari Sadak (Dahaban Nigalpani Section) Rolpa |
| लागत अनुमान | ४,४९,७३,७९५।३८ (मु.अ.क र कन्टिन्जेन्सी समेत) |
| खरिद विधि | राष्ट्रिय प्रतिस्प्रधात्मक बोलपत्र (NCB) |
| खरिद सम्झौता विधि | Unit Rate Contract |
| बोलपत्र आह्वान मिति | २०७४।०७।३० |
| बोलपत्र आह्वान भएको राष्ट्रिय दैनिक | आर्थिक राष्ट्रिय दैनिक |
| बोलपत्र खोलिएको मिति | २०७४।०९।०२ |

| | |
|---|---|
| पेश भएका बोलपत्र संख्या | ७ वटा (सबै इजीपी सिटस्मबाट) |
| प्राविधिक प्रस्ताव मुल्याङ्कनमा सारभुतरुपमा प्रभावग्राही रुपमा ग्राह्य बोलपत्र संख्या | ५ वटा |
| आर्थिक प्रस्ताव खोलएको मिति | २०७४।११।१८ |
| खरिद सम्झौताको मिति | २०७४।११।३० |
| पुनरावलोकनको लागि निवेदन पेश भएरनभएको | नभएको |
| खरिद सम्झौता रकम | २,२२,७२,०६३।५०(मु.अ.क बाहेक)<br>२,५१,६७,४३१।७६ (मु.अ.क सहित) |
| खरिद सम्झौता रकम लागत अनुमान भन्दा घटि (-) वा बढि (+) | -३८.०४% |
| ठेकेदारको नाम | Lumbini / PK JV Kathmandu |
| कार्य सम्पन्न गर्नुपर्ने अवधी | १२ महिना |

**(ग) भेरिएसन आदेश**

उक्त कामको लागि कार्यालयको तर्फबाट मिति २०७४।११।३० मा कार्यादेश दिइ काम गर्ने जिम्मेवारी दिइएकोमा निर्माण व्यवसायीको तर्फबाट मिति २०७५।३।४ मा निर्माण व्यवसायी लुम्बिनी पि.के.जेभीको तर्फबाट BOQ अनुसारको Gravel Quantity पुरा भइसकेको अवस्थामा पनि द्धारपानी बजारका स्थानीय बासिन्दाले सो बजारसम्म ग्रावेल गर्न लगाएको हुनाले VO गर्नुपर्ने अवस्था भएकोले नियम अनुसारको ५ प्रतिशत VO गरी भुक्तानी गरीददिनु हुन भनि निवेदन दिएको ।

५ कि.मी. ग्राभेल गर्न लागत अनुमान तयार भएकोमा बजार सम्म पुग्न स्थानी बासिन्दाबाट माग भए बमोजिम निर्माण व्यवसायीबाट सम्झौता गर्दा कबोल गरेको दररेटमा ४.९१ प्रतिशतले बढी आवश्यक रकम स्वीकृतीको लागि सम्बन्धित इन्जिनियरबाट पेश भएको देखिन्छ । यसो गर्दा सम्झौता रकम रु. २,६४,०३,२५८।५२ (भ्याट समेत) पुगेको देखिन्छ । उक्त र VO सहितको रकम डिभिजन प्रमुखबाट स्वीकृत भएको देखिन्छ ।

**(घ) कमी कमजोरीहरु**

(१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ बमोजिम निर्माण कार्यको बोलपत्र मुल्याङ्कन गर्दा विशेष मुल्याङ्कन गर्नु पर्नेमा सो बमोजिम गरेको देखिएन । मुल्याङ्कन नगरेको हुँदा सम्झौता भएको बोलपत्र seriously unbalanced or front loaded आदि भए नभएको सम्बन्धमा मुल्याङ्कन नहुँदा खरिद सम्झौता कार्यान्यनमा विभिन्न किसिमका समस्याहरु देखा पर्न सक्ने अवस्था रहन सक्छ ।

(२) बोलपत्र मूल्याङ्कनको क्रममा बोलपत्रदाताहरु कालोसूचीमा परे नपरेको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट हेरी मूल्याङ्कन प्रतिवेदनमा सो विषयहरु समेत उल्लेख गर्नु पर्नेमा सो उल्लेख गरेको नदेखिएको ।

(३) खरिदको खरिद गुरुयोजना तयार गरेको पाईएन ।

**(ङ) निष्कर्ष**

उक्त डिभिजन कार्यालयका खरिद सम्बन्धि केहि कागजातहरुको अध्ययन गर्दा बोलपत्र आह्वान गर्दा प्रयोगमा ल्याइएको डकुमेन्ट राम्रो नै देखियो । इजिपी सिस्टमबाट नै बोलपत्र आह्वान लगायतका काम भएको हुँदा प्रतिस्पर्धा भएको देखिन्छ । बोलपत्रको मुल्याङ्कनका क्रममा आगमी दिनहरुमा खरिद ऐन तथा नियमावलीहरुमा प्रतिस्पर्धा हुँदा भएका व्यवस्थाहरु अनुसार थप बिषयहरु प्रस्ट खुल्ने गरी बिस्तृत रुपमा प्रतिवेदन तयार गर्नुपर्ने देखियो । साथै खरिदमा काम गर्ने कर्मचारीहरुको लागि तालिमको व्यवस्था हुन सकेमा खरिद सम्बन्धि काममा थप प्रभावकारिता आउने अपेक्षा गर्न सकिन्छ ।

## अनुगमन प्रतिवेदन कार्यान्वयन :

अल्लेखित प्रतिवेदनका आधारमा प्राप्त सुझाव र निस्कर्ष कार्यान्वयनका लागि सम्वद्ध निकायमा लेखि पठाइएको छ ।

# सार्वजनिक खरिद सम्वन्धी गुनासोको अनुगमन सम्वन्धी विवरण

## १. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल :

### (क) पृष्ठभूमी

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाण्डौबाट सुरक्षा गार्ड र सरसफाई सम्वन्धी कामको लागि आव्हान गरिएको बोलपत्र सम्वन्धमा निवेदकहरु स्मार्ट लाईफ सेक्युरिटी सर्भिस प्रा.लि., काठमाण्डौ सेक्युरिटी सर्भिस प्रा.लि., ग्लोवल जनशक्ति आपूर्ति सर्भिस र काठमाण्डौ सरसफाई सर्भिस प्रा.लि.का तर्फबाट यस कार्यालयमा गुनासो प्राप्त भएको र प्राप्त गुनासोको सम्बन्धमा माग गरिएको कागजात/विवरण अध्ययन एवम स्थलगत अनुगमनका क्रममा प्राप्त जानकारीका आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

### (ख) उजुरी निवेदकले उठाएको संक्षिप्त ब्यहोरा

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल, काठमाण्डौबाट मिति २०७५।९।१७ गते सुरक्षा सेवा (गार्ड) सप्लाई र अस्पताल सरसफाई सम्वन्धी काम गर्ने कामदार सप्लाई कार्यको लागी १५ दिने सूचना प्रकाशित गरी बोलपत्र माग गरेको। उक्त संस्थाबाट बोलपत्र माग गर्दा बोलपत्रका अनिवार्य शर्तहरुमा समिति कम्पनीहरुले मात्र भाग लिन पाउने गरी, सेन्डीकेट प्रथा झल्किने गरी र योजनाबद्ध तरिकाले कुनै एक, दुई कम्पनीलाई मात्र उपयुक्त हुने गरी अनावश्यक र अत्याधिक रकमको Credit Line (१ करोड देखी २ करोड सम्मको ) माग गरेकाले नेपाल सरकारको बढी भन्दा बढी कम्पनीहरुको प्रतिस्पर्धा गराई सेवा खरिद गर्नूपर्ने नीतिको विपरित र सार्वजनिक खरिद ऐनको परिच्छेद ४ को दफा २९ को विपरित अत्याधिक रकमको Credit Line माग भएकाले त्यस कार्यालयबाट माथिको सम्बन्धित संस्थाहरुलाई आवश्यक निर्देशन सहित माथि उल्लेखीत सेवाको लागि माग भएको बोलपत्र फारामको अनिवार्य शर्तहरुमा Credit Line हटाउनका लागि र माथि प्रस्तावित सेवाको बजेट अनुसार बोलपत्रको समयावधी १५ दिन नपुग भएकाले सो समेत संशोधन गर्नका लागि यथाशिघ्र सम्वन्धीत संस्थाहरुलाई पत्राचार गरीदिनु हुन भनि अनुरोध गरी निवेदन पेश भएको।

### (ग) सम्बन्धित सार्वजनिक निकायको भनाई

उपरोक्त गुनासो सम्वन्धमा कार्यालयसंग धारणा र सम्बन्धित कागजातहरु माग गरिएकोमा उक्त कार्यालयबाट प्राप्त धारणा निम्नानुसार रहेको छ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल काठमाण्डौको प.सं. ख.ई., च.नं. १९०३, मिति २०७५।१०।३ को पत्रबाट जवाफ लेखी आएको । पत्रमा उल्लेख गरिएको आपूर्तिकर्ताहरुले यस अस्पतालमा समेत  सोही व्यहोराको निवेदन मिति २०७५।९।२९ मा पेश गरेका ।

आपूर्तिकर्ताहरुले निवेदनमा उल्लेख गरे जस्तो बोलपत्र नभई सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ अनुसार सेवा करारमा लिने कार्यविधि अर्न्तगत प्रस्ताव माग गरिएको हुँदा अस्पताल जस्तो संवेदनशील स्थानमा सुरक्षा प्रदान गर्ने सुरक्षकर्मी तथा अस्पतालका अपरेसन थिएटर, पोष्ट अपरेटिभ वार्ड जनरल वार्ड र ओ.पि.डि. सेवाको कामकाजमा लगाइने कामदार सेवामा समर्पित, अनुभवी र कर्तव्यनिष्ठ तथा अनुशासित भई काम गर्न सक्ने क्षमता हुनु पर्ने हुँदा सामान्य किसिमका चिया बगान,सडक सफाई, भवन निर्माण जस्तो सेवामा काम गर्ने कामदारले अस्पतालमा सेवा प्रदान गर्न नसक्ने भएकोले दक्ष कामदारको आवश्यकता पर्ने हुन्छ ।

श्रम ऐन, २०७४ तथा श्रम नियमावली,२०७५ मा श्रमिक आपूर्ति सम्बन्धि गरिएको व्यवस्थाहरु २०७५ श्रावण १ गते देखि लागु हुने गरी न्यूनतम पारिश्रमिक निर्धारण गरिएको हुँदा सो माग भएका सेवा सुविधा उपलब्ध गराउने गरी आवश्यक कामदारको संख्याको आधारमा लागत अनुमान समितिले तयार गरेको लागत अनुमान अनुसार प्रस्ताब आह्वान गरिएकोमा Line of Credit सम्बन्धि रकम माग गर्दा अन्यथा हुन गएकोमा मिति २०७५।९।३० गतेको उपकुलपति स्तरीय निर्णय अनुसार गोरखापत्र दैनिकमा संसोधन गरिएको सकिएको छ ।

यस सम्बन्धमा प्रस्ताब माग गरिएको आवश्यक कामदारहरुको संख्या श्रम ऐन, २०७४ र श्रम नियमावली, २०७५ मा श्रमिकहरुको लागि निर्धारण गरिएको तलब, भत्ता, बीमा लगायतका सुविधाको रकम सहितको लागत अनुमान रकमको चौमासिक पारिश्रमिक रकमलाई आधार मानि सो बराबरको Line of Credit मिति २०७५।९।२९ को उपकुलपति स्तरीय निर्णय अनुसार गरिएको साथै सेवा करार प्रस्ताव मिति २०७५।११।२ गते दिनको २.०० बजे खोलि सकिएको व्यहोरा समेत अनुरोध छ भनी लखि आएको ।

## (घ) गुनासोको अध्ययनबाट देखिएको व्यहोरा

उजुरी पत्रमा उठाइएका बिषयहरु र यस सम्बद्ध कागजातहरु अध्ययन गर्दा निम्नानुसारको विवरण पाइयो ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान,वीर अस्पताल काठमाण्डौबाट मिति २०७५।९।१७ गते सुरक्षा सेवा (गार्ड) सप्लाई र अस्पताल सरसफाई सम्वन्धी काम गर्ने कामदार सप्लाई सम्वन्धी कामको लागि १५ दिने सूचना प्रकाशित गरी बोलपत्र माग गरेकोमा उक्त कामको लागि Line

of Credit अत्याधिक भएको भन्ने केहि सेक्युरिटी सर्भिस कम्पनीहरुले उक्त निकायमा समेत निवेदन पेश गरेकोमा उनीहरुको मागलाई सम्बोधन हुने गरी मिति २०७५।९।३० मा निर्णय गरी पत्रिकामा सूचना प्रकाशन गरिएको ।

साथै चौमासिक पारिश्रमिक वापतको रकम Line of Credit राख्ने निर्णय गरेको देखिन्छ ।

### (ङ) निष्कर्ष

प्रस्ताव माग भएका दुई वटा प्रस्तावहरु मध्ये सुरक्षा गार्ड आपूर्ति सम्बन्धि प्रस्तावमा ६ वटा कम्पनीहरुको प्रस्ताव पेश भएकोमा मूल्यांकन पश्चात मिति २०७५।११।१२ मा पत्रिकामा सूचना प्रकाशित गरी दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु माग गरे अनुसारको आवश्यक कागजात तथा विवरण मूल्यांकन गर्दा कुनै पनि प्रस्तावदाताले पेश गरेको नपाइएको भनि सार्वजनिक खरिद ऐन २०६३ को दफा २६ बमोजिम २०७५।११।८ गतेको निर्णयानुसार ( उपकुलपतिस्तर) खरिद कारवाही रद्द गरिएको भनि सूचना प्रकाशन गरेको देखिन्छ ।

साथै सरसफाई सेवा तर्फको हकमा पेश भएका प्रस्तावहरुको मूल्यांकन पश्चात सम्झौता गरी काम भइरहेको देखिन्छ ।

निवेदनकर्ताहरुको गुनासो रहेको Line of Credit का सम्बन्धमा लागत अनुमान रकमको चौमासिक पारिश्रमिक रकमलाई आधार मानि सो बराबरको Line of Credit कायम गरिएको छ । तथापी प्रस्ताब पेश गर्ने म्याद थप गरेको देखिदैन ।

साथै सरसफाई सेवा तर्फको हकमा पेश भएका प्रस्तावहरुको मूल्यांकन पश्चात सम्झौता गरी काम भइरहेको भन्ने जानकारी प्राप्त भयो । Line of Credit मा परिवर्तन गरे पनि प्रस्ताव पेश गर्ने समय केहि कम भएको देखिन्छ । गुनासो पश्चात सम्बन्धित निकायले उक्त बिषयलाई सच्याएर समाधान गरेको देखिन्छ । साथै संसोधनको सूचना प्रकाशित गरेको भए तापनि प्रस्ताब पेश गर्ने म्याद बढाएको देखिएन ।

## २. नेपाल नागरीक उड्डयन, एरोड्रम इन्जिनियरिंग डिपार्टमेन्ट, बबरमहल, काठमाडौं :

### (क) पृष्ठभूमी

नेपाल नागरीक उड्डयन प्राधिकरण, एरोड्रम इन्जिनियरिंग डिपार्टमेन्ट, बबरमहल, काठमाडौंले आव्हान गरेको बोलपत्र Contract No: CAAN/AED/BIR/Fire Vehicle Shed/075-76/10 सम्बन्धमा OSNAP Builders and Engineers Pvt. Ltd. द्वारा यस कार्यालयमा प्राप्त भएको पत्र बिषयक आवश्यक कारवाही गरी पाउँ भनि निवेदन उपर यस कार्यालयबाट नेपाल नागरीक उड्डयन प्राधिकरणलाई पत्राचार गरी प्राप्त कागजातहरु तथा स्थलगत अनुगमन

समेतका आधारमा गुनासोकर्ताले उठाएका विषयका सन्दर्भमा केन्द्रित रहि यो प्रतिवेदन तयार गरिएको छ ।

### (ख) उजुरी निवेदकले उठाएको संक्षिप्त व्यहोरा

मिति २०१९।०२।२६ गते नेपाल नेपाल नागरीक उड्डयन प्राधिकरण एरोड्रम इन्जिनियरिंग विभागबाट प्रकाशित नेपाल नागरीक उड्डयन प्राधिकरणबाट प्रकाशित बोलपत्र सूचना अनुसार Contract No: CAAN/AED/BIR/Fire Vehicle Shed/075-76/10 को अन्तिम दर्ता गर्नु पर्ने समय भन्दा २३:३० घण्टा अगाडी Bid Addendum Report र म्याद थप नगरी बोलपत्र खोलिएकोले उक्त कार्यको गुनासो र स्पस्टीकरण माग गर्दा पनि चित्त बुझ्दो जवाफ नआएको हुँदा उक्त ठेक्का सम्बन्धी छानबिन गरी आवश्यक कारवाही गरी पाउँ भनि यो निवेदन पेश गर्दछु भनि निवेदनमा उल्लेख गरिएको छ ।

### (ग) सम्बन्धित सार्वजनिक निकायको भनाई

उपरोक्त गुनासो सम्बन्धमा सम्बन्धित कार्यालयसँग कागजपत्र झिकाउने तथा सो सम्बन्धमा निजको धारणा तथा प्रमाणित गर्ने आधारहरु माग गरिएकोमा उक्त कार्यालयबाट प्राप्त धारणा, आधार र स्पस्टिकरण संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छ :

विराटनगर विमानस्थालमा गरीने Construction of Fire Vehicle shed, Apron and other associated works, Contract No: CAAN/AED/BIR/Fire vehicle shed/075-76/10 निर्माण कार्यका लागि निर्माण व्यवसायी श्री ओस्न्याप विल्डर्स एण्ड इन्जिनियर्स प्रा.लि बाट तहाँ कार्यालयमा पेश गरेको गुनासोको सम्बन्धमा तपशिल बमोजिम भएको व्यहोरा अनुरोध छ भनि लेखी आएको ।

तपसिल :

- PS item मा निर्माण व्यवसायीले आफ्नो Rate हाल्न नपाउने भन्ने कुरा निर्माण व्यवसायीलाई जानकारी हुनुपर्ने ।
- ठेक्का मूल्याङ्कन प्रक्रियामा ITB 29.2(a) मा उल्लेख भए बमोजिम VAT, Provisional Sum को रकमलाई आधार नमानि मूल्याङ्कन गर्नुपर्ने ।
- यस विभागबाट BOQ बनाउँदा Provisional Sum भनेर प्रस्ट उल्लेख गरेको भएता पनि सार्वजनिक खरिद अनुगमन कार्यालयको e-GP portal मा भएको प्राविधिक त्रुटिको कारण Provisional Sum मा दाखिला गरिएको amount नदेखिएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard bidding document को Information to Bidders (ITB) को Clause no. 8.1 बमोजिम Amendment जारी गरिएको ।

- Amendment जारी गर्दा सबै बोलपत्रदाताहरुलाई जानकारी हुने गरी e-Bidding System मार्फत नै जारी गरिएको ।

## (घ) गुनासोको अध्ययनबाट देखिएको व्यहोरा

(१) गुनासोकर्ताले प्राधिकरणमा पेश गरेको निवेदन उपर कार्यालयले मिति २०७६।०१।२७ गते गुनासोकर्तालाई जवाफ पेश गरेको ।

(२) ITB 29.2(a) मा उल्लेख भए बमोजिम VAT, Provisional Sum को रकमलाई आधार नमानि मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ । सोहि अनुसार कार्यालयले उपलब्ध गराएको तुलनात्मक तालिका अनुसार सो तालिकामा कार्यालयले PS item लाई रु १०००००० मानि VAT, Provisional Sum को रकमलाई आधार नमानि मूल्याङ्कन गरेको देखिन्छ ।

(३) कार्यालयको भनाई अनुसार BOQ बनाउँदा Provisional Sum भनेर प्रस्ट उल्लेख गरेको भएता पनि सार्वजनिक खरिद अनुगमन कार्यालयको eGP portal मा भएको प्राविधिक त्रुटिको कारण Provisional Sum मा दाखिला गरिएको amount नदेखिएको जसले गर्दा fix रहने PS item को दररेट भर्ने ठाउँ खाली हुन पुगेको र सोहि अनुसार गुनासोकर्ताले उक्त दररेट पेश गर्नु पर्ने भएको ।

(४) प्राधिकरणले उक्त PS item सम्बन्धि Amendment सबै बोलपत्रदातालाई जानकारी हुने गरी e-Bidding system मार्फत नै जारी गरेको र उक्त Amendment जारी गरे पछि ठेक्का खोलिने मितिको म्याद थप नभएको पाइयो ।

(५) उक्त कार्यको लागी कार्यालय र नि.व्य जगदम्बा बिल्डर्स प्रा.ली वीच मिति २०७६।०२।१५ मा सम्झौता भई ३० मई २०१९ मा उक्त नि.व्य लाई Letter to Proceed पनि जारी भइसकेको ।

## (ङ) निष्कर्ष

गुनासोकर्ताले पेश गरेको गुनासो र कार्यालयले पेश गरेको जवाफ र कागजातहरुको अध्ययनबाट कार्यालयले आव्हान गरेको बोलपत्र Contract No: CAAN/AED/BIR/Fire Vehicle Shed/075-76/10 मा दुवै बोलपत्रदाता र कार्यालयको त्रुटीहरु देखिन्छ ।

## बोलपत्रदाताबाट भएको त्रुटी

बोलपत्रदाताले कुनै पनि ठेक्कामा भाग लिन पुर्व कार्यालयले जारी गरेको Standard bidding document को Instruction to bidder section राम्रो सँग अध्ययन गरेको हुनु पर्दछ र Standard bidding document को Instruction to bidder section को Clause no 35.2 (a) मा "To evaluate a price bid, the Employer shall consider the bid price,

excluding VAT, Provisional sums, and the provision, if any, for contingencies in the Summary Bill of Quantities, for unit Rate contracts, or Schedule of Prices for Lump sum contracts, but including Day work items, where priced competitively" भनि प्रष्ट व्यवस्था भएकोमा बोलपत्रदाताले सोहि अनुसार आफ्नो दररेट पेश गर्नु पर्ने देखिन्छ।

**कार्यालयबाट भएको त्रुटी**

- कार्यालयले PPMO को Online e-gp portal प्रयोग गरी बोलपत्र सार्वजनिक गर्नु भन्दा अगाडी आफुले Upload गरेको document राम्रो सँग अध्ययन गर्नु पर्दछ र केहि त्रुटी भए समयमै बोलपत्र संसोधन गर्नु पर्दछ । उक्त ठेक्काको हकमा कार्यालयले बोलपत्र document अपलोड गरी सके पश्चात एक चोटी अध्ययन गरी समयमै त्रुटी सच्याउनु पर्नेमा से नगरेको देखियो ।
- कार्यालयले बोलपत्र संसोधन गर्दा बोलपत्रदातालाई बोलपत्र दर्ता गर्न आवश्यक समय दिनलाई बोलपत्र दर्ता गर्ने मितिको म्याद थप गर्नु पर्दछ। उक्त बोलपत्रमा कार्यालयले संसोधन पश्चात बोलपत्र दर्ता गर्ने मितिको म्याद थप गरेको पाइएन।
- कार्यालयले बोलपत्र संसोधन गर्दा सबै बोलपत्रदातालाई जानकारी गराउनु पर्दछ । Amendment जारी गर्दा सबै बोलपत्रदाताहरुलाई जानकारी हुने गरी e-Bidding system मार्फत नै जारी गरिएको कार्यालयको भनाईमा e-Bidding system बाट generate हुने e-mail लाई पूर्ण रूपले आधार मान्न नसकिने ।

## ३. <u>नेपाल नागरीक उड्डयन प्राधिकरण :</u>

### (क) पृष्ठभूमी

नेपाल नागरीक उड्डयन प्राधिकरणबाट टेन्डर आव्हान भएको Contract No: CAAN/AED/KEP/APRON/074-075/23 को प्राविधिक प्रस्ताव सम्बन्धमा निवेदक बोलपत्रदाता श्री संजिव श्रेष्ठ द्वारा यस कार्यालयमा प्राप्त भएको पत्र विषयक "Request for investigation and Fair Bidding opportunity for Nepalgunj Airport" भनि निवेदन उपर यस कार्यालयबाट नागरीक उड्डयन प्राधिकरणलाई पत्राचार गरी प्राप्त कागजातहरु तथा स्थलगत अनुगमन समेतका आधारमा गुनासोकर्ताले उठाएका विषयका सन्दर्भमा केन्द्रित रहि यो प्रतिवेदन तयार गरिएको छ।

### (ख) उजुरी निवेदकले उठाएको संक्षिप्त ब्यहोरा

नेपाल नागरीक उड्डयन प्राधिकरणबाट टेन्डर आव्हान भएको Contract No: CAAN/AED/KEP/APRON/074-075/23 प्राविधिक प्रस्ताव अन्तर्गत निज कार्यालयबाट

बोलपत्र मिति २०७५।०३।१९ मा सूचना जारी भएको तर निवेदकले गुनासो दर्ता गरेको मिति २०७५।०४।०१ सम्म पनि Bidding Document र BOQ upload नभैसकेकोले निर्माण व्यवसायी समयमा e-Bid गर्नबाट वन्चित भएको निवेदकको गुनासोमा उल्लेख छ । साथै उक्त बोलपत्रको प्राविधिक प्रस्तावमा निर्धारण गरिएको Construction experience को Contracts of similar size and nature अन्तर्गत 'Participation in at least one contract of airport pavement works amounting 200 million in one single package' र Construction experience in key activities अन्तर्गत 'Minimum experience in following key activities: 4500 cum of rigid pavement within 18 months' र माथि उल्लेखीत अनुभवमा Airport मै काम गरेको अनुभव माग भएकोले उक्त Criteria नियतवस Kanchharam/Tundi जे.भी. लाई दिन सो criteria राखिएको भनी गुनासोकर्ताको भनाई रहेको छ । सार्वजनिक निकायले जारी गरेको SBD को Evaluation and Qualification criteria को Construction experience in key activities मा 4500 cum of rigid pavement work within 18 months in single package को अनुभव माग भएकोमा Airport कै rigid pavement को काम गर्नुपर्ने प्रष्ट नभएकोले निवेदकले उठाएको 'As road works and bridge works also consist the RCC pavement work but office with bad intension and collusive practice have planned with corruption intension to award this contract to Kanchharam/Tundi JV' असान्दर्भिक रहेको देखिन्छ । साथै उक्त बोलपत्र रद्द गरी पुनः सूचना प्रकाशन भएकोमा उक्त कार्य आपत्तिजनक रहेको र सो कार्यमा अनियमितता रहेको भनि निवेदनमा उल्लेख गरिएको छ ।

**(ग) सम्बन्धित सार्वजनिक निकायको भनाई**

उपरोक्त गुनासो सम्बन्धमा सम्बन्धित कार्यालयसंग कागजपत्र झिकाउने तथा सो सम्बन्धमा निजको धारणा तथा प्रमाणित गर्ने आधारहरु माग गरिएकोमा उक्त कार्यालयबाट प्राप्त धारणा, आधार र स्पस्टिकरणको संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छ ।

(१) सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको web portal www.bolpatra.gov.np/egp मा पुनः बोलपत्र आव्हान गर्ने प्रक्रियामा समस्या भएको कारणले हार्ड कपी समेत लिन पाउने गरी व्यवस्था गरिएको तर बोलपत्र बुझाउने अन्तिम समय सम्म पनि e-Gp system मा आएको सो समस्या समाधान हुन नसकेको । उक्त बोलपत्र खोल्ने अन्तिम मिति २०७५।०४।०२ गते रितपुर्वक बोलपत्र खोलिएको भएता पनि हार्ड कपी मात्रबाट प्रक्रिया अगाडी बढाउन मिल्ने-नमिल्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयमा बुझ्दा यस कार्यालयबाट जारी गरिएको विद्युतीय खरिद प्रणाली संचालन निर्देशिका, २०७४ को दफा ३५ उपदफा ३ बमोजिम गर्न राय प्राप्त भए अनुसार दुई

करोड भन्दा बढीको निर्माण कार्य गर्दा अनिवार्य रुपमा विद्युतीय खरिद प्रणालीको प्रयोगबाट मात्र गर्नु पर्ने व्यवस्था भएको हुँदा निर्देशिका बमोजिम प्रक्रिया नपुगेको कारणले गर्दा श्रीमान् महानिर्देशकज्यूको मिति २०७५।०४।११ गतेको निर्णय बमोजिम बोलपत्र रद्द गरी पुनः बोलपत्र आव्हान गरिएको ।

(२) निवेदकले 2.4.2 Construction experience: one contract of Airport Concrete Rigid pavement भनि उल्लेख गरेकोमा यस कार्यालयबाट जारी गरिएको बोलपत्रमा one contract of Airport pavement works भनि उल्लेख भएको ।

(३) निवेदकले 2.4.3 Construction experience in key activities: 4500 cum of Airport concrete Rigid pavement भनि उल्लेख गरेकोमा यस कार्यालयबाट जारी गरिएको बोलपत्रमा 4500 cum of Rigid pavement भनि उल्लेख भएकोमा निवेदक स्वयंको आशय शंकास्पद देखिएको ।

(४) Airport मा कार्यहरु गरेको प्रसस्त निर्माण व्यवसायीहरु रहेकोले प्रतिष्पर्धा संकुचित नभएको कार्यालयको भनाई रहेको छ ।

(५) Operational airport को restricted area मा निर्माण कार्य गर्नु पर्ने हुनाले Airport project कार्य गरीसकेको निर्माण व्यवसायीबाट उक्त कार्य गराउन सहज हुने र यस्तो प्रचलन विगतमा CAAN मा संचालन गरेको ICB-Contract हरुमा समेत रहेको ।

(६) Airport pavement कार्य अति नै संबेदनशिल विषय रहेकोले ICAO, FAA हरुमा रहेको Standard Recommendation procedure (SRPs) हरु अनुसार गर्नुपर्ने र हवाई एवं उड्डयन सुरक्षाको दृष्टिकोणले पनि बाटो तथा पुलको निर्माण कार्य भन्दा फरक एवं जटिल रहेको ।

(७) सार्वजनिक निकायले कार्यको जटिलता हेरि criteria बनाई बोलपत्र कार्य अगाडी बढाउन सार्वजनिक खरिद नियमावलीको नियम २६, १(ग) बमोजिम माथी उल्लेखीत कारणहरुले गर्दा Airport project राखी सार्वजनिक सूचना मार्फत आव्हान गरिएको र यस कार्यमा निवेदकले निवेदनमा उल्लेख गरेको जस्तो नरहेको व्यहोरा कार्यालयले जानकारी गराएको देखिन्छ ।

### (घ) गुनासोको स्थलगत अध्ययनबाट देखिएको व्यहोरा

- उक्त बोलपत्रको प्राविधिक प्रस्तावमा निर्धारण गरिएको Construction experience को Contracts of similar size and nature अन्तर्गत 'Participation in at least one contract of airport pavement works amounting 200 million in one single package' र Construction experience in key activities अन्तर्गत 'Minimum

experience in following key activities: 4500 cum of rigid pavement within 18 months' रहेको ।

- गुनासोकर्ताको निवेदन अनुसार Contract of similar size and nature मा Airport rigid pavement works शब्द उल्लेख भएको ।
- प्राधिकरणले उक्त बोलपत्रमा विमानस्थलमा गरीनु पर्ने Airport Pavement works को जटिलता अनुसार उक्त ठेक्कामा गर्नु पर्ने Airport Pavement को लागि Engineering Design समेत गरेको देखियो ।
- उक्त ठेक्काको हालको अवस्था हेर्दा सो ठेक्का २०७५।०६।१५ मा कार्यालय र निर्माण व्यवसायी कान्छाराम कन्स्ट्रक्सन कम्पनि प्रा.ली वीच सम्झौता भएको र हाल सम्म उक्त ठेक्काको भौतिक कार्य प्रगती ५०% भन्दा बढी भइसकेको देखिन्छ ।

**(ङ) निष्कर्ष**

माथि उल्लेखीत विषय वस्तु हेर्दा सार्वजनिक निकायले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा प्रावधान भए अनुसार दुई करोड भन्दा बढीको ठेक्कामा अनिवार्य विद्युतीय माध्यमबाट खरिद गर्नु पर्ने प्रष्ट प्रावधान रहेकोमा सार्वजनिक निकायले पुनः बोलपत्रको सूचना जारी गरेको उचित नै देखिन्छ ।

निवेदकले आफ्नो निवेदनमा उठाएको Airport rigid pavement सम्बन्धि गुनासो र सार्वजनिक निकायले जारी गरेको Evaluation criteria अन्तर्गत Contracts of similar size and nature/Construction experience in key activities मा कतै Airport rigid pavement भनि शब्द उल्लेख नगरेको । Airport pavement को कार्य अति नै संबेदनशिल विषय रहेको र सार्वजनिक निकायले सोही अनुसार उक्त कार्यको Engineering Design समेत गरेको र अन्यत्र गरीने सडक कार्यको Design भन्दा फरक रहेकोले कार्यको जटिलता हेरि सार्वजनिक खरिद नियमावलीको नियम २६, १(ग) बमोजिम ठेक्का आव्हान गरेको देखिन्छ ।

## ४. <u>शहरी विकास तथा भवन कार्यालय, धनकुटा :</u>

**(क) पृष्ठभूमी**

शहरी विकास तथा भवन कार्यालय, धनकुटाबाट मिति २०७५।११।०५ मा आह्वान भएको बोलपत्र सुचना नं. UDBO/DKT/NCB/Works/02/075/76 (नगर स्तरिय दलित संजाल भवन भोजपुरको भवन निर्माण) सम्बन्धमा सारासृष्टि/मकालु जे.भि. धनकुटाले मिति २०७६।०१।०८ मा यस कार्यालयमा गुनासो लेखी पठाएको र सो सम्बन्धमा यस कार्यालय बाट शहरी विकास तथा भवन कार्यालय, धनकुटालाई पत्राचार गरी प्राप्त कागजातहरु तथा

स्थलगत अनुगमन समेतका आधारमा गुनासोकर्ताले उठाएका विषयका सन्दर्भमा केन्द्रित रहि यो प्रतिवेदन तयार गरिएको छ ।

## (ख) उजुरी र निवेदकले उठाएको संक्षिप्त व्यहोरा

सारासृष्टि/मकालु जे.भि. धनकुटाको तर्फ बाट मोहन बहादुर पाण्डेले मिति २०७६।०१।०८ मा यस कार्यालयमा गुनासो लेखी पठाएको र यस कार्यालयमा २०७६।०१।११ मा दर्ता भएको निवेदनको व्यहोरा निम्न बमोजिम रहेको छः

शहरी विकास तथा भवन कार्यालय, धनकुटाको मिति २०७५।११।०५ गतेको सुचनाबाट नगरस्तरिय दलित संजाल भवन भोजपुरको ठेक्का नं. UDBO/DKT/NCB/Works/ 02/075/76 को बोलपत्र आह्वान भएकोमा मार्सेली निर्माण सेवा प्रा. ली. भोजपुरले मार्पत पेस गरेको गलत बिडबण्ड तथा शकांस्पद भएको छिनामखु भवनको कार्य अनुभव माथी छानबिन गरी पाउँ भनी मिति २०७५।१२।२१ मा शहरी विकास तथा भवन कार्यालय, धनकुटामा निवेदन पेश गरेकोमा कार्यालयले उजुरी उपर कुनै कारबाही नगरी उक्त निर्माण व्यवसायी सँग साँठगाठँ मिलेमतो गरी कानुन विपरित पुनः अर्कै बिडबण्ड झिकाई निजको बिडबण्ड लाई सदर गरेको साथै शकांस्पद भएको छिनमखु भवनको कार्य अनुभवलाई छानबिन नै नगरी बेवास्ता गर्दै मार्सेलि निर्माण सेवाको डकुमेन्ट ३ वटा पेस गर्नुपर्नेमा ५ वटा डकुमेन्ट पेश गरेकोले निजको डकुमेन्ट पुरा भएको भनी मिति २०७५।१२।२६ गते पत्र प्राप्त भयो । उक्त ठेक्कामा त्यहाँ कार्यालय बाट ३ वटा १ करोड बराबरको similar size and nature माग गरेकोमा निजले ५ वटा डकुमेन्ट पेश गरेको भएता पनि १ डकुमेन्ट १ करोड भन्दा मुनी (६५ लाखको मात्र) भएको, अर्को डकुमेन्टको सक्कल कागजात (छिनामखु भवनको कार्य अनुभव) पेश गर्न नसकेको, अर्को १ वटा similar size and nature नपरेको अर्थात पुलको डकुमेन्ट पेस गरेकोले ५ वटा डकुमेन्ट मध्ये ३ वटा डकुमेन्ट फेल भई २ वटा डकुमेन्ट मात्र पुरा भएको कुरा स्पष्ट सगँ देखिन्छ । मिति २०७५।१२।२७ गते आर्थिक प्रस्ताव खोल्न यस जे. भी. फर्मको तर्फबाट पठाइएको प्रतिनिधी धनकुटा ४ बस्ने दिनेश राईले मौखिक रुपमा निजको डकुमेन्ट पुरा नभएकोले पुनः छानबिन गरी खोल्नु भनी बारम्बार अनुरोध गर्दा उक्त कुरालाई अस्वीकार गरी निजको डकुमेन्ट फेल हुने प्रशस्तै आधारहरु हुँदाहुदै आफ्नो मनोमानी ढगंले कुनै स्वार्थको प्रलोभनमा परि उक्त मार्सेलि निर्माण सेवाको डकुमेन्ट सबै पुरा भएको छ भन्दै मिति २०७५।१२।२८ गते आशयको सुचना प्रकाशित भएको हुनाले हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । निजले e-bid बाट पेश गरेको डकुमेन्ट e-bid बाटै डाउनलोडिङ भएको आधारमा पुनः छानबिन गरी पाउँ भनी यो निवेदन पेश गर्दछौ ।

### (ग) सम्बन्धित सार्वजनिक निकायको भनाई

प्राप्त गुनासोको सम्बन्धमा यस कार्यालय बाट शहरी विकास तथा भवन कार्यालय, धनकुटालाई मिति २०७६।०१।१२ मा पत्राचार गरी आवश्यक कागजात सहित लिखित जवाफ पेश गर्न भनी पत्राचार गरिएकोमा शहरी विकास तथा भवन कार्यालय, धनकुटाको प.सं. २०७५/०७६, च. नं. ४५७, मिति २०७६।०१।३० को पत्रबाट लेखी आए अनुसार सम्बन्धित निकायको भनाई देहाय बमोजिम रहेको छ:

यस कार्यालयको आ.व. २०७५/०७६ को स्विकृत कार्यक्रम अनुसार नगरस्तरिय दलित सञ्जाल समितिको भवन निर्माण कार्यको लागी मिति २०७५।१०।२७ गतेको सचिवस्तरिय निर्णय बाट बहुवर्षिय खरिद योजना स्वीकृत भई ठेक्का नं. UDBO/DKT/NCB/Works/ 02/075/76, मिति २०७५।०१।०५ गतेको सूचनाबाट बोलपत्र आह्वान भएकोमा हकमा कार्यका लागि पेश भएका दुईवटा बोलपत्रदाता (मार्सेली निर्माण सेवा, भोजपुर र सारासृष्टि/मकालु जे. भी., धनकुटा) का प्राविधिक प्रस्तावहरुको सक्कलै कागजात पेश गर्न लगाई मूल्याङ्कन गर्दा मार्सेली निर्माण सेवा, भोजपुरले पेश गरेको बिडबण्ड यस कार्यालयको नामको धरौटी खातामा जम्मा भएको देखियो र उक्त फर्मको similar size and nature को कागजात अध्ययन गर्दा requirement पुगेको देखिएको हुदाँ दुवै बोलपत्रदाताको प्राविधिक प्रस्ताव सारभुत रुपमा प्रभावग्राही देखिएकोले उक्त आर्थीक प्रस्ताव मिति २०७५।१२।२८ मा खोल्दा मार्सेली निर्माण सेवा, भोजपुरले पेश गरेको आर्थिक प्रस्ताव न्युनतम मूल्याङ्कित भई सारभुत रुपमा प्रभावग्राही देखिएको हुदाँ उक्त आयोजनाको सम्झौता भइ निर्माण कार्य शुरु भएको व्यहोरा अनुरोध गरीन्छ । साथै, उक्त आयोजनाको मूल्याकंन प्रतिवेदन, निर्णयहरु तथा टिप्पणी लगायतका कागजातहरुको प्रतिलिपि यसै पत्र साथ संलग्न गराखि पठाइएको व्यहोरा समेत अनुरोध गरीन्छ भनि लेखी आएको ।

### (घ) गुनासोको स्थलगत अध्ययन बाट देखिएको व्यहोरा

- प्रस्तुत बोलपत्र मिति २०७५।११।०५ राष्ट्रिय दैनिक नेपाल समाचारपत्रमा आव्हान भएको । सूचना अनुसार उक्त बोलपत्र विद्युतीय माध्यमबाट मात्र खरिद गरी मिति २०७५।१२।०५ दिन को १२:०० बजे सम्म दर्ता गर्नुपर्ने र बोलपत्र खोलिने मिति सोहि दिनको १३:०० बजे राखिएको ।
- कार्यालयले जारी गरेको Bidding document को Evaluation and Qualification 2.4.2 Contracts of Similar size and nature मा "PARTICIPATION AS PRIME CONTRACTOR, MANAGEMENT CONTRACTOR, OR SUBCONTRACTOR IN AT LEAST 3 CONTRACTS WITHIN LAST 10 YEARS EACH VALUE OF

AT LEAST NRS. 1 CRORE THAT HAVE BEEN SUCCESSFULLY COMPLETED AND THAT ARE SIMILAR TO PROPOSED WORKS" कार्यको अनुभव माग गरिएको ।

- मिति २०७५।१२।०५ दिनको १२:०० बजे सम्म २ वटा बोलपत्र दर्ता हुन आएको । दर्ता हुन आएका बोलपत्रहरु साराश्रीष्टि/मकालु जे भी र मर्शेली निर्माण सेवा रहेको ।
- दर्ता हुन आएका दुवै बोलपत्र प्राविधिक मूल्याङ्कनमा सफल भएको पाइयो ।
- प्राविधिक मूल्याङ्कनबाट सफल भएका दुवै बोलपत्रदाताको आर्थिक प्रस्ताव खोलिने सूचना मिति २०७५।१२।२० मा प्रकाशन भएको । उक्त सूचना अनुसार दुवै बोलपत्रदाताको आर्थिक प्रस्ताव मिति २०७५।१२।२७ मा खोलिने भनिएको ।
- मिति २०७५।१२।२१ मा साराश्रीष्टि/मकालु जे भी ले कार्यालयमा छानबिन गरीपाउँ भन्ने बारे निवेदन दर्ता गरेको । उक्त निवेदनमा साराश्रीष्टि/मकालु जे.भी.ले मुख्यतः दुई वटा गुनासो गरेको देखिन्छ । (१. मर्शेली निर्माण सेवाले पेश गरेको बैंक जमानतमा उल्लेख भएको ठेक्का नं गलत भएको र २. मर्शेली निर्माण सेवाले पेश गरेको छिनामखु स्वास्थ्य चौकी भवन भोजपुरको कार्यानुभवको प्रमाणपत्र प्रमाणीकरण सम्बन्धमा ।)
- साराश्रीष्टि/मकालु जे.भी.ले दर्ता गरेको निवेदन उपर कार्यालयले मिति २०७५।१२।२६ मा निजलाई जवाफ पेश गरेको पाइयो । कार्यालयले जवाफ पेश गरी तोकिएकै मिति २०७५।१२।२७ मा प्राविधिक मूल्याङ्कनमा सफल भएका दुवै बोलपत्रदाताको आर्थिक प्रस्ताव खोलेको पाइयो ।
- दुवै बोलपत्रदाताको आर्थिक प्रस्ताव खुलेको मध्ये मर्शेली निर्माण सेवाल सवै भन्दा घटी बोलपत्र अंक पेश गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता रहेको देखियो ।
- कार्यालयले आर्थिक प्रस्तावको मूल्याङ्कन गरी मिति २०७५।१२।२८ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरेको ।
- मिति २०७६।०१।०२ मा साराश्रीष्टि/मकालु जे.भी.ले पुनः कार्यालयमा "पुनः छानबिन गरी पाउँ भन्ने बारे" निवेदन दर्ता गरेको । उक्त निवेदन अनुसार निजले मुख्यतः दुई वटा गुनासो गरेको (१. मर्शेली निर्माण सेवाले पेश गरेको बैंक जमानतमा उल्लेख भएको ठेक्का नं गलत भएको र २). उक्त ठेक्कामा त्यहाँ कार्यालयबाट ३ वटा १ करोड बराबरको Similar size and nature माग गरेकोमा मर्शेली निर्माण सेवाले ५ वटा डकुमेन्ट पेश गरेको भएता पनि ५ वटा डकुमेन्ट मध्ये १ वटा डकुमेन्ट १ करोड भन्दा मुनि (६५ लाख मात्र) भएको, अर्को १ वाटको सक्कल कागजात (छिनामखु भवनको कार्य अनुभव) पेश गर्न नसकेको, अर्को १ वटा Similar size and nature मा नपरेको अर्थात्

पुलको डकुमेन्ट पेश गरेकोले ५ वटा डकुमेन्ट मध्ये ३ वटा डकुमेन्ट फेल भई २ वटा डकुमेन्ट मात्र पुरा भएको ।)

- कार्यालयले उक्त निवेदन उपर निर्माण व्यवसायीलाई मिति २०७६।०१।०५ मा जवाफ पेश गरेको देखिन्छ ।
- कार्यालयले नियमानुसार मर्शेली निर्माण सेवा सँग मिति २०७६र०१र१२ मा सम्झौता गरेको देखिन्छ र कार्यालयको भनाई अनुसार सो काम हाल संचालनमा रहेको छ ।
- मिति २०७६र०१र०८ मा साराश्रीष्टि/मकालु जे भी ले पुनः कार्यालयमा "पुनः छानबिन गरी पाउँ भन्ने बारे" निवेदन सार्वजनिक खरिद अनुगमन कार्यालयमा दर्ता गरेको । उक्त निवेदनको व्यहोरा र निजले मिति २०७६।०१।०२ मा पेश गरेको निवेदनको व्यहोरा फरक नरहेको ।
- साथै सो सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, इटहरीमा समेत निवेदन दर्ता भएकोमा उक्त कार्यालयले जपाफ पेश गरेको देखिएको ।

**(ङ) निष्कर्ष:**

- गुनासोकर्ताले गुनासो गरेको मर्शेली निर्माण सेवाको बैंक जमानतमा उल्लेख भएको ठेक्का नं को हकमा स्थलगत अनुगमनको क्रममा कार्यालयले उपलब्ध गराएको कागजात अनुसार मार्शेली निर्माण सेवा ले पेश गरेको Bid security बैंक जमानतमा ठेक्का नं UDBO/DKT/NCB/Works/02/075/076 हुनु पर्नेमा DUBO/DKT/NCB/Works/02/075/076 भएको । बैंक जमानतमा उल्लेख भएको ठेक्का नं. मा उक्त ठेक्काको नं अर्थात् 02/075/076 लेख्न मा गल्ती नभएको र आगाडीको शब्दमात्र फरक परेकोले गुनासोकर्ताको उक्त गुनासो सान्दर्भिक देखिंदैन ।
- माथी उल्लेखीत गुनासोकर्ताले मर्शेली निर्माण सेवाको कार्य अनुभव प्रति गरेको गुनासो उपर अध्ययन गर्दा गुनासोकर्ताले उल्लेख गरेको छिनामखु भवन निर्माणको प्रमाणपत्रलाई मूल्याङ्कन प्रक्रियामा समावेश नगर्दा पनि मार्शेली निर्माण सेवाको कार्य अनुभव कार्यालयले माग गरे बमोजिम पुग्ने देखिन्छ र सोही अनुसार कार्यालयले मूल्याङ्कन गरेको प्राविधिक प्रस्तावमा दुवै बोलपत्रदाता प्राविधिक रुपमा सफल भएको देखियो ।
- कार्यालयले मूल्याङ्कन गरेको दुवै बोलपत्रदाताको आर्थिक प्रस्तावमा प्रतिस्पर्धा भएको देखिन्छ ।
- तथापी कार्यालयले जारी गरेको Bidding document को Evaluation and Qualification 2.4.2 Contracts of Similar size and nature मा कार्यालयलाई आवश्यक पर्ने कार्य अनुभव PPMO ले जारी गरेको Standard Bidding Document र

सार्वजनिक खरिद ऐन र नियमावलीको सर्वमान्य सिद्धान्त र बढी भन्दा बढी प्रतिस्पर्धा हुने किसिमले राख्नु पर्नेमा सो भएको देखिंदैन र आवश्यक भन्दा बढी कार्य अनुभव माग गरिएको देखियो । यस बारेमा आगामी दिनमा ध्यान दिनु आवश्यक देखिन्छ ।

## ५. केराबारी गाउँपालिका, केराबारी, मोरंग :

### (क) पृष्ठभूमी

केराबारी गाउँपालिका, केराबारी, मोरंग ले बोलपत्र आव्हान गरेको Construction of Hurhure Khola RCC Bridge Location:Yangsila Okhre Road, Kerabari Rural Municipality-05, Aaptaar Kerabari Morang Contract Identification no: KRMC/MOR/FE/NCB-01(075/76) सम्बन्धमा निवेदक श्री शंकरमाली नेशनल जे.भी. काठमाडौं द्वारा यस कार्यालयमा प्राप्त भएको पत्र बिषयक ठेक्का नं KRMC/MOR/FE/NCB-01(075/76) बारे भनि निवेदन उपर यस कार्यालय बाट केराबारी गाउँपालिका, मोरंगलाई पत्राचार गरी प्राप्त कागजातहरु तथा स्थलगत अनुगमन समेतका आधारमा गुनासोकर्ताले उठाएका विषयका सन्दर्भमा मात्र केन्द्रित रहि यो प्रतिवेदन तयार गरिएको छ ।

### (ख) उजुरी निवेदकले उठाएको संक्षिप्त व्यहोरा

मिति १८ नोभेम्बर २०१८ मा इलेक्ट्रोनिक बिड मार्फत Construction of Hurhure Khola RCC Bridge Location: Yangsila Okhre Road, Kerabari Rural Municipality-05, Aaptaar Kerabari Morang Contract Identification no: KRMC/MOR/FE/NCB-01 (075/76) निर्माण कार्यको लागि यस जे.भी. कम्पनीले रु २,०५,१३,०८५.३६ (मु.अ. कर सहित) बोलपत्र पेश गरेकोमा उक्त निर्माण कार्यको प्राविधिक प्रस्ताव योग्यतामा सफल हुने सबै बोलपत्रदाताहरुको नामावली सार्वजनिक खरीद नियमावली ३१ (ङ) को उपदफा ५ उपनियम ४ बमोजिम प्रकाशित गर्नुपर्नेमा विना जानकारी आर्थिक प्रस्ताव खोली मिति २०७५ पुष ९ गते राष्ट्रिय दैनिकमा श्री पृथ्वी इन्जिनियर्स एण्ड बिल्डर्सको नाममा रु २,२१,०६,७७५।२२ ठेक्का स्वीकृत भएको आशय प्रकाशित गरेकाले आवश्यक कारवाहीको लागि अनुरोध गर्दछौं । साथै उक्त निर्माण कार्यको लागि मागेको सबै चाहिने योग्यता पेश गरेको व्यहोरा जानकारी गराउंदछौं निवेदनमा उल्लेख गरिएको छ ।

### (ग) सम्बन्धित सार्वजनिक निकायको भनाई

उपरोक्त गुनासो सम्बन्धमा सम्बन्धित कार्यालयसँग कागजपत्र माग गर्ने तथा सो सम्बन्धमा निजको धारणा तथा प्रमाणित गर्ने आधारहरु माग गरिएकोमा उक्त कार्यालयबाट प्राप्त धारणा, आधार र स्पस्टिकरण संक्षिप्त व्यहोरा निम्नानुसार रहेको छ :

कार्यालयबाट आव्हान भएको सूचना नं KRMC/MOR/FE/NCB-01 (075/76) Construction of Hurhure Khola RCC Bridge को ठेक्का अनलाइन विधिबाट मात्र भएको

र यस Shankarmali-National JV को प्राविधिक प्रस्ताव मूल्याङ्कन गर्दा उक्त बोलपत्रदाताले दुई वटा Specific Construction Experience पेश गर्नु पर्नेमा एउटा मात्र मात्र Specific Construction Experience पेश गरेको हुँदा प्राविधिक प्रस्तावमा अनुतिर्ण भएको र स्वतः उक्त Shankarmali-National JV आर्थिक प्रस्तावमा समावेश नभएको व्यहोरा जानकारी गराउंदछौ । सबै बोलपत्रदाताहरुलाई उक्त सूचनाको जानकारी गराएको व्यहोरा पनि जानकारी गराउन चाहान्छौ । साथै यसै पत्र साथ आवश्यक कागजात संलग्न गरी (संलग्न कागजपत्रहरुः १) निर्णयको प्रतिलिपि, २) Shankarmali-National JV को एउटा Specific Construction Experience ३) प्रस्ताव खोलेको मुचुल्का) पठाइएको व्यहोरा अवगत गराउंदछौ भनि लेखी आएको ।

**(घ) गुनासोको स्थलगत अध्ययनबाट देखिएको व्यहोरा**

(१) मिति २०७५।०८।१२ गते केरावारी गाउँपालिकामा बोलपत्र मूल्याङ्कन समितिको बैठक बसी निर्णय गरिएको ।

निर्णय १ : त्यस कार्यालयबाट आव्हान भएको KRMC/MOR/FE/NCB-01(075/76) Construction of Hurhure Khola RCC Bridge मा इलेक्ट्रोनिक बिड मार्फत दर्ता हुन आएका बोलपत्रहरुको प्राविधिक पक्षको मूल्याङ्कन गर्दा शंकरमाली-नेशनल जे.भी., काठमाडौँको प्राविधिक प्रस्तावमा आवश्यक पर्ने Specific Construction Experience दुई वटा हुनु पर्नेमा १ वटा मात्र समावेश गरेको र निलगिरी निर्माण सेवा काठमाडौँले प्राविधिक प्रस्तावमा आवश्यक पर्ने Historical Financial Performance आन्तिम ५ वर्षको हुनुपर्नेमा ४ वर्षको मात्र समावेश गरेको हुँदा उक्त २ वटा बोलपत्र प्राविधिक मूल्यांकनमा असफल भएको र बांकी ७ वटा बोलपत्रदाताको आर्थिक प्रस्ताव खोल्न सम्बन्धित बोलपत्रदातालाई जानकारी गराउने भनि केरावारी गाउँपालिकामा सिफरिस गर्ने निर्णय गरेको ।

(२) यस कार्यालयबाट मिति २०७६।०१।२७ च नं २१७६ मा त्यस गाउँपालिकालाई थप कागजात उपलब्ध गराइदिने बारे भनि पत्रमा गुनासोकर्ता Shankarmali-National JV को बिड रेस्पोन्स डकुमेन्ट र प्राविधिक आशयको सूचना (आर्थिक प्रस्ताव खोल्ने सूचना) माग गरिएकोमा कार्यालयको मिति २०७६।०१।२९ च नं ३१२१ को प्राप्त पत्र अनुसार गुनासोकर्ता Shankarmali-National JV को बिड रेस्पोन्स डकुमेन्ट यस कार्यालयमा ईमेल मार्फत उपलब्ध गराएको तर थप माग गरिएको प्राविधिक आशयको सूचना ( आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना) यस कार्यालयले उपलब्ध नगराई त्यस कार्यालयले आर्थिक प्रस्तावको आशयको सूचना मात्र उपलब्ध गराएको ।

(३) कार्यालयबाट प्राप्त मिति २०७५।०९।०९ को आर्थिक प्रस्तावको आशयको सूचना अनुसार पृथिवी इन्जिनियर्स एंड बिल्डर्स प्रा.ली काठमाडौँले कबोल गरेको रु २,२१,०६,७७५।२२ (भ्याट सहित) लाई छनौट गरिएको देखिन्छ ।

(४) साथै कार्यालयले यस कार्यालयलाई उपलब्ध गराएको गुनासोकर्ता Shankarmali-National JV को बिड रेस्पोन्स डकुमेन्ट लाई अध्ययन गर्दा निज बोलपत्रदाताले ३ वटा पुल निर्माण कार्यको (Value of work each more than NRs 30,000,000) अनुभवको प्रमाणपत्र पेश गरेको देखिन्छ ।

(५) गुनासोकर्ता Shankarmali-National JV ले पेश गरेको ३ वटा पुल निर्माण कार्यको अनुभव मध्ये २ वटा पुल Motorable Steel truss bridge रहेको र एउटा Motorable RCC Bridge रहेको देखिन्छ ।

(६) उक्त ठेक्काको प्रकृति Construction of Hurhure Khola RCC Bridge रहेकोले गुनासोकर्ता Shankarmali-National JV सँग एउटा मात्र Motorable RCC Bridge पुल को अनुभव रहेकोले Shankarmali-National JV को बोलपत्र प्राविधिक मूल्याङ्कनमा असफल ठहर गर्ने निर्णय गरेको देखिन्छ ।

(७) हाल उक्त पुलको निर्माण कार्य जारी रहेको र पृथ्वी इन्जिनियर्स बिल्डर्स प्रा.ली को प्रथम रनिंग बिलको मूल्याङ्कन समेत भएको देखिन्छ ।

**(ङ) निष्कर्ष**

गुनासोकर्ताले पेश गरेको गुनासो, कार्यालयले पेश गरेको जवाफ र स्थलगत रुपमा कागजातहरुको अध्ययनबाट कार्यालयले आव्हान गरेको KRMC/MOR/FE/NCB-01-075/76_ Construction of Hurhure Khola RCC Bridge मा गुनासो कर्ताले गुनासो गरे बमोजिम त्यस कार्यालयले गुनासोकर्ताको बोलपत्रको प्राविधिक पक्षको मूल्याङ्कन गर्दा जारी गरेको Evaluation and Qualification को Contracts of similar size and nature मा कम्तिमा २ वटा न्युनतम रु ३,००,००,०००।- बराबरको पुल निर्माण कार्यको अनुभव माग गरेकोमा शंकरमाली (नेशनल जेभी ले ३ वटा (रु ३,००,००,०००।- भन्दा बढी) पुलको कार्य अनुभव पेश गरेकोमा पेश भएका ३ वटा पुलको अनुभव मध्ये २ वटा Motorable steel truss bridge को अनुभव भएको र उक्त अनुभव पनि यस ठेक्काको कामको प्रवृति सँग मिल्ने हुँदा निर्माण व्यवसायीद्वारा पेश भएका कार्य अनुभव Steel truss bridge भएको कारण मात्रैले उक्त बोलपत्र लाई अयोग्य ठहर गर्न नमिल्ने देखिन्छ ।

उक्त कार्यालयले बोलपत्रदाताहरुको प्राविधिक पक्षको मूल्याङ्कन गरे पछि सफल भएका बोलपत्रदाताहरुको सार्वजनिक खरिद नियमावली को दफा ३१ ङ उपदफा ५ मा उल्लेख भए बमोजिम आर्थिक प्रस्ताव खोल्ने सूचना दिनु पर्नेमा सो गरेको देखिदैन । यस्तो सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुले जानकारी पाउन उपयुक्त माध्यमको रुपमा राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गर्ने अभ्यास रहेको पाइन्छ । तथापी उक्त कार्यालयले सूचना प्रकाशित नगर्दा प्राविधिक प्रस्तावमा असफल भएका बोलपत्रदाताहरुले आफूले बोलपत्र पेश गरेको टेन्डरमा सफल भएको वा नभएको बारेमा जानकारी पाउन सक्ने अवस्था रहेको देखिएन । आर्थिक प्रस्ताब खोलिसके पछि बोलपत्र स्वीकृत गर्ने आशयको सूचना मात्र पत्रिकामा प्रकाशन भएको देखिन्छ । यस आधारमा उक्त कार्यालयले खरिदका सर्वमान्य सिद्धान्त अनुसार सार्वजनिक खरिदलाई बढी प्रतिस्पर्धी बनाउन सकेको देखिएन भने नियमानुसार सूचना प्रकाशन नगरेको देखिन्छ ।

## ६. नेपाल टेलिकम, पूर्वी क्षेत्रीय निर्देशनालय, विराटनगर :

### (क) पृष्ठभूमी

नेपाल टेलिकम, पूर्वी क्षेत्रीय निर्देशनालय, विराटनगरबाट मिति २०७५।८।७ मा आह्वान भएको बोलपत्र सूचना नं. NDCL / RED/ NCB/ 03/075-76 Supply and Delivery of Optical Network tools सम्बन्धमा Asian Techno Traders Pvt. ltd. Maitighar,Kathmandu ले यस कार्यालयमा गुनासो दर्ता गरेको ।

उक्त गुनासोको सम्बन्धमा पत्राचार गरी प्राप्त कागजपत्रहरु तथा स्थलगत अनुगमन समेतका आधारमा मूलरुपमा गुनासोकर्ताले उठाएका बिषयका सर्न्दभमा मात्र केन्द्रित रहि यो गुनासो सम्बन्धी प्रतिवेदन तयार गरिएको छ ।

### (ख) उजुरी र निवेदकले उठाएको संक्षिप्त ब्यहोरा

Asian Techno Traders Pvt. ltd. Maitighar,Kathmandu को तर्फबाट प्रवन्ध निर्देशक प्रकाश पोखेल ले यस कार्यालयमा मिति २०७५।१०।१७ मा देहाय बमोजिमको निवेदन दर्ता गर्नु भएको ।

नेपाल टेलिकम,पूर्वी क्षेत्रीय निर्देशनालय,विराटनगरबाट आह्वान गरिएको बोलपत्र नं. NDCL/ RED/NCB/03/075-76 Supply and Delivery of optical Network tools अर्न्तगत मिति २०७५।९।२६ मा बोलपत्र Map Entrepreneur Pvt. ltd. ले पेश गरेको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेको भनि सूचना आएको जानकारी गराउँदछु ।

उक्त बोलपत्रमा हामी Asian Techno Traders Pvt. ltd. Maitighar,Kathmandu प्राविधिक रुपमा योग्य र आर्थिक रुपमा Map Entrepreneur Pvt. ltd. भन्दा कम रकम कबुल गरेकोले कारण खुलाई पाउँ भनि नेपाल टेलिकम, पूर्वी क्षेत्रीय निर्देशनालय, विराटनगरलाई जनवरी २०, २०१९ मा कारण पाउँ भनि पत्र बुझाएको । उक्त कार्यालयले उत्पादकको आर्थिक कागजातको कारण देखाई हामीलाई आशयपत्र (LOI) दिन नसक्ने व्यहोराको जवाफ दिएको र सो जवाफ चित्त बुझदो नभएको र मूल्यांकनको क्रममा उत्पादकको कागजात हामी संग माग नगरी प्राविधिक र आर्थिक रुपमा सारभूत रहेको हाम्रो बोलपत्र अस्वीकृत गरेकोले छानबीन गरी आवश्य कारवाही गरी पाउँ ।

## (ग) सम्बन्धित सार्वजनिक निकायको भनाई

गुनासो सम्बन्धमा यस कार्यालयबाट मिति २०७६।१०।२१ मा स्पस्ट गरीदिन पत्राचार गरिएकोमा उक्त मिति २०७५।११।७,च.नं.३०५४ को उक्त कार्यालयको पत्रबाट लेखी आए अनुसार सम्बन्धित निकायको भनाई देहाय बमोजिम रहेको छ ।

NDCL/ERD/NCB/03/075-76 Supply and Delivery of Optical Network Tools को खरिद प्रक्रिया अर्न्तगत Asian Techno Traders Pvt. ltd. Maitighar, Kathmandu ले पेश गरेको बोलपत्र कागजातहरुमा सोही बोलपत्रमा अनिवार्य गरिएको Manufacturing Experience, Supply Records र Manufacturer audited Financial statement or Annual Report सम्बन्धि कागजातहरु Section III Evaluation and Qualification Criteria अनुसार Details Preliminary Examination का क्रममा संलग्न नरहेका कारणबाट प्रभावग्राही ठहर गर्न नसकि थप मूल्याङ्कनका लागि अगाडि नबढाईएको ।

साथै यस कार्यालयबाट देहायका बिषयमा थप स्पस्ट गर्न पत्राचार गरिएकोमा सो सम्बन्धमा उक्त निर्देशनालयको मिति २०७६।२।२,च.नं.४२६६को पत्र बाट देहायका कुरा लेखी आएको ।

(१) Manufactures Experience १० बर्ष राख्नुको आधार र कारण :

बोलपत्रको लागि आवश्यक कागजात तयार गर्दा यस कम्पनी अर्न्तगतको बा.ग्रा.से.नि.छाउनीबाट आह्वान गरिएको बोलपत्रलाई आधार मानी गरिएको र सो अनुसार उत्पादनकर्ताको १० बर्ष अनुभव आवश्यक रहेको देखिएकोले माग गरिएको । उत्पादकर्ताको सामान उत्पादनमा १० बर्षको अनुभवले सामानको गुणस्तर निर्धारण गर्न सकिने र त्यस कम्पनी प्रतिको विश्वसनियता निर्धारण गर्न सकिने आधार प्रस्तुत हुने । उत्पादनकर्ताको सामान उत्पादनमा लामो अवधिको अनुभवले बजारमा उक्त सामानको गुणस्तरता र उत्पादनकर्ता प्रतिको विश्वसनियता कायम हुने भएकोले ।

(२) Turnover USD 5 million के आधारमा निर्धारण गरिएको ? सो आवश्यकता सम्बन्धि औचित्य पुष्टि हुनु पर्ने आधार, प्रमाण एवम तथ्य :

यस बोलपत्रको लागि आवश्यक कागजात तयार गर्दा यस कम्पनी अर्न्तगतको बा.ग्रा.से.नि.छाउनीबाट आह्वान गरिएको बोलपत्रलाई आधार मानी गरिएको र सो अनुसार सामानको लागत अनुमन भन्दा २५ गुणा बढीले हुन आउने रकमलाई Sales Turnover (USD 10 million Sales Turnover) माग गरेको देखिएको र सोही अनुसार बोलपत्र नं. NDCL/ERD/NCB/03/075-76 Supply and Delivery of optical Network tools को बोलपत्र आह्वानका लागि मिति २०७५।६।२५मा भएको Review meeting बाट Proportion मिलाई USD 5 million Sales turnover माग गरिएको । Sales Turnover माग गर्नुको प्रमुख कारण उत्पादककर्ता आर्थिक रुपमा सबल रहेकोमा विश्वस्त हुन सक्ने आधार हुने ।

(३) Manufactures Audit Report वा Audit Report माग सम्बन्धमा Manufactures Audit Report नै किन आवश्यक पर्ने हो ? Manufactures को सट्टा Authorized स्थानीय एजेन्ट (Suppliers) को Audit Report भए त्यहाँ निकायको आवश्यकता पूरा हुने नहुने ?

माथि बुदा नं. २ मा उल्लेखीत बिषय र स्थानीय एजेन्टले सामान उत्पादन नगरी Manufactures ले सामान उत्पादन गर्ने भएकोले निजको वित्तिय विवरणको विश्वसनियतका लागि Audit Report माग गरिएको । नेपालमा अवस्थित बोलपत्रदाताले बोलपत्रमा उल्लेखीत Sales Turnover बराबरको रकम Audit Report बाट पेश गर्न पेश गर्न कठिनाई हुने भएकोले । नेपालमा यस बर्ष मात्र Register भएका कम्पनीले उक्त कागजात पेश गर्न नसक्ने भएकोले ।

(४) Supply Record माग गरेको सम्बन्धमा Bid Document मा उल्लेख गरेको बिषयका आधार, प्रमाण एवम तथ्य ।

- यस बोलपत्रको लागि आवश्यक कागजात तयार गर्दा यस कम्पनी अर्न्तगतको बा.ग्रा.से.नि., छाउनीबाट आह्वान गरिएको बोलपत्रलाई आधार मानि गरिएको र सो अनुसार सामानको Supply Record माग गरिएको देखिएको र सोही अनुसार बोलपत्र नं. NDCL/ERD/NCB/03/075-76 Supply and Delivery of optical Network tools को बोलपत्र आह्वानका गर्दा Supply Record माग गरिएको । Supply Record बाट आपूर्तिकर्ता अन्तर्राष्ट्रिय रुपमा स्थापित रहेको देखिने भएकोले ।

- Supply Record बाट आपूर्तिकर्ताले आपूर्ति गरेका सामानको गुणस्तर र विश्वसनियताको प्रमाण प्राप्त हुने सम्भावना भएकोले ।

**(घ) स्थलगत छलफल र कागजातबाट देखिएको व्यहोरा**

नेपाल टेलिकम, पूर्वी क्षेत्रीय निर्देशनालय, विराटनगरबाट आह्वान भएको बोलपत्र सूचना नं. NDCL/RED/NCB/03/075-76 Supply and Delivery of optical Network tools खरिद गर्न आह्वान भएको बोलपत्रमा Asian Techno Traders Pvt. ltd. Maitighar, Kathmandu ले समेत बोलपत्र पेश गरेको ।

निवेदकले गुनासोको रुपमा उक्त बोलपत्रको मूल्यांकनको क्रममा उत्पादकको कागजात हामी संग माग नगरी प्राविधिक र आर्थिक रुपमा सारभूत रहेको हाम्रो बोलपत्र अस्वीकृत गरेका भन्ने रहेको छ । भने कार्यालयबाट लेखी अनुसार उक्त बोलपत्रमा अनिवार्य गरिएको Manufacturing Experience, Supply Records र Manufacturer audited Financial statement or Annual Report सम्बन्धि कागजातहरु Details Preliminary Examination का क्रममा संलग्न नरहेका कारणबाट प्रभावग्राही ठहर गर्न नसकि थप मूल्याङ्कनका लागि अगाडि नबढाईएको भन्ने रहेको छ । छलफलका क्रममा सार्वजनिक खरिद ऐन २०६३ मा रहेको व्यवस्था अनुसार सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना मिति २०७५।९।२६ मा पत्रिकामा प्रकाशन गरे पश्चात बोलपत्रमा सहभागी Asian Techno Traders Pvt. ltd. Maitighar,Kathmandu ले पुनरावलोकनको लागि बोलपत्रदाताले कार्यालय प्रमुख समक्ष तोकिएको समय अवधि भित्र पुनरावलोकनको लागि निवेदन दिन सक्ने व्यवस्था रहे पनि गुनासोकर्ताले कार्यालयमा २०७५।९।१० मा मात्र निवेदन दर्ता गरेको भए तापनि कार्यालयले जवाफ दिएको पत्रबाट देखिन्छ ।

**(ङ) निष्कर्ष/निर्णय**

गुनासोकर्ताले उठाएको बिषयका सर्न्दभमा कार्यालयले आपूर्तिकर्ताको योग्यता मुल्याङ्कन गर्दा Historical Documents का हकमा आपूर्तिकर्ताले सो किसिमको पेश नगरेमा Clarification माग गरी ठेक्का प्रक्रियालाई थप प्रतिस्पर्धी बनाउन सक्ने अवस्था रहेको थियो ।

उक्त बोलपत्रको कागजातरु अध्ययन गर्दा गुनासोकर्ताले उठाएका बिषयबस्तु बाहेक अन्य बिषयहरुका सर्न्दभमा देहाय को अवस्था देखिएको ।

नेपाल टेलिकम र यस अर्न्तगतका कार्यालयहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले संचालनमा ल्याएको इजिपी सिस्टममा आवद्ध नभएको देखियो ।

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को उपदफा (३) (ख) मा "सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना बोलपत्र सम्बन्धी कागजात (स्ट्याण्डर्ड विडिङ्ग डकुमेन्ट), नमूना पूर्व योग्यता सम्बन्धी कागजात (स्ट्याण्डर्ड प्रिक्वालिफिकेशन डकुमेन्ट), नमूना खरिद सम्झौता सम्बन्धी कागजात (स्ट्याण्डर्ड कन्ट्रयाक्ट डकुमेन्ट) मा सामान्यतया सारभूतरुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार पूर्व योग्यता सम्बन्धी कागजात, बोलपत्र सम्बन्धी कागजात र खरिद सम्झौता सम्बन्धी कागजात तयार गर्ने" भन्ने प्रवधान रहेकोमा बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी गरिएको नमुना बोलपत्र सम्बन्धी कागजात बमोजिम तयार गरी बोलपत्र आह्वान हुने गरेको जानकारी प्राप्त भए तापनि उक्त बोलपत्रमा भएका केहि शर्तहरु भने फरक किसिमले समेत राख्ने गरेको देखिन्छ ।

## ७. राष्ट्रिय ट्रमा सेन्टर :

### (क) पृष्ठभूमी

राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध, काठमाण्डौबाट सुरक्षा गार्ड र सरसफाई सम्वन्धी कामको लागि आव्हान गरिएको बोलपत्र सम्वन्धमा निवेदकहरु स्मार्ट लाईफ सेक्युरिटी सर्भिस प्रा.लि., काठमाण्डौ सेक्युरिटी सर्भिस प्रा.लि.,ग्लोवल जनशक्ति आपूर्ति सर्भिस र काठमाण्डौ सरसफाई सर्भिस प्रा.लि.का तर्फबाट यस कार्यालयमा गुनासो प्राप्त भएको र प्राप्त गुनासोको सम्वन्धमा माग गरिएको कागजात/विवरण अध्ययन एवम स्थलगत अनुगमनका क्रममा प्राप्त जानकारीका आधारमा गुनासोको बिषयमा केन्द्रित रहि यो प्रतिवेदन तयार गरिएको छ ।

### (ख) उजुरी निवेदकले उठाएको संक्षिप्त ब्यहोरा

राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध, काठमाण्डौबाट मिति २०७५।९।१८ गते सुरक्षागार्ड र अस्पताल सरसफाई सम्वन्धी कार्यको लागी १५ दिने सूचना प्रकाशित गरी बोलपत्र माग गरेको । उक्त संस्थाबाट बोलपत्र माग गर्दा बोलपत्रका अनिवार्य शर्तहरुमा समिति कम्पनीहरुले मात्र भाग लिन पाउने गरी, सेन्डीकेट प्रथा झल्किने गरी र योजनाबद्ध तरिकाले कुनै एक, दुई कम्पनीलाई मात्र उपयुक्त हुने गरी अनावश्यक र अत्याधिक रकमको Credit Line (१ करोड देखी २ करोड सम्मको) माग गरेकाले नेपाल सरकारको बढी भन्दा बढी कम्पनीहरुको प्रतिस्पर्धा गराई सेवा खरिद गर्नुपर्ने नीतिको विपरित र सार्वजनिक खरिद ऐनको परिच्छेद ४ को दफा २९ को विपरित अत्याधिक रकमको Credit Line माग भएकाले त्यस कार्यालयबाट माथिको सम्बन्धित संस्थाहरुलाई आवश्यक निर्देशन सहित माथि उल्लेखीत सेवाको लागि माग भएको बोलपत्र फारामको अनिवार्य शर्तहरुमा Credit Line हटाउँनका लागि र माथि प्रस्तावित सेवाको बजेट अनुसार बोलपत्रको समयावधी १५ दिन नपुग भएकाले सो समेत संशोधन

गर्नका लागि यथाशिघ्र सम्बन्धित संस्थाहरुलाई पत्रचार गरीदिनु हुन भनि अनुरोध गरी निवेदन पेश भएको ।

### (ग) सम्बन्धित सार्वजनिक निकायको भनाई

उपरोक्त गुनासो सम्वन्धमा सम्वन्धीत कार्यालय संग कागजपत्र झिकाउने तथा सो सम्बन्धमा निजको धारणा तथा प्रमाणित गर्ने आधारहरु माग गरिएकोमा उक्त कार्यालयबाट प्राप्त धारणा, आधार र स्पष्टिकरणको संक्षिप्त ब्यहोरा निम्नानुसार रहेका छ ।

(१) उक्त गुनासोको सम्वन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयको प.सं. ०७५/७६,च.नं.६१५, मिति २०७५।१०।१ को पत्रबाट उक्त बोलपत्र सम्वन्धमा आवश्यक प्रमाण तथा कागजात माग गरी पत्राचार गरिएकोमा राष्ट्रिय ट्रमा सेन्टरको प.सं.०७५/७६,च.नं. ८००,मिति २०७५।१०।६ को पत्रबाट अस्पताललाई आवश्यक सरसफाई कामदार र सूरक्षा गार्ड सिलवन्दी प्रस्ताव माग गरी आपुर्ति गर्न प्रक्रिया पुरा गरी अगाडी बढाउने भनी मिति २०७५।९।११ मा (उपकुलपति स्तरबाट) निर्णय भएकोले प्रक्रिया अगाडी बढाईएकोमा केही फर्महरुले Line of Credit अत्याधिक भएकोले संशोधन गरी पाउँ भनि यस अस्पतालमा समेत मिति २०७५।९।२९ गते निवेदन पेश भएको । सो निबेदन मागलाई सम्बोधन हुने गरी ४ महिनाको पारिश्रमिक बराबरको रकम सरसफाई कामदारको हकमा रु. ५०,००,०००।- र सुरक्षा गार्डहरुको हकमा रु. २०,००,०००।- Line of Credit राख्ने गरी संशोधन मिति २०७५।९।२९ गते (उपकुलपती स्तरबाट) निर्णय भएको ब्यहोरा अनुरोध छ भनी लेखी आएको ।

### (घ) गुनासोको अध्ययनबाट देखिएको व्यहोरा

राष्ट्रिय ट्रमा सेन्टर, महाबौद्ध, काठमाण्डौबाट मिति २०७५।९।१८ गते सुरक्षागार्ड र अस्पताल सरसफाई सम्वन्धी कार्यको लागी १५ दिने सूचना प्रकाशित गरी बोलपत्र माग गरेकोमा उक्त कामको लागि Line of Credit अत्याधिक भएको भन्ने केहि सेक्युरिटी सर्भिसहरु कम्पनीहरुले उक्त निकायमा निवेदन पेश गरेकोमा उनीह्रुको मागलाई सम्बोधन हुने गरी मिति २०७५।९।२९ मा निर्णय गरी ४ महिनाको पारिश्रमिक वापतको रकम Line of Credit राख्ने निर्णय गरेको देखिन्छ ।

### (ङ) निष्कर्ष

उक्त निकायबाट प्रस्ताव माग भएका दुई वटा प्रस्तावहरु मध्ये सुरक्षा गार्ड आपूर्ति सम्बन्धि प्रस्तावमा पेश भएका कम्पनीहरुको प्रस्ताब मूल्यांकन पश्चात मिति २०७५।११।१२ मा पत्रिकामा सूचना प्रकाशित गरी दर्ता हुन आएका सिलबन्दी प्रस्तावहरु माग गरे अनुसारको आवश्यक कागजात तथा विवरण मूल्यांकन गर्दा कुनै पनि प्रस्तावदाताले पेश गरेको नपाइएको

भनि सार्वजनिक खरिद ऐन,२०६३ को दफा २६ बमोजिम २०७५।११।८ गतेको निर्णयानुसार (उपकुलपतिस्तर) खरिद कारवाही रद्द गरिएको भनि पत्रिकामा सूचना प्रकाशन गरेको देखिन्छ ।

सरसफाई सेवा तर्फको हकमा पेश भएका प्रस्तावहरुको मूल्यांकन भई खरिद सम्झौता हुन बाँकि रहेको ।

निवेदनकर्ताहरुको गुनासो रहेको Line of Credit का सम्बन्धमा लागत अनुमान रकमको चौमासिक पारिश्रमिक रकमलाई आधार मानि सो बराबरको Line of Credit कायम गरिएको छ । साथै संसोधनको सूचना प्रकाशित गरेको भए तापनि प्रस्ताब पेश गर्न म्याद बढाएको देखिएन ।

## ८. वीरगंज महानगरपालिका, महानगरपालिकाको कार्यालय, वीरगंज, पर्सा :

### (क) पृष्ठभूमी

सार्वजनिक खरिद अनुगमन कार्यालयमा मिति २०७५।०६।०५ मा वीरगंज महानगरपालिका कार्यालय, प्रदेश नं. २, पर्सा, वीरगंजको नाममा दर्ता भएको उजुरी निवेदनका सम्बन्धमा जानकारी तथा कागजात माग गर्ने निर्देशानुसार सोही मितिमा उक्त निकायसँग पत्राचार गरी जानकारी तथा कागजात माग गरिएको । उक्त निकायबाट मिति २०७५।०६।१९ मा लिखित रुपमा जानकारी सहित केही कागजात समेत पठाएको र सो सम्बन्धमा अध्ययन भईरहेको अवस्थामा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प.सं. ४ स्था ८७९,/२०७५/२०७६, च.नं. ७०६, मिति २०७५।०६।२६ को पत्रबाट उक्त आयोगमा मिति २०७५।०६।१० मा दर्ता भएको उ.द.नं. १६१९ का सम्बन्धमा आवश्यक कारवाही गर्नुहुन भनी लेखी आएको र सो सम्बन्धमा यस कार्यालयको मिति २०७५।०८।०३ को नेपाल सरकार (सचिव स्तर) को निर्णयबाट उक्त निकायको स्थलगत रुपमा नै अनुगमन गरी प्रतिवेदन पेश गर्ने निर्णय बमोजिम खटिई गएको अनुगमन टोलीले खरिद सम्बन्धी फाइल अध्ययन गरी सम्बन्धित महानगरपालिका कार्यालयका प्रमूख प्रशासकीय अधिकृत लगायतका कर्मचारीहरुसंग छलफल समेत गरेको थियो । प्राप्त उजुरीका सम्बन्धमा के भएको देखिन्छ र उक्त कार्यालयमा खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४मा भएका व्यवस्थाहरुको पालना के कसरी गरिएको छ, सो सम्बन्धमा यो प्रतिवेदन अनुगमन गरिएको खरिद सम्वन्धी फाइलहरुमा मात्र सिमित रहेको छ । अध्ययन गर्दा देखिएका तथ्यहरुको विवरण तथा समग्रमा कार्यालयले गर्नुपर्ने सुधारका पक्षलाई समेत यसैसाथ संलग्न गरिएको छ ।

**(ख) निवेदनमा उल्लेख गरिएको बिषय :**

वीरगंज महानगरपालिका, नगरकार्यपालिकाको कार्यालयले आ.व. २०७५/०७६ को लागि आह्वान गरेको देहायका फर्निचर, स्टेशनरी, खानेपानी तथा बिजुलीका सामान लगायत अन्य मसलन्द खरिद सम्बन्धी १० वटा बोलपत्र प्याकेजका बिषयमा Advait Stores Pvt. Ltd. चन्द्रागिरी, काठमाडौंबाट यस कार्यालयमा उजुरी निवेदन दर्ता गराएको र उक्त निवेदनमा निम्न बमोजिमका बिषयहरु उठाएको छ :

१. महानगरपालिका कार्यालयले रु. ६० लाख भन्दा बढी रकमको खरिद गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको विद्युतीय खरिद निर्देशिका, २०७४ को माध्यमबाट खरिद गर्नुपर्नेमा सो नगरिएको ।

२. मालसामान खरिद गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard Bid Document प्रयोग गर्नुपर्नेमा ऐनको बर्खिलाप गरी बदनियतपूर्ण तरिकाले Bid Document बनाएको र सो कार्यमा मिलेमतो भएको ।

३. आइटमवाइज दररेटमा मात्र प्रतिस्पर्धा गराएकोमा ऐन नियम विपरित प्रक्रिया अघि बढाएको ।

**(ग) अनुगमनबाट देखिएको तथ्य :**

सार्वजनिक खरिद अनुगमन कार्यालयमा प्राप्त उजुरी निवेदन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र समेतका आधारमा उक्त निकायको सो खरिद प्रक्रियाका सम्बन्धमा छानविन गर्ने उद्धेश्यले उक्त निकायसंग पत्राचार गरी तथा कार्यालयमा गई स्थलगत अनुगमन एवं अध्ययन गर्दा हामीलाई प्राप्त कागजातका आधारमा वीरगंज महानगरपालिकाले गरेको खरिद कार्यको तथ्यगत विवरण निम्न बमोजिम उल्लेख गरिएको छ :

वीरगंज महानगरपालिका कार्यालयले सूचना नं. ३, ०७४/०७५ जिन्सी अर्न्तगत देहाय बमोजिमका १० वटा शीर्षकमा मालसामान खरिद सम्बन्धी कार्यका लागि बोलपत्र आव्हान गरेको देखिन्छ :

(१) छपाई सम्बन्धी सामान

(२) ईन्भरटर तथा ब्याट्री सम्बन्धी सामान

(३) बिजुली सम्बन्धी सामान

(४) मसलन्द सम्बन्धी सामान

(५) कम्प्यूटर सम्बन्धी सामान

(६) ए.सी. सम्बन्धी सामान

(७) डि.डि.भि.पि. औषधी र फगिङ्ग मेसिन सम्बन्धी सामान

(८) फर्निचर सम्बन्धी सामान

(९) खानेपानीसम्बन्धी सामान

(१०) सरसफाई सम्बन्धी सामान

उपरोक्त बमोजिमका सामानहरु खरिद गर्नका लागि महानगरपालिका कार्यालयबाट मिति २०७५।०३।१७ मा लागत अनुमान स्वीकृति र सूचना प्रकाशनका लागि टिप्पणी स्वीकृत भएको तथा मिति २०७५।०३।२७ मा राजधानी राष्ट्रिय दैनिकमा सूचना प्रकाशन गरेको देखिन्छ । बोलपत्रको सूचनामा प्रत्येक बिषयगत सामानको लागि अलग-अलग सिलबन्दी बोलपत्र फाराम खरिद गर्नुपर्ने र खरिद सम्झौता ईकाइ दररेटको आधारमा न्यूनतम र अधिकतम परिमाण उल्लेख गरी सम्झौता हुनेछ भनी उल्लेख गरेको देखिन्छ ।

(१) बोलपत्रको सूचनामा उल्लेख भए बमोजिम आईटम वाइज (Item Wise) दररेटमा प्रतिस्पर्धा गरेको तर आंशिक रुपमा स्वीकृत गर्ने भनी Bid Document मा उल्लेख नभएको । Bid Document सार्वजनिक खरिद अनुगमन कार्यालयको स्वीकृत Format मा तयार नभएको मात्र नभई जम्मा ३ पानाको बोलपत्र फाराम र सूचना तयार गरी बिक्री गरेको र सो मा उल्लेखीत ५ वटा बुँदालाई नै बोलपत्र कागजात मानी प्रयोग गरेको देखिन्छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ बमोजिम बोलपत्र कागजात तयार नगरी खरिद कार्य अघि वढाएको देखिंदा खरिद सम्झौता लगायतका प्रक्रियामा समस्या आउने देखिएको ।

(२) प्राविधिक स्पेशिफिकेशन पूर्ण रुपमा तयार नै गरिएको छैन । कुनै कुनै सामानको स्पेशिफिकेशन प्रष्ट उल्लेख छैन । जस्तैः बिजुलीको Holder भनिएको छ, तर रु. १५ देखि १२,०००।- सम्मका होल्डरहरु बजारमा उपलब्ध हुनसक्ने हुँदा कुन् Specification को सामान लिन खोजेको हो ? सो बिषयमा Specification Clear नभएको ।

(३) दुई करोड रुपैंयाँभन्दा बढीको निर्माण कार्यमा मात्र प्रति इकाइ दर सम्झौता गर्न सकिने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२, अनुसूचि-४ मा उल्लेख गरिएको छ । त्यस्तै गरी, नियम ३१क को उपनियम (१) मा सार्वजनिक निकायले कुनै योग्यता आवश्यक नपर्ने प्रकृतिको २ करोड रुपैंयाँसम्म लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नुपर्दा लागत अनुमान सार्वजनिक गरी राष्ट्रियस्तरको बोलपत्रको माध्यमद्धारा एकमुष्ट दर विधिको आधारमा प्रतिस्पर्धा गराई खरिद गर्न सक्नेछ भन्ने

व्यवस्था रहेकोमा मालसामान खरिद कार्यका लागि एकाई दरमा मात्र लगत ईष्टिमेट स्वीकृत गरेको र इकाई दरमा प्रतिस्पर्धा गराई खरिद सम्झौता भएको बिषय सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार भएको देखिएन । कुन सामान कति परिमाणमा खरिद गर्ने हो माग एकिन गरी Need Identify पछि बार्षिक खरिद योजना र लगत ईष्टिमेट स्वीकृत गरेपछि मात्र खरिद विधि मध्ये सिलबन्दी दरभाउपत्र वा बोलपत्र ( NCB वा ICB) के कुन विधि अपनाउने हो एकिन गर्नुपर्नेमा सो को एकिन, तयारी तथा स्वीकृति नगरिएको ।

(४) खरिद विधि छनौट गर्न कुल लागत अनुमान स्वीकृत गरी गर्नुपर्नेमा सो नगरिएको । कति सम्मको रकमको खरिदका लागि बोलपत्र कागजातको दस्तुर कति लिनुपर्ने स्पष्ट नभईकन बोलपत्र दस्तुर कुनै मालसामान खरिदको हकमा रु ३०००।- र कुनैमा रु. ५,०००।- तोकिएको देखिन्छ जुन सार्वजनिक खरिद ऐनको दफा ५ तथा ५क. र नियमावलीको नियम ४८ मा व्यवस्था भएको भन्दा फरक छ ।

(५) सिलबन्दी बोलपत्र सम्बन्धी शर्तहरुको बुँदा नं. ८ मा उल्लेख भएको बिषयमा वीरगंज महानगरपालिका नगर कार्यपालिकाको क्षेत्र बाहिरको फर्मले सिलबन्दी बोलपत्र स्वीकृत भई सम्झौता गर्नु पहिले वीरगंज महानगरपालिकाको कार्यालयको व्यवसायिक प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ भन्ने बिषय सार्वजनिक खरिद ऐनको प्रस्तावनामा नै उल्लेख भएको सार्वजनिक खरिदमा प्रतिस्पर्धा कायम गर्ने र बोलपत्रदातालाई विना भेदभाव बोलपत्र प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने सार्वजनिक खरिद ऐन नियमको अवधारणा विपरित देखिन्छ ।

(६) सूचनामा ईकाइ दरमा अधिकतम र न्यूनतम परिमाण खुलाई सम्झौता गर्ने भनी उल्लेख गरेकोमा सबभन्दा सस्तो लिने हो कि होइन ? भन्ने व्यहोरा सूचनाको शर्त एवं बोलपत्र कागजातमा प्रष्ट छैन ।

(७) अलग अलग आइटमको न्यूनतम मूल्य हेरी सबै बोलपत्रलाई सारभूत रुपमा प्रभावग्राही भनी बोलपत्र छनौट भएको जुन खुला वोलपत्र मार्फत खरिद गर्ने सिद्धान्त विपरित छ । तर अत्यन्त न्यून तथा अस्वभाविक रकम कबोल भएका सामानको एकदम न्यून मूल्य उल्लेख भएता पनि त्यस्तो फर्मलाई Responsive भनी छनौट गरिएको ।

(८) बोलपत्रका १० वटा प्याकेज मध्ये ९ वटाको खरिद सम्झौता तथा मालसामान प्राप्तिको अवस्थामा रहेको भनिएको र एउटा लामखुट्टे मार्ने औषधीको प्याकेज (DDVP डि.डि.भि.पि.औषधी) र फगिङ्ग मेसिन सम्बन्धी सामानको हकमा Re-tender गरी प्रक्रिया पुनः अगाडी बढाइएको ।

(९) सामान प्राप्त हुन थालेको प्याकेजहरुको हकमा सो सामानहरु प्राप्त गरीसकेपछि कार्यालयले गर्नुपर्ने Post Delivery Inspection(PDI Test) पनि गरेको अवस्था नदेखिंदा प्राप्त भएको भनिएका सामानहरु यथार्थमा प्राप्त गरेको हो वा होईन एकिन रुपमा भन्न नसकिने स्थिति रहेको देखिन्छ । सम्बन्धित शाखाले सामान ठीक छ भनी निर्णय दिएमा मात्र सामान जिन्सीले स्वीकार गर्ने गरेको भन्ने कुराको जानकारी खरिद इकाइका सदस्यले गराएको । सामानको नमूना पास भएपछि मात्र सामान लिने गरिएको भन्ने त्यहाँका कर्मचारीसंगको छलफलमा मौखिक जानकारी प्राप्त भयो । तर सो कुरालाई प्रमाणित गर्ने कागजात एवं आधार प्रमाण भेटिएन ।

(१०) अनुगमनका क्रममा खरिद सम्झौता सम्मको प्रक्रियागत कागजातहरु मात्र अध्ययन गरीयो । कति सामानहरु आवश्यक थियो र कति प्राप्त भयो सो को यथार्थ अनुमान प्राप्त हुन सकेन । साथै, उजुरीकर्ता Advait Stores Pvt. Ltd. चन्द्रागिरी, काठमाडौं नामक फर्म आफै उक्त बोलपत्र प्रक्रियामा सामेल नै भएको भन्ने अवस्था समेत देखिदैन । खरिद कार्यमा संलग्न कर्मचारीबाट प्राप्त मौखिक जानकारी अनुसार राज एण्ड रिवाज फर्मको नामबाट उक्त फर्मले प्रतिस्पर्धा गरेको भन्ने बुझिन्छ ।

(११) बोलपत्र कागजात दस्तुर रु. ५०००।- सम्म लिएको देखिंदा रु. ६० लाखभन्दा बढीको मालसामान खरिदमा e-GP मात्र प्रयोग गरी खरिद गर्नुपर्नेमा लागत अनुमान नै प्याकेजगत रुपमा एकमुष्ठ नगरी e-GP को प्रयोग नै नगरी इकाई दररेटमा प्रतिस्पर्धा गराउने गरी ऐन नियम विपरित खरिद प्रक्रिया अघि बढाएको ।

## (घ) निश्कर्ष

सार्वजनिक खरिद ऐन, नियम विपरित मालसामान खरिद गर्ने, खरिद कार्यमा खरिद विधि र प्रक्रिया बमोजिम प्रतिस्पर्धा, पारदर्शिता तथा एकरुपता कायम गर्न गराउन प्रयास नभएको साथै सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard Bid Document को प्रयोग नगरेको, स्पेशिफिकेशन तयार गरी कुल लागत अनुमान स्वीकृत गर्नुपर्नेमा सो नगरी आइटमवाइज लागत अनुमान तयार गर्दा कुल लागत अनुमान गलत ढंगले तयार गरेको, रु. ६० लाखभन्दा बढी रकमको खरिद गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको विद्युतीय खरिद निर्देशिका, २०७४ को दफा ३५ मा उल्लेख भए वमाजिम विद्युतीय खरिद प्रणालीको माध्यम (eGP) बाट खरिद कार्य नगरेको तथा सो सम्बन्धमा आवश्यक पूर्वाधार समेत खडा गर्न नसकेको अवस्था देखिंदा प्रचलित खरिद ऐन, २०६३ को दफा दफा ६१क. तथा ६५ (२क) बमोजिम प्रक्रिया विपरित खरिद कार्यमा संलग्न खरिद आवश्यकता र स्पेशिसफिकेशन तथा लगत ईष्टिमेट तयार गर्ने, Bid Document बनाउने, बोलपत्रको

मूल्यांकन गर्ने, खरिद सम्झौता गर्ने गराउने र खरिद निर्णय गर्ने कार्यमा संलग्न कर्मचारीलाई विभागीय कारवाहीका लागि ध्यानाकर्षण गराउँदै सो कारवाहीको जानकारी सार्वजनिक खरिद अनगमन कार्यालयलाई गराउने गरी वीरगंज महानगरपालिका र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखी पठाइएको ।

## ९. निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौं :

निजामती कर्मचारी अस्पताल, मिनभवन, काठमाडौंबाट आह्वान गरिएको High End Colour Doppler Ultrasuond System with Upgradable Application (Contract no:23/074-075) र High End Colour Doppler Ultra sound System with all Appliances (Contract no:23/074-075) बोलपत्रका सम्बन्धमा विभिन्न गुणस्तरयुक्त सप्लायर्सहरुको समूह नामबाट यस कार्यालयमा मिति २०७५।०१।०७ मा दर्ता भएको गुनासो निवेदन तथा उक्त निकायको सो खरिद प्रक्रियाका सम्बन्धमा छानविन गरी पाउँ भन्ने निवेदकको मागका सम्बन्धमा उक्त निकायसंग पत्राचार गरी कागजात माग गरिएको तथा प्राप्त कागजातका आधारमा मात्र निश्कर्षमा पुग्न सक्ने नदेखिएकोले कार्यालयमा नै गई अनुगमन पश्चात् अध्ययन गरिएको खरिद कार्यको विवरण साथै देखिएका त्रुटि कमजोरीहरुलाई यस प्रकारले उल्लेख गरिएको छ :

### (अ) फाइल नं. १

### (क) निवेदकले उठाएको बिषय :

निजामती कर्मचारी अस्पतालबाट मिति २०७४।११।०२ मा सूचना प्रकाशित गरी High End Colour Doppler Ultrasuond System with Upgradable Application (Contract no:23/074-075) र High End Colour Doppler Ultra suond System with all Appliances (Contract no:23/074-075) बोलपत्र आव्हान गरिएको र उक्त बोलपत्र मार्फत गर्न लागेको खरिद कार्यमा निम्न बमोजिम प्रश्न उठाएको देखिन्छ :

(१) खरिद गर्न लागिएका सामानहरु एक मात्र उत्पादक कम्पनी Toshiba, Japan (हाल Cannon) लाईमात्र मिल्ने गरी स्पेशिफिकेशन तयार गरिएकोले एउटै मात्र Patent Product हो भने सिधै उत्पादक कम्पनीसँग Direct Quotation माग गरी खरिद गर्नुपर्नेमा सो नगरी देखावटी रुपमा मात्र बोलपत्र आह्वान गरिएको । नेपालमा प्रयोग नै नगरिएको High Feature को सामान खरिद गर्ने र पछि प्रयोगमा नै ल्याउन नसकेर थन्क्याउने प्रवृत्ति देखिने भएकोले सो सामान उपयुक्त नभएको ।

(२) बोलपत्रमा राखिएको Ultrasuond Abroad Training for Doctors भन्ने प्रावधानका सम्बन्धमा बोलपत्रदाताले बोलपत्रमा जोडेको तालिमको खर्च विदेशमा लगेर डाक्टरलाई तालिम दिने भन्ने बिषयको औचित्यतता नरहको र वैदेशिक तालिमको सट्टा Site Training उपयुक्त हुने त्यसले खर्चको लागत घटाउने । महंगो वैदेशिक तालिम भन्दा Onsite Training दिएर अस्पतालकै बायोमेडिकल इन्जिनियर र डाक्टरहरुलाई तालिम दिन उपयुक्त हुने । विदेशमा गएर तालिम नै गर्ने हो भने विदेशको साधन सम्पन्न अस्पतालमा गएर निश्चित अवधिसम्म तालिम दिई Training Completion Certificate लिनैपर्ने र Training लिएको डाक्टरले मात्र प्रयोग गर्न पाउने प्रावधान राखिनुपर्ने ।

**(ख) अनुगमनबाट देखिएको तथ्य :**

(१) High End Colour Doppler Ultrasuond System with Upgradable Application (Contract no:23/074-075) तथा बोलपत्रका सम्बन्धमा

- अस्पतालको प्राविधिक समितिले मिति २०७४।१०।२३ मा उक्त अस्पतालको प्रसुती तथा स्त्रीरोग विभागमा IUI Setup र रेडियोलोजी विभागका लागि High End Colour Doppler Ultrasuond System with all Application (१-१ थान) को स्पेशिफिकेशन तथा लागत अनुमान तयार गरी पेश गरेको देखिन्छ । उक्त समितिबाट तयार गरिएको लागत अनुमानमा सूचनामा उल्लेख भए बमोजिम २ प्रकारका उपकरणको छुट्टा छुट्टै विवरण उल्लेख छ ।

Table :1

| Cost Estimate of High End USG with upgradable application, 2 transducers | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Fiscal Year 2074/2075 | | | | | | | |
| S.N. | Supplier's name | Rate (NR.) | Qty. | Unit | Total(NRs.) | Cost Estimate | Remarks |
| 1. | Global Meditech | 65,90,000/- | 1 | sets | 65,90,000/- | 90,45,000/- | |
| 2 | East West | 1,15,00,000/- | 1 | sets | 1,15,00,000/- | | |
| | VAT 13% | | | | | 11,75,850/- | |
| | Total Estimate Cost (NRs.) | | | | | 1,02,20,850/- | |

Table :2

| Cost Estimate of High End USG with upgradable application, 4 transducers | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Fiscal Year 2074/2075 | | | | | | | |
| S.N. | Supplier's | Rate(NR.) | Qty. | Unit | Total(NRs.) | Cost Estimate | Remarks |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | name | | | | | | |
| 1. | Global Meditech | 80,75000/- | 1 | sets | 65,90,000/- | 1,08,93,750/- | |
| 2 | East West | 1,05,00000/- | 1 | sets | 1,05,00000/- | | |
| 3 | General Medical | 1,0000000/- | 1 | sets | 1,0000000/- | | |
| 4 | Shisas | 1,50,00000/- | 1 | sets | 1,50,00000/- | | |
| | VAT 13% | | | | | 14,16,187/- | |
| | Total Estimate Cost (NRs.) | | | | | 1,23,09937/- | |

उपयुक्त २ वटा टेबलमा देखाइए बमोजिम बोलपत्र तयार गनुअघि लागत अनुमान तयार गरेको देखिन्छ । लागत अनुमान तयार गर्दा Cost Estimate of High End USG with upgradable application, 4 transducers र Cost Estimate of High End USG with upgradable application, 2 transducers भनी २ प्रकारका उपकरण खरिद गर्ने गरी लागत तयार गरेको देखिन्छ ।

- बोलपत्र आह्वान गरीसकेपछि मिति २०७४।११।२७ मा प्राविधिक समितिको बैठक बसी स्पेशिफिकेशनका १० वटा बुँदाहरुमा संशोधन तथा एउटा बुदा थप गरेको देखिन्छ । त्यस्तै, मिति २०७४। १२।०१ मा पुनः दोश्रोपटक संशोधन गरी बुँदा नं. १.३६ हटाएको देखिन्छ । यसरी एउटा प्राविधिक स्पेशिफिकेशन तीन पटकसम्म परिवर्तन हुनु के कति कारणले हो ? स्पष्ट देखिदैन । एउटै प्रकारको उपकरणको स्पेशिफिकेशन तयार गर्दा प्राविधिक समितिले एकैपटक राम्रोसँग छलफल, अध्ययन र Research का आधारमा सही रुपमा बजार अध्ययन गरी स्पेशिफिकेशन र लागत अनुमान तयार गर्नुपर्नेमा एकपटक तयार भएको स्पेशिफिकेशन पटक पटक परिवर्तन गरीनु उपयुक्त देखिदैन भने बोलपत्रदाताहरुलाई समेत यसबाट द्धविधा पर्न जाने देखिन्छ ।
- बोलपत्र मूल्याँकनका लागि मिति २०७४।१२।०७मा समिति गठन गरेको देखिन्छ । ठेक्का नं. २३/७४/७५ का सम्बन्धमा बोलपत्रदाताको Technical Documents हरु स्पेशिफिकेशन अनुसार भए नभएको सम्बन्धमा अध्ययन गरी पेश गरेको भन्ने प्राविधिक समितिको मिति २०७५।०१।०५ को कार्यकारी निर्देशकलाई लेखीएको पत्रमा ५ वटा बोलपत्रदाताहरु मध्ये Omni Business Corporate International Pvt. Ltd. को प्राविधिक स्पेशिफिकेशन अनुसारको Technical Documents (Brochures, Yes/No Chart) e-Bid मा नभएको भन्ने उल्लेख गरिएको छ । त्यस्तै, Technical Comparasion र Financial Comparasion गर्दा General Medical Suppliers Technical मा Acceptable र Financial मा

Unacceptable भनिएको छ भने Omni Business Corporate International Pvt. Ltd. Technical मा unacceptable र Financial मा Acceptable भनिएको छ जसले दुवै बोलपत्रदातालाई Non-Responsive भएको देखाइएको छ । त्यसबाहेक ३ वटा बोलपत्रदातालाई प्रभावग्राही मानी थप प्रक्रिया अगाडी बढाउनुपर्ने भनिएको छ ।

- प्राविधिक रुपमा स्वीकृत Global Meditech International Pvt.Ltd. ले High End Colour Doppler Ultrasuond System with Upgradable Application (२ थान) को लागि कबोल गरेको जम्मा कबोल रकम रु. १,६८,१४,१६०।- लागत अनुमान रु. १,९९,३८,७५०।- भन्दा ३१,२४,५९०।- अर्थात् १५.६७ प्रतिशत घटी भई सारभूत रुपमा प्रभावग्राही भनी निजको बोलपत्रका स्वीकृतिका लागि सिफारिश गरेको देखिन्छ । मिति २०७५।०१।१५ मा मूल्याँकन प्रतिवेदन दिएको देखिन्छ जसमा प्रतिवेदन जम्मा २ पेजको रहेको छ ।
- मिति २०७५ बैशाख २५ गते सम्झौताको लागि आशयको सूचना प्रकाशित गरिएको र २८ गते भएको सम्झौतामा ५ बर्षको warrenty र ५ बर्षको थप Free Maintenance रहेको ।
- सम्झौता भएको उक्त Global Meditech International Pvt.Ltd. ले 9th July, 2018 मा Time Extention for delivery of goods को सम्बन्धमा पत्राचार गरी ४५ दिनको समयावधिभित्र delivery दिन नसक्ने भनी १५ दिनको म्याद थप मागेको देखिन्छ ।

(२) High End Colour Doppler Ultrasuond System with All Applications (Contract no:24/074-075) तथा बोलपत्रका सम्बन्धमा :

एउटै बोलपत्र सूचनाभित्र विभिन्न प्रकारका मेडिकल उपकरण खरिद गर्ने गरी बोलपत्र आह्वान गरिएको देखिन्छ । यो उपकरणका लागि निम्न बमोजिम लागत अनुमान तयार गरी स्वीकृत भएको देखिन्छ ।

Table :3

| Cost Estimate of High End USG with All application, 4 transducers | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| Fiscal Year 2074/2075 | | | | | | | |
| S.N. | Supplier's name | Rate(NR.) | Qty. | Unit | Total(NRs.) | Cost Estimate | Remarks |
| 1. | Global Meditech | 1,85,25000/- | 1 | sets | 1,85,25000/- | 1,77,33,683/ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 2 | East West | 1,50,00000/- | 1 | sets | 1,50,00000/- | - | |
| 3 | General Medical | 1,79,09,734/- | 1 | sets | 1,79,09,734/- | | |
| 4 | Shisas | 1,95,00000/- | 1 | sets | 1,95,00000/- | | |
| | VAT 13% | | | | | 23,05,378/- | |
| | Total Estimate Cost (NRs.) | | | | | 2,00,39,061/- | |

- Cost Estimate तयारी गर्दा ४ वटा फर्मसँग Quotation माग गरी Average माग गरेको आधारमा प्राविधिक समितिले पेश गरेको लागत अनुमान तथा स्पेशिफिकेशनमा आधारित भएर मिति २०७४।११।०२ मा बोलपत्रको सूचना आह्वान गरिएको र e-Bid का लागि सूचना जारी गरिएको देखिन्छ ।
- ठेक्का नं. २३ मा जस्तै ठेक्का नं. २४/७४/७५ मा पनि मिति २०७४।११।२८ मा प्राविधिक समितिको बैठक बसी स्पेशिफिकेशनका ७ वटा बुदाहरुमा संशोधन तथा ३ वटा बुँदा थप गरेको देखिन्छ ।
- बोलपत्र खोलिएको मुचुल्का र सो को प्रारम्भिक परीक्षण हेर्दा जम्मा ६ वटा बोलपत्रदाताहरु मध्ये ४ वटा बोलपत्रदाता स्पेशिफिकेशन अनुरुप योग्य रहेको मूल्यांकनबाट देखिन्छ । मिति २०७४।१२।०७ मा प्राविधिक समिति गठन गरी बोलपत्र मूल्यांकन गरी पेश गर्न कार्यादेश दिएको पत्रबाट देखिन्छ । सम्झौता भएको रकम रु. १,२०,३२,०००।- देखिएको ।
- ५० दिनको आपूर्ति गर्ने समयावधिबाट ५ दिन समय थप माग गरेको सक्षम डायग्नोष्टिकलाई ३ दिन समय थप गरेको र थप गरिएको समय भित्रै आपूर्ति गरेको देखिन्छ ।

**(ग) निवेदकले उठाएको बिषयका सम्बन्धमा**

(१) निवेदकले प्रश्न उठाए जस्तै खरिद गर्न लागिएका सामानहरु एक मात्र उत्पादक कम्पनी Toshiba, Japan (हाल Cannon) लाई मात्र मिल्ने गरी स्पेशिफिकेशन तयार गरिएको र एउटै मात्र Patent Product भए नभएको र नेपालमा प्रयोग नै नगरिएको High Feature को सामान खरिद गर्ने र पछि प्रयोगमा नै ल्याउन नसकेर थन्क्याउने प्रवृत्ति देखिने भन्ने सम्बन्धमा अनुगमनका क्रममा कार्यालयका सम्बन्धित कर्मचारीसँगको छलफलमा नेपालमा यस प्रकारको प्रयोग नयाँ नै रहेको जानकारी प्राप्त भयो । तर एउटै मात्र उत्पादक वा कम्पनीसँग मिल्ने स्पेशिसिफिकेशन तयार भएको हो होईन भन्ने सम्बन्धमा प्राविधिक सहितको अनुगमन टोली नभएको कारणबाट सो स्पेशिसिफिकेशन

एउटै उत्पादकसँग मिल्ने हो वा होईन छुट्याउन सकिने अवस्था नरहेता पनि ४ वटा बोलपत्र Technically Sound and Fit रहेकोबाट एउटालाई मात्र Specification मिल्ने भन्ने पुष्टि हुँदैन ।

(२) बोलपत्रमा राखिएको Ultrasuond Abroad Training for Doctors भन्ने प्रावधानका सम्बन्धमा बोलपत्रदाताले बोलपत्रमा जोडेको तालिमको खर्च विदेशमा लगेर डाक्टरलाई तालिम दिने भन्ने बिषयको औचित्यतता नरहको र वैदेशिक तालिमको सट्टा Site Training उपयुक्त हुने त्यसले खर्चको लागत घटाउने हुनाले महंगो वैदेशिक तालिम भन्दा Onsite Training दिएर अस्पतालकै बायोमेडिकल इन्जिनियर र डाक्टरहरुलाई तालिम दिन उपयुक्त हुने । विदेशमा गएर तालिम नै गर्ने हो भने विदेशको साधन सम्पन्न अस्पतालमा गएर निश्चित अवधिसम्म तालिम दिई Training Completion Certificate लिनैपर्ने र Training लिएको डाक्टरले मात्र प्रयोग गर्न पाउने प्रावधान राखिनुपर्ने भन्ने सम्बन्धमा बोलपत्र कागजातको Technical Specification, Purchaser's requirement को ७ नं. बुँदामा रहेको प्रयोगकर्तालाई तालिम खण्डमा Training for 2 Doctors focusing on Gynae infertility USG and 2 Radiologist should provide service training for BMET, locally and abroad where adequate exposure is available भन्ने उल्लेख भएकोले स्थानीय रुपमा वा वैदेशिक रुपमा जहाँ प्रशस्त अवसर मिल्छ त्यहाँ तालिम दिने व्यवस्था गर्नुपर्ने भन्ने देखिन्छ । निवेदकले भने जस्तो गरी वैदेशिक तालिम नै अनिवार्य गरेको भन्ने देखिदैन ।

### (आ) फाइल नं. २

सुरक्षा सेवा व्यवस्थापन तथा सहायक कर्मचारी समेतका लागि सेवा करारमा लिने सम्बन्धी बोलपत्र आह्वानका सम्बन्धमा :

### (क) निवेदकले उठाएको बिषय :

निजामती कर्मचारी अस्पतालबाट मिति २०७५।०२।१३ मा सूचना प्रकाशित गरी अस्पताल हाताभित्र सुरक्षा सेवा व्यवस्थापन तथा केही सहायक कर्मचारी समेतका लागि सेवा करारमा लिने सम्बन्धी प्रस्ताव आव्हानको सूचना नं. ६४/०७४/०७५ अनुसार बोलपत्र आह्वान भएकोमा उक्त बोलपत्रमा दुवै कार्यको लागि सुरक्षागार्ड र सहायक कर्मचारी प्याकेजमै बोलपत्र फाराम दस्तुर वापत रु. ३,०००।- र धरौटी वापत रु. २,६८,०००।- को जमानत समेत माग गरी गरिएको र सबैभन्दा कम कबोल गर्ने बोलपत्रदाता भन्दा करिब चौविस लाख बढी कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत भएको । तर एउटै प्याकेजमा भएको बोलपत्रमध्ये सुरक्षा सेवातर्फ कुनै पनि स्वीकृत नभएको र सहायक कर्मचारी तर्फ एउटाको स्वीकृत गर्ने आशयको

सूचना प्रकाशित भएको अवस्थामा प्याकेज र धरौटी रकम समेत एउटै भएको बोलपत्रको प्रस्ताव फाराममा पनि आंशिक रुपमा प्रस्ताव स्वीकृत गर्ने भन्ने उल्लेख नभएको हुँदा सो कार्यमा अनियमितता हुन गएको भन्ने उल्लेख गरी सचेत नेपाली नागरीक नाममा यस कार्यालयमा मिति २०७५।०३।२९ मा उजुरी निवेदन दर्ता गराएको । सो सम्बन्धमा मिति २०७५।०३।३१ मा यस सार्वजनिक खरिद अनुगमन कार्यालयबाट आधार र कारण सहित कागजात उपलब्ध गराउने भनी पत्राचार भएकोमा पछि अस्पतालमा नै गई कागजात अध्ययन गरिएको ।

**(ख) अनुगमनबाट देखिएको तथ्य :**

अस्पतालबाट मिति २०७५।०२।१३ मा सूचना प्रकाशित गरी अस्पताल हाताभित्र सुरक्षा सेवा व्यवस्थापन तथा केही सहायक कर्मचारी समेतका लागि सेवा करारमा लिने सम्बन्धी प्रस्ताव आव्हानको सूचना नं. ६४/०७४/०७५ अनुसार e-Tender मार्फत बोलपत्र आह्वान भएको देखिन्छ । उक्त बोलपत्रमा सुरक्षा/कमाण्डर गार्ड संख्या ३८ तथा सहायक कर्मचारी संख्या ५ गरी माग गरेको जसमा धरौटी रकम रु. २,६८,०००।- तथा बोलपत्र दस्तुर रु. ३,०००।- गरी एउटै प्याकेजमा हुने गरी बोलपत्रको सूचना प्रकाशित गरेको देखिन्छ ।

बोलपत्रको सूचना संशोधन गरी छुट्टाछुट्टै लिन सकिने भनी सच्याइएको तर संशोधनको सूचना गोरखापत्रमा प्रकाशन नगरी e-bid मार्फत वेवसाइटमा मात्रै गरिएको देखिन्छ ।

उक्त सूचना बमोजिम सहायक कर्मचारीको लागि पर्न आएका ६ वटा बोलपत्रदाता मध्ये Shrestha Sarsafai Sewa को सुरक्षा सेवा आपूर्ति गर्न पाउने मान्यता प्राप्त संस्थाबाट प्राप्त सहमति पत्र नभएको, Shree Nawadurga Nirman n Sarsafai Janashakti Sewa को पनि उक्त सहमति पत्र नभएको तर क्लिनिङ्ग सम्बन्धी कामको अनुभव मात्र पाइएको, ISO Certificate नभएको तथा अन्य अनिवार्य रुपमा भर्नुपर्ने विवरण नभरेको तथा स्वघोषणा र बिस्तृत BOQ नभरेको भन्ने उल्लेख छ । त्यस्तै, कानुनी ग्राह्यताको परीक्षणमा Group 4 Security Services (P) Ltd. ले पनि बिस्तृत BOQ नभरेको भन्ने देखिन्छ ।

मिति २०७५।०३।२२ गते मूल्यांकन समितिबाट पेश भएको मूल्यांकन प्रतिवेदनमा भने मुचुल्कामा मु.अ.कर सहित उल्लेख भएकोमा बिस्तृत BOQ अनुसार मु.अ.कर घटाइएको भन्ने उल्लेख गरी सोही फर्मलाई Responsive मानिएको छ र सुरक्षा सेवा खरिद कार्यको लागि आह्वान गरिएको बोलपत्रको सम्बन्धमा सहायक कर्मचारी आपूर्तिका लागि Group 4 Security Services (P) Ltd. लाई भनी सिफारिश गरिएको देखिन्छ । त्यस्तै, सुरक्षा सेवा खरिदका लागि कुनै पनि बोलपत्रदाता योग्य नरहेको भनी दरभाउपत्रदाताहरुको कानुनी ग्राह्यताको परीक्षण गरिएको भन्ने परीक्षण कागजातद्धारा देखिन्छ ।

सहायक कर्मचारी आपूर्तिका लागि Group 4 Security Services (P) Ltd. को कबोल अंक मु.अ.कर बाहेक रु. १५,०२,८३५।- लागत अनुमान रु. १५,६०,०७६.६।- भन्दा ५७,२४१.६।- कम अर्थात् ३.६६ प्रतिशत घटी भएकोले स्वीकृतिका लागि सिफारिश गरेको देखिन्छ । मिति २०७५।०३।२४ मा दिएको बोलपत्र स्वीकृत गर्ने आशयको सूचनामा ठेक्का नं. ६४/०७४/०७५ अनुसार सेवा करार मार्फत सुरक्षा सेवा आपूर्तिमा कुनै पनि बोलपत्र स्वीकृत नभएको र सहायक कर्मचारी आपूर्तिमा Group 4 Security Services (P) Ltd. छनौट भएको सूचना प्रकाशित गरिएको देखिन्छ ।

**(इ) निश्कर्ष**

- एउटा प्राविधिक स्पेशिफिकेशन तीन पटक सम्म परिवर्तन हुनु के कति कारणले हो ? स्पष्ट नखुलेको । एउटै प्रकारको उपकरणको स्पेशिफिकेशन तयार गर्दा प्राविधिक समितिले एकैपटक राम्रोसँग छलफल, अध्ययन र Research का आधारमा सही रुपमा बजार अध्ययन गरी स्पेशिफिकेशन र लागत अनुमान तयार गर्नुपर्नेमा एकपटक तयार भएको स्पेशिफिकेशन पटक पटक परिवर्तन गरीनु उपयुक्त नदेखिएकोले यस्ता बिषयमा आगामी दिनमा त्रुटिरहित तरीकाले काम गर्न ध्यानाकर्षण गराउनुपर्ने देखिएको ।
- बोलपत्रको सूचना संशोधन गरी छुट्टा छुट्टै लिन सकिने भनी सच्याइएको तर संशोधनको सूचना गोरखापत्रमा प्रकाशन नगरी e-bid मार्फत वेवसाइटमा मात्रै गरिएको देखिंदा बोलपत्रदातालाई द्धिविधा उत्पन्न हुने परिस्थिति देखिएको । जुन प्रक्रियाबाट बोलपत्र आह्वान गरिएको हो सोही प्रक्रिया मार्फत नै संशोधनको पनि सूचना दिनु जरुरी हुने बिषयमा कार्यालय सर्तक हुनुपर्ने ।
- बोलपत्र प्रक्रियाका सम्बन्धमा अनुगमनबाट देखिएका कमीकमजोरीहरु आगामी खरिद सम्बन्धी कार्यमा नदोहोरिने गरी सुधारको लागि उक्त निकायको ध्यानाकर्षण गराउन मनासिव हुने देखिन्छ ।

## १०. नेपाल खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौं :

**(क) पृष्ठभूमी**

नेपाल खानेपानी संस्थान त्रिपुरेश्वर, काठमाडौंबाट आह्वान गरिएको Supply and Delivery of Ductile Iron Pipe and Fittings for NWSC Branch Office, Butwal, IFB No. -04/ DI PIPE/2073-074 and Nepaljung, IFB No 03/ DI PIPE/2073-074 बोलपत्रका सम्बन्धमा अनलाईनखबरमा मिति २०७५ असार ६ गते प्रकाशित समाचार लगायत विभिन्न पत्रपत्रिकामा खबर प्रकाशित भएको आधारमा उक्त निकायको सो खरिद प्रक्रियाका सम्बन्धमा अनुगमन गर्ने उद्धेश्यले उक्त निकाय संग पत्राचार गरी कार्यालयमा गई अनुगमन र अध्ययन

गरिएको खरिद कार्यको विवरण साथै देखिएका त्रुटि कमजोरीहरुलाई यस प्रकारले उल्लेख गरिएको छ :

**(ख) समाचारमा प्रकाशित बिषय :**

(१) नेपाल खानेपानी संस्थान त्रिपुरेश्वरले खानेपानी पाईपको सूचना प्रकाशित गर्दा १० दिनको फरकमा दुईपटक सूचना प्रकाशित गरेको ।

(२) ग्लोबल टेण्डर नगरी कुनै दुईवटा फर्मसँग मिल्ने क्राईटेरिया बनाई दुवै फर्मलाई उक्त टेण्डर दिएको र उक्त खरिद कार्यमा घोटाला भएको ।

**(ग) अनुगमनबाट देखिएको तथ्य :**

**फाइल नं. १ : (बुटबल शाखासँग सम्बन्धित)** Supply and Delivery of Ductile Iron Pipe and Fittings for NWSC Branch Office, Butwal, IFB No. -04/ DI PIPE/2073-074 का सम्बन्धमा:

खानेपानी संस्थान, त्रिपुरेश्वर, काठमाडौंबाट बुटबल शाखा कार्यालयको लागि आवश्यक पाईप खरिदका लागि टेण्डर प्रक्रिया अगाडी बढाएको देखिन्छ । उक्त कार्यका लागि बुटबल खानेपानी योजना अर्न्तगत Jhumsa Intake देखि Ramphedi Reservoir सम्म DI Pipe बिच्छ्याउन प्राप्त Design को Preliminery Report अनुसार Jhumsa बाट Jhumsa Bridge Collection Chamber सम्म २५० एम.एम. ४०२६ मिटर र Collection Chamber देखि Ramphedi Reservoir सम्म ५०० एम.एम. व्यासको ९५४२.५० मिटर DI Pipe र आवश्यक फिटिङ्गस्का लागि जम्मा लागत अनुमान रु. २६,२४,६२,३६७।३२ (छब्बीस करोड चौसट्ठी लाख बैसट्ठी हजार तीन सय सतसट्ठी पैसा बत्तीस) स्वीकृतिका लागि पेश गरेको देखिन्छ । उक्त टिप्पणीमा शाखा कार्यालयमा e-Bidding को व्यवस्था नभएकोले प्रधान कार्यालयबाटै e-Bidding गर्न स्वीकृतिका लागि पेश गरेको भनिएको छ ।

दररेट सम्बन्धमा ११ वटा सप्लायर्सहरुलाई पत्राचार गरी ७ दिनभित्र दररेट उपलब्ध गराउन अनुरोध गरेको देखिन्छ । ११ मध्ये ६ वटा फर्मबाट दररेट उपलब्ध गराएको Abstract of Cost र पेश भएका फर्मको दररेटबाट देख्न सकिन्छ । दररेट स्वीकृति सम्बन्धी पेश गरिएको टिप्पणीमा औसत दररेट कायम गरी स्वीकृत गर्न भनी उल्लेख छ । बुटबल शाखाले विगतमा किनिएको भन्दा ९% घटी र रुपन्देही जिल्लाको दररेटभन्दा ५७.७% बढी रहेको भन्ने पनि निर्णय कागजातमा उल्लेख भएको देखिन्छ ।

बोलपत्रदाताको तर्फबाट अनुरोध भए बमोजिम गर्ने सम्बन्धमा मिति २०७४।०४।२५ मा Prebid Meeting बसी बोलपत्रमा Clarification र Amendment सम्बन्धमा निर्णय भई २

वटा बुँदाहरुमा Amendment भएको निर्णय तथा सूचनामा देखिन्छ । सो सम्बन्धमा मिति २०७४।०३।२८ मा टिप्पणी स्वीकृत भएको र मिति २०७४।०३।२९ मा गोरखापत्रमा सूचना प्रकाशन भएको अवस्था छ। टेण्डर फाराम बिक्री गर्ने स्थान नेपाल खानेपानी संस्थान, प्रधान कार्यालय, काठमाडौं र शाखा कार्यालय बुटबल गरी २ स्थान राखिएकोमा शाखा कार्यालय बुटबलबाट टेण्डर बिक्री नभएको भनी उल्लेख भएको छ।

बुटबल शाखाको लागि आवश्यक DI Pipe को बोलपत्र खोलेको मुचुल्का हेर्दा ३ वटा बोलपत्रदाता मध्ये Shanxi-Amit Joint Venturre Naikap, Kathmandu, Nepal को कैफियत खण्डमा Price Schedule को सि.नं. २ को दररेट काटी रकम सच्याएको र सही मात्र गरेको भनी उल्लेख गरिएको देखिन्छ। मिति २०७४ असोज ३१ गते मूल्यांकन प्रतिवेदन पेश गरिएको छ जस अनुसार जम्मा ३ वटा बोलपत्रहरु बिक्री भएका र म्याद भित्र दर्ता भएका बोलपत्रहरु पनि ३ वटा नै रहेको देखाईको छ । तीनवटा बोलपत्रदाता मध्ये Exim Nepal Pvt.Ltd. ले ७.८३%, Worldwide Trading Cooperative ले ८.३२% घटी र Shanxi-Amit Joint Venturre Naikap, Kathmandu, Nepal ले ८.६२% बढी कबोल गरेको देखिन्छ । बढी अंक कबोल गर्ने बोलपत्रदाता Shanxi-Amit Joint Venturre Naikap, Kathmandu, Nepal ले पेश गरेको Line of Credit पनि शंकास्पद देखिएको भनी मूल्यांकन प्रतिवेदनमा उल्लेख गरिएको छ । बढी घटी अंक कबोल गर्ने Worldwide Trading Cooperative को बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने सिफारिश सहितको प्रतिवेदन पेश गरेको देखिन्छ । उक्त बोलपत्रदाताको कबोल अंक VAT सहित रु. २१,८७,५०,७६७।५० ( एक्काईस करोड सतासी लाख पचास हजारसात सय सतसट्ठीर पैसा पचास) रहेको छ।

बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना कार्तिक २ गते प्रकाशित गरिएको देखिन्छ । नेपाल खानेपानी संस्थान र Worldwide Trading Cooperative बीच 10th November, 2017 मा सम्झौता भएको छ । १८० दिनभित्र सामान आपूर्ति गरीसक्नुपर्ने समयावधि सम्झौतामा उल्लेख भएको तथा सप्लायर्सका तर्फबाट सबै सामानहरु आपूर्ति भएको बुझिएको तर अनुगमनका समय सम्म ६ महिना बितिसक्दा समेत संस्थानको स्टोर शाखामा दाखिला नभएको र हालसम्म भुक्तानी समेत नभएको अवस्था अनुगमनबाट देखिन्छ।

**फाइल नं. २ : (नेपालगंज शाखासँग सम्बन्धित)** Supply and Delivery of Ductile Iron Pipe and Fittings for NWSC Branch Office, Nepaljung, IFB No. -03/ DI PIPE/2073-074 का सम्बन्धमा :

नेपालगंज शाखासंग सम्बन्धित बोलपत्रको प्रक्रिया पनि बुटबल शाखाको जस्तै गरी अपनाएको देखिन्छ । मिति २०७४।०३।२५ मा नेपालगंज शाखाका लागि बोलपत्र सूचना आव्हान भएको

देखिन्छ । नेपालगंज नगरको लागि खानेपानीको दीर्घकालीन समस्या समाधानको लागि राप्ती नदीबाट पानी ल्याई नेपालगंज नगरको पानी उत्पादनमा २५ एम.एल.डी. पानी थप गर्ने सम्बन्धमा राप्ती नदीमा इन्टेक निर्माण गरी नेपालगंज नगरसम्म पाइपलाईन बिस्तार गर्नका लागि राप्ती नदी देखि कार्यालय निवास र पुरैना देखि कारकाँदोको निर्माणाधिन रिजरभ्वाएर सम्म लाग्ने २०"Ø (१००२३ मिटर) तथा १०" Ø ( ६७९४ मिटर) DI पाइप तथा फिटिङ्गस्का लागि भनी बोलपत्र आव्हान गरेको निर्णयमा उल्लेख छ । दररेटका सम्बन्धमा दुवै शाखाका लागि एउटै पत्रबाट ११ वटा सप्लायर्सहरुलाई पत्राचार गरी ७ दिनभित्र दररेट उपलब्ध गराउन अनुरोध गरेको देखिन्छ । ११ मध्ये ६ वटा फर्मबाट दररेट उपलब्ध गराएको Abstract of Cost मा देख्न सकिन्छ । दररेट स्वीकृति सम्बन्धी पेश गरिएको टिप्पणीमा औसत दररेट कायम गरी स्वीकृत गरेको मिति २०७४।०२।२१ को निर्णयबाट देखिन्छ ।

नेपालगंज शाखा कार्यालयका लागि डि.आई. पाइप तथा फिटिङ्गस् खरिद कार्य शीर्षकमा रु. २३,००,००,०००।- तथा नेपालगंज स्थित राप्ती नदीबाट पानी उत्पादनका लागि ५,५०,००,०००।- गरी जम्मा रु. २८,५०,००,०००।- बजेट स्वीकृत भएकोमा बजेट परिधि भित्र रही डिजाईन ल.ई. बमोजिमको रकम रु. २५,७६,०६,८२३।०८ (भ्याट तथा कन्टिन्जेन्सी सहित) र रु. २५,२०३०,९१७८२ (भ्याट सहित, कन्टिन्जेन्सी बाहेक) को रकम को कार्य गर्ने निर्णय भएको उल्लेख छ ।

बोलपत्रखोलेको मुचुल्का हेर्दा ३ वटा बोलपत्रदातामध्ये Shanxi-Amit Joint Venturre Naikap, Kathmandu को कैफियत खण्डमा भ्याट सहित लेखीएको छ भने Worldwide Trading Cooperative को कैफियत खण्डमा केही उल्लेख भएको देखिदैन । EXIM Nepal Pvt. Ltd., Kathmandu ले ०.५% छुट जम्मा दररेटमा भन्ने उल्लेख गरेको देखिन्छ । ईष्टिमेट अंक भन्दा Worldwide Trading Cooperative को ०.६३% कम र स्वीकृत बोलपत्रदाता EXIM Nepal Pvt. Ltd., Kathmandu ले १.०८% लागत अनुमान भन्दा कम मूल्य कबोल गरेकोले बोलपत्र स्वीकृतको लागि पेश गर्ने मूल्यांकन समितिको प्रतिवेदनमा उल्लेख छ । उक्त बोलपत्रदाताको कबोल अंक VAT बाहेक रु. २२,०६,११,९९७०० (बाईस करोड छ लाख एघार हजार नौ सय सन्तानब्बे रहेको छ ।

बोलपत्र स्वीकृतिको लागि छनौट गर्ने आशयको सूचना असोज ५ गते प्रकाशित गरिएको देखिन्छ ।

त्यस्तै गरी, बोलपत्रका सम्बन्धमा अध्ययन गरी हेर्दा बोलपत्र २०७४ असारमा आव्हान भएको र सो समयमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट २०७४ श्रावण १ गतेबाट मात्र अनिवार्य e-GP को व्यवस्था गरेको र e-GP Mandatory नभईसकेको अवस्थामा Hard Copy

समेत लिएको बिषयलाई नियमको प्रतिकुल भएको मान्न सकिने अवस्था देखिदैन । साथै, सो सम्बन्धी प्रावधान समेत दुवै शाखाबाट अपनाउन र प्रयोग गर्न सकिने प्रशस्त अवसर र सहजता रहेको अवस्थामा प्रधान कार्यालयबाट नै किन e-GP गर्नुपरेको हो भन्ने सम्बन्धमा उल्लिखित शाखाहरुमा जनशक्ति अभाव रहेको कारणबाट प्रधान कार्यालयबाट नै सो कार्य गर्ने भन्ने लिखित सहमति शाखाहरुले दिएको देखियो भने प्राप्त मौखिक जवाफबाट समेत जनशक्तिको अभावका कारण प्रधान कार्यालयबाट कार्य गरिएको भन्ने बुझिन्छ ।

(१) नेपाल खानेपानी संस्थान र EXIM Nepal Pvt. Ltd., Kathmandu ले पेश गरेको रु. २४,९२,९१,५५६।६१ (चौबिस करोड बयानब्बे लाख एकानब्बे हजार पाँच सय छप्पन्न रुपैयाँ पैसा एकसट्ठी भ्याट सहित) स्वीकृत गर्ने निर्णय मिति २०७४।०६।२९ मा भएको देखिन्छ ।

(२) उक्त फर्म EXIM Nepal Pvt. Ltd., Kathmandu ले नेपाल खानेपानी संस्थान, नेपालगंज शाखालाई मिति २०७४।१२।१४, मिति २०७५।०१।०४, मिति २०७५।०२।१०, मिति २०७५।०२।२९ र मिति २०७५।०३।१७ मा गरी पाँच पटक सम्म सम्झौता बमोजिमका सामानहरु करार बमोजिम उल्लेखीत मिति र समयमा कम्पनीबाट बुझाई सकेकोले सम्झौता बमोजिमको रकम भुक्तानी गरीदिनका लागि पत्राचार गरेको देखिन्छ । त्यसै गरी बुटबल शाखाको खरिद कार्यका लागि छनौट गरिएको फर्म र Worldwide Trading Cooperative ले 1st July 2018 मा पत्राचार गरी भुक्तानीका लागि अनुरोध गरेको देखिन्छ । उक्त दुवै फर्मका पत्रमा नै उक्त फर्महरुबाट सम्झौता बमोजिम मागदाबी गरिएको भुक्तानी रकमका सम्बन्धमा उपयुक्त समयमा रकम भुक्तानी गर्न तोक आदेश समेत गरेको देखिन्छ तथापि स्टोर दाखिला र भुक्तानी सम्बन्धी कार्य अनुगमन हुँदाका बखत सम्म भएको पाईएन ।

### (घ) अनुगमनबाट देखिएको तथ्य

(१) खरिद प्रक्रिया हेर्दा लागत अनुमान तर्जुमा गर्दा सम्बन्धित Manufacturing Company हरु सँग Exfactory Rate लिई Rate Analysis गरी सो को भरपर्दो Norms विकास गरी लगत ईष्टिमेट तर्जुमा गर्नुपर्नेमा सो कार्य सम्बन्धमा व्यवस्थित अध्ययन गरेको देखिदैन । यस सम्बन्धमा सार्वजनिक खरिद नियमावलीको नियम ११(२) बमोजिमको व्यवस्थाको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्नेमा त्यसको परिपालना भएको देखिएन । सामानको लागत अनुमान तयार गर्ने प्रयोजनको लागि संस्थानले ११ वटा सप्लायर्सहरुलाई पत्राचार गरेकोमा ६ वटा फर्मबाट दररेट उपलब्ध गराएको तर बोलपत्रदाता भने दुवै प्याकेजमा उही ३ वटा फर्म मात्र रहेको देखिन्छ ।

(२) रुपन्देही जिल्लाको दररेट लागत अनुमानको दररेट भन्दा ५७.७% बढी रहेको उल्लेख भएको देखिंदा सो जिल्लाले दररेट निर्धारण गर्दा भरपर्दो आधार नलिई दररेट निर्धारण गरेको हुन सक्ने अवस्था अनुमान गर्न सकिन्छ । त्यस्तै, नेपालगंज शाखाको हकमा जिल्ला स्तरको दररेटको सम्बन्धमा बाँके जिल्लाले निर्धारण गरेको दररेटमा पाईप तथा फिटिङ्गस्को दररेट उल्लेख नभएको र नेपाल खानेपानी संस्थान, प्रधान कार्यालय, काठमाडौं तथा उक्त कार्य सम्बन्धमा जिम्मा पाएको परामर्शदाताबाट विभिन्न सप्लायर्सहरुसँग माग गरिएको दररेटका आधारमा प्राप्त दररेटहरु मध्ये न्यूनतम दररेट कायम गरी निज परामर्शदाताबाट ईष्टिमेट गरिएको भन्ने उल्लेख छ । तर कार्यालय आफैले बजार दरभाउ बुझेको अवस्था भने देखिएन । परामर्शदाताले दिएको दररेटका सम्बन्धमा लिएको आधार प्रष्ट छैन । भरपर्दो आधार नभएकोमा स्वीकृत दररेट अप्रत्याशित रुपमा घटी वा बढी देखिन आउने अवस्था रहन्छ । त्यस्तो दररेट स्वीकृत गर्ने निकायको पनि ध्यानाकर्षण गराउनुपर्ने देखिन्छ । Turnover को सम्बन्धमा संस्थानले अघिल्ला आ.व. हरुमा गरेको खरिद कार्य के कस्तो रहेको थियो सो का आधारहरु समेत लिनुपर्ने अवस्थामा आफ्ना अघिल्ला खरिद कार्यहरुको समेत अध्ययन र बिश्लेषण समेत गरेको अवस्था देखिएन ।

(३) प्राविधिक स्पेशिफिकेशन र गुणस्तरको पक्षमा हेर्ने गरी अनुगमन टोलीमा दक्ष जनशक्तिको अभाव भएको कारण ती पक्षहरुको अनुगमन र अध्ययन आवश्यकता बमोजिम यस अध्ययन टोलीबाट हुन सकेको छैन ।

(४) खरिद सम्झौता भईसकेको र सामान सप्लाई भएको ६/७ महिना व्यतित भईसक्दा पनि सामानको दाखिला गरी बिल भुक्तानी नगर्दा पछि बोलपत्रदाताले ब्याज सहित रकम माग गरेमा ब्याज थप गरी भुक्तानी दिनुपर्ने अवस्था आएको खण्डमा संस्थानलाई झन् बढी घाटा पर्न जाने देखिंदा संस्थानले रीतपूर्वक खरिद सम्झौता गरिएको भन्ने दावी लिईरहँदा किन भुक्तानी भएन भन्ने प्रश्नको स्पष्ट जवाफ प्राप्त हुन सकेन ।

(५) बोलपत्रको सूचना e-bid मार्फत गर्नुपर्नेमा लिखित रुपमा नै प्रधान कार्यालय मार्फत नै कामकारवाही अगाडी बढाउन भनी टिप्पणीमा नै निर्णय गरेको देखिन्छ । e-bid गर्न शाखा कार्यालयले प्रधान कार्यालयलाई सिफारिश गर्ने कार्य सम्पूर्ण खरिद प्रक्रियाकै लागि सिफारिश गरेको हो कि सूचना प्रकाशन लगायतका आधारभूत प्रक्रियाका लागि मात्र हो सो स्पष्ट भएको देखिदैन ।

(६) नेपालगंज शाखाले आ.व. २०७३/०७४, बजेट उपशीर्षक नं. ५०११२६, ५०११२७ मा जम्मा रु. २८,५०,००,०००।- को बार्षिक खरिद योजना भनी तयार गरेको देखिन्छ । सो कार्य पहिलो बर्षमा उल्लेख नगरी दोश्रो बर्षमा मात्र गर्ने उल्लेख गरिएको छ । उक्त

शाखाको हकमा मिति २०७४।०३।२१ मा संशोधित बार्षिक विकास कार्यक्रम भनी खानेपानी संस्थान, प्रधान कार्यालयबाट पत्र पठाएको देखिन्छ । बुटबल शाखाको हकमा बजेट उपशीर्षक नं. ५०११२६ मा १२ महिनाको लागि भनी रु. २३,८६,०२,१५२।१० को खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना मिति २०७४।०३।२८ मा स्वीकृत गरेको देखिन्छ ।

यसका साथै, मिति २०७५।०४।२४ मा महाप्रबन्धकले संस्थानका प्रत्येक महाशाखा तथा शाखालाई पत्र लेखी कार्य सम्पन्न भईसकेका कार्यहरुको भुक्तानी दिने सम्बन्धमा लिखित आदेश समेत दिएको देखिन्छ । पत्रमा पटक पटक छलफल र मौखिक आदेश दिंदा पनि सो कार्य हुन नसकेकोले गर्दा सावर्जनिक खरिद नियमानुसार संस्थानलाई आर्थिक हानी नोक्सानी हुन आउने अवस्था भएमा स्वयं कर्मचारी नै जिम्मेवार हुनुपर्ने जानकारी सहित काम कारवाही अगाडी बढाउन समेत निर्देशन दिएको अवस्थामा पनि प्राप्त भईसकेका मालसामानहरु नबुझेको र सम्बन्धित फर्महरुलाई भुक्तानी नदिएको अवस्था छ । डि.आई. पाईपहरुको गुणस्तर जाँच गर्नका लागि CQS (Centre For Quality Survellience), Nepal Pvt.Ltd. लाई पत्राचार गरी प्राविधिक टोलीको माग गरिएको र PDI Test समेत गर्ने निर्णय भएकोमा सो प्राविधिक टोलीले समेत मालसामानको PDI Test गरेको र स्वीकृत स्पेशिफिकेशनका आधारमा मालसामानहरु प्राप्त भएको प्रतिवेदन पेश गरेको नदेखिएको र बोलपत्रदाताले सामानहरु ल्याएर केन्द्रीय कार्यालयमा बुझाए पनि स्टोर शाखाले दाखिला लिन नमानेको अवस्थामा प्राप्त भएका मालसामानहरु पूरै वा आंशिक कति छन्, र तिनको प्राप्तिको अवस्था के छन् प्रष्ट हुन सकेन ।

(७) बोलपत्रको आव्हान गर्दा अर्न्तराष्ट्रिय स्तरको बोलपत्र ICB गर्नु नै पर्ने कानुनी बाध्यात्मक अवस्था देखिदैन । तर NCB नै गरेता पनि एकै प्रकृतिको सामान एउटै प्याकेजमा बोलपत्र गर्न नसक्नुको कारण प्रष्ट देखिएन । एउटै किसीमका सामानहरुको खरिद कार्य गर्ने र एउटै निकाय प्रधान कार्यालयबाट गर्दा किन जम्मा ४ दिनको अन्तरमा सूचना प्रकाशन गरिएको देखिन्छ । बुटबल र नेपालगंज दुवै शाखाबाट फरक फरक मितिमा खरिद प्रक्रिया अगाडी बढाउन लेखी आए बमोजिम प्रधान कार्यालयले नै गर्ने खरिद कार्यको लागि प्रक्रिया अगाडी बढाएको भन्ने अध्ययनबाट देखिन्छ । तर प्रधान कार्यालयले नै प्रक्रिया अगाडी बढाईदिनुपर्ने र जनशक्तिको अभाव रहेको भन्ने अवस्था ज्ञात रहँदा रहँदै पनि ४ दिनको अन्तरालमा बोलपत्र प्रकाशन गर्दा शाखागत समन्वय र संयोजन गरेको देखिएन जसले गर्दा एउटै बोलपत्रको माध्यमबाट कार्यालयले खरिद प्रक्रिया अपनाउन सक्नेमा सो गरेको देखिएन ।

अर्न्तराष्ट्रिय स्तरको बोलपत्र (ICB) वा राष्ट्रिय स्तरको बोलपत्र (NCB) कुन विधि प्रयोग गर्ने हो सो सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ मा स्पष्ट रुपमा उल्लेख भएकोले कार्यालयले नै सो बिषयमा एकिन गरी विधि तय गर्न सक्ने अवस्था हुन्छ । उक्त दफा अनुसार ICB नै गर्नुपर्ने बाध्यकारी अवस्था नरहेको र NCB समेत गर्न सकिने स्थिति देखिन्छ । तथापि पर्याप्त प्रतिस्पर्धाको सुनिश्चितता भएमा NCB बाट पनि प्रतिस्पर्धा गराई सार्वजनिक निकायले खरिद कार्य गर्न सक्ने अवस्था रहन्छ ।

खानेपानी संस्थानबाट मिति २०७४।०३।२५ र २०७४।०३।२९ मा क्रमशः नेपालगंज र बुटबल शाखाको लागि गरिएको बोलपत्र आव्हानको समयममा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरी वेवसाईटमा राखिएको बोलपत्र कागजातमा Goods को सम्बन्धमा Turnover को बिषयमा स्पष्ट उल्लेख भएको अवस्था नभएको र हाल जारी गरिएको Standard Bidding Document, May, 2018 मा मात्र सो सम्बन्धमा ५०% देखि १००% को बीचमा भन्ने व्यवस्था गरिएकोले त्यसभन्दा अगाडी गरिएको खरिद कार्य प्रक्रियाको सम्बन्धमा बाध्यकारी अवस्था रहँदैन । तर हाल भएको व्यवस्थालाई आधार मानी हेर्दा प्रतिस्पर्धाको अवस्था अलि कम भएको हो कि भन्ने देखिन्छ ।

### (ङ) निश्कर्ष

(१) खरिद प्रक्रियामा अनुगमनबाट देखिएको कमीकमजोरीहरुको सम्बन्धमा उक्त बिषयमा श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट समेत अनुसन्धान भईरहेको जानकारी प्राप्त भएकोले प्रस्तुत प्रतिवेदन त्यहाँ आयोगमा पठाइएको ।

(२) DI Pipe को दररेटका सम्बन्धमा रुपन्देही जिल्लाको दररेट केही बढी देखिएकोले जिल्ला प्रशासन कार्यालय, रुपन्देहीलाई ध्यानाकर्षण गराइएको ।

## ११. काठमाडौं महानगरपालिका, काठमाडौं :

### (क) पृष्ठभूमी

काठमाडौं महानगरबाट मिति २०७४।११।२६ का दिन गोरखापत्रमा सूचना प्रकाशित गरी ५ थान ब्रुमर खरिदका लागि ICB Method बाट बोलपत्र आव्हान भएकोमा यस कार्यालयमा मिति २०७५।०३।८ तथा मिति २०७५।०३।११ मा परेको दुई वटा उजुरी निवेदनका सम्बन्धमा उक्त निकायसँग पत्राचार गरी कागजात माग गरिएको तथा प्राप्त कागजातका आधारमा मात्र निश्कर्षमा पुग्न सक्ने नदेखिएकोले उक्त कार्यालयमा नै गई अनुगमन टोलीले काठमाडौं महानगरपालिकाबाट ब्रुमर खरिद कार्यको सम्बन्धमा भएगरेको विषयमा अध्ययन तथा बिश्लेषण गरी देखिएका तथ्य विवरणलाई यस प्रकारले उल्लेख गरिएको छ :

**(ख) निवेदकले उठाएको बिषय :**

(१) Pyara Singh & Sons/Raj & Riwaj Suppppliers JV ले निम्न वमोजिमको निवेदन पेश गरेको :

*श्री प्यारा एण्ड सन्स जेभीको सवैभन्दा न्यूनत्तम रकम कवोल गरेको हुँदा हुँदै महानगरपालिकाका कर्मचारीहरुको मिलेमतो र आर्थिक चलखेलका कारण ठेक्का झण्डै २ करोड बढी कवोल अंक भएको Dulevo International S.P.A. Italy लाई दिने आशयको सूचना निकालेकोले ऐन विपरीत भई आफू अन्यायमा परेको भनी छानविनका लागि अनुरोध गरेको ।*

(२) Lion-Waves JV ले निम्न वमोजिमको व्यहोरा उल्लेख गरी निवेदन पेश गरेको :

*काठमाडौं महानगरपालिकाले प्रिविड मिटिंग २०७४।१२।१२ मा संशोधन मार्फत The bid security document shall be compulsory with the liability of manufacturer or JV partners (if applicable) not accordance with the liability of local agent गरेकोमा Dulevo International S.P.A. Italy ले पेश गरेको विड सेक्युरिटी सो अनुरुप नभएको अवस्थामा Dulevo International S.P.A. Italy लाई नै Award गरेकोमा सो कार्य नियम विपरीत भएको भनी छानविनका लागि अनुरोध गरेको ।*

**(ग) अनुगमनबाट देखिएको तथ्य :**

- काठमाडौं महानगरपालिकाबाट मिति २०७४।११।२६ का दिन विशेष परिस्थितिमा खरिद गर्नुपर्ने निर्णय भई २५ दिनको सूचना अवधि तोक्दै गोरखापत्रमा सूचना प्रकाशित गरी ५ थान ब्रुमर (Supply, Delivery and Commissioning of Road Sweeper/Broomer) खरिदका लागि अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान भएको । साथै टिप्पणी निर्णयमा मूल्यांकन अवधि ७ दिन, आशयको अवधि ३ दिन, कार्यसम्पादन जमानत पेश गर्न आउने अवधि ५ दिन राख्ने निर्णय भएको । यस अघि दुइपटक मिति २०७४।३।२६ र २०७४।७।१३ मा भएको राष्ट्रिय स्तरको वोलपत्रको सूचनामा over bidding भएको तथा वोलपत्र नियम सँगत नभई कुनै पनि वोलपत्रदाता छनौट हुन नसकेको भनी पुनः अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हान गर्ने व्यहोरा टिप्पणी निर्णयमा देखिएको ।
- पाँचवटा ब्रुमरको रु ११,२३,६९,७५०।- (प्रति थान रु २२,४७३,९५०।-) तथा ३ वर्ष अवधिको संचालनमा पाँच जना चालक खर्च रु ८७,४४,२२०।- (प्रति चालक चालक खर्च रु ४८,५७९।-) खरिदका लागि गरी जम्मा रु १२,११,१३,९७०।- (बाह्र करोड एघार लाख तेह्र हजार नौ सय सत्तरी रुपैयाँ) को लागत अनुमान स्वीकृत भएको ।

- वोलपत्र आव्हान गर्दा इविड र हार्डकपि दुवै मार्फत खुल्ला गरीए पनि प्राप्त भएका सवै ७ वटै वोलपत्रहरु Hardcopy मार्फत नै लिएको देखिन्छ जसले गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयको Single portal e-gp प्रयोग भएको देखिदैन । सवै वोलपत्रहरु प्रारम्भिक परीक्षणमा responsive देखिएका । प्राविधिक परीक्षणमा भने ७ वटा वोलपत्रहरु मध्ये ४ वटा मात्र उत्तीर्ण भएका ।
- प्राविधिक परीक्षणमा ४ वटा वोलपत्रहरु World Wide Trading Pvt.Ltd., MAP Enterprises JV, Lions Waves JV र G.O. Automobiles Pvt. Ltd. मात्र सफल भएका र ३ वटा वोलपत्रहरु Pyara Singh and Sons JV, Mahavir Shree International र Guru Nanak Engineering Works असफल भएको देखिन्छ ।
- प्राविधिक परीक्षणमा सफल भएका निम्न वोलपत्रहरुमध्ये World Wide Trading Pvt.Ltd. (जो Dulevo International S.P.A. Italy को स्थानीय एजेन्ट हो) ले कवोल गरेको अंक सवैभन्दा कम भएकोले उसैलाई छनौट भएको आशयपत्र जारी गरेको देखिन्छ ।

| Bidder | Cost/price Estimate (Without VAT) | Bid Price | ± % of Bid Price to Est. Price | Ranking |
|---|---|---|---|---|
| World Wide Trading Pvt.Ltd.(Local agent of Dulevo International S.P.A Italy) | NRs. 12,11,13,970 | *NRs. 10,89,24,901* | *-10.1%* | 1st Lowest |
| MAP Enterprises JV | NRs. 12,11,13,970 | NRs. 10,97,77,750 | -9.4% | 2nd Lowest |
| Lions Waves JV | NRs. 12,11,13,970 | NRs. 12,28,24,127.50 | +1.4% | 3rd Lowest |
| G.O. Automobiles Pvt.Ltd. | NRs. 12,11,13,970 | NRs. 13,30,85,888 | +9.4% | 4th Lowesr |

- Pyara Singh & Sons/Raj & Riwaj Supppliers JV ले पेश गरेको निवेदनमा आफूले सवैभन्दा न्यूनत्तम रकम कवोल गरेको हुँदा हुँदै महानगरपालिकाका कर्मचारीहरुको मिलेमतो र आर्थिक चलखेलका कारण ठेक्का आफूले कवोल गरेको रकम रु ९,१०,६५,०००।- (नौ करोड दश लाख पैंसठ्ठी हजार भन्दा झण्डै २ करोड बढी कवोल अंक भएको डुलेभो इन्टरनेशनलाई दिने आशयको सूचना निकालेकोले ऐन विपरीत भई आफू अन्यायमा परेको भन्ने विषयमा अध्ययन गर्दा निवेदक कम्पनी Pyara Singh & Sons/Raj & Riwaj Supppliers JV प्राविधिक स्पेशिफिकेशनका ७ वटा Specification requirements meet गर्न नसकेको र प्राविधिक परीक्षणमा असफल

भएको भनी मूल्यांकन समितिको प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । Pyara Singh & Sons/Raj & Riwaj Suppppliers JV ले पेश गरेको वोलपत्रमा एक भन्दा वढी प्राविधिक स्पेशिफिकेशनका नमूनाहरु संलग्न भएका कारण पनि प्राविधिक परीक्षणमा कुन स्पेशिफिकेशनलाई आधिकारिक मान्ने भन्ने विषयमा कठिनाई रहेको अनुगमनका क्रममा जानकारी गराइएको थियो । मूल्यांकन समितिले मूल्यांकन गरेको प्राविधिक स्पेशिफिकेशन अध्ययन गर्दा वोलपत्रमा माग गरिएको ४३ वटा प्राविधिक स्पेशिफिकेशनहरु मध्ये Pyara singh & JV Raj and Riwaj ले पेश गरेको ७ वटा प्राविधिक स्पेशिफिकेशनहरु नं. २ मा भएको Engine General को required specification मा Diesel Engine developing maximum power not less than 100 KW at rated RPM, नं. ३ मा भएका Transmission को required specification मा hydrostatic/hydrodynamic, नं. ११ मा भएका Machine Quality Standard को required specification मा certified with quality of filtration capacity of PM10 up to 80% or more EUnited Municipal Equipment standard of star 3 and machine filtration capacity of minimum PM 2.5 (>70%) is preferable, नं. १८ मा भएको Maximum Sweeping Width including third brush को required specification मा not less than 3000 mm, नं. १९ मा भएको Water Tank Capacity for spraying for sweeping को required specification मा Minimum 500L, नं. ३० मा भएको Tyre को required specification मा 4 Nos. as per manufacturing standard, tubeless tyre is preferred and one spare wheel, नं. ३८ मा भएको Proven performance को required specification मा The machine offered shall be a current model under standard production by the manufacturer for at least three years, लगायत ७ वटा बुँदामा Required qualification मेल नखाएको मूल्यांकन प्रतिवेदनमा देखिन्छ । तर सो मूल्यांकनको जाँच गरी Technically sound and fit हो होइन भन्ने छुट्याउन हामी सँग मेकानिकल तथा इलेक्ट्रीकल इन्जिनियर जनशक्ति नभएकाले यकिन गर्न सकिएन । तसर्थ विज्ञबाट नै सो विषयमा जाँचवुझ गराउनुपर्ने देखिन्छ ।

- Lion-Waves JV ले काठमाडौं महानगरपालिकाले प्रिविड मिटिंग २०७४।१२।१२ मा संशोधन मार्फत The bid security document shall be compulsory with the liability of manufacturer or JV partners (if applicable) not accordance with the liability of local agent भनी गरेको संशोधन अनुसार जारी हुने bid security छनौट भएको Dulevo International S.P.A. Italy को नै liability हुनुपर्ने देखिन्छ ।

तर नेपाल बंगलादेश बैंकले जारी गरेको bid security स्थानीय एजेन्ट World Wide Trading Pvt.Ltd. का नाममा जारी भएको र पछि जुलाई ३०, २०१८ को नेपाल बंगलादेश बैंकले काठमाडौं महानगरपालिकालाई लेखेको पत्रमा World Wide Trading Pvt.Ltd साथै Dulevo International S.P.A. Italy को पक्षमा जारी गरेको भनी स्पष्ट गर्ने प्रयास सम्म भए गरेको देखिन्छ । तर Dulevo International S.P.A. Italy को पक्षमा Bid security को दायित्व देखिने गरी कुन विदेशी बैंकले जारी गरेको र सो उपर नेपाल बंगलादेश बैंकले काउन्टर ग्यारेण्टी दिएको हो सो भने पेश भएको कागजात अध्ययन गर्दा देखिएन । तसर्थ Lion-Waves JV को उजुरीमा भने उल्लेखनीय त्रुटी देखिंदा सो विषयमा प्रष्ट गर्ने अन्यथा त्रुटी सच्याउन लेखी पठाउन उपयुक्त हेन देखिन्छ ।

- Heavy equipment खरिद गर्दा भविष्यमा सो को दिगो संचालन र मर्मत संभारमा मितव्ययिताका लागि Spare Parts को वर्तमान मूल्यको रेट समेत लिइ सो रेटलाई reference को रुपमा लिई खरिदलाई थप प्रतिस्पर्धी र लागत प्रभावी (cost effective) वनाउनु पर्नेमा सो प्रयास भएको वोलपत्रमा देखिदैन ।
- सार्वजनिक खरिद ऐनले विशेष परिस्थितिलाई सुख्खा, अनावृष्टि, अतिवृष्टि, भुकम्प, बाढी पहिरो, आगलागि जस्ता प्राकृतिक वा दैवीप्रकोप तथा महामारी वा आकस्मिक वा अप्रत्यासित विशेष कारणबाट सृजित परिस्थिति सम्झनुपर्छ र सो शब्दले युद्ध वा आन्तरिक द्वन्द्व जस्ता परिस्थितिलाई समेत बुझाउँछ भनी परिभाषा खण्डमा स्पष्ट गरेको तथा ऐनको दफा ६६(१) मा विशेष परिस्थिति उत्पन्न भई तत्काल खरिद नगर्दा सार्वजनिक निकायलाई थप हानी नोक्सानी हुने अवस्थामा मात्र विशेष परिस्थतिमा खरिद गर्न सक्ने व्यवस्था छ । तर ब्रुमर खरिद पक्रिया शुरु गर्नु अघि ऐनको व्यवस्था अनुसार विशेष परिस्थितिको सृजना भएको देखिदैन साथै सो खरिद तत्काल नगर्दा महानगरपालिकालाई कुनै थप हानी नोक्सानी हुने अवस्था समेत देखिदैन ।

## (घ) निश्कर्ष

- Pyara Singh & Sons/Raj & Riwaj Suppppliers JV न्यूनत्तम रकम अंक कवोल गरेको भएपनि प्राविधिक परीक्षणका ७ वटा Specification requirements पूरा नभएको र सो को यथेष्ट प्रमाण पेश नभएको भनी मूल्यांकन समितिले Technically disqualified भएको भनी निर्णय गरेको विषयमा अनुगमन टोलीमा सम्वन्धीत विषयमा विज्ञ व्यक्ति नभएको कारण सो वोलपत्रदाता प्राविधिक परीक्षणमा के कसरी असफल हुन गयो भनी यकिन गर्न नसकिएको ।
- Lion-Waves JV ले काठमाडौं महानगरपालिकाले प्रिविड मिटिंग २०७४।१२।१२ मा संशोधन मार्फत The bid security document shall be compulsory with the

liability of manufacturer or JV partners (if applicable) not accordance with the liability of local agent भनी गरेको संशोधन अनुसार जारी हुने bid security छनौट भएको Dulevo International S.P.A. Italy को नाममा नै जारी हुनुपर्ने हो । तर नेपाल बंगलादेश बैंकले जारी गरेको bid security स्थानीय एजेन्ट World Wide Trading Pvt.Ltd. को नाममा जारी भएको र पछि जुलाई ३०, २०१८ को नेपाल बंगलादेश बैंकको पत्रमा World Wide Trading Pvt.Ltd. का साथै Dulevo International S.P.A. Italy दुवैको नाममा (on behalf of both) जारी भएको विषय नियमसँगत देखिदैन । इटालीको कम्पनीले त्यहाँको आधिकारिक बैंक मार्फत नेपालको बाणिज्य बैंकले प्रत्याप्रत्याभूति (Counter Guarantee) गरेको वोलपत्र जमानत पेश गर्नुपर्ने सार्वजनिक खरिद नियमावली २०६४को नियम ५३(४) को व्यवस्था पालना भएको छैन ।

- सार्वजनिक खरिद ऐन २०६३ अनुसार e-gp मार्फत वोलपत्र प्राप्त (E-bid) गर्नुपर्नेमा सो अनुसार हुन नसकेको देखिंदा सो विषयमा समेत महानगरपालिकाको ध्यानाकर्षण गराउन आवश्यक देखिन्छ ।
- ब्रुमर खरिद पक्रिया शुरु गर्नु अघि सार्वजनिक खरिद ऐन, २०६३ को व्यवस्था अनुसार विशेष परिस्थितिको सृजना भएको देखिदैन साथै सो खरिद तत्काल नगर्दा महानगरपालिकालाई कुनै थप हानी नोक्सानी हुने अवस्था समेत नदेखिएकोले ब्रुमर खरिद कार्यमा सार्वजनिक खरिद ऐनले व्यवस्था गरेको विशेष खरिद सम्वन्धी प्रावधानको प्रयोग कानुनसम्मत नदेखिएकोले कानुनको पूर्ण परिपालनाका लागि समेत महानगरपालिकाको ध्यानाकर्षण गराइयो ।

## १२. नेपाल वायुसेवा निगम, कान्तिपथ, काठमाडौं :

### (क) पृष्ठभूमी

नेपाल वायुसेवा निगम काठमाडौंले गरेको Shangri-La, In -Flight Magazine प्रकाशन गर्ने बोलपत्रका सम्बन्धमा खटिएको अनुगमन टोलीले यस कार्यालयमा मिति २०७५।०४।०१ मा ABC CREATION Active Printing Press Pvt. Ltd. JV ले गुनासो निवेदन दर्ता गराएको तथा उक्त निकायको Shangri-La, In -Flight Magazine प्रकाशनका सम्बन्धमा छानविन गरी पाउँ भन्ने निवेदनका सम्बन्धमा उक्त निकायसंग पत्राचार गरी कागजात माग गरिएको तथा प्राप्त कागजातका आधारमा मात्र निश्कर्षमा पुग्न सक्ने नदेखिएकोले उक्त कार्यालयमा नै गई अध्ययन तथा बिश्लेषण पश्चात् निश्कर्षमा पुग्नुपर्ने देखिएकोले अनुगमन गर्दा देखिएका त्रुटि कमजोरीहरुलाई यस प्रकारले उल्लेख गरिएको छः

**(ख) निवेदकले उठाएको बिषय :**

नेपाल वायुसेवा निगमबाट मिति २०७५।०२।०८ मा सूचना प्रकाशित गरी Shangri-La, In-Flight Magazine प्रकाशन गर्नको लागि सिलबन्दी बोलपत्र आव्हान गरिएको र उक्त बोलपत्रको मूल्यांकनबाट पावर कम्यूनिककेशन प्रा.लि. लाई स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भए पश्चात् उक्त प्रक्रिया प्रति असन्तुष्टि जनाउँदै सारभूत रुपमा प्रभावग्राही मानिएको बोलपत्रदाताभन्दा कम दररेट रहेको र माग बमोजिमका सम्पूर्ण कागजातहरु रहेको अवस्थामा समेत आफ्नो फर्मलाई Disqualify गरिएको भन्ने समेत उल्लेख गरी निवेदनमा सूचनामा उल्लेखीत शर्त बमोजिम JV Partner बाट Collectively शर्तहरु पूरा गर्न सकिनेमा निगमबाट ३०,००,०००।- (मू.अ.कर बाहेक) को बोलपत्र स्वीकृत गरिएकोले सो को छानविन गराई पाउँ भनी यस कार्यालयमा ABC CREATION Pvt. Ltd. ले निवेदनदर्ता गराएको ।

**(ग) अनुगमनबाट देखिएको तथ्य :**

(१) नेपाल वायुसेवा निगमले मिति २०७५।०२।०८ मा सूचना प्रकाशित गरी Shangri-La, In- Flight Magazine प्रकाशन गर्नको लागि सिलबन्दी बोलपत्र आव्हान गरेको देखिन्छ ।

(२) तीन बर्षको लागि पत्रिका प्रकाशन गर्न बहुबर्षीय खरिद कार्यको रुपमा सूचना प्रकाशन गरिएको छ । उक्त सूनामा Per Issue ७,००० का दरले प्रति बर्ष २८,००० तथा जम्मा संख्या ८४,००,०० प्रति पत्रिका प्रकाशन गर्न बोलपत्र आह्वान गरेको देखिन्छ । प्रतिबर्ष रु. ४०,००,०००।- का दरले तीन बर्षको रु. १,२०,००,०००।- को बोलपत्र आह्वान गर्दा e-GP को मात्र प्रयोग गर्नुपर्नेमा सो नगरी Hard Copy को मात्र प्रयोग गरेको देखिन्छ । सो खरिद प्रक्रिया ऐन, नियम अनुकुल देखिएन ।

(३) लागत अनुमान तयार गर्दा विभिन्न एयरलाइन्स कम्पनी तथा प्रिन्टिङ्ग प्रेसहरुसंग सम्पर्क गरेको भनेर अनुगमन टोलीलाई मौखिक जानकारी दिएको भएता पनि कागजात अध्ययन गर्दा लागत अनुमानको तयारी के कस्तो आधारमा तयार गरेको हो दररेट बिश्लेषण सम्बन्धी कागजात भेटिएन । Rate Analysis नगरी प्रति प्रकाशन ७,००० थानका दरले प्रति बर्ष ४ पटक पत्रिका प्रकाशन गर्ने गरी २८,००० थान पत्रिकाको लागि रु.४०,००,०००।- लागतको तयारी र अनुमान कसरी गरीयो भन्ने स्पष्ट देखिएन ।

(४) बोलपत्रको Section II. Qualifying Conditions for Eligible Bidder को पहिलो र दोश्रो बुदामा भएको Particapiting Bidders (Publication Owing Print Press) must have 10 years of experience in the publication of such in flight magazines or similar magazines.... भन्ने उल्लेख गरिएको छ । त्यस्तै, दोश्रो बुँदामा

The Publication Owing Print Press must have published magazine continuously for 10 years to date भन्ने उल्लेख गरिएको छ ।

(५) निवेदकले उठाएको बिषय उपर अध्ययन गर्दा निवेदक ABC CREATION Active Printing Press Pvt. Ltd. JV को रुपमा बोलपत्र दर्ता गराएको अवस्था छ । जम्मा २ वटा बोलपत्र दर्ता भएकोमा ती बोलपत्रहरुको मूल्यांकन पक्षलाई हेर्दा १० बर्षको कार्यानुभव तथा आफ्नै प्रिन्टिङ्ग प्रेस हुनुपर्नेमा सो नभएको भन्ने उल्लेख गरेको देखिन्छ भने १० बर्षको अनुभव हुनुपर्नेमा जम्मा ८ बर्षको अनुभव भएको उल्लेख गरिएको छ । त्यस्तै, Eligibility Criteria को १४ नं. बुँदामा Publication provided by authorised publishers मा पनि No भनी उल्लेख गरेको देखिन्छ । यसप्रकार दुईवटा Criteria का आधारमा निज बोलपत्रदातालाई मूल्यांकनबाट अयोग्य रहेको पुष्टि गरिएको छ । पावर कम्युनिकेशन प्रा.लि.को बोलपत्र स्वीकृत गर्ने सूचना मिति २०७५।०३।३१ मा प्रकाशन भएपछि निवेदकले सार्वजनिक खरिद अनुगमन कार्यालयमा निवेदन दर्ता गराएको देखिन्छ ।

(६) सार्वजनिक खरिद अनुगमन कार्यालयमा निवेदन दर्ता भई कार्यालयबाट पत्राचार भई सो बोलपत्रसंग सम्बन्धित कागजातहरु मगाई अध्ययन गर्ने प्रक्रियामा रहेको अवस्थामा नै निवेदकले उच्च अदालत पाटनमा उत्प्रेषण, परमादेश लगायतका जो जे चाहिने उपयुक्त आज्ञा, आदेश वा पूर्जी जारी गरी पाउँ भन्ने निवेदन मिति २०७५ साल श्रावण ९ गते दर्ता गराएको देखिन्छ । सो सम्बन्धमा उच्च अदालत पाटनले मिति मिति २०७५ साल श्रावण १५ गतेको उत्प्रेषण परमादेशमातत्काल माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था नरहेको हुँदा कानुन बमोजिम गर्नु भनी निर्णय गरेको देखिन्छ ।

(७) उच्च अदालत पाटनको निर्णयपछि कार्यालयले कानुनी सल्लाहकारसंग कानुनी राय माग गरेका र सो को जवाफ नारायण प्रसाद देवकोटा कानुनी सल्लाहकारबाट उच्च अदालत पाटनको निर्णयलाई आधार मानी बोलपत्रको Norms का आधारमा मूल्यांकन कमिटीले छनौट गरेको र उक्त छनौट गरेको व्यहोरा कानुन संगत नै भएको हुँदा पावर कम्युनिकेशन प्रा.लि. संग Letter of Intent का आधारमा सम्झौता गर्न कुनै कानुनी बाधा नभएको भनी राय समेत दिएको देखिन्छ ।

(८) यसभन्दा अघिल्लो पटक यही पत्रिका प्रकाशन गर्नको लागि बोलपत्र आह्वान गरिएकोमा मिति २०७२।०२।०२ मा Idea Scape Nepal Pvt.Ltd. लाई बोलपत्र स्वीकृतिको आशय दिइएकोमा पत्रिकाको पछिल्ला २ पटकको अंक छपाई नगरेको । तर सो सम्बन्धमा सार्वजनिक निकायले नियमानुसार कुनै कारवाही गरेको भने नदेखिएको । पत्रिका

प्रकाशन नभए भुक्तानी पनि नहुने अवस्था भएकोले कारवाही गर्न आवश्यक नदेखिएको भन्ने जवाफ प्राप्त भएको । अघिल्ला प्रकाशनहरुमा प्रकाशन हुने ८,००० प्रति पत्रिका यसपटक बोलपत्र आह्वान गर्दा घटाएर ७,००० प्रति गरिएको देखिन्छ । तर त्यसमा स्पष्ट रुपमा कारण भने नखुलाइएको र मौखिक रुपमा जानकारी माग गर्दा त्यति प्रति आवशयक नभएकोले १००० प्रति घटाइएको जवाफ अनुगमन टोलीलाई प्राप्त भयो ।

**(घ) निश्कर्ष**

- ABC Creation को Joint Venture Agreement with Active Printing Press संग भएकाले आफ्नै प्रेस नभएको भनी गरेको मूल्यांकनको निर्णय सही देखिएन । बोलपत्रमा माग गरे बमोजिम १० वर्षको अनुभव भने यस JV को पनि देखिदैंन ।
- Power Communication Pvt. Ltd. ले JV मा नभई Single Bid गरेको, आफ्नै प्रेस हुनुपर्नेमा अर्कै कम्पनीको प्रेस भएको कागजात पेश गरेकोमा मूल्यांकनमा मान्यता दिई निजकै बोलपत्र स्वीकार गरेको विषय नियमसंगत देखिदैंन । १० वर्ष देखिको नियमित प्रकाशनको अनुभव पनि भएको भन्ने कागजात प्रमाणबाट नदेएको हुँदा प्रभावग्राही नभएको Bid स्वीकृत गरेको देखि सो बदर हुनुपर्ने र यसमा थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अनुरोध गरी पठाइएको ।
- भरत कुमार उपाध्यायको Editing मा रहेको विगतको पत्रिकाको अनुभवमा कमजोर कार्यक्षमता भनी गरेको मूल्यांकनको आधार स्पष्ट नदेखिएको ।
- निगमले बोलपत्रको Section II. मा राखेको बिषय Qualifying Conditions for Eligible Bidder को पहिलो र दोश्रो बुदामा भएको Particapiting Bidders (Publication Owing Print Press ) must have 10 years of experience in the publication of such in flight magazines or similar magazines.... र The Publication Owing Print Press must have published magazine continuously for 10 years to date भन्ने कुराले सार्वजनिक खरिदमा अधिकतम प्रतिस्पर्धा भन्ने बिषयलाई सिमित गर्ने र निश्चित बोलपत्रदातालाई मात्र अवसर प्रदान गर्ने जस्तो देखिएको । साथै, १ मात्र बोलपत्र प्रभावग्राही भएको स्थितिले पर्याप्त प्रतिस्पर्धा भयो भन्ने पुष्टि गर्दैन ।
- लागत अनुमान तयार गर्दा प्रभावकारी आधार र स्पष्ट Rate Analysis विना तयार गरीनुले लागत अनुमानको तयारीमा नै सुधार गर्नुपर्ने अवस्था देखिन्छ ।
- तीन बर्षको लागि पत्रिका प्रकाशन गर्न बहुबर्षीय खरिद कार्यको रुपमा सूचना प्रकाशन गरिएको छ । बहुबर्षीय रुपमा तथा रु. ६० लाख भन्दा माथिको मालसामान तथा छपाई

सम्बन्धी खरिद कार्य गर्दा e-GP को मात्र प्रयोग गर्नुपर्नेमा सो नगरी Hard Copy को मात्र प्रयोग गरेको देखिएको र सो खरिद प्रक्रिया ऐन, नियम अनुकुल नदेखिएकोले खरिद ऐन, नियम पालना भएको देखिएन ।

- सार्वजनिक खरिद ऐनको दफा ६३ तथा सार्वजनिक खरिद नियमावलीको नियम १४१ मा भएको व्यवस्था अनुसार सार्वजनिक निकायले कुनै पनि बोलपत्रदाता, प्रस्तावदाता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालोसूचिमा राख्ने बिषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयमा लेखी पठाउनुपर्नेमा त्यसो नगरी आफ्नै निकायबाट नै कालोसूचिमा राख्ने भनी बोलपत्र कागजातमा उल्लेख गरेको ।
- बोलपत्र प्रक्रियाका सम्बन्धमा अनुगमनबाट देखिएका कमीकमजोरीहरु आगामी खरिद सम्बन्धी कार्यमा नदोहोरिने गरी सुधारको लागि उक्त निकायको ध्यानाकर्षण गराइएको छ ।

**अनुगमन प्रतिवेदन कार्यान्वयन :-**

प्रतिवेदनवाट प्राप्त सुझाव र निस्कर्षका आधारमा सम्वद्ध सार्वजनिक निकायलाई कार्यान्वयनका लागि लेखि पठाइएको छ ।

अनुसूची ५

# क्षमता विकास तालिम सम्वन्धी विवरण

कार्यालयले सार्वजनिक खरिद सम्बन्धी क्षमता विकास तालिमको रुपमा कार्यालयको नियमित कार्यक्रम अन्तर्गत ५ पटक र आयोजनातर्फ २ पटक गरी कुल ७ पटक क्षमता विकासका तालिम सम्पन्न गरेको छ । यसरी सातपटक गरी कुल ३१६ जनालाई उपरोक्त बमोजिमको तालिम प्रदान गरिएको छ । तालिमका सहभागीहरु तालिम संचालन गरिएको जिल्लाका सार्वजनिक निकायका कर्मचारीहरु रहेका थिए ।

**आ. ब. २०७५/७६ मा सम्पन्न क्षमता विकास तालिमको विवरण**

| क.सं. | तालिम मिति | स्थान | सहभागी संख्या | नियमिततर्फ/ आयोजनातर्फ |
|---|---|---|---|---|
| १ | २०७५, भाद्र | काभ्रेपलाञ्चोक | ५० जना | नियमित तर्फ |
| २ | २०७५, आश्विन | काठमाण्डौ | ५० जना | नियमित तर्फ |
| ३ | २०७५, कार्तिक | रुपन्देही | ५० जना | नियमित तर्फ |
| ४ | २०७५, चैत्र | काठमाण्डौ | ५० जना | नियमित तर्फ |
| ५ | २०७५, फाल्गुण | पोखरा | ५० जना | नियमित तर्फ |
| ६ | २०७६, जेष्ठ | कैलाली | ३५ जना | आयोजना तर्फ |
| ७ | २०७६, जेष्ठ | विराटनगर | ३१ जना | आयोजना तर्फ |
| जम्मा | ७ पटक | ६ जिल्ला | ३१६ जना | |

अनुसूची ६

# राय परामर्श सम्बन्धी विवरण

मितिः २०७५।४।२३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौ ।

**राय परामर्श माग गरिएको बिषय :**

नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय, दरबारमार्ग, काठमाण्डौको प.सं. २०७४/०७५, मिति २०७५।०३।०७, च.नं. १२४० को पत्रबाट कर्पोरेट कार्यालय भवन निर्माणका लागी e-BID र Hard Copy दुबै माध्यमबाट बोलपत्र आव्हान गरिएकोमा Hard Copy बाट जम्मा ४ वटा बोलपत्र पेश हुन आएको र e-BID बाट कुनै बोलपत्र दर्ता हुन नआएको र एक बोलपत्रदताले बोलपत्र पेश गर्ने अन्तिम दिनको बिहान १०:३५ बजे मुल प्रस्ताव दर्ता गराई सोही दिन ११:५५ बजे संशोधन पनि छुट्टै दर्ता गरेको । बोलपत्रको प्राविधिक प्रस्ताव खोली मुल्याङ्कन गर्दा कुनै पनि बोलपत्रदाताको प्राविधिक प्रस्ताव प्रभावग्राही नभएको हुँदा सो खरिद प्रक्रिया रद्ध गरी पुनः बोलपत्र आव्हान गर्नुपर्ने अवस्था रहेको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९(१) अनुसार बोलपत्रदाताले बोलपत्र सशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकिएको अन्तिम समय भन्दा चौविस घण्टा अगावै सिलवन्दी निवेदन दिनुपर्ने ब्यवस्था रहेको साथै दफा २१(२)(क) अनुसार दफा १९ (१) मा उल्लेखीत अवधिपछि बोलपत्रदाताले बोलपत्र संशोधन माग गरेमा दफा २१ को उपदफा (१) बमोजिम पेश गरेको जमानत जफत हुने व्यवस्था रहेको छ । सोही बमोजिमको व्यवस्था नेपाल विद्युत प्रधिकरण, आर्थिक प्रशासन विनियमावलीमा समेत रहेको छ । खरिद प्रक्रिया रद्ध गरी पुनः बोलपत्र आव्हान गर्नुपर्ने अवस्था रहेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९(१) मा उल्लेख भए अनुसारको अवधि पश्चात् बोलपत्र संशोधन पेश गर्ने बोलपत्रदातको बोलपत्र जमानत २१(२)(क) अनुसार जफत गर्नु पर्ने वा भनी राय माग भई आएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ दफा १९ को उपदफा (१) बमोजिमको अवस्थामा ऐनको दफा २१ को उपदफा (२)(क) बमोजिमको कारवाही प्रक्रिया अगाडि बढाएर बोलपत्र मूल्याङ्कन प्रक्रिया शुरु गर्नु पर्नेमा सो बमोजिम कार्यान्यन नगरिएको तथा बोलपत्र रद्द गरे पश्चात यस कार्यालयमा राय माग गरिएको विषयमा प्राधिकरणको ध्यानआकर्षण गर्ने र बोलपत्र संशोधन

तथा बोलपत्र जमानत सम्बन्धमा राय माग गरिएको बिषयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९(१) तथा दफा २१ को उपदफा (२) (क) मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।"

मिति : २०७५।०६।१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भक्तपुर क्यान्सर अस्पताल, भक्तपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

भक्तपुर क्यान्सर अस्पतालको Ref No १३९/०७५/०७६, मिति २०७५।०५।२१ को पत्रमा रेडियोथेरापी उपकरण Linear Accelerator (Clicnic iX Machine) खरिद गर्ने सम्झौता भई LC समेत खोलिसकेको अवस्थामा उक्त बोलपत्रदाताले सो उपकरण समयमा उपलब्ध गराउन नसक्ने र टेण्डरमा उल्लेखीत सोही मूल्यमा सोही स्पेशिफिकेशन सहित अझ थप सुविधा भएको अत्याधुनिक साथै सोही मूल्यमा त्यसभन्दा USD 300,300/- महंगो मूल्य पर्ने सोही कम्पनीको उत्पादन Linear Accelerator (Vital Beam Model) सोही सम्झौता बमोजिमको अवधिमा उपलब्ध गराउन सकिने भन्ने अवस्थामा मेशिन खरिद गर्न खोलिएको LC परिवर्तन गर्न सकिने नसकिने भनी राय माग गरिएको ।

**राय परामर्श :**

"सम्झौतामा उल्लेखीत Mode of Payment र प्रतीतपत्रका शर्तहरु परिवर्तन हुने नहुने, स्वीकारयोग्य न्यूनतम गुणस्तर साथै Technical Specification र म्याद थप गर्ने अधिकार आदि साविकको भन्दा अझ बढी सुविधा भएको अत्याधुनिक मेशिन प्राप्त भएमा सो को सञ्चालन लागत, जनशक्ति आदिमा पर्ने प्रभाव जस्ता पक्षहरुमा बिस्तृत बिश्लेषण भई संस्थालाई सारभूत रुपमा उपयुक्त हुने नहुने आदि बिषयमा सम्बन्धित सार्वजनिक निकायबाट नैं यकिन गरी निर्णय गर्नुपर्ने बिषयमा यस कार्यालयबाट थप राय उपलब्ध गराईरहनु नपर्ने ।"

मिति: २०७५।०६।१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाल स्टक एक्सचेञ्ज लिमिटेड ।

**राय परामर्श माग गरिएको बिषय :**

कार्यालयबाट निम्न बिषयमा राय माग गरिएको :

१) कार्यालयबाट खरिद सम्झौता भईसके पश्चात् सम्झौतामा उल्लेख नभएका थप Hardware हरु सोही सम्झौता अनुसार भेरिएशन गरी खरिद गर्न सकिने नसकिने वा नयाँ खरिद विधि अनुसार खरिद गर्नुपर्ने ?

२) भेरिएशन आदेश गर्ने अधिकार प्रत्यायोजन गर्न नसकिने व्यवस्था भएकोमा उक्त लिमिटेडको प्रमूख कार्यकारीले उक्त कार्य गर्न सक्ने नसक्ने तथा बिशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिशको आधारमा मात्र जारी गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोमा उक्त चेकजाँच समूह कसले गठन गर्ने वा सो निर्णय गर्ने अधिकारी को हुने भन्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा नियमावली, २०६४ को नियम ११८ मा भएको व्यवस्था बमोजिम भेरिएशन गर्नुपर्ने अवस्था हो होइन ? सो सम्बन्धमा त्यहाँबाट नै यकिन गरी आवश्यक निर्णय गर्न सकिने बिषय भएकोले यस कार्यालयबाट थप राय दिइरहनु नपर्ने ।"

मितिः २०७५।०६।१४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना, काठमाण्डौ ।

**राय परामर्श माग गरिएको बिषय :**

काठमाण्डौ-तराई/मधेस द्रुतमार्ग सडक आयोजना, काठमाण्डौको प.सं. १५८५३/फाष्ट ट्र्याक/०७५/७६/४०, मिति २०७५।०५।१७ को पत्रबाट निम्न बिषयमा राय/परामर्श माग गरिएको ।

१. Bidding Document मा माग गरेको निर्माण कार्य गरेको Contract Ammount सम्वन्धमा All Partners combined must meet requirement उल्लेख भएकाले जे.भि. मा संलग्न सवै कम्पनीले गरेको निर्माण कार्यको रकम जोडेर माग गरिएको रकम बराबरको पुग्नु पर्ने भन्ने बुझिन आएको साथै Each Partner not applicable उल्लेख भएकाले जे.भि.मा संलग्न सम्पुर्ण कम्पनीहरुको एक/एक निर्माण कार्य गरेको रकम जोडी उल्लेखीत रकम पुग्नु पर्ने हो वा जे.भी. मध्ये एउटा कम्पनीले मात्र माग गरिएको रकम बराबरको निर्माण कार्य गरेको हुनुपर्ने हो सो सम्वन्धम द्विविधा भएको ।

२. बोलपत्र पेश गर्ने जे.भी. कम्पनीले प्रत्येक कम्पनीहरुको गत आ.व. को छुट्टा/छुट्टै करचुक्ता प्रमाणपत्र पेश गरेको तर उक्त कम्पनीहरु मध्ये कुनै कुनै कम्पनीले विगत आ.व. हरुमा अर्को कम्पनीहरुसंग जे.भी. मा काम गर्दाको कर बक्यौता रहेको भनि सडक डिभिजन कार्यालय/आन्तरिक राजश्व कार्यालयहरुबाट बिभिन्न पत्रपत्रिकामा सूचना प्रकाशित भएको सम्वन्धमा सम्वन्धीत कार्यालयहरुसंग एकिन गर्दा जे.भी. मा कर बक्यौता नै रहेको भन्ने जानकारी प्राप्त भएको हुनाले कम्पनीको व्यक्तिगत कर चुक्ता भएको तर सोही कम्पनीहरुले ज.भी. मा विगतमा गरेको कामको कर चुक्ता नगरेको अवस्थामा उक्त कम्पनीहरु संलग्न जे.भी. लाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ?

३. साथै सडक डिभिजन कार्यालय/आन्तरिक राजश्व कार्यालयहरुबाट कर बक्यौता रहेको सम्वन्धमा सूचना प्रकाशित भए पश्चात् बक्यौता रकम दाखिला गरेको देखिएको । यस्तो अवस्थामा बोलपत्र दर्ता गर्दाको समयमा विगतमा जे.भी.मा गरेको कार्यको कर बक्यौता नै देखिएको तर हाल आएर चुक्ता भै सकेको देखिएको अवस्थामा उक्त कम्पनीहरुलाई मुल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने ?

**राय परामर्श :**

"(क) सि.नं. १ को सम्वन्धमा 2.4.2. Specific Construction Experience, (a) Contracts of Similar Size and Nature को संयुक्त उपक्रममा बोलपत्र दाखिला गर्ने बोलपत्रदाताको योग्यता निर्धारण गर्दा निश्चित रकमको दुई वटा ठेक्काको अनुभव माग गरिएको अवस्थामा संयुक्त उपक्रमका सदस्यहरुको माग गरिएको रकम बराबरको छुट्टाछुट्टै अनुभव जोडेर योग्यता पुरा गर्नुपर्ने र यदि निश्चित रकमको एउटा मात्र ठेक्काको अनुभव माग गरिएको अवस्थामा संयुक्त उपक्रमका सदस्यहरु मध्ये कुनै एक सदस्यले सो अनुभवको योग्यता पुरा गर्नुपर्ने ।

(ख) सि.नं. २ र ३ को सम्बन्धमा सम्बन्धित निकायबाट आवश्यक जानकारी लिई निर्णय हुन ।"

मिति : २०७५।०६।२३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शैक्षिक गुणस्तर परीक्षण केन्द, सानोठिमी, भक्तपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

शैक्षिक गुणस्तर परीक्षण केन्द्र, सानोठिमी, भक्तपुरको प.स. २०७५/०७६, च.नं.४३, मिति २०७५।५।२९ को पत्रबाट माध्यमिक तहका विद्यालयको कार्यसम्पादन परीक्षण र विद्यार्थीको उपलब्धि राष्ट्रिय परीक्षण कक्षा १० का लागि बिभिन्न पाँच प्याकेजमा कार्य बर्गीकरण गरी

परामर्श सेवाबाट खरिद गर्न सकिने व्यवस्था गरिएको र उक्त पाँच वटै प्याकेज खरिदका लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० प्रयोजनका लागि राष्ट्रिय स्तरको दैनिक पत्रिकामा मिति २०७५।०५।०५ गते सूचना प्रकाशित गरिएको । यसरी प्रकाशित सूचना बमोजिम तोकिएको समय सीमा भित्र त्रिभुवन विश्व विद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र बल्खुले प्याकेज ३, प्याकेज ४ र प्याकेज ५ मा सिलबन्दी आशयपत्र दर्ता गरेको ।

त्रिभुवन विश्व विद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र, बल्खुले पेश गरेको तीन वटै प्याकेजको आशय पत्रमा परीक्षण गर्नु पर्ने कागजातहरु (संस्था दर्ताको प्रमाण पत्र, मू.अ.क.दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र) नभएको । तर करदाता सेवा कार्यालय कंलकीको मिति २०७१।१२।२९ को पत्रमनुसार मू.अ.कर ऐन २०५२ को अनुसूची १ को समुह ६ मा व्यवस्था भए बमोजिम शिक्षा अनुसन्धनात्मक कार्यहरु, शिक्षण सेवाहरु तथा नाफा आर्जन नगर्ने उद्देश्यले व्यवसायिक तथा पेशागत तालिम वा पुर्नताजगी तालिमहरुमा मू.अ.कर छुट हुने व्यवस्था भएको हुदा यस्तो प्रकारको सेवा प्रदान गर्दा मू.अ.क.मा दर्ता हुनु नपर्ने व्यहोराको पत्र संलग्न भएको पाइयो । यस्तो अवस्थामा त्रिभुवन विश्व विद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्रले यस केन्द्रमा दर्ता गरेको आशयपत्रहरु परीक्षण तथा मूल्यांकनमा समावेश गर्न सकिने वा नसकिने भनि द्विविधा उत्पन्न भएको । त्रिभुवन विश्व विद्यालय, शिक्षा विकास तथा अनुसन्धान केन्द्र सार्वजनिक संस्था भएकोले सार्वजनिक खरिद ऐनको दफा ३० प्रयोजनका लायि योग्य हुने वा नहुने निक्र्यौल गर्न नसकेकोले राय उपलब्ध गराइदिनु हुन भनि लेखी आएको ।

**राय परामर्श :**

“सार्वजनिक खरिद नियमावली, २०६४ नियम १९(२) (ख) मा मूल्य अभिवृद्धि कर नलाग्ने मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त नगरेका व्यक्ति, फर्म, सस्था वा कम्पनी बाट समेत खरिद गर्न सकिने व्यहोरा स्पस्टै भएको ।”

मितिः २०७५।०६।२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सडक विभाग, पुल महाशाखा, चाकुपाट, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

सडक विभाग, पुल महाशाखा, चाकुपाट, ललितपुरको प.सं. २०७४/०७५, मिति २०७५।०३।२०, च.नं. १०८२ को पत्रबाट रुकुम जिल्लाको सानीभेरी नदीमा पुल निर्माण कार्य गर्नका लागी निर्माण व्यवसायीसंग सम्झौता समेत भएकोमा निर्माण शुरु गर्दा स्थानियहरुले

अवरोध गरेको र म.प. डिभिजन सडक कार्यालय नं. २ को प्राविधिक त्रुटीको कारण Alignment Stable नभई Alignment नै सार्नु परेकोले निर्माण कार्य २८ महिना पछि सरेको । १५ महिना भन्दा माथिको बोलपत्रमा मुल्य समायोजनको व्यवस्था हुनु पर्नेमा बोलपत्र आव्हानको समयमा भुलवस पुरानो डकुमेन्ट प्रयोग हुन गई १८ महिना निर्माण अवधी भएको बोलपत्रमा पनि मुल्य समायोजनको व्यवस्था नभएको तर २८ महिना पछि निर्माण कार्य शुरु गर्दा निर्माण सामाग्री, जनशक्ती आदिमा भएको मुल्य बृद्धिको कारण पुरानै दररेटमा कार्य गर्न नसकिने हुँदा मुल्य समायोजनको व्यवस्था हुन निर्माण व्यवसायीले माग गरेकोले के गर्ने भनी राय माग भई आएको ।

**राय परामर्श :**

"खरिद सम्झौताको General Condition of Contract को 43. Compensation Events मा स्पष्ट व्यवस्था भएकोले थप राय प्रदान गर्न आवश्यक नदेखिएको ।"

मितिः २०७५।०७।०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल ।

**राय परामर्श माग गरिएको बिषय :**

परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल क्यान्सर अस्पतालको च.नं. ५६/६/२५९, मिति २०७५।०६।१७ को पत्रमा बोलपत्रदाताले बोलपत्र फाराम शुल्क अस्पतालको खातामा फर्मको नाममा वा प्रोप्राईटरले आफै जम्मा गरी बैंक भौचर पेश गर्नुपर्नेमा नगरेको, तर अस्पतालको अन्य खातामा अर्को नाम भएको व्यक्तिले जम्मा गरेको बैंक भौचर पेश गरी bolpatra.gov.np/egp मा अपलोड गरेको र अस्पतालको छाप र सही भएको बोलपत्र फाराममा दररेट भरी पेश गर्नुपर्नेमा बोलपत्रदाताले आफ्नै लेटरप्याडमा सामानको सूचि बनाई दररेट पेश गरेको अवस्थामा उक्त बोलपत्र मूल्याङ्कन गर्न सकिने नसकिने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

"बोलपत्र मूल्याङ्कन समितिले बोलपत्रको मूल्याङ्कन गर्दा बोलपत्र फाराम शुल्क अस्पतालकै तोकिएको भन्दा अन्य खातामा बोलपत्रदाता वा प्रोप्राईटर वा फर्मको अख्यिारनामा प्राप्त व्यक्तिले दाखिला गरेको अवस्था भएमा सो रकम सम्बन्धित खातामा ट्रान्सफर गर्न अस्पताल आफैले सक्ने भएकोले यत्तिकै आधारमा बोलपत्रमा प्रतिस्पर्धा सीमित हुने गरी मूल्याङ्कनमा समावेश गर्नु नपर्ने देखिंदैन । त्यहाँ कार्यालयबाट माग गरिएको रायको अन्य कुराको हकमा

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(२क) र (३क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६०(ग) मा प्रष्ट उल्लेख भए अनसार सबै पक्षबाट प्रभावग्राही भएका बोलपत्रहरुमध्येबाट मात्र न्यूनतम मूल्याँकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र छनौट गर्नुपर्ने दायित्व त्यहाँ अस्पतालको रहेको र यसमा कुनै कानुनी द्विविधा नदेखिदा यस कार्यालयबाट थप राय प्रदान नहुने ।"

मिति : २०७५।०७।०७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

इश्वरपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, इश्वरपुर, सर्लाही ।

**राय परामर्श माग गरिएको बिषय :**

ईश्वरपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, ईश्वरपुर, सर्लाहीको प.स. ०७५/७६, च.नं. २७०, मिति २०७५।६।२९ को पत्रबाट देहायको बिषयमा राय परामर्श माग भएको ।

(क) गत आ.ब.०७४/७५ को बैशाख महिनामा निर्माण व्यवसायी गौशाला कन्सट्रक्सन, महोत्तरीले ठेक्का सम्झौताका बखत नियमानुसार राख्नु पर्ने ५ प्रतिशत धरौटी रकम नेपाल बैक लिमिटेड, बयलबास स्थित यस नगरपालिकाको धरौटी खातामा नगद राखेकोमा हाल ५ प्रतिशत धरौटी रकम बराबरकै कृषि विकास बैक, गौशाला, महोत्तरीबाट कार्य सम्पादन जमानत पेश गरेको र उक्त बैक जमानतको सम्बन्धित बैकबाट यकिन समेत भइसकेको र पूर्ववत राखेको धरौटी रकम फिर्ता पाउँ भनि यस कार्यालयमा निवेदन प्राप्त हुन आएकोले उक्त धरौटी गौशाला कन्सट्रक्सन महोत्तरीलाई फिर्ता दिन मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक राय उपलब्ध गराइदिनु हुन ।

(ख) गत आ.ब. ०७४/७५ मा ठे.नं. ३/०७४/०७५ सडक कालेपत्र कार्यको निर्माण व्यवसायी कार्की निर्माण सेवाले पेश गरेको बोलपत्र अंकको ५ प्रतिशत धरौटी रकम १५ प्रतिशत भन्दा घटेर कबोल गरेको अंकको ५० प्रतिशतले हुन आउने रकम थप धरौटी लिई ठेक्का सम्झौता भएको र निजले सम्झौता बमोजिमको निर्माण कार्य सम्पन्न गरी कार्यालयबाट अन्तिम भुक्तानी समेत लिइसकेको र हाल निज निर्माण व्यवसायीले थप राखेको ५० प्रतिशतले हुन आउने उक्त थप धरौटी फिर्ता पाउँ भनि यस कार्यालयमा निवेदन दिएको हुदा उक्त धरौटी फिर्ता दिन मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक राय उपलब्ध गराइदिनु हुन ।

**राय परामर्श :**

"(क) नगदमा राखिएको कार्यसम्पादन जमानतलाई बैक जमानतमा परिणत गर्न सकिने ।

(ख) सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११०(४) मा स्पस्ट व्यवस्था भएकोले थप राय प्रदान गर्नु नपर्ने ।"

मितिः २०७५।०८।०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गैंडाकोट नवलपरासी ।

**राय परामर्श माग गरिएको बिषय :**

गैंडाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गैंडाकोट नवलपरासीको प.सं. २०७५/७६, च.नं. ६४८, मिति २०७५।०७।१५ को पत्रबाट ढुंगा, गिटी बालुवाको संकलन कार्यको शिलवन्दी वोलपत्र माग गरेकोमा देहाय बमोजिमको वोलपत्रदाताको वोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने भनी राय माग भै आएको ।

(क) वोलपत्र आव्हानको सूचनामा उल्लेख हुन छुट भएको अवस्थामा सवैभन्दा बढि वोल कवोल गर्ने बोलपत्रदाताले आफ्नो कुनै पनि ठेक्का सम्वन्धी कागजातमा आफु कारवाहीमा नपरेको वा कालोसूचीमा नरहेको स्वस्घोषणापत्र पेश नगरेको ।

(ख) वोलपत्र फाराममा आफ्नो वा अधिकृत प्रतिनिधिको सही नगरेको तथा संस्थाको छाप लगाएको अवस्थामा उक्त बोलपत्र स्विकृत गर्न सकिने वा नसकिने ।

**राय परामर्श :**

"राय माग गरिएको विषय सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को उपदफा (क) मा उल्लेखीत खरिदको परिभाषा भित्र नपर्ने भएकोले सो सम्बन्धमा यस कार्यालयबाट राय प्रदान गर्न नसकिने ।"

मितिः २०७५।०८।०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल, काठमाण्डौ ।

**राय परामर्श माग गरिएको बिषय :**

भूमि व्यवस्थापन तथा अभिलेख विभाग, ववरमहल, काठमाण्डौको प.सं. २०७५.प्रो/.प्र.सू.भू./७६, च.नं. १०१२, मिति २०७५।०७।२९ को पत्रबाट बिभिन्न मालपोत कार्यालयहरुमा रहेका लिखत, मिसिल र मोठ स्रेस्ता तथा रोक्काको श्रेस्तालाई स्क्यान गरी ईमेज कपी तयार गर्ने, ईमेज कपीलाई खोजिएको समयमा हेर्न र प्रिन्ट गर्न सकिने कम्प्यूटर प्रणालीको विकास

गरी ई-डकुमेन्ट तयार गर्ने र सो कार्यको सम्बन्धित कार्यालयले चेकजाँच गरे पश्चात् परामर्शदाताले भूमी व्यवस्थापन तथा अभिलेख बिभागलाई हस्तान्तरण गर्ने गरी कार्य गर्न खोजिएकोमा उपरोक्त कार्य मालसामान खरिद वा परामर्श सेवा खरिद कुन मार्फत खरिद गर्न उपयुक्त हुन्छ राय पठाइदिनु हुन भनी राय माग भै आएको ।

**राय परामर्श :**

"उक्त सेवा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ को खण्ड (ङ) मा परामर्श सेवा को परिभाषा भित्र नपर्ने हुँदा यस यस किसिमको सेवालाई अन्य सेवाको रुपमा लिई खरिद गर्न सकिने ।"

मितिः २०७५।०९।०४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाली सेना, आपूर्ति तथा परिवहन निर्देशनालय, काठमाडौं, नेपाल ।

**राय परामर्श माग गरिएको बिषय :**

नेपाली सेना, आपूर्ति तथा परिवहन निर्देशनालय, काठमाडौं, नेपालको प.सं. २३३७/फु.रा.क./१५/०७५/०७६/७२ मिति २०७५।०८।२५ को पत्रमा e- Bid गर्दा व्यवसाय दर्ताको ईजाजत पत्र Upload नगरेको कारणबाट बोलपत्र मान्य हुने वा नहुने तथा राशन ठेक्का तथा खाद्यान्न सम्बन्धी कारोबार गर्न व्यवसाय दर्ताको ईजाजतपत्र आवश्यक पर्ने नपर्ने सम्बन्धमा राय माग गरिएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा सार्वजनिक निकायले स्वीकृत गरेको बोलपत्र कागजातमा उल्लिखित आधारमा रही बोलपत्र मूल्याङ्कन समितिबाट नै यकिन गर्ने बिषय भएको र व्यवसाय दर्ताको ईजाजत पत्रका सम्बन्धमा सम्बन्धित निकायबाट जानकारी प्राप्त भईसकेको देखिंदा यस कार्यालयबाट उक्त बिषयमा थप राय प्रदान गरीरहन आवश्यक नदेखिएको ।"

मितिः २०७५।०९।०४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पताल ।

**राय परामर्श माग गरिएको बिषय :**

अस्पतालको खरिद कार्यका सम्बन्धमा परेको सबैभन्दा कम मूल्य हुँदाहुदै पनि छनौटमा नपर्नुको कारण देखाउँदै दर्ता भएको गुनासो निवेदनका बिषयमा के कसो भएको हो भनी सम्बन्धित अस्पतालसँग जानकारी माग गरिएको । सो बिषयमा उक्त अस्पतालले राय माग गरी पठाएको । राय दिई रहनुनपर्ने अवस्था भएकोले तामेलीमा राखिएको अवस्थामा पुनः कागजात मगाई अध्ययन गर्ने निर्देशानुसार टिप्पणीमा उल्लेखीत बुँदाहरुमा भएबमोजिम निर्णय हुन पेश भएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ भएका व्यवस्थाहरुमा कुनैं कानुनी द्धिविधा नरहेको र स्वीकृत बोलपत्र कागजातमा उल्लेखीत आधारहरुमा रही बोलपत्र मूल्याङ्कनसमितिबाट नै यकिन गर्ने बिषयमा थप राय प्रदान गरीरहन आवश्यक नदेखिएको, साथै, यथा समयमै खरिद सम्बन्धी निर्णय गर्नमा कुनै निकायबाट रोक नलगाएको अवस्थामा हालसम्म कुनै निर्णय नगरी रहेको स्थितिमा ध्यानाकर्षण गराईएको ।"

मिति २०७५।०९।०४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सैनिक उच्च शिखर शिक्षालय, कैसाङ्ग ।

**राय परामर्श माग गरिएको बिषय :**

सैनिक उच्च शिक्षालय कैसाङ्गको प.स. ८०३१/एका २०/०७५/७६/१४, मिति२०७५।८।२४ को पत्रबाट यस शिक्षालयको चालु आ.ब. ०७५/७६ को पूजिगत तर्फको भवन निर्माण शीर्षकको बार्षिक कार्यक्रम बमोजिम निर्माण हुने भवनहरुको बिद्युतीय बोलपत्र मार्फत मिति २०७५।७।१९ मा अन्नपूर्ण पोष्ट राष्टिय दैनिकमा सूचना प्रकाशित भए बमोजिम मिति २०७५।८।१९ गते १२ बजे सम्म अपलोड भएका बिद्युतीय बोलपत्र डाउनलोड गरी खोलिएको ।

उक्त विद्युतीय बोलपत्र मार्फत अपलोड भइ खोलुवा भएका बोलपत्रहरु मूल्यांकन गर्दा श्री ईर्मोटल कन्सट्रक्सन प्रा.लि.बनस्थली-१६ काठमाडौले आफूले कबोल गरेको रकमको कुल बार्षिक रकमको २५ प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैकबाट 'क' वर्गको इजाजत प्राप्त बाणिज्य बैकबाट सम्बन्धित ठेक्का बन्दोबसत गर्ने सार्वजनिक निकाय (सैनिक उच्च शिखर शिक्षालय) को नाममा जारी भएको आर्थिक श्रोत खुलेको Line of Credit पेश गर्नु पर्नेमा सो नगरी मिति २०७५।१।२ गते एसबिआइ बैक लि.कर्पोरेट कार्यालय,केशरमहलबाट जो जस संग सम्बन्ध छ (To Whom it may concern) लेखेको पत्र पेश गरेको हुदा उक्त आर्थिक श्रोत खुलेको Line of Credit लाई मान्यता दिन मिल्ने वा नमिल्ने भनी राय माग भइ आएको ।

**राय परामर्श :**

“राय माग गरिएको बिषय बोलपत्र मूल्यांकन समितिको क्षेत्राधिकारको बिषय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र स्वीकृत बोलपत्र कागजातमा उल्लेख भएका व्यहोराहरुको आधारमा बोलपत्र मूल्यांकन समितिले मूल्यांकनका क्रममा हेरि निर्णय गर्नुपर्ने हुँदा यस कार्यालयबाट राय प्रदान गरीरहनु नपर्ने ।”

मिति : २०७५।१०।०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाली सेना समरजीत गुल्म, थापाथली ब्यारेक, बाजुरा ।

**राय परामर्श माग गरिएको बिषय :**

नेपाली सेना समरजीत गुल्म, थापाथली ब्यारेक, बाजुराको प.स. १४७७१/लेखा/१९/०७५/७६, मिति २०७५।९।१२ पत्रबाट लेखी आए अनसुार उक्त गुल्ममा आ.व. ०७५/७६ मा भवन निर्माणमा बिनियोजित भएको रकम रु.६०,००,०००।०० (साठी लाख मात्र) बाट गुल्म तैनाथ स्थान थापाथली ब्यारेक बाजुरामा २० बेडको जवान लाईन निर्माणको लागि e-GP System मा Upload भई Submit भएका बोलपत्र थान आठ खोलुवा गर्ने कार्य भएको र उक्त बोलपत्र थान आठ को मुल्याङ्कन कार्य गर्दा यस गुल्मले e-GP System मा Upload गरेको बोलपत्रको खण्ड ४ मा देहायका कागजातहरु अनिवार्य पेश गर्नु भनि उल्लेख गरेकोमा उल्लेखीत बोलपत्रदाताहरुले निम्नानुसारको कागजातहरु पेश नगरेको हुँदा सो सम्बन्धमा आवश्यक परामर्श पठाई दिने व्यवस्था हुन भनि लेखी आएको ।

| दर्ता नं. | बोलपत्रदाताको नामथर र वतन | कबोलदर (मु.अ. कर सहित) रु. | कैफियत |
|---|---|---|---|
| १. | सुलभ एण्ड सुस्मिता कन्स्ट्रक्शन प्रा.लि., पाटादेवल ४, बझाङ्ग (प्रो.दर्शन बहादुर खड्का) | ६६,७९,८६५।५६ | लागत अनुमान भन्दा बढि रहेको |
| २. | जे.जे.कन्स्ट्रक्शन, बडिमालिका न.पा.८, बाजुरा (प्रो.जाल्पा कुमारी शाही) | ५९,२१,०७९।२० | नागरीकताको प्रमाणपत्र नभएको |
| ३. | बिनोद कन्स्ट्रक्शन,छतरा गा.वि.स. वडा नं.५, बाजुरा (प्रो.हर्क बहादुर शाह) | ५९,९२,६९२।६७ | नागरीकताको प्रमाणपत्र नभएको |
| ४. | डि.बि. कन्स्ट्रक्शन एण्ड सप्लायर्स, बडिमालिका १०, बाजुरा (प्रो. फुगी | ५७,४४,१०२।६७ | |

| | | | |
|---|---|---|---|
| | जैशी) | | |
| ५. | सुनन्दा मष्टेश्वरी निर्माण सेवा, जुकोट गा.वि.स. वडा नं.४, बाजुरा (प्रो.विरेन्द्र बहादुर शाही) | ५९,०६,४४८।३६ | नागरीकताको प्रमाणपत्र नभएको |
| ६. | के.आर. निर्माण सेवा, आटिचौर १, बाजुरा (प्रो.खगेन्द्र बहादुर रावत) | ५७,१६,१८०।१४ | १. नागरीकताको प्रमाणपत्र नभएको ।<br>२. आ.व.०७४/७५ को करको विवरण पेश गर्ने म्याद थपको पत्र नभएका |
| ७. | बडिमालिका कन्स्ट्रक्शन एण्ड अर्डर सप्लायर्स, बडिमालिका न.पा.८, बाजुरा (प्रो.लोकेन्द्र बहादुर रावल) | ४२,११,४५८।४२ | फर्म, संस्थान वा कम्पनी दर्ता प्रमाणपत्र नभएको |
| ८. | बेतालमाण्डु निर्माण सेवा, बडिमालिका न.पा.१०, बाजुरा (प्रो.ममतदेवी बुढा) | ४३,७८,२२३।६७ | नागरीकताको प्रमाणपत्र नभएको |

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र स्टयाण्डर्ड बिड डकुमेन्टमा नागरीकताको प्रमाणपत्रलाई अनिवार्य शर्तको रुपमा उल्लेख नगरिएकोले सोही आधारमा कुनै पनि बोलपत्रदातालाइ अयोग्य मान्न नसकिने र अन्यको हकमा प्रचलित कानुन बमोजिम निर्णय गर्नु हुन ।"

मिति :२०७५।१०।०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** गोकुलगंगा गाउँपालिका, रामेछाप ।

**राय परामर्श माग गरिएको बिषय :**

गोकुलगंगा गाउपालिका, रामेछापको प.स.०७५/७६, च.नं. ३१२, मिति २०७५।९।२७ को पत्रबाट लेखी आए अनुसार उक्त गाउपालिकाको मिति २०७५।०९।२५ को कार्यपालिकाको निर्णय नं. ९ बमोजिम रु १,००,००,०००।०० (अक्षरुपी एक करोड (भ्याट सहित)) गाउँपालिका अस्पताल भवन निर्माण गर्न विनियोजन गर्ने निर्णय भएको र उक्त भवन निर्माण गर्दा यस गाउँपालिकाले अस्पताल भवन निर्माण कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार रु. १ करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था भए अनुसार कार्यालयको

रु १ करोड बजेटबाट उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गर्न सक्ने वा नसक्ने भन्ने अस्पष्टता भएको साथै यस गाउँपालिकाले गैरसरकारी संस्थासँग ५०(५० प्रतिशत लागत साझेदारीमा अस्पताल भवन बनाउन गैरसरकारी संस्था उपलब्ध भएकोले लागत साझेदारीमा भवन निर्माण गर्नका लागि कुल १ करोड लागतमा निर्माण गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसारर रु. १ करोड रुपैयाँ सम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सकिने व्यवस्था भएअनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गर्न सक्ने वा नसक्ने भन्ने अस्पष्टता भएको भनि राय माग भइ आएको ।

**राय परामर्श :**

"गैरसरकारी संस्थाबाट लागत साझेदारीमा काम गर्ने व्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा नरहेकोले विद्यमान खरिद ऐन र नियमावलीको परिधिभित्र रहि कानुन सम्मत निर्णय हुन ।"

मिति : २०७५।१०।१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाली सेना, भैरव गण, देवीडाँडा व्यारेक, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

नेपाली सेना, भैरव गण, देवीडाँडा व्यारेक, ललितपुरको प.सं. १४४३०/लेखा/१४/०७५/०७६ मिति २०७५।१०।१० को पत्रबाट भवन निर्माणका लागी e-GP System मार्फत बोलपत्र आव्हान भएकोमा जम्मा ७ वटा बोलपत्रदाताले बोलपत्र पेश गरेको । पेश भएका बोलपत्रहरु मध्ये तीन वटा बोलपत्रदाताको Bid Fee को लागि पेश गरेको बैंक भौचर बैंकले Verification को क्रममा Reject गरेकोमा निज बोलपत्रदाताहरुले Bid Document Fee दाखिला गरेको भौचरको प्रतिलिपि र रकम दाखिदा भएको व्यहोराको सम्वन्धीत बैंकको पत्र सहित मुल्याङ्कनमा समावेश गरी पाउन निवेदन पेश गरेकोले सो सम्वन्धमा के गर्ने भनी राय माग भै आएको ।

**राय परामर्श :**

"१. बोलपत्र कागजातको रकम सम्वन्धीत खातामा दाखिला भैसकेको देखिँदा मुल्याङ्कनमा समावेश गर्न बाधा नपर्ने।

२. सार्वजनिक खरिद अनुगमन कार्यालय, सूचना प्रविधि शाखाले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।”

मिति : २०७५।१०।१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, बालाजु, काठमाण्डौं ।

**राय परामर्श माग गरिएको बिषय :**

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, केन्द्रिय कार्यालय, बालाजु, काठमाण्डौको च.नं. ०७५/०७६-१२९३, मिति २०७५।१०।११ को पत्रबाट Construction of 411.00 m roads with drain inside Balaju Industrial District, IDML/075-76/BaID-04 कार्यका लागी e-GP System मार्फत बोलपत्र आव्हान भएकोमा बोलपत्रदाता श्री कल्पवृक्ष निर्माण सेवाको Bid Fee को लागि पेश गरेको बैंक भौचर खाली भएकोले सम्वन्धीत बैंकले Verification को क्रममा Reject गरेको कारण निज बोलपत्रदाताको प्राविधिक प्रस्ताव मुल्याङ्कन नगरी बाँकी अन्य बोलपत्रदाताको प्राविधिक प्रस्ताव मुल्याङ्कन गरी मुल्याङ्कनको जानकारी सवै बोलपत्रदातालाई गराइएकोमा निज कल्पवृक्ष निर्माण सेवाले Bid Document Fee दाखिला गरेको भौचरको प्रतिलिपि र रकम दाखिदा भएको व्यहोराको सम्वन्धीत बैंकको पत्र सहित मुल्याङ्कनमा समावेश गरी पाउन निवेदन पेश गरेकोले सो सम्वन्धमा के गर्ने भनी राय माग भै आएको ।

**राय परामर्श :**

“१. बोलपत्र कागजातको रकम सम्वन्धीत खातामा दाखिला भैसकेको देखिँदा मुल्याङ्कनमा समावेश गर्न बाधा नपर्ने ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालय, सूचना प्रविधि शाखाले आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने।”

मितिः २०७५।१०।२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शिवराज नगर कार्यपालिकाको कार्यालय, चन्द्रौटा, कपिलवस्तु ।

**राय परामर्श माग गरिएको बिषय :**

शिवराज नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, चन्द्रौटा, कपिलवस्तुबाट प्राप्त यस कार्यालयमा मिति २०७५।०९।१९ मा दर्ता भएको पत्रानुसार सो कार्यालयबाट मिति २०७५।०९।१९ गते आव्हान गरिएको शिलवन्दी दरभाउपत्र ठेक्का नं. ३२/SM/RD/०७५/७६ का लागि २ वटा शिलबन्दी दरभाउपत्र दर्ता हुन आएकोमा online system मा परेका शिलवन्दी दरभाउपत्र खोल्दा BID AMOUNT सार्वजनिक भएको कारण पुरानो सूचना बमोजिम पर्न आएको सिलवन्दी दरभाउपत्र यथावत राखी नयाँ सूचना प्रकाशन गर्न मिल्ने वा नमिल्ने भन्ने द्धिविधा उत्पन्न भएकोले राय माग भई आएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम ३(क) मा तीनभन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्वन्धमा कुनै कुरा उल्लेख नगरी दोश्रो पटक सूचना प्रकाशन गर्नु पर्नेछ भन्ने ब्यवस्था रहेकोले यस सम्वन्धमा थप राय दिनु नपर्ने ।"

मिति : २०७५।१०।२३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

फुङलिङ नगरपालिकाको कार्यालय, ताप्लेजुङ ।

**राय परामर्श माग गरिएको बिषय :**

फुङलिङ नगरपालकिाको कार्यालय ताप्लेजुङको प.स २०७५/७६, च.नं. ७१९ मिति २०७५।१०।१८ को पत्रबाट उक्त कार्यालयले जिल्ला अस्पताल ताप्लेजुङको ओ.टी भवन मर्मत गर्न मिति २०७५।०९।१३ मा सिलबन्दी दरभाउपत्र माग गर्दा दर्ता हुन आएका ७ (सात) वटा दरभाउपत्रहरु मध्ये सवैभन्दा कम कबोल गर्ने फुङफुङे शैलेश्वरी निर्माण सेवा प्रा.लि रहेको र उक्त निर्माण सेवाका प्रोपराइटर श्री जीतहाङ थलङ सोही नगरपालिकाको वडा नं २ बाट निर्वाचित वडा सदस्य, न्यायिक समितिको सदस्य तथा नगर सभाको सदस्य भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा १३ को (त) अनुसार स्वार्थ बाझिने विषय आकर्षित हुने वा नहुने, निजको स्वार्थ बाँझिने अवस्थामा दोश्रो कम कबोल अंक कबोलवाला बोलपत्रदाता संग सम्झौता गर्न मिल्ने वा नमिल्ने विषयमा राय माग भइ आएको ।

**राय परामर्श :**

"राय माग भएको बिषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ (त) र दफा ६१(ग) आर्कषित हुने तथा अन्य बिषयमा ताँहा कार्यालयबाटै कानुनसम्मत निर्णय हुनुपर्ने ।"

मितिः २०७५।१०।२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

घरेलु तथा साना उद्योग विकास समिति दार्चुला तथा बैतडी ।

**राय परामर्श माग गरिएको बिषय :**

घरेलु तथा साना उद्योग विकास समिति दार्चुला, बैतडी तथा डोटीबाट मिति २०७५।०९।०५ मा प्रकाशित गरीबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको आर्थिक तथा प्राविधिक प्रस्तावको माग प्रक्रिया अपनाउँदा E-Bidding प्रक्रियामा नगएको र प्रस्ताव मागको समयावधि समेत नमिलेको साथै कागजपत्रका प्रतिलिपिहरु नोटरी पब्लिकद्धारा प्रमाणित नभएको कारणबाट मूल्याङ्कनमा समावेश नगरेको कारण सूचनाको प्रक्रिया नमिलेको हुँदा उक्त सूचना बदर गरी पुनः प्रक्रिया अगाडी बढाउन पाउँ भनी विभिन्न निवेदकहरुबाट यस कार्यालयको नाममा निवेदन दर्ता भएको र सो सम्बन्धमा अध्ययन गरी हेर्दा छलफल गरी उपयुक्त निर्णय गर्न आवश्यक देखिएको ।

**राय परामर्श :**

“प्रस्तुत बिषयमा प्रचलित कानुनसम्मत निर्णय हुने गरी सम्बन्धित सार्वजनिक निकायलाई खरिद कारवाही पूरा गर्न निर्देशन दिने ।”

मितिः २०७५।१०।२४

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

यातायात व्यवस्था विभागबाट मिति २०७५।०८।११ मा प्रकाशित ई बिल, सवारी दर्ता प्रमाण तथा प्रदुषण ईष्टिकर छपाई सम्बन्धी बोलपत्र नं. DoTM/G/NCB/2075/76/01 का सम्बन्धमा सीमित बोलपत्रदातालाई मात्र मिल्ने गरी बोलपत्रका क्राईटेरिया बनाएको र बोलपत्रमा प्रतिष्पर्धालाई खुम्च्याउने गरी शर्तहरु राखिएको भनी PAPER PRINT Pvt. Ltd. बाट यस कार्यालयमा निवेदन दर्ता भएको र सो सम्बन्धमा अध्ययन गरी हेर्दा छलफल गरी उपयुक्त निर्णय गर्न आवश्यक देखिएको ।

**राय परामर्श :**

“प्रस्तुत बिषयमा एउटै सूचनाबाट दुई (२) फरक प्याकेजमा बोलपत्र आव्हान गर्न सकिने नसकिने उपयुक्त तथ्य, आधार, प्रमाण भए नभएको हेरी र पर्याप्त प्रतिष्पर्धा हुने सुनिश्चित

गरी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कानुनसम्मत निर्णय गर्न सम्बन्धित सार्वजनिक निकायलाई निर्देशन दिने ।"

मितिः २०७५।११।१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

यातायात व्यवस्था विभागबाट मिति २०७५।०८।११ मा प्रकाशित ई बिल, सवारी दर्ता प्रमाण तथा प्रदुषण ईष्टिकर छपाई सम्बन्धी बोलपत्र नं. DoTM/G/NCB/2075/76/01 का सम्बन्धमा सीमित बोलपत्रदातालाई मात्र मिल्ने गरी बोलपत्रका क्राईटेरिया बनाएको र बोलपत्रमा प्रतिष्पर्धालाई खुम्च्याउने गरी शर्तहरु राखिएको भनी PAPER PRINT Pvt. Ltd. बाट यस कार्यालयमा निवेदन दर्ता भएको र सो सम्बन्धमा यस कार्यालयबाट मिति २०७५।१०।२४ को निर्णय बमोजिम "प्रस्तुत बिषयमा एउटै सूचनाबाट दुई (२) फरक प्याकेजमा बोलपत्र आव्हान गर्न सकिने नसकिने उपयुक्त तथ्य, आधार, प्रमाण भए नभएको हेरी र पर्याप्त प्रतिष्पर्धा हुने सुनिश्चित गरी प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम कानुनसम्मत निर्णय गर्न सम्बन्धित सार्वजनिक निकायलाई निर्देशन दिने भनी पत्राचार गरिएकोमा उक्त विभागबाट मिति २०७५।११।१३ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित भएको । सो सम्बन्धमा उजुरीकर्ताले पुनः यस कार्यालयमा निवेदन दर्ता गराएको ।

**राय परामर्श :**

प्रस्तुत बिषयमा उक्त कार्यालयबाट २०७५।१०।२२ मा प्राप्त पत्रको अध्ययन गर्दा छुट्टाछुट्टै बोलपत्र तयार गर्न समय लाग्ने र दोहोरो खर्च हुने भन्ने किसीमको जवाफ सन्तोषजनक नदेखिएकोले प्रर्याप्त प्रतिष्पर्धाको वातावरण सुनिश्चित हुने गरी बोलपत्रको प्रक्रिया सम्पादन भए नभएको समेत एकिन गरी उक्त बोलपत्रमाथि कानुनसम्मत निर्णय गर्न सम्बन्धित सार्वजनिक निकायको ध्यानाकर्षण गराउने ।

मिति : २०७५।११।१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

टोखा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मैजुहिटी, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

टोखा नगरपालिकाको कार्यालयको प.स ०७५/७६, च.नं ३१११, मिति २०७५।११।१४ को पत्रबाट PCC Work in Tokha-5 कार्यको लागि मिति २०७५।१०।०९ गते बोलपत्र आब्हान भएकोमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन २०७५।११।९ गते १२ बजे सम्म ५ ओटा बोलपत्र पेश भएकोमा यूनिक कन्ट्रक्सन, भक्तपुर, ठिमि-१ र आर.वि कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., गोकर्णेश्वर, काठमाडौले मिति २०७५।११।०९ गते क्रमश ११:४५ तथा ११:४६ बजे आफूले अघिल्लो दिन दाखिला गरेको बोलपत्र फिर्ता पाउँ भनि निवेदन दर्ता गराएकोमा सो बमोजिम मुचुल्का खडा गरी बाँकी रहेका ३ ओटा बोलपत्रदाताहरुको बोलपत्र खोलिएको अवस्था छ । निर्धारित समय पछि फिर्ता माग गरिएको वोलपत्रहरु नखोलि बोलपत्रदाताहरुको बोलपत्र जमानत जफत गर्नु पर्ने ब्यवस्था सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ मा भएकोले संलग्न विडबण्ड जफत गर्ने प्रयोजनकन लागि दुई थान बोलपत्र खोल्ने विधि प्रक्रिया सम्वन्धमा द्धिविधा पर्न गएकोले राय माग गर्ने भनि लेखी अएको ।

**राय परामर्श :**

“राय माग भएको बिषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा १९ मा आफूले पेश गरेको बोलपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा बोलपत्र पेश गर्न तोकएको अन्तिम समय समाप्त हुनुभन्दा चौविस घण्टा अगावै सिलबन्दी निवेदन दिनु पर्ने तथा दफा २१ को १ (क) उल्लेखीत अवधिपछि बोलपत्रदाताले बोलपत्र संशोधन वा फिर्ता माग गरेमा बोलपत्र जमानत जफत गर्ने कानुनी ब्यवस्था रहेकोले बोलपत्र जमानत जफत गर्ने प्रयोजनको लागि बोलपत्र खोलि जमानत जफत गर्न सक्ने तर त्यसरी खोलिएका बोलपत्र मूल्यांकनमा समावेश नगर्ने ।”

मिति : २०७५।११।१५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

महिला, बालवालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

महिला, बालवालिका तथा ज्येष्ठ नागरीक मन्त्रालय, सिंहदरबार, काठमाडौको प.स. ०७५/७६ (प्र), च.नं. १६६२, मिति २०७५।११।१४ को पत्रबाट लेखी आए अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७५।१०।२२ को पत्र मार्फत समाज कल्याण परिषद्ले भृकुटीमण्डप स्थित पनपार्क मेला क्षेत्र रहेको ६० रोपनी जग्गा भाडामा लगाउदा प्रचलित मापदण्ड र प्रक्रिया विपरित अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा तत्कालिन अध्यक्ष बद्री प्रसाद न्यौपाने लगायत १४ जना बिरुद्ध बिशेष अदालत काठमाडौमा आरोपपत्र दायर

भएको जानकारी प्राप्त भएको छ । सोही सन्दर्भमा समाज कल्याण परिषदको मिति २०७५।११।१२, च.नं.४८३० के पत्र मार्फत यस कार्यालयका मन्त्री तथा परिषदका अध्यक्ष माननीय थममाया थापाज्यूको अध्यक्षतामा बसेको परिषद्को मिति २०७५।११।६ को बैठकले सार्वजनिक खरिद अनुगमन कर्यालयसंग परामर्श गरी भृकुटीमण्डप स्थित फनपार्क मेला क्षेत्र रहेको भाडामा लगाएको जग्गाको करार भंग सम्बन्धि कार्य अगाडि बढाउने निर्णय भइ यस मन्त्रालय मार्फत राय मग गर्न अनुरोध भइ आएको छ । उक्त बिषयमा यस मन्त्रालयबाट राय तथा सुझावका लागि तहाँ कार्यालयमा पठाउने भनि मिति २०७५।११।१४ को (सचिवस्तरीय) निर्णय भएकोले सोही बमोजिम राय तथ सुझावका लागि अनुरोध भनि लेखी आएको ।

**राय परामर्श :**

“कानुन बमोजिम करार सम्झौता गर्न सक्षम पक्षहरुले कानुन बमोजिम नै करार सम्झौता समेत भंग गर्न सक्ने हुँदा यस कार्यालयबाट थप राय दिई रहनु नपर्ने ।”

मिति : २०७५।११।१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पाखीबास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाखीबास, धनकुटा ।

**राय परामर्श माग गरिएको बिषय :**

पाखीवास नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पाखीवास, धनकुटाको प.स.०७५/७६, च.नं.९५४, मिति २०७५।११।१७ को पत्रबाट लेखी आए अनुसार उक्त कार्यालयबाट मिति २०७५।१०।१० मा राष्ट्रिय आर्थिक दैनिक पत्रिकामा यस नगरपालिकाको वडा नं. ९ र १० स्थित धर्मशाला-मान्सिचौतारा-गम्भिरे-राइघाट-भोजपुर ग्रामीण सडक निर्माण तथा मर्मत गर्ने कार्यको लागि इजिपी माध्यमबाट बोलपत्रको प्रक्रिया प्रारम्भ गरिएको । मिति २०७५।११।१० गते कार्यालय समय सम्म Bid Document प्राप्त गर्न सकिने गरी सूचनाको बुदा नं. १ मा उल्लेख भएको । मिति २०७५।११।१२ गते तोकिएको समय भित्र पर्न आएका बोलपत्र खोली पूर्णताको परीक्षण गर्दा बौद्ध निर्माण सेवा,इलाम-२ ले मिति २०७५।११।१२ गते मात्र रु. ३,०००।- NIC Asia Bank को हिले शाखामा दाखिला गरेको भौचरको प्रतिलिपी समावेश गरेको, उक्त दिन (मिति २०७५।११।१२ गते) १२.०० बजे सम्म बोलपत्र दर्ता गर्ने अन्तिम दिन भएको । पर्न आएको बोलपत्रहरुको पूर्णता परीक्षण गर्दा बोलपत्र खरिद गर्ने अन्तिम दिन (मिति २०७५।११।१०) भित्र कार्यालयको नाममा रकम जम्मा गरेको भौचर जम्मा हुनु पर्ने वा बोलपत्र दर्ता गर्ने अन्तिम दिन (मिति २०७५।११।१२) मा नै कार्यालयको नाममा रकम जम्मा गरेको

भौचर संलग्न गर्दा पनि हुने हो, सो बारेमा निर्णय गर्न द्विविधा उत्पन्न भएको हुनाले राय प्रदान गरीदिनु हुन भनि लेखी आएको ।

**राय परामर्श :**

"इजिपीबाट  बोलपत्र पेश गरेको हकमा बोलपत्र दर्ता गर्ने अन्तिम दिनको बोलपत्र पेश गर्ने समयावधि भित्र कार्यालयको नाममा रकम जम्मा गरेको भौचर संलग्न भएमा बोलपत्र मूल्यांकनमा समावेश गर्न बाधा नपर्ने ।"

मिति : २०७५।११।१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जिल्ला प्रशासन कार्यालय, काभ्रेपचाञ्चोक ।

**राय परामर्श माग गरिएको बिषय :**

जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको प.स. ०७५/७६, च.नं.२१२३, मिति २०७५।११।१४ को पत्र बाट लेखी आए अनुसार उक्त कार्यालयको कार्यालय भवनको लागत इस्टमेट गराई आ.व. ०६८/६९ मा बोलपत्र प्रकाशन गरी मिति २०६९।०१।१२ गते भवन निर्माण कार्यको बोलपत्र सम्झौता गरी कार्य शुरु गरी मिति २०७२।४।२४ सम्म जम्मा करिब ३८ प्रतिशत कार्य गरी निर्माण व्यवसायी सम्पर्क विहिन भएको हुँदा मिति २०७५।५।१० मा निजसँग नियम प्रक्रिया पुऱ्याई ठेक्का सम्झौता भङ्ग गरी यस आ.व. मा पुनः लागत इस्टमेट तयार गराई मिति २०७५।९।१८ गते बोलपत्र प्रकाशन गरी बोलपत्रको प्राविधिक प्रस्तावमा सारभूत रुपमा प्रभावग्राही बोलपत्र दर्ताको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने क्रममा बोलपत्र मूल्याङ्कन समितिलाई PS Item जोडी मूल्याङ्कन गर्नु पर्नेमा Online Software ले PS Item नजोडी मुचुल्का र Bid Summary Sheet मा जम्मा Bid Price आएकोले मूल्याङ्कन कार्य सम्पन्न गरी सिफारिस गर्न द्विविधा उत्पन्न भएको ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६(१) (ख) मा सार्वजनिक निकायले न्यूनतम मूल्याङ्कन सारभूतरुपमा प्रभावग्राही बोलपत्रको कबोल अङ्क लागत अनुमान भन्दा सारभूत रुपमा बढी भएमा बोलपत्र अस्वीकृत गर्न वा खरिद कार्वाही रद्द गर्न सक्ने व्यवस्था रहेको कारण बोलपत्र मूल्याङ्कन समितिलाई सिफारिस गर्न द्विविधा परेको ।

हाल e-Bidding मार्फत् बोलपत्र आह्वान गरिएकोमा एक मात्र बोलपत्रदाता श्री Ghising/Joshi g /U & S-jv, Dhulikhel-4 को बोलपत्र पेश हुन आएको । बोलपत्रदाता श्री Ghising/Joshi g/U & S-jv, Dhulikhel-4 को बोलपत्रको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्रही देखी आर्थिक प्रस्ताव खोल्दा Online Software ले Ps Item जोड जम्मा नगरी कुल

जम्मा रु. ३,५१,४५,८४८।१२ (मू.अ.क. समेत) मुचुल्कामा उल्लेख भएको तर मूल्याङ्कनको क्रममा तुलनात्मक तालिका तयार गर्दा लागत इस्टमेट भन्दा रु. ६७,६१७।८६ बढी देखिन आएकोले Online को Software मा जोड्न छुट भएको तर बोलपत्र प्रकाशन गर्दा Online System मा लागत इस्टमेट entry भएको सन्दर्भमा मूल्याङ्कन समितिबाट गरिएको जोड जम्मा गरी मूल्याङ्कन समितिले कार्य गर्न मिल्ने/नमिल्ने र जोड जम्मा गर्दा लागत इस्टमेट भन्दा कबोल अङ्क बढी भएकोले बोलपत्र स्वीकृत/अस्वीकृत गर्ने बारेमा राय सुझाव उपलब्ध गराईदिनु हुन भनि लेखी आएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ को उपदफा (१) को खण्ड (ख) मा उल्लेख भए बमोजिम लागत अनुमान भन्दा सारभूत रुपमा बढी भए नभएको सम्बन्धित सार्वजनिक निकायको प्रमुखबाट एकिन भई निर्णय हुनुपर्ने।"

मिति : २०७५।११।२१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाण्डौ।

**राय परामर्श माग गरिएको बिषय :**

काठमाण्डौ उपत्यकाबाट निष्कासन हुने फोहोरमैला व्यवस्थापनको लागि नुवाकोट र धादिङ जिल्लाको सिमानामा पर्ने वन्चरेडाँडामा आवश्यक पुर्वाधार सहितको Sanitary Land Fill Site निर्माण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०८।१७ को निर्णयानुसार "छोटो खरिद प्रक्रिया अवलम्वन गरी यथाशिघ्र निर्माण कार्य अघि बढाउने" निर्णय भएको र सो सम्वन्धमा शहरी विकास मन्त्रालय (सचिव स्तरिय) को मिति २०७५।११।१७ को निर्णयानुसार १५ दिनको समय दिई बोलपत्र प्रक्रिया अपनाउने निर्णय भएकोले उक्त बोलपत्र आव्हानको समयावधी १५ दिन कायम गर्ने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्र सूचना प्रकाशन गर्दा राष्ट्रिय स्तरको बोलपत्र प्रस्ताव आव्हानको सूचना कम्तीमा ३० दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्र आव्हानको सूचना कम्तीमा ४५ दिनको अवधी दिनु पर्ने कानुनी व्यवस्था उल्लेख भएको र उक्त कानुनी प्रावधान बमोजिम यस कार्यालयको विद्युतीय खरिद प्रणालीमा समेत सोही व्यवस्था कार्यान्वयनमा रहेको जानकारी गराउने।"

मिति : २०७५।११।२८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल, काठमाण्डौ ।

**राय परामर्श माग गरिएको बिषय :**

शहरी विकास तथा भवन निर्माण विभागको च.नं. १६३, मिति २०७५।११।१७ को पत्रबाट काठमाण्डौ उपत्यकाबाट निस्कासन हुने फोहोर ब्यवस्थापनको लागि नुवाकोट र धादिङ जिल्लाको सिमानामा पर्ने बन्चरेडाँडामा आवश्यक पूर्वाधार सहितको Sanitary Landfill Site निर्माण गर्न नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०८।१७ को निर्णयानुसार छिटो खरिद प्रकृया अवलम्वन गरि यथाशिघ्र निर्माण कार्य अघि बढाउने निर्णय भएको भएतापनि सो सम्वन्धमा शहरी विकास मन्त्रालयको मिति २०७५।११।१७ को सचिवस्तरको निर्णयानुसार १५ दिनको समय दिई बोलपत्र प्रकृया अपनाउने निर्णय भएकोले उक्त बोलपत्र आव्हानको समयावधी १५ दिन कायम गर्ने ब्यवस्थाको लागि निर्णयानुसार अनुरोध छ भनी शहरी विकास मन्त्रालयको च.नं. १६३, मिति २०७५।११।१७ को पत्रबाट नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय र श्री शहरी विकास मन्त्रालय (सचिव स्तर) को निर्णयको प्रतिलिपिहरु संलग्न राखी लेखि आएको ।

शहरी विकास मन्त्रालयको मिति २०७५।०८।१२ गतेको प्रस्तावको आधारमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०८।१७ को निर्णयको (ख) बुँदामा "शहरी विकास मन्त्रालयले फोहोरमैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्रले सन् २०१५ मा तयार गरेको डिजाईन तथा लागत अनुमान परिमार्जन गरि छिटो खरिद प्रकृया अवलम्वन गरी यथाशिघ्र निर्माण कार्य अगाडी बढाउन, सो सम्वन्धी आवश्यक जनशक्ति व्यवस्थापन र सम्वन्धित निकायसंग संयोजनकारी भूमिका समेत निभाउने" भन्ने ब्यवस्थाका आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ अनुसार १५ दिनको अवधि दिई छोटो प्रकृयाको बोलपत्र प्रकृयामा जान र त्यसको जानकारी शहरी विकास मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयमा दिन शहरी विकास मन्त्रालय (सचिव स्तरीय) को मिति २०७५।११।१७ निर्णय भएको देखिन्छ । तर उक्त निर्णयमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ परिभाषा खण्डको (ढ) मा उल्लेख भएको सुख्खा अनावृष्टि, अतिवृष्टि, भुकम्प, बाढीपहिरो, आगलागी जस्ता प्राकृतिक वा दैवी प्रकोप तथा महामारी वा आकस्मिक वा अप्रत्याशित विषेश कारणबाट वा युद्ध वा आन्तरिक द्वन्द्ध जस्ता विशेष परिस्थिती नभएको तथा मन्त्रिपरिषद्बाट छिटो प्रकृया अगाडी बढाउन निर्देशन भएको ३ महिना पुगिसकेको तथा

छिटो प्रकृया अपनाउने भनिएकोमा के कति कारणले सम्वन्धित निकायले ३ महिना सम्म सूचनाको प्रकृयामा नगएको हो सो को कारण, आधार र तथ्य नखुलाईएको परिवेशलाई अध्ययन गरि यस कार्यालयलाई अनुरोध गरेको पत्रको जवाफको सन्दर्भमा "सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्र सूचना प्रकाशन गर्दा राष्ट्रिय स्तरको बोलपत्र प्रस्ताव आव्हानको सूचना कम्तिमा ३० दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्र प्रस्ताव आव्हानको सूचना कम्तिमा ४५ दिनको अवधी दिनु पर्ने कानूनी व्यवस्था उल्लेख भएको र उक्त कानूनी प्रावधान बमोजिम यस कार्यालयको विद्युतीय खरिद प्रणालीमा समेत सोही व्यवस्था कार्यान्वयनमा रहेको ब्यहोरा जानकारी गराउने" भनी यस कार्यालयको मिति २०७५।११।२१ को राय परामर्श समितिको बैठकबाट निर्णय भएबमोजिम यस कार्यालयको प.सं. ०७५/७६, च.नं. ८६०, मिति २०७५।११।२१ को पत्रबाट सम्वन्धित निकायलाई जानकारी गराई सकिएको ।

यसै सम्वन्धमा शहरी विकास तथा भवन निर्माण विभाग, खरिद अनुगमन मूल्याङ्कन तथा अभिलेख शाखाको प.सं. २०७५/७६, च.नं. २४५, मिति २०७५।११।२२ को विना हस्ताक्षर सहितको पत्रबाट यस कार्यालयको मिति २०७५।११।२१ को पत्रमा उल्लेख गरेको सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्र प्रकाशन गर्न राय प्रतिकृया प्राप्त भएको । यसैगरी शहरी विकास तथा भवन निर्माण विभाग, ववरमहल, काठमाण्डौको प.सं. २०७५/७६, च.नं. १४५, मिति २०७५।११।२३ को यस कार्यालयमा प्राप्त पत्रबाट यस कार्यालयको Website : bolpatra.gov.np मा ३० दिनको समय दिई document Upload भएको देखिएको तथा सार्वजनिक पत्रिकामा सूचना प्रकाशन गर्दा १५ दिनको समय दिई सूचना प्रकाशन भएको अवस्थामा तहाँ कार्यालयको प.सं. ०७५/७६, च.नं. ८६०, मिति २०७५।११।२२ को पत्रबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्र प्रकाशन गर्न राय प्रतिकृया प्राप्त भएकोमा "सा.ख. ऐन दफा ६६ र नियमावलीको नियम १४५ अनुसार अवलम्वन गरेकोले सो को कानूनी परिपालना हुने गरी मन्त्रीपरिषद्को निर्णयबाट विशेष परिस्थितिकै कारण छोटो प्रकृया अवलम्वन गर्ने निर्णय समेत भएकोले र सार्वजनिक सूचना समेत प्रकाशनमा रहेकाले राय प्रतिकृयामा कानूनत पूनर्विचार गरी १५ दिने सूचना सच्चाई जानकारी समेत प्राप्त गर्न अनुरोध गर्ने" भन्ने निर्णयानुसार २०७५।११।२२ मा अनुरोध गरिएकोमा पुन सो सम्वन्धमा पुनर्विचार गरी यथाशिघ्र जानकारी पाउन निर्देशानुसार अनुरोध छ भनी २०७५।११।२२ कै चलानी नं उल्लेख गर्दै पुनः यस कार्यालयमा पत्र प्राप्त हुन आएको ।

यसै वीचमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौमा मिति २०७५।११।२८ गते दिउसो २:३० बजे श्रीमान् मूख्य सचिवज्यूको कार्यकक्षमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, शहरी विकास मन्त्रालयका सचिव, सार्वजनिक खरिद

अनुगमन कार्यालयका सचिवलाई यस बिषयमा छलफलमा बोलाई शहरी विकास मन्त्रालय र शहरी विकास तथा भवन निर्माण विभागवाट माग भए बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयले बोलपत्रको सूचना राखिदिन निर्देशन प्राप्त भएको । यस पछि शहरी विकास मन्त्रालयका सचिवले यस कार्यालयका सचिवलाई सम्बोधन गरि लेखेको प.सं. २०७५/७६, च.नं. स/७४ मिति २०७५।११।२८ को आवश्यक व्यवस्था मिलाउने सम्वन्धमा बिषयको पत्रबाट Sanitary Landfill site निर्माण कार्य तत्काल शुरु नगरिए सामुदायिक स्वास्थ्यमा गम्भिर असर पर्ने देखिदा ३० दिनको सट्टा १५ दिनको अवधी कायम गरि बोलपत्र प्रकाशन गरिएको, यस प्रकारको खरिदको सम्पूर्ण जिम्मेवारी सम्वन्धित सार्वजनिक निकाय (शहरी विकास तथा भवन निर्माण विभाग) को रहने भएकोले तद्अनुरुप खरिद प्रक्रिया अगाडी बढाउन विद्युतीय खरिद प्रणालीबाट बोलपत्र पेश गर्न सकिने व्यवस्थाका लागि अनुरोध छ भनी शहरी विकास मन्त्रालयबाट पुनः लेखि आएको हुँदा यसरी माथि उल्लेखित परिवेश र पटक पटकका पत्रका आधारमा देहाय बमोजिम निर्णय हुने ।

**राय परामर्श :**

(१) शहरी विकास मन्त्रालय र शहरी विकास तथा भवन निर्माण विभागको उल्लेखित बिषयमा सम्वन्धमा शहरी विकास मन्त्रालयका सचिववाट Sanitary Landfill Site निर्माण कार्य तत्काल शुरु नगरिए सामुदायिक स्वास्थ्यमा गम्भिर असर पर्ने देखिएको र त्यस्तो गम्भिर संकट समाधानका लागि खरिद कार्यको सम्पूर्ण जिम्मेवारी सम्वन्धित सार्वजनिक निकाय (शहरी विकास तथा भवन निर्माण विभाग) को रहने भएकोले विद्युतीय खरिद प्रणालीबाट बोलपत्र पेश गर्ने ब्यवस्थाका लागी अनुरोध भई आएको सन्दर्भमा सार्वजनिक खरिद कार्य गर्दा गराउँदा कानून बमोजिमको सूचना प्रकाशन गरी बोलपत्र आव्हान गर्ने अवधि, प्रकृया लगायतको निर्णय गर्ने सम्पुर्ण जिम्मेवारी र कार्यक्षेत्र सम्बन्धित सार्वजनिक निकाय (शहरी विकास मन्त्रालय र शहरी विकास तथा भवन निर्माण विभाग) को हुने हुँदा शहरी विकास मन्त्रालय र शहरी विकास तथा भवन निर्माण विभागवाट प्राप्त पत्रहरुमा उल्लेखित व्यहोराका आधारमा शहरी विकास तथा भवन निर्माण विभाग, बबरमहल, काठमाण्डौबाट कायम गरेको १५ दिन अवधिको बोलपत्रलाई यस कार्यालयको विद्युतीय खरिद प्रणालीमा राख्न आवश्यक प्राविधिक व्यवस्था गर्ने ।

(२) उल्लेखित बिषयमा सम्वन्धमा शहरी विकास तथा भवन निर्माण विभागको मिति २०७५।११।१७ को प.सं. १६३ को १५ दिने सूचना राखिदिने भन्ने सम्वन्धमा यस कार्यालयको मिति २०७५।११।२१ को निर्णयानुसार सार्वजनिक खरिद ऐनको दफा १४

उपदफा ४ बमोजिम "सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसार बोलपत्र सूचना प्रकाशन गर्दा राष्ट्रिय स्तरको बोलपत्र प्रस्ताव आव्हानको सूचना कम्तिमा ३० दिन र अन्तर्राष्ट्रिय स्तरको बोलपत्र प्रस्ताव आव्हानको सूचना कम्तिमा ४५ दिनको अवधी दिनु पर्ने कानूनी व्यवस्था उल्लेख भएको र उक्त कानूनी प्रावधान बमोजिम यस कार्यालयको विद्युतीय खरिद प्रणालीमा समेत सोही व्यवस्था कार्यान्वयनमा रहेको व्यहोरा जानकारी गराउने" भनि श्री शहरी विकास तथा भवन निर्माण विभागलाई पत्र मार्फत् सो कानूनी प्रावधानको कार्यान्वयनको लागि लेखि पठाइएकोमा पुनः शहरी विकास तथा भवन निर्माण विभागवाट पटक पटक (मिति २०७५।११।२२, २०७५।११।२३) मा र शहरी विकास मन्त्रालयबाट च.नं. स/७४, मिति २०७५।११।२८ मा समेत १५ दिनको समय दिई बोलपत्र आव्हान गर्ने निर्णय भई सूचना प्रकाशन गरिसकेको भनि लेखि आएको देखिंदा सार्वजनिक खरिद ऐनको दफा १४ को उपदफा ४ बमोजिमको उपरोक्त कानूनी प्रावधानको परिपालना गर्न गराउन राष्ट्रिय स्तरको बोलपत्र भए अर्को १५ दिन थप गरी ३० दिनको म्याद पुऱ्याई सूचना प्रकाशन गरी प्रतिस्पर्धालाई सुनिश्चित गर्न गराउन श्री शहरी विकास मन्त्रालय र शहरी विकास तथा भवन निर्माण विभागलाई पुनः जानकारी तथा ध्यानाकर्षण गराउने ।

मिति : २०७५।११।२२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।

**राय परामर्श माग गरिएको बिषय :**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौको प.सं. ०७५/७६, च.नं. प्र./३११/६०९७, मिति २०७५।११।२२ को पत्र अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको Action Room निर्माण गर्ने लगायतको खरिद प्रक्रिया अगाडी बढाउने कार्यको लागि प्राप्त बोलपत्रहरु मध्ये एउटै उत्पादक कम्पनीबाट दुईवटा बोलपत्रदाताहरुलाई Manufacture's Authorization Letter उपलब्ध गराएको देखिन्छ । दुबै बोलपत्रदाताको Manufacture's Authorization Letter को आधिकारिकता पुष्टि भएको सन्दर्भमा प्राप्त बोलपत्रहरु मध्ये एउटै उत्पादक कम्पनीबाट Manufacture's Authorization Letter उपलब्ध गराएका बोलपत्रहरु मध्येको एउटा बोलपत्र न्यूनतम सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३५ को उपनियम (३) को व्यवस्था समेतलाई दृष्टिगत गरी उक्त बोलपत्र स्वीकृत गर्न मिल्ने वा नमिल्ने सम्वन्धमा तहाँ कार्यालयको राय

उपलब्ध गराईदिनु हुन यस कार्यालय (सचिव स्तर) को मिति २०७५।११।२१ को निर्णयानुसार अनुरोध छ भनी लेखी आएको ।

**राय परामर्श :**

“सार्वजनिक निकायले बोलपत्रसाथ Bidder ले उत्पादक कम्पनीबाट Manufacture's Authorization Letter लिने र पेश गर्ने सम्वन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५(३) मा व्यवस्था भएकोले सोही अनुसार सम्बन्धित निकायले नै एकिन गरी निर्णय गर्नु पर्ने ।”

मिति : २०७५।११।२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सिक्टा सिंचाई आयोजना, नेपालगञ्ज, बाँके ।

**राय परामर्श माग गरिएको बिषय :**

सिक्टा सिंचाई आयोजना, नेपालगञ्ज, बाँकेको प.सं. २०७५/७६ (U.O.), च.नं. ४४, मिति २०७५।११।२१ को पत्रबाट आयोजना अर्न्तगत शाखा तथा उपशाखा नहरहरुको निर्माण कार्यहरुको लागि गत आ.व. २०७४/०७५ मा ४ वटा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भैरहेको छ । उक्त ठेक्काहरुको BOQ मा नहरको विभिन्न चेनैजहरुमा आवश्यक पर्ने विभिन्न साईज (६० से.मी.,७५ से.मी., ९० से.मी.) का Humepipe हरुको Supplying and Laying आईटम छुट हुन गएको छ । छुट हुन गएको उक्त आईटमको निर्माण कार्यहरु नहरको अन्य संरचना (culvert, cross drainage works आदि) संगसंगै गर्नुपर्ने हुन्छ । सो आइटम हालको ठेक्काबाट गराउन निर्माण व्यवसायी संगको सहमतीमा नयाँ आईटम थप्नको लागि हालको सार्वजनिक खरिद ऐन तथा नियमावलीमा नयाँ आईटम थपको प्रावधान देखिदैन । ऐनको दफा ५३ मा खरिद सम्झौतामा संसोधनको प्रावधान गरेको । ऐनको दफा ५४ र नियमावलीको नियम ११८ मा भेरिएसनको व्यवस्था रहेको । तर नयाँ खरिद सम्झौतामा नयाँ आइटम थप्ने बिषयमा स्पस्ट संग नलेखेको हुँदा नयाँ आइटम थप्न हुने नहुने बारेमा द्धिविधा रहेको भएको भनी लेखी आएको ।

**राय परामर्श :**

“पत्रमा उल्लेखीत बिषय यस कार्यालयबाट जारी भएको Standard Bid Document, Procurement of Works,National Competitive Bidding (NCB) Single Stage Two Envelope Bidding Procedure (procurement of Value Nrs.20 million to Nrs.1

Billion) को GCC  को Clause 46.6 को अवस्था देखिएको र त्यसको सामाधान सोही Clause को 46.2 र 46.3 अनुसार गर्न सकिने" ।

मिति : २०७५।११।२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

जलस्रोत तथा सिंचाइ विभाग, जावलाखेल, ललितपुरको प.सं. सिं ०७५/७६ (PPMO), च.नं. १६९, मिति २०७५।११।२१ को पत्रबाट जलस्रोत तथा सिंचाइ विभाग अर्न्तगत वर्दिया जिल्लामा अवस्थित कर्णाली नदी व्यवस्थापन आयोजनाको राजापुर नगरपालिका-१, मुर्गहवामा आगामी बर्षात शुरु हुन अगावै कर्णाली नदीको Flood Embankment मर्मत कार्य सम्पन्न गराई सक्नु पर्ने भएकोले आयोजनाबाट प्रस्तावित तपसिलका समयावधि अनुसार हुने गरी e-portal मा खरिद कार्य व्यवस्था गरीदिनुहुन जलश्रोत तथा सिंचाइ विभागको मिति २०७५/११/२१ को विभागिय निर्णयअनुसार ठेक्का सूचना प्रकाशन बुझाउने अवधि १२ दिन र आशयको सूचनाको/आर्थिक प्रस्ताव खोल्ने समयावधि ३/३ दिन गर्दिनु हुन भनि अनुरोध भै आएको ।

**राय परामर्श :**

"उक्त बिषयमा सार्वजनिक खरिद ऐन, २०६३  को दफा १४ अनुसार बोलपत्र सूचना प्रकाशन गर्दा राष्ट्रिय स्तरको बोलपत्र प्रस्ताव आह्वानको सूचना कम्तीमा ३० दिन र  अन्तर्राष्ट्रिय स्तरको बोलपत्र प्रस्ताव आह्वानको सूचना कम्तीमा ४५ दिनको अवधि दिनु पर्ने कानुनी व्यवस्था उल्लेख भएको र उक्त कानुनी व्यवस्था बमोजिम यस कार्यालयको बिद्युतीय खरिद प्रणालीमा समेत सेही व्यवस्था कार्यान्वयनमा रहेको व्यहोरा जानकारी गराउँने ।"

मिति : २०७५।११।२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

संघीय आयोजना कार्यान्वयन इकाई, बीरेन्द्रनगर, सुर्खेत ।

**राय परामर्श माग गरिएको बिषय :**

संघीय आयोजना कार्यान्वयन इकाई, बीरेन्द्रनगर, सुर्खेतको प.स.०७५/७६, च.नं.६८९, मिति २०७५।११।१७ को पत्रबाट लेखी आए अनुसार शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय, रोल्पाबाट मिति २०७५।३।१२ गते प्रकाशित खरिद नं. DUDBC/Rolpa/

NCB/WORks /11-074/75, Construction of Ekikrit Karyalaya Building Musikot, RUkum Ewst को बोलपत्र प्रकाशित भइ यस संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतबाट मूल्यांकन भई मिति २०७५।११।७ गते आशय प्रकाशित भई यस संघीय आयोजना कार्यान्वयन इकाई, सुर्खेतबाट मूल्यांकन भइ मिति २०७५।११।७ गते आशयपत्र भएको सन्र्दभमा मिति २०७५।७।१२ गते श्री लोहनी एण्ड ब्रदर्श/एम.पि.कन्टक्सन जे.भी., नेपालगंजले मैले पेश गरेको Price Bid मा १७ प्रतिशत घटेको हुनाले उक्त ठेक्का मेरो नाममा स्वीकृत गरीपाउँ भनि निवेदन भएकोले Price Bid मा संसोधन गरेको हुने वा नहुने हो सो को लागि राय उपलब्ध गराइदिनु हुन भनि लेखी आएको ।

**राय परामर्श :**

“बोलपत्रदाताले Letter of Price Bid मा उल्लेख गरेको छुट सुविधा गणना गरी बोलपत्र मूल्यांकन प्रक्रिया अगाडि बढाउनु पर्ने ।”

मिति : २०७५।११।२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सस्पेन्सन बृज डिभिजन, श्रीमहल, पुल्चोक, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

स्थानीय पूर्वाधार विभाग, सस्पेन्सन बृज डिभिजन, श्रीमहल, पुल्चोक, ललितपुरको च.नं. ९७५ मिति २०७५।११।१७ को पत्र अनुसार त्यस डिभिजनको चालु आ.व. २०७५/७६ को लागि निर्माण गर्नुपर्ने झोलुङ्गे पुलहरुको निर्माण खरिदको लागि मिति २०७५।८।२७ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेब पोर्टल www.bolpatra.gov.np/egp मार्फत् सूचना नं. NCB-01-10/075/76 अन्तर्गतका प्याकेजहरु NCB-01/075/76, NCB-02/075/76, NCB-03/075/76 र CTP-05/075/76 को लागि पर्न आएका बोलपत्रहरुको मूल्याङ्कन पश्चात सारभूत रुपमा प्रभावग्राही न्यूनतम मूल्याङ्कित बोलपत्रदाता Eliter S.B.A. - Rabina JV को बोलपत्र स्वीकृत गरी उक्त प्याकेजहरुको खरिद सम्झौताका लागि बोलपत्रदातालाई मिति २०७५।११।७ गते पत्राचार गरे पश्चात बोलपत्रदाताले कार्यसम्पादन जमानत सहित उक्त चारवटै प्याकेजको खरिद सम्झौताको लागि यस डिभिजनमा मिति २०७५।११।१३ गते निवेदन पेश गरेकोमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.ppmo.gov.np मा सो बोलपत्रदाताको जे.भी. पार्टनर मध्ये S.B.A. Nirman Sewa लाई मिति २०७५।११।११ देखि कालोसूचीमा समावेश गरिएको जानकारी प्राप्त भएको हुँदा खरिद सम्झौता गर्ने/नगर्ने सम्बन्धमा द्विविधा उत्पन्न भएको । सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन २०७३ समेत) को

नियम ६३ (२)मा "उपदफा (१) बमोजिम कालो सूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सोही अवधिसम्म सार्वजनिक निकायको खरिद कारवाहीमा भाग लिन सक्ने छैन" भनी उल्लेख भएकोले बोलपत्र स्वीकृत भैसकेपछि खरिद सम्झौताका लागि पत्राचार भैसकेको अवस्थामा सम्झौता हुन मात्र बाँकी रहेको अवस्थामा सो दफा आकर्षित हुने/नहुने द्विविधा भएको ।

सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन २०७३ समेत) को नियम ६३ (२)मा "उपदफा (१) बमोजिम कालो सूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सोही अवधिसम्म सार्वजनिक निकायको खरिद कारवाहीमा भाग लिन सक्ने छैन" भनी उल्लेख भएकोमा "खरिद कारबाही" भन्नाले कुन चरणसम्मको अवस्थालाई जनाउन खोजिएको हो, स्पष्ट नभएको,

सोही ऐनको दफा ६३(४) मा "उपदफा (२) वा (३) बमोजिम सार्वजनिक खरिद कारबाहीमा भाग लिन नसक्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सार्वजनिक निकायले गर्ने खरिदमा भाग लिएको पाईएमा निजको बोलपत्र वा प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।" भनी उल्लेख भएको हुँदा बोलपत्र मूल्याङ्कनको चरणमा रहँदा कालोसूचीमा नरहेको उक्त बोलपत्रदाताको बोलपत्र स्वीकृत भई सम्झौताको लागि पत्राचार भएपश्चात् सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवभसाइट www.ppmo.gov.np मा कालोसूचीमा समावेश भएको पाइएकोले कालोसूचीमा राखिए पश्चात् सो खरिद प्रक्रिया कुनै असर पर्ने वा नपर्ने खरिद प्रक्रियामा समावेश गर्न मिल्ने नमिल्ने स्पष्ट नभएको,

उक्त प्याकेजहरुको बिड डकुमेण्टको ITB 3.4 मा "A bidder declared blacklisted and ineligible by the GoN, Public Procurement Monitoring Office (PPMO) and/or the DP in case of DP funded project, may be ineligible to bid for a contract during the period of time determined by the GoN, PPMO and/or the DP" उल्लेख भएकोले कालोसूचीमा रहेको बोलपत्रदाताले बोलपत्र पेश गर्न मात्र नपाउने हो वा बोलपत्र स्वीकृत भैसकेपछि कालोसूचीमा परेको कारणबाट सो ठेक्काको खरिद सम्झौता गर्नबाट बञ्चित हुने, स्पष्ट नभएको भनि राय माग भइ आएको ।

**राय परामर्श :**

"यस कार्यालयको मिति २०७५।११।११ को निर्णयबाट एस.बी.ए./प्रगति जे.भी.कपन, काठमाडौलाई कुनै पनि सार्वजनिक निकायको खरिद कारवाहीमा भाग लिन नपाउने गरी

सार्वजनिक खरिद ऐन, २०६३ दफा ६३(१) बमोजिमको सन् २०१९।०२।२३-२०२१।०२।२२ सम्मका लागि कालोसूचीमा राखिएको हुँदा निजले खरिद कारवाहीमा भाग लिन नपाउने ।"

मिति २०७५।११।२७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडा, रौतहट ।

**राय परामर्श माग गरिएको बिषय :**

गरुडा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, गरुडा, रौतहटको च.नं. ४५(लेखा) मिति २०७५।११।१३ को पत्रबाट लेखी आए अनुसार उक्त नगरपालिकाबाट मिति २०७५।८।२० गते प्रकाशित सूचना (गरुडा बजारमा फुटपाथ निर्माण कार्य) बमोजिम इजिपि र हार्डकपी मार्फत बोलपत्र आह्वान भई आएका बिभिन्न फर्महरुको मूल्यांकन समितिले हालसम्म मूल्याङ्कन समितिले मूल्याङ्कन गरी आशयको सुचना प्रकाशित भएको ।

Hard Copy को BOQ मा दरभाउपत्रमा १३% भ्याट सहित उल्लेख गरी ठेक्का रकम जम्मा रु. २,१७,६२,२०१।०५ मा ४०% घटिमा काम गर्न मन्जुर भएको दरभाउमा संशोधन पत्र सहित पेश गरेको र मुल्यांकन समितिले मूल्याङ्कन गर्दा हुन आएको ४०% छुट सहित रु. १,३०,५७,३२०।९० (१३% भ्याट सहित) र दोस्रो नम्बरमा e-GP वालाको रु.१,४३,०५,८९०।३८, (१३% भ्याट सहित) कबुल गरेकोले दोस्रो प्रतिस्पर्धिले दाबि गरेको हुदाँ के गर्ने भन्ने विषयमा दुविधा भएको । दुई करोड भन्दा माथिको बोलपत्रलाई निर्देशिकामा e-GP बाट गर्नु पर्ने व्यवस्था भएको र सार्वजनिक खरिद ऐन र नियमावलीमा सो उल्लेख नभएकोले यस कार्यालयबाट e-GP र Hard Copy दुबैको प्रयोग गर्ने गरी सुचना प्रकाशित भएकोमा Hard Copy को BOQ उल्लेखीत दररेटमा ४०% छुट गरी १३% भ्याट समेत समावेश गरी मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुदाँ सबै भन्दा घटी पहिलो हुन आएको रु.१,३०,५७,३२०।९० (१३% भ्याट सहित) भएको तथा e-GP बाट पेश भएका BOQ मा दोस्रो प्रतिस्पर्धिको मूल्याङ्कनबाट रु.१,४३,०५,८९०।३८, (१३% भ्याट सहित) भएको निर्माण व्यवसायीले आफ्नो ठेक्का स्वीकृत हुनु पर्ने दाबी गरेको हुदाँ के गर्ने भन्ने बिषयमा दुविधा भएकोले स्पष्टताका लागि राय परामर्श माग गरिएको भनि लेखी आएको ।

**राय परामर्श :**

"राय माग भएको बिषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र यस कार्यालयबाट जारी भएको विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०७४ बमोजिम खरिद कारवाही गर्नु हुन ।"

मितिः २०७५।११।२८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं ३ हेटौडा, मकवानपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

भौतिक पुर्वाधार विकास मन्त्रालय, प्रदेश नं ३ हेटौडा, मकवानपुरको प.सं. ०७५/७६ च.नं ६५८, मिति २०७५।११।०३ को पत्र अनुसार उक्त मन्त्रालय र Pyramid Design Associate Pvt.Ltd. बीच मिति २०७५।०९।२० मा Preparation of Detailed Engineering Survey, Design and Reports Preparation of Sipadole Wastewater Management Project को लागि सम्झौता भएकोमा नेपाल ईन्जिनियरिङ्ग परिषदको मिति २०७५।१०।०६ निर्णयअनुसार Pyramid Design Associate Pvt.Ltd. का M D ई. सत्य सुन्दर श्रेष्ठ नाम दर्ताको प्रमाणपत्र रद्द गरिएको भनी मिति २०७५।१०।१४ को गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित भएकोले उक्त कार्य प्रक्रिया अगाडी बढाउने वा नबढाउने बिषयमा सुझाव माग भई आएको ।

**राय परामर्श :**

“नेपाल इन्जिनियरिङ्ग परिषद नियमावली, २०५७ को नियम १८ को खण्ड (क) र (ङ) मा उल्लेखीत व्यवसायिक आचारसंहिता विपरित कार्य गराएको भनि परिषदको २०७५।१०।६ को निर्णय अनुसार नेपाल इन्जिनियरिङ्ग परिषद ऐन, २०५५ को दफा १८(१) खण्ड (ग) बमोजिम निजको नाम र दर्ता नम्बर परिषदको दर्ता कितबाबाट हटाई ऐनको दफा १९ बमोजिम निजलाई दिइएको नाम दर्ताको प्रमाण्पत्र रद्द गरिएको देखिदा सम्झौता गर्न र निज ई.सत्यसुन्दर श्रेष्ठले काम गर्न नपाउने देखिदा प्रचलित कानुन बमोजिम खरिद तथा सम्झौता गर्नु पर्ने ।”

मिति : २०७५।१२।१०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

मण्डन देउपुर नगरपालिका, काभ्रेपलाञ्चोक ।

**राय परामर्श माग गरिएको बिषय :**

मण्डन देउपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोकको प.सं. २०७५/७६, च.नं. ९६०, मिति २०७५।१२।०७ को पत्रबाट उक्त नगरपालिकाको आ.व. २०७५/०७६ को स्वीकृत नीति तथा कार्यक्रम र बजेटमा उल्लेख भएको हिगुवापाटी-कोदारी-

गैहिबसौना मोटरबाटो स्तरोन्नती योजनाको कार्यान्वयन गर्न Contract Identification NO:01/Works/NCB/MDM/075/76 को मिति 14–02-2019 मा सूचना प्रकाशन भएको । Bid Document को दस्तुर Bid Document तथा सूचनामा उल्लेख भएको जनता बैक लिमिटेडमा रहेको यस नगररपालिकाको बैक खाता नं. ०६२००९०४९६८७४०३ मा जम्मा गर्नुपर्नेमा सो खातमा जम्मा नभई BID Bond को रकम जम्मा गर्नको लागि उपलब्ध गराइएको जनता बैंकमा रहेको यस नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. ०६२००९०४९६८७४०४ मा जम्मा हुन गएकोले बोलपत्र मूल्यांकनमा समावेश गर्ने वा नगर्ने दुविधा भएको भनि लेखी आएको ।

**राय परामर्श :**

“कार्यालयको धरौटी खातामा जम्मा भएको रकमलाई कार्यालयले राजश्व खातामा ट्रान्सफर गर्न सक्ने अवस्था देखिएकोले उक्त रकम सम्बन्धित राजश्व खातामा जम्मा गरी मूल्यांकनमा समावेश गर्न उचित हुने ।”

मिति : २०७५।१२।१७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुरको च.नं. ३२७, मिति २०७५।१२।३ को पत्रबाट उक्त प्रतिष्ठानको नयाँ भवनमा लिफ्ट (Elevator) खरिद गर्नु पर्ने भएकोले क्याटलग सपिङ्ग बिधिबाट उपकरण खरिद गर्न आर्थिक कार्यविधि २०६४ अनुसार खरिद गर्न मिल्ने नमिल्ने एकिन गर्न नसकिएकोले ताँहाबाट प्रस्ट कार्यविधिको दफा समेत खुलाई क्याटलग सपिङ्ग बिधिबाट लिफ्ट (Elevator) खरिद गर्न मिल्ने नमिल्ने खुलाई पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ भनी लेखी आएको ।

**राय परामर्श :**

“राय माग भएको बिषय सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ अनुसार गर्न उपयुक्त हुने ।”

मिति : २०७५।१२।१७

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भूमे गाउँपालिका राष्ट्रिय गाउँ कार्यपालिकाको कार्यालय, खावाङबगर, रुकुम (पूर्व) ।

**राय परामर्श माग गरिएको बिषय :**

भूमे गाउँपालिका राष्ट्रिय गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) प.सं.: ०७५/७६, च.नं. ६१०, मिति २०७५।११।२७ को पत्रानुसार उक्त गाउँपालिकाको स्विकृत बार्षिक कार्यक्रम २०७५/७६ मा सवारी साधन खरिद शीर्षकमा रु. ६०,००,०००।- (साठी लाख) विनियोजन भएकोमा रु. ४०,५०,०००।- (चालीस लाख पचास हजार मात्र) लागत अनुमानको प्राविधिक स्पेसिफकेशन स्वीकृत भई मिति २०७५।९।२७ मा राष्टिय दैनिक पत्रिकामा क्याटलग ब्रोसर सपिङ बिधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धि सूचना प्रथम पटक मिति २०७५।९।१७ मा १० दिन भित्र निवेदन पेश गर्न सूचना प्रकाशन गरिएकोमा एउटा कम्पनीबाट मात्र प्रस्ताब पेश भएको र प्रस्ताब खोली प्राविधिक जाँच गर्दा स्वीकृत स्पेशिफसिकेसन बमोजिम नभएकोले मिति २०७५।१०।२८ मा राष्ट्रिय दैनिक पत्रिकामा पुन १० दिनको समय सीमा दिई प्रस्ताब माग गर्ने सूचना प्रकाशन गरिएको । पुन सूचना प्रकाशन गर्दा दुई वटा फर्म बिक्रेता Agni Incorporated Pvt.ltd. र Saurav Enterprises बाट प्रस्ताब पेश भए पनि एउटै कम्पनी MAHINDRA को प्रस्ताब पेश हुन आएको तथा MAHINDRA बाट आधिकारिक बिक्रेताको पत्र Agni Incorporated Pvt.ltd. ले पेश गरेको र Saurav Enterprises ले बिक्रेता अनुमति प्राप्त गरेको कागजातबाट देखिएकोले क्यटलग सपिङ कार्यविधि, २०७४ को दफा १२ बमोजिम दुई वटै प्रस्तावदाताहरुलाई आर्थिक प्रस्ताब माग गर्न सकिने वा नसकिने, एउटै कम्पनीको मात्र प्रस्ताब प्राप्त भएकोले खरिद प्रक्रिया अगाडि बढाउन सकिने वा नसकिने द्बिविधा उत्पन्न भएको भनि लेखी आएको ।

**राय परामर्श :**

"सार्वजनिक निकायले बोलपत्र साथ Bidder ले उत्पादक कम्पनीबाट Manufacturer Authorization Letter लिने र पेश गर्ने सम्बन्धमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ (३) मा स्पस्ट व्यवस्था भएकोले सोही अनुसार सम्बन्धित निकायले नै एकिन गरी ताँहाबाटै कानुन सम्मत निर्णय गर्नुपर्ने ।"

मिति : २०७५।१२।२५

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

तादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खरानीटार, नुवाकोट ।

**राय परामर्श माग गरिएको बिषय :**

तादी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खरानीटार, नुवाकोटको च.नं. ७५६ मिति २०७५।१२।१५ को पत्र अनुसार उक्त तादी गाउँपालिकाको, गाउँ कार्यपालिका कार्यालयमा मिति

२०७५।१२।०४ गते खोलिएको ठेक्का नं. TRM/NCB/Goods/05/075-076 मा पेश भएका बोलपत्रहरुको सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० वमोजिमको परीक्षण सम्बन्धमा बसेको मिति २०७५।१२।०५ गते बसेको बैठको मूल्याङ्कनहरुवाट ई- बिडिङ बोलपत्रदाताहरु सुविधा सप्लार्यस, इन्टर टेक प्रा.लि, सेफ स्टिलस् प्रा.लि, एसके इन्जिनियरिङ इन्डर्सट्रिज, जुनकिरी इन्डस्ट्रिज प्रा.लि गरी ५ वटा बोलपत्रहरु ठेक्का नं. TRM/NCB/Goods/05/075-076 मा दर्ता भएकोमा तथा हार्डकपी बोलपत्रदाताहरु कुनै पनि दर्ता नभएको र माथि उल्लेखीत ई- बिडिङ बोलपत्रदाताहरु मध्ये सवैभन्दा कम कबोल अंक जुनकिरी इन्डस्ट्रिज प्रा.लि (भ्याट बाहेक रु.२२,५१,७०६।४२) रहेको छ, दोस्रो कम कबोल अंक एसके इन्जिनियरिङ इन्डस्ट्रिज (भ्याट बाहेक रु.२२,६८,७३४।७८) रहेको छ र तेस्रो कम कबोल अंक सेफ स्टिलस् प्रा.लि (भ्याट बाहेक रु.२२,६९,९१६।८०) रहेको छ । यी मध्ये जुनकिरी इन्डस्ट्रिज प्रा.लि को आ.व. २०७४/७५ को कर चुक्ता प्रमाण पत्र, फर्म दर्ता नविकरण, कार्य अनुभव, CV of Manpower, Tools and Equipments and Financial Status समावेश नभएको पाइयो । सुविधा सप्लार्यस को पनि कार्य अनुभव, CV of Manpower, Tools and Equipments and Financial Status समावेश नभएको पाइयो । कर चुक्ता प्रमाणपत्र समावेश नभएका साथै अन्य माग बमोजिमका कागजजातहरु समावेश नगरिएको बोलपत्रदाताहरु उपर थप कारवाही गर्न नपर्ने निर्णय गरीयो । सोही अनुसार मूल्याङ्कन अगाडी बढाई मिति २०७५/१२/०६ र मिति २०७५/१२/०८ गते थप प्राविधिक मूल्याङ्कन र निर्णयबाट ठेक्का नं. TRM/NCB/Goods/05/075-076 मा एसके इन्जिनियरिङ इन्डस्ट्रिज, बुटोल, रुपन्देहीको सिलबन्दी बोलपत्र स्वीकृत लागत अनुमान रकम भन्दा न्यूनतम मुल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र रहेको देखिन्छ भनि गरिएको निर्णयबाट यहि मिति २०७५/१२/१३ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा आशयको सूचना समेत प्रकाशित गरीए पश्चात जुनकिरी इन्डस्ट्रिज प्रा.लिले निर्णय उपर थप जाँच बुझ गरीपाउँ भनि दाबा गरेको हुँदा यस अघि जुनकिरि इन्डस्ट्रिज प्रा.लि बाट प्राप्त ई-विडिङ बोलपत्रलाइ पुन केलाएर हेर्दा सोहि कम्पनिले दाबा गरे अनुरुप र आवश्यक डकुमेन्ट यसरी bid document Company Profile Revised अर्न्तगत माथि उल्लेख लिङ्कमा समाबेश गरेको पाइयो ।

ठेक्का नं. TRM/NCB/Goods/05/075-076 मा एसके इन्जिनियरिङ इन्डस्ट्रिज, बुटवल, रुपन्देहीको सिलबन्दी बोलपत्र स्वीकृत लागत अनुमान रकम भन्दा न्यूनतम मुल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र रहेको देखिन्छ भनि गरिएको निर्णयबाट यहि मिति २०७५/१२/१३ गते राष्ट्रिय दैनिक नयाँ पत्रिकामा आशयको सूचना समेत प्रकाशित गरीए पश्चात जुनकिरी

इन्डस्ट्रिज प्रा.लि. ले निर्णय उपर थप जाँच बुझ्र गरीपाउँ भनि दाबा गरेको हुँदा यस अघि जुनकिरि इन्डस्ट्रिज प्रा.लि. बाट प्राप्त ई-विडिङ बोलपत्र लाई पुनः मूल्याङ्कन गर्नु पर्ने नपर्ने ताहाँ कार्यालयबाट उपयूक्त राय सहित सिफारिस गरीदिनहुन सादर अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

"इजिपि सिस्टममा अपलोड भएका सम्पूर्ण डकुमेन्टहरु अध्ययन गरी मूल्यांकन गर्नु पर्नेमा सम्बन्धित गाउँपालिकाले सो अनुसार नगरेकोमा ध्यानार्कषण गराउने र बोलपत्र साथ पेश भएका सम्पूर्ण डकुमेन्ट मूल्यांकन गरी मूल्यांकनबाट हटाइएका सम्पूर्ण बोलपत्रहरुलाई मूल्यांकनमा समावेश गर्ने ।"

मिति : २०७६।०१।०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, खुमलटार ।

**राय परामर्श माग गरिएको बिषय :**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, खुमलटार, ललितपुरको च.नं. ८९४ मिति २०७५।१२।१९ को पत्र अनुसार परियोजनाको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ११ वटा जिल्लामा नीजि कम्पनीहरुसँगको प्रतिस्पर्धामा लागत सहभागिताको आधारमा शीत भण्डार गृह निर्माणका लागि मिति २०७५।०६।२३ को गोरखापत्रमा प्रकाशित सूचना अनुसार २८ वटा प्रस्ताव प्राप्त भएकोमा यस परियोजनाको मिति २०७५।०७।२६ गतेको निर्णयानुसार १० वटा जिल्लाको आशय पत्र स्वीकृत गरी ५ वटा कम्पनीसँग सम्झौता भैसकेको र बाँकी ५ वटा मध्ये तपसिलको विवरण भएको कोशी कोल्ड स्टोर प्रा.लि. सुनसरीबाट आफ्नो तर्फको लागत रकम घटाउन माग गरेको ।

- कोल्ड स्टोरको क्षमता - ४८४८ मे.टन, +Chamber, प्रिफ्याब स्टील स्ट्रक्चर, अनुदान माग गरेको रकम रु. १६ करोड ५ लाख ९ हजार, शीत भण्डार गृहको लागत रु. २४ करोड ८७ लाख ९ हजार, वार्ताको चरणमा नेपाल सरकारको तर्फबाट बढीमा १० करोड सम्म दिन सकिने प्रस्ताव गरेकोमा निज कम्पनीले असहमत जनाई उपआयोजनाको कुल लागत संशोधन गर्न माग गरेको ।
- नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७५।६।११ मा स्वीकृत शीत भण्डार गृह स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७४ (प्रथम संशोधन २०७५) अनुसार

मूल्यांकन भई सम्झौताका लागि सिफारिश भएको प्रस्तावदाता कम्पनीसँग परियोजनाको स्वीकृत लागत अनुमान एवं अन्य जिल्लाका प्रस्तावहरुसँग तुलनात्मक समानता तथा औचित्यताका आधारमा परियोजनाले वार्ता गरी नेपाल सरकारको अनुदान रकम कम हुने गरी कम्पनीको लागत सहभागिताको रकम वृद्धि गर्न वार्ता मार्फत अनुरोध गर्न सक्नेछ । प्रस्तावक कम्पनीले पेश गरेको प्रस्तावलाई आधार बनाएर मूल्यांकन गरी मूल्यांकन समितिबाट पेश गरेको प्रतिवेदनका आधारमा सम्झौता गर्न बोलाएको । तर वार्ताको चरणमा नीज कम्पनीले स्वीकृत प्रस्ताव अनुसार सम्झौता नगरी Total Project Cost घटाउन प्रस्ताव राखेको ।

➢ जुन प्रस्तावलाई मूल्यांकन गरी छनौट गरिएको हो सोही प्रस्ताव अनुसार Total Project Cost घटाउन कानुनी रुपमा मिल्ने नमिल्ने दुविधा उत्पन्न भएको ।

**राय परामर्श :**

"अनुदान दिने बिषय सम्बन्धित निकायले निर्धारण गरेको अनुदान कार्यविधि अनुरुप हुने तथा सरकारी रकम खर्च गर्ने हदसम्म सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ (१क) अनुसारको खर्चको कार्यविधि पुरा गरी गर्नुपर्ने ।"

मिति : २०७६।०१।०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

जिल्ला समन्वय समिति, भद्रपुर, झापा ।

**राय परामर्श माग गरिएको बिषय :**

जिल्ला समन्वय समिति, भद्रपुर, झापाको प.स. २०७५/०७६, च.नं. ११८३, मिति २०७५।१२।२६ को पत्रबाट लेखी आए अनुसार भारतीय राजदुताबास लैनचौर, काठमाडौको आर्थिक सहयोगमा साबिक जिल्ला विकास समितिको कार्यालयबाट साबिकको धाइजन गा.वि.स. हाल मेचीनगर नगरपालिका वडा नं.११ मा रहेको बलभद्र जनता मा.वि. भवन निर्माण हडिया नदी तटबन्ध आयोजना *(सम्झौता मिति २०६९।०५।२५, कार्य सम्पन्न गर्नु पर्ने मिति २०७०।०९।०९, म्याद थप २०७१ आश्विन मसान्त सम्म भएको र हालसम्म कार्यको प्रगति करिब ४० प्रतिशत भएको)* र साबिक महेशपुर गा.वि.स., हाल भद्रपुर नगरपालिका वडा नं.१ मा निर्माणधिन अरनिको मा.वि. भवन निर्माण कार्य ***(सम्झौता मिति २०७१।१०।२१, आयोजना सम्पन्न मिति २०७४।७।३०, म्याद थप २०७४ चैत्र मसान्त सम्म भएको र हालसम्म कार्यको प्रगति करिब ६० प्रतिशत भएको, म्याद थपको निवेदन सम्बन्धि कुनै कार्यवाही नभएको र २०७४ चैत्र महिना पश्चात म्याद थप सम्बन्धि ७ महिना म्याद गुज्रिएको)*** को

म्याद समाप्त भई दुवै विद्यालय भवनहरु हालसम्म अपूरो अवस्थामा रहेको कारण विद्यालयका बिद्यार्थीहरुलाई पठनपाठनमा समस्या आएको र हाल ठेकेदार कम्पनीले म्याद थप माग गरेको हुदा उक्त बिद्यालयको भवन निर्माण सम्बन्धि म्याद थप गर्न सकिने नसकिने सो बारेमा आवश्यक निर्देशन पाउनका लागि अनुरोध छ भनी लेखी आएको ।

**राय परामर्श :**

"समयमै ठेक्का व्यवस्थापन नगरेकोमा तँाहा कार्यालयको ध्यानाकर्षण गराउने र ठेक्का व्यवस्थापन सम्बन्धमा कानुन सम्मत निर्णय तँाहाबाटै हुनुपर्ने ।"

मिति : २०७६।०१।०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :** भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२ जनकपुरधाम, धनुषा ।

**राय परामर्श माग गरिएको बिषय :**

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं.२ जनकपुरधाम, धनुषाको प.स.२०७५/७६ (आ.प्र.), च.नं. १२८५, मिति २०७५।१२।२२ को पत्रबाट उक्त मन्त्रालयको स्वीकृत बार्षिक कार्यक्रम  अनुसार प्रदेश नं. २ मा अनुदानमा शीतभण्डार निर्माणको लागि छनौट भएका नीजि, कम्पनी कृषक समूह, सहकारी संस्था र सार्वजनिक संस्थाको शीत भण्डार निर्माणको लागि खरिद प्रक्रिया अगाडि बढाउनको लागि शीत भण्डारको लागि अनुदान उपलब्ध गराउने सम्बन्धि स्वीकृत कार्यविधि, २०७५ को छँाया प्रति यसै साथ संलग्न छ । सो शीत भण्डार निर्माणको लागि अनुदान प्राप्त गर्ने निजी कम्पनी, कृषक समूह, सहकारी संस्था र सार्वजनिक संस्थाहरुले सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार बोलपत्र आह्वान गरी निर्माण प्रक्रिया शुरु गर्ने वा सोझै उनीहरुले काम गराउने हो स्पस्ट नभएको हुनाले यस बिषयमा आवशयक राय पठाइदिनु भई खरिद प्रक्रियाको काम अगाडि बढाउन सहयोग गरीदिनु हुन अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

"अनुदान दिने बिषय सम्बन्धित निकायले निर्धारण गरेको अनुदान कार्यविधि अनुरुप हुने तथा सरकारी रकम खर्च गर्ने हदसम्म सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ (१क) अनुसारको खर्चको कार्यविधि पुरा गरी गर्नुपर्ने ।"

मिति : २०७६।०१।०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सडक डिभिजन, काठमाडौं, मिनभवन ।

**राय परामर्श माग गरिएको बिषय :**

सडक डिभिजन कार्यालय, मिनभवन, काठमाडौको च.नं. १९८४।०७५।०७६, मिति २०७५।१२।२१ को पत्रबाट उक्त कार्यालयको IFBN0.12-075-76/065 Rehabitation of Brahmakhel Gagal Chisapani Road का लागि दरभाउपत्रदाता श्री दक्षिणकाली अल ओभर कन्ट्रयाक्ट एण्ड कन्ट्रक्सन प्रा.लि. ले पेश गरेको विद्युतीय खरिद प्रणली प्रयोग गर्न अख्तियारनामा लिई Power of Attorney मान्न सकिने वा नसकिने सम्बन्धमा बोलपत्र मूल्याङ्कनको क्रममा द्विविधा उत्पन्न भएकोले खुलाइ पठाएदिनु हुन भनी लेखी आएको ।

**राय परामर्श :**

"राय माग भएको बिषयका सम्बन्धमा यस कार्यालयबाट जारी भएको Standard Bid Document, Procurement of Works, National Competitive Bidding (NCB) Single Stage Two Envelope Bidding Procedure (procurement of Value Nrs.20 million to Nrs.1 Billion) को ITB-Clause 20.2 अनुरुप तहाँबाटै कानुन सम्मत निर्णय हुनुपर्ने देखिदा यस कार्यालयबाट थप राय प्रदान गरीरहनु नपर्ने ।"

मिति : २०७६।०१।०३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

भाषा आयोग, शङ्खमुल, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

भाषा आयोग, शङ्खमूल, काठमाडौंको प.स. ०७५/७६, च.नं.४३० मिति २०७५।१२।२४ को पत्र अनुसार भाषा आयोग नेपालको संविधान २०७२ को धारा २८७ अनुसार नेपाल सरकारले मिति २०७३ साल भाद्र २३ गते गठन गरेको संवैधानिक निकाय हो । संविधानमा उल्लेख भएको र भाषा आयोग ऐन,२०७४ ले परिभाषित कार्यहरु मध्ये लोपोन्मुख अवस्थामा रहेका भाषाहरुको संरक्षण सम्बर्धन र विकासका साथै बचाइ राख्न समेत अपरिहार्य भएकोले आयोगलाई तोकिएको कार्यहरु मध्ये शब्द संकलन, वर्ण निर्धारण, इतिहास लेखन, शब्द कोष निर्माण र वृत्तचित्र निर्माण जस्ता कार्यहरु गर्नको लागि ३६ वटा भाषाहरु छनोट भै भाषा आयोगबाट मिति २०७५।४।३० मा निर्णय भएको । सो को लागि बजेट बाँडफाड रकम सहितको टिप्पणी मिति २०७५।५।२० गते सचिव स्तरको निर्णय भैसकेको । सोही आधारमा

जुन जुन गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका क्षेत्रमा बसोबास गरेका बासिन्दाहरु रहेका भाषिक समुदायहरु छन् सोही निकायसँग सार्वजनिक खरिद ऐनको दफा ४१ (घ) (१) मा भएको व्यवस्था अनुसार एक सार्वजनिक नियकाले अर्को सार्वजनिक निकायसँग सोझै खरिद गर्न सक्ने खरिद व्यवस्था अनुसार भाषा आयोगले उल्लेखीत स्थानीय निकायका सरकारहरुसँग दुई पक्षीय सम्झौता गरी भाषा आयोगले उल्लेखीत स्थानीय निकायका सरकारहरुसँग दुई पक्षीय सम्झौता गरी भाषा आयोगबाट तोकिएको रकम मध्ये २५% रकम उक्त निकायलाई सिधै (१५%) अग्रिम आयकर कटाई पेश्कीको रुपमा रकम दिने र उक्त निकाय मार्फत तोकिएको कार्य तोकिएको विज्ञहरुबाट प्राप्त भएपछि भाषा आयोगमा रहेका विज्ञहरुबाट मूल्याङ्कन स्वीकृत भएपछि मात्र अन्तिम किस्ता रकम दिने गरी सम्झौता गर्ने कार्य सम्पन्न भएको । उक्त सम्झौता गर्दा अपनाइएको प्रक्रियामा तत्कालिन अवस्थामा कार्यरत रहेका कार्यालय प्रमुखबाट सम्बन्धित निकायमा आयोगबाट पत्राचार वा सूचना समेत प्रकाशित नभई स्थानीय निकायबाट माग गरेकै आधारमा सोझै सम्झौता गरिएको छ ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २ परिभाषा (ख) मा उल्लेख अनुसार भाषा आयोग र स्थानीय सरकार दुवै सार्वजनिक निकाय भएको र एक सार्वजनिक निकाय भएको र एक सार्वजनिक निकायले अर्को सार्वजनिक निकायसँग दफा ४१ (घ) (१) को प्रावधान बमोजिम कुनै पनि खरिद कार्य गर्न सकिने भएकोले भाषा आयोगले स्थानीय सरकारसँग सम्झौता गरी यस प्रकारको कार्य गर्न सक्ने कि नसक्ने द्विविधा उत्पन्न भएको ।

भाषा आयोगले गत आ.व.मा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ (घ) (१) को प्रावधान अनुसार विभिन्न विश्व विद्यालयहरु र स्थानीय निकायसँग सम्झौता गरी सफल रुपमा कार्य सम्पन्न गरी प्रतिवेदनहरु प्राप्त गर्ने कार्य गरिएको तर चालू आ.व. को दोश्रो चौमासिक अवधिमा यस किसिमको सेवा खरिद प्रक्रियागत नभएकोले यो दफा अनुसार गरेको कार्य सार्वजनिक खरिद ऐन नियमावली बमोजिम प्रक्रिया नमिलेकोले संस्कृति, पर्यटन तथा नागरीक उडड्यान मन्त्रालयमा भाषा आयोगबाट च.नं. ३९५ मिति २०७५।११।२८ को पत्रानुसार LMBIS मार्फत वित्तिय हस्तान्तरणका लागि लेखी पठाएकोमा मन्त्रालयको च.नं. ३९२ मिति २०७५।१२।१० को पत्रानुसार कामको विशिष्टता यसका लागि आवश्यक पर्ने विज्ञता अनुसार कार्य प्रभाव अपेक्षित नतिजा प्राप्त हुन सक्छ वा सक्दैन भन्ने विषयमा आयोगबाट एकिन गरी निर्णय हुन भनि लेखी आएको हुँदा यस सम्बन्धमा स्थानीय निकायसँग तत् देखिएको सन्दर्भमा सोझै गाउँपालिका, नगरपालिका र क्याम्पसमा रकम हस्तान्तरण गर्न सकिने कानुनी प्रावधान पनि नदेखिएको हुँदा तत् सम्बन्धमा रकम निकासा सम्झौताको आधारमा मात्र दिँदा वित्तिय प्रक्रिया पूर्णता नभएकोले सार्वजनिक खरिद अनुगमन कार्यालयमा राय माग गरी प्राप्त राय परामर्श अनुसार मात्र काम अघि बढाउने भनि राय माग भई आएको ।

**राय परामर्श :**

"अनुदान दिने बिषय सम्बन्धित निकायले निर्धारण गरेको अनुदान कार्यविधि अनुरुप हुने तथा सरकारी रकम खर्च गर्ने हदसम्म सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ (१क) अनुसारको खर्चको कार्यविधि पुरा गरी गर्नुपर्ने ।"

मिति: २०७६।०१।११

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

प्रधानमन्त्री कृषि आधुनिकीकण परियोजना, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

प्रधानमन्त्री कृषि आधुनिकीकण परियोजना, परियोजना व्यवस्थापन ईकाई, काठमाडौंबाट मिति २०७५।०६।२६ मा प्रकाशित बोलपत्र नं. IFB No.PMAMP/ICB/01/075-76 को निर्णय प्रक्रियाका सम्बन्धमा सार्वजनिक खरिद पुनरावलोकन समितिमा परेको पुनरावलोकन निवेदन उपर उक्त समितिबाट प.सं. ९७।२०७५।२०७६, च.नं. ३९, मिति २०७५।११।१४ मा निर्णयको सम्बन्धमा पत्राचार गरीसकेपश्चात् यस कार्यालयमा सो सम्बन्धमा पुनः राय माग गरिएको ।

**राय परामर्श :**

"प्रस्तुत बिषयका सम्बन्धमा सार्वजनिक खरिद पुनरावलोकन समितिबाट भएको निर्णयको व्यहोरा सम्बन्धमा उक्त समितिको निर्णय बमोजिम तहाँ कार्यालयबाटै कानुन सम्मत निर्णय हुनुपर्ने व्यहोरा जानकारी गराउने ।"

साथै, त्यहाँ कार्यालयको पत्रमा उल्लेखीत बोलपत्रदाता श्री Lifeline Trade International Pvt. Ltd. नयाँ बानेश्वर, काठमाडौंलाई श्री सशस्त्र प्रहरी बल नेपाल, प्रधान कार्यालयको मिति २०७१।११।१० मा यस कार्यालयका नाममा पत्र लेखी उक्त बोलपत्रदाता कम्पनीलाई कालोसूचिमा राखिदिन लेखी आएको र उक्त कम्पनीलाई कालोसूचिमा राख्ने प्रयोजनार्थ लिखित स्पष्टीकरण सोध्ने प्रक्रियाकै क्रममा उक्त कम्पनीले श्री उच्च अदालत पाटनमा रिट निवेदन दिई निजलाई कालोसूचिमा राख्ने बिषय श्री उच्च अदालत, पाटनमा विचाराधिन अवस्थामा रहेको व्यहोरा समेत जानकारी गराईएको ।

मिति: २०७६।०१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पाटन संग्राहलय विकास समिति, पाटन दरवार, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

पाटन संग्राहलय विकास समितिको प.स ०७५/०७६, च नं १८१, मिति २०७६।०१।११ को पत्र अनुसार पाटन संग्राहलय विकास समितिको आर्थिक बर्ष २०७४/७५ को स्वीकृत बजेट अनुसार वि.सं २०७२ को भूकम्पबाट आंशिक क्षति भएको केशव नारायण चोकको उत्तरी तथा दक्षिणी खण्डको संरक्षण कार्यका लागि पुरातत्व विभागका इन्जिनियर बाट रु. ४९,८२,९८७१० (भ्याट सहित) लागत इष्टिमेट भएकोमा पाटन संग्राहलय विकास समिति र श्री डि.आर.कन्स्ट्रक्सन, ललितपुर ७, पिलाछे वीच मिति २०७५।०१।२६ मा रू. ४६,९५,४२०।०१ (भ्याट सहित) रकम सम्झौता भएको । यस प्राचिन सम्पदाको गारो संरक्षणको क्रममा बिज्ञद्वारा निरिक्षण हुँदा उक्त गारो नराम्रो सँग क्षति भएको पाइएकोले यस समितिको मिति २०७५।०४।१३ गतेको बैठक अनुसार थप Structural assesment गर्नु पर्ने निर्णय भएको । जसमा CHUMS Engineering Consultancy Pvt.Ltd. बाट गरिएको Seismic Condition assesment प्रतिवेदनमा संरक्षणकारी उपायहरु अवलम्बन गर्नु पर्ने, साथै प्राविधिक प्रतिवेदनको आधारमा उत्तरी खण्डको जग खनी निरिक्षण गर्दा भवन मुनि प्राचीन तथा एतिहासिक संरचनाहरु समेत फेला परेकोले पहिला गरेको ठेक्का सम्झौता बमोजिम उक्त ठेक्काको कामको परिमाण, आइटमहरु एवं कार्यको प्रकृति हाल आएर फरक भएको तथा उक्त भवन लाई हाल पूर्ण रूपमा नभत्काई खण्ड गरी संरक्षण कार्य मात्र गर्ने गरी पुनः विज्ञहरुबाट राय सुझाव प्राप्त भएकोले उक्त ठेक्का सम्झौतामा उल्लेख भएका सम्पूर्ण कार्यहरु पुरा नहुने भएको । निर्माण व्यवसायीले मिति २०७५।११।१५ मा संरक्षण कार्यमा समस्या भएका कारण देखाई हाल सम्म गरेको कार्य नाप जांच गरी फरफारक गरी दिन निवेदन दर्ता गरेकोले उक्त ठेक्का पट्टा सम्झौता बमोजिम हाल सम्म भएको कार्यको मूल्याङ्कन र परामर्शदाताको राय अनुसार सुरुको लागत अनुमानमा कार्य गर्न सम्भव नभएको हुनाले निर्माण व्यवसायीबाट मिति २०७५।११।०२ गए ठेक्का सम्झौतामा नभएका आइटमहरुको भेरिएसन गरी पाउँ भनि निवेदन दिएको र हाल सम्म रु. १२,५३,१३२।९१ को मात्र कार्य सम्पन्न भएको अवस्था रहेको । साथै निर्माण व्यवसायीले मिति २०७५।११।१५ गतेको निवेदनमा सम्झौता अन्त्य एवं फरफारकका लागि अनुरोध गरिएको भनि पत्रमा लेखी आएको । साथै सार्वजनिक निकाय अनुसार उक्त ठेक्का फरफारक गरी सम्झौता अन्त्य गरी विश्व सम्पदामा सूचिकृत का साथै पर्यटकीय दृष्टिकोणले पनि अति महत्वपूर्ण गन्तव्य भएकोले शिघ्र पाटन दरवारको केशवनारायण चोकको उत्तरी तथा दक्षिणी खण्डको संरक्षण कार्य गर्न पूनः पूर्ण लागत अनुमान डिजाइन ड्रइंग तयार गरी खरिद प्रक्रिया मार्फत कार्य अगाडि बढाउनु पर्ने भनि सिफारिस सहित रायरप्रतिक्रिया दिनु हुन भनि लेखी आएको । यस अवस्थामा प्राचीन संरचना प्राप्त भई

थप कार्य अघि बढाउन समस्या उत्पन्न भएकोले आवश्यक राय परामर्शका लागि अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(४) मा रहेको व्यवस्था बमोजिम सार्वजनिक हितका लागि सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्ने सम्बन्धि निर्णय सम्बन्धित सार्वजनिक निकाय स्वयमले गर्न सक्ने देखिएको हुदा थप राय प्रदान गर्नु नपर्ने ।"

मिति : २०७६।०१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

फिक्कल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खाङसाङ, सिन्धुली ।

**राय परामर्श माग गरिएको बिषय :**

फिक्कल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, खाङसाङ, सिन्धुलीको च.नं. १२०१ मिति २०७६।०१।१६ को पत्र अनुसार उक्त गाउँपालिकाको वडा नं.३ चनौटे, फिक्कलमा निर्माणाधिन अस्पताल भवनको निर्माण गर्न मिति २०७५।११।०१ मा प्रकाशित बोलपत्र सूचना बमोजिम पर्न आएका बोलपत्रमा न्यून रकम कबोल गर्ने श्री कृष्ण/दाहाल निर्माण सेवा जे.भि. (क.नपा-६, सिन्धुली) ले कबोल गरेको अंक रु. ५०,१२,९९०।८५ (मू.अ.कर सहित), सिद्धकाली निर्माण सेवा (जलकन्या-८ चपौली) ले कबोल गरेको अंक रु. ५८,६३,१४४।३४ (मू.अ.कर सहित) अस्वाभाविक रुपमा लागत अनुमान भन्दा क्रमशः ४३.७३ र ३४.१९ घटी पाईएको कारण बोलपत्रदाताले सन्तोषजनक रुपमा काम सम्पन्न गर्न नसक्ने गरी अति न्यून कबोल अंक उल्लेख गरेको देखिएकोले दर विश्लेषण सहित उक्त दररेटमा कार्य सम्पन्न गर्न सक्ने आधार सहितको लिखित स्पष्टिकरण पेश गर्न दुबै बोलपत्रदातालाई पत्राचार गरिएकोमा न्यून कबोल अंक कबोल गर्ने श्री कृष्ण/दाहाल निर्माण सेवा जे.भी.ले मिति २०७५।१२।७ को पत्रमा भवन निर्माण गर्ने ठाउँ मैले बुझेको ठाउँ भन्दा २४ कि.मि. माथि पहाडमा रहेकोले मेरो टेण्डर मूल्यांकनमा समावेश नगरीदिनु हुन भनी मिति २०७५।१२।०७ मा पत्र लेखेको । दोश्रो न्युन रकम कबोल गर्ने सिद्धकाली निर्माण सेवाले काम गर्न सक्ने भनी स्पष्टिकरण पेश गरेकोले उक्त दोश्रो न्यून रकम रु. ५८,६३१,४४।३४ (मू.अ.कर सहित) कबोल गर्ने सिद्धकाली निर्माण सेवा लाई निर्माण कार्यका लागि सम्झौता गरी कार्यादेश दिन आशयको सूचना सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ र ४७ को प्रयोजनार्थ प्रकाशित गरिएको । उजुरी नपरेको कारण म्याद समाप्त भए पछि दोश्रो कम रकम कबोल गर्ने र काम गर्न सक्ने लिखित स्पष्टिकरण दिएको सिद्धकाली निर्माण सेवालाई १५ दिन भित्र सम्झौता गर्न आउन सुचना

दिएको । काम गर्न नसक्ने सूचना दिने पहिलो न्यून रकम कबोल गर्ने बोलपत्रदाता श्री कृष्ण/दाहाल निर्माण सेवा जे.भि. लाई काम गर्न असमर्थ जनाई सम्झौता गर्न नआएको कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा २१ को उपदफा (ग) बमोजिम बोलपत्र जमानत जफत गर्ने भनि पत्राचार गरिएकोमा तोकिएको समयमा उक्त बोलपत्रदाताले रकम जम्मा गरेको र बोलपत्र स्वीकृत हुने बोलपत्रदाता सम्झौता गर्न मिति २०७६।०१।०५ मा आउदा प्रशासन शाखाको टेबलमा रहेका सक्कल कागजपत्र भएको टेण्डर फाईल टेबलबाट नै चोरी भै हराएकोले सो पश्चात सम्बन्धित शाखाको प्रतिवेदनको आधारमा पालिका स्तरिय छानविन तथा सुझाव समिति गठन भई प्रतिवेदन पेश गरेको, जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा आवश्यक छानविन तथा खोजीका लागि पत्राचार गरिएकोमा जिल्ला प्रहरी कार्यालयबाट आवश्यक अनुसन्धान हुँदै रहेको र प्रहरी मुचुल्का भै सकेको हुँदा घटना पश्चात के गर्न सकिन्छ, कानुनी प्रावधान स्पष्ट नरहेकोले यस सम्बन्धमा भएका कारवाही सम्बन्धि कागजातहरु यसै साथ संलग्न गरी सो सम्बन्धमा के गर्न सकिन्छ कानुनी मार्गदर्शन सहित गर्न पर्ने प्रक्रियाको बारेमा आवश्यक निर्देशनको लागि अनुरोध छ ।

**राय परामर्श :**

“बोलपत्र सम्बन्धि कागजातहरुको सुरक्षा गर्ने जिम्मेवारी त्यहाँ निकायको रहँनेमा पर्याप्त सुरक्षा व्यवस्था नभएको स्थितीमा ध्यानाकर्षण गराउँदै त्यहाँबाट माग भएको रायको सम्बन्धमा खरिद प्रक्रिया सम्बन्धि कुनै द्विविधा नभएको हुँदा थप राय प्रदान नहुने ।”

मिति : २०७६।०१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरवार, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, सिंहदरवार, काठमाडौंको च.नं. ५५८ मिति २०७६।०१।०५ को पत्र अनुसार नेपाल सरकारको निर्णय तथा अन्य नीतिगत व्यवस्था अनुसार राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको स्थापना भई पहिलो चरणमा राष्ट्रिय परिचयपत्र वितरण कार्य भईरहेको छ । मन्त्रीपरिषदको मिति २०७५।११।३ र २०७५।१२।२१ को निर्णय अनुसार ७७ वटै जिल्लामा राष्ट्रिय परिचयपत्र वितरण कार्यक्रम विस्तार गर्ने निर्णय भएको साथै सो कार्यका लागि हाल स्थापित प्रणालीको निरन्तरता, स्तरोन्नती तथा क्षमता विस्तारका लागि साविककै सेवा प्रदायकबाट वार्ताद्वारा सोझै परामर्श सेवा खरिद गर्नेगरी विभागलाई स्वीकृति दिने भनी निर्णय भएको छ । उक्त निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा साविककै सेवा

प्रदायकलाई वार्ताको माध्यमबाट सम्झौता गरी काममा लगाउन प्रस्ताव आह्वानका लागि दस्तावेज तयारको क्रममा रहेको छ । उक्त दस्तावेज तयार गर्ने क्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट तयार गरिएको प्रस्ताव आह्वान सम्बन्धी (Request for Proposal) स्ट्यान्डर नमुना ढाँचालाई आधार लिदा सोझै वार्ताबाट राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको स्थापनाको लागि आवश्यक पर्ने सम्पूर्ण विषयवस्तु समेटिने नदेखिएको र यस अघि तत्कालीन राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्रले तयार गरेको ADB बाट स्वीकृत भई कार्यान्वयन भएको खरिद सम्बन्धी दस्तावेज र विश्व बैंङ्कबाट तयार गरेको खरिद सम्बन्धी IT System को Standard Procurement document लाई समेत आधार लिई तयार गर्दा संस्थागत आवश्यकता अनुसारका विषय वस्तु समेटिने भएकोले एसियाली विकास बैंक तथा विश्व बैंक र त्यस कार्यालयबाट तयार गरेको Guide Line लाई समेत आधार मानि तयार गरिएको प्रस्ताव आह्वान सम्बन्धी ढाँचा यसै साथ संलग्न राखि सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ९ समेतलाई मध्यनजर गरी राय परामर्शको लागि त्यहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

**राय परामर्श :**

“उल्लेखीत कार्यका लागि आवश्यक Standard Procurement document पूर्ण रुपमा तयार गरी लागू गर्न गराउन केही समय लाग्ने हुँदा तहाँबाट राय माग भएको बिषयका सम्बन्धमा तहाँको आवश्यकता र औचित्यता हेरी सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीका सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी कानुनसम्मत निर्णय ताँहाबाटै हुनुपर्ने ।”

मिति : २०७६।०१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

बर्दघाट नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बर्दघाट, नवलपरासी ।

**राय परामर्श माग गरिएको बिषय :**

बर्दघाट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बर्दघाट नवलपरासीको प.स.०७५।७६, च.नं.१९५०, मिति २०७६।१।१३ को पत्र अनुसार उक्त नगरपालिकाबाट मिति २०७५।१२।४ मा प्रकाशित सूचना अनुसार उक्त नगरपालिकाको वडा नं.४ को सडक बोर्ड तर्फको योजना मोहनी चोक, राधाकृष्ण स्मृतिनगर सडक र धौलागिरी बाढी पिडित त्रिवेणी रोडको ठेक्का नं. १३।०७५।७६ बाट प्रक्रिया अगाडि बढाउने क्रममा अनिशा कन्ट्रक्सन, काबासोतीले कार्यालयबाट हार्डकपी खरिद गरी उक्त हार्ड कपी बुझाउने अन्तिम म्याद सकिएको तर प्राविधिक कारणले eBidding गर्ने म्याद बाकी रहेको अवस्थामा उक्त खरिद कार्यको रसिद e-

Bidding मा प्रयोग गरेकोले सोही आधारमा ठेक्का प्रक्रिया अगाडि बढाउन मिल्ने नमिल्ने सम्बन्धमा आवश्यक निर्देशनको लागि अनुरोध भनि लेखी आएको ।

**राय परामर्श :**

"कार्यालयबाट आधिकारिक रुपमा हार्डकपी बिक्री भई बिद्युतीय खरिद प्रणाली प्रयोग गरी बोलपत्र पेश गरेता पनि बोलपत्र कागजात दस्तुर बैक दाखिला भएको अवस्थामा मूल्यांकनमा समावेश गर्न उपयुक्त हुने ।"

मिति : २०७६।०१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

रजिस्ट्रारको कार्यालय, त्रिभुवन विश्वविद्यालय, किर्तिपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

त्रिभुवन विश्वविद्यालय, रजिस्ट्रारको कार्यालय कीर्तिपुरको च.नं. १९३।०७५/०७६, मिति २०७६।१।११ को पत्र अनुसार त्रिभुवन विश्वविद्यालय, बुटवल बहुमुखी क्याम्पसबाट विज्ञान भवनमा ट्रस राख्ने कार्यका लागी e-Biddding मार्फत बोलपत्र आव्हान गरिएकोमा बोलपत्र खरिद वापतको रकम क्याम्पसको नाममा व्यक्तिको नामबाट जम्मा गरेको बैंकको भौचर ( त्रि.वि बुटवल बहुमुखी क्याम्पसबाट मिति २०७५।११।२१ मा e-Bidding मार्फत बोलपत्र आव्हान गरिएको र बोलपत्रदाता मध्येको मल्टिटेक कन्स्ट्रक्सनले प्रस्ताव गरेको बोलपत्र फारम खरिद वापतको रकम बैंकमा जम्मा गर्दा महेश कुमार देव को नामबाट जम्मा गरेको बैंकको भौचर पेश गरेको पाइएको साथै उक्त महेश कुमार देव मल्टिटेक कन्स्ट्रक्सनका डाइरेक्टर भएको कुरा बोलपत्र साथ पेश भएको Power of Attorney to use e-GP System बाट देखिएकोले व्यक्तिको नामबाट जम्मा गरिएको) भौचरलाई मान्यता दिन सकिने/नसकिने सम्बन्धमा द्विविधा पर्न गएकोले आवश्यक राय उपलब्ध गराईदिनुहुन अनुरोध छ भनि त्रि.वि केन्द्रीय कार्यालयमा पठाईएकोले आवश्यक राय उपलब्ध गराईदिनुहुन भनि लेखी आएको ।

**राय परामर्श :**

"प्रस्तुत रायको बिषयमा बोलपत्र कागजात खरिद गर्ने व्यक्ति नै फर्मको स्वयम प्रोपाइटर हो र फर्म एकलौटी हो भने त्यहाँ निकायबाट एकिन गरी उक्त बोलपत्र मूल्यांकनमा समावेश गर्न उपयुक्त हुने ।"

मिति : २०७६।०१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

खैरहनी नगरपालिका, नगरकार्यपालीकाको कार्यालय, खैरहनी, चितवन ।

**राय परामर्श माग गरिएको बिषय :**

खैरहनी नगरपालिका, नगरकार्यपालीकाको कार्यालय, खैरहनी, चितवनको प.सं. ०७५/७६, च.नं. ५९७५, मिति २०७५।१२।१ को पत्रबाट उक्त नगरपालिका अर्न्तगतका विभिन्न वडाको फोहोरमैला व्यवस्थापन गर्न सार्वजनिक खरिद ऐन तथा नियमावलीको सम्पूर्ण प्रक्रिया पुरा गरी सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम मिति २०७४।१०।२२ मा श्री नेशनल वेष्ट मेनेजमेण्ट एण्ड रिसाईक्लिन सेण्टर, सानेपा, ललितपुर बीच दुई बर्षको लागि सम्झौता भएको । सम्झौता अनुसार नगरपालिकाले तोकिदिएको दरमा बिभिन्न घर, पसल, होटल तथा संघ संस्थासंग उक्त संस्थाले मासिक शुल्क उठाउन पाउने र सो रकम प्रत्येक महिनाको एक गते कार्यालयमा संस्थाले दाखिला गरी कार्यालयले ७ गते भित्र संस्थालाई फिर्ता दिने व्यवस्था रहेको छ । उक्त संस्थाले फोहोरमैला व्यवस्थापन शुल्क मासिक रुपमा १२ लाख ८० हजार असूल गर्न सक्ने आर्थिक प्रस्ताव गरेकोले सम्झौता पश्चात सोही आधारमा १२ महिनाको हिसाव गरी सोको ५ प्रतिशत कार्यसम्पादन जमानत राखी एक बर्षको लागि कार्यादेश दिईएको थियो । उक्त संस्थालाई पुनः १२ महिनाको कबोल अंकको ५ प्रतिशतले हुने कार्यसम्पादन जमानत बापतको रकम दाखिला गरी कार्यादेश लिएर मात्र कार्य सञ्चालन गर्नु भनी मिति २०७५।१०।१५ मा पत्राचार समेत भई सकेको । उक्त संस्थाले मिति २०७५।११।१५ मा ५ प्रतिशतले हुने रकम कार्यसम्पादन जमानत बापत दाखिला गरेको । तर उक्त संस्थालाई कार्यादेश दिईएको पनि छैन र संस्थाले फोहोर उठाउने काम पनि गरेको छैन । कार्यालयको तर्फबाट संस्थालाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिमको क्षतिपूर्ति माग गरेकोमा संस्थाले उक्त क्षतिपूर्ति आवश्यक नपर्ने भन्ने भनाई रहेको छ । कार्यालयले समयमा जानकारी गराउँदा गराउँदै तोकिएको समयमा कार्यसम्पादन जमानत बापतको रकम दाखिला नगर्ने र फोहोरमैला व्यवस्थापनको काम पनि नगर्ने संस्थाको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ को व्यवस्था आकर्षित हुन्छ वा हुँदैन, उक्त नियमको व्यवस्था लागु नभएमा समयमा काम नगर्ने संस्थालाई के कस्तो कारबाही हुने हो यस सम्बन्धमा दुबिधा भएको भनि लेखी आएको ।

**राय परामर्श :**

"सार्वजनिक नीजि साझेदारी बमोजिम त्यहाँ नगरपालिकाले प्रस्ताब गरेको नीजि क्षेत्रबाट फोहोरमैला व्यवस्था गर्ने बिषय सार्वजनिक खरिद ऐन, २०६३ मा व्यवस्था नभएको हुदा तहाँ निकायबाटै कानुन सम्मत निर्णय हुन ।"

मिति : २०७६।१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

धनगढी उप-महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली ।

**राय परामर्श माग गरिएको बिषय :**

धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलालीको प.स.२०७५।७६, च.नं.३७१८, मिति २०७५।१।११ को पत्र अनुसार उक्त उप-माहानगरपालिकाको वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न वडाहरुमा बोलपत्रको माध्यमबाट सडक निर्माण कार्यको लागी मिति २०७५।११।२६ मा प्रकाशित सूचना (विद्युतीय माध्यमबाट मात्र बुझाउन मिल्ने) अनुसार बोलपत्र खरिद/डाउनलोड गर्ने अन्तिम दिन मिति २०७५।१२।२५ गते कार्यालय समय भित्र भएको र बुझाउने समय मिति २०७५।१२।२६ गते दिनको १२:०० बजे भएकोमा श्री जय श्री बैजनाथ बाबा कन्स्ट्रक्सनले बोलपत्र खरिद वापतको रकम मिति २०७५।१२।२६ मा दाखिला गरेको भौचर सहित विद्युतीय माध्यमबाट बोलपत्र पेश गरेको हुँदा उक्त निर्माण व्यवसायीलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने/नमिल्ने सम्बन्धमा जानकारी पठाईदिनहुन अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

“विद्युतीय खरिद प्रणाली प्रयोग गरी बोलपत्र पेश गर्ने बोलपत्रदाताको हकमा ३१ औं दिनको १२ बजे भित्र बोलपत्र कागजात दस्तुर दाखिला गरेकोमा मूल्यांकनमा समावेश गर्न उपयुक्त हुने ।”

मिति : २०७६।०१।१६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

वेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, उदयपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

वेलका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, उदयपुरको प.स. ०७५।७६ (विविध), च.नं.१२१०, मिति २०७५।१।८ को पत्र अनुसार उक्त नगरपालिकाको मुख्य प्रशासनिक भवन निर्माणका लागि कार्यालय मार्फत मिति २०७५।११।२६ गते हिमालय टाइम्स राष्ट्रिय दैनिक पत्रिका मार्फत सूचना प्राशित गरी विद्युतीय खरिद प्रक्रियाद्धारा बोलपत्र आह्वान गरिएकोमा मिति २०७५ चैत्र २६ गते उक्त बोलपत्र खोल्दा पर्न आएका तीन वटा बोलपत्रहरुको मूल्यांकनका क्रममा आर्थिक रुपमा न्यूनतम रकम कबोल गर्ने बोलपत्रदाता

सगरमाथा घिमिरे निर्माण सेवा प्रा.लि.को बोलपत्र सम्बन्धि कागजातहरु चेकजाँचका क्रममा बोलपत्र फाराम खरिद वापतको रकम रु. ५,०००।- जम्मा गरेको भौचर पेश नभएको । तथा बोलपत्रदाताले वे.न.पा.को धरौटी खातामा रु. ५०००।- रकम जम्मा गरेको देखिएको हुँदा उल्लेखीत बोलपत्रदाताले बोलपत्र फाराम नै खरिद नगरी बोलपत्र पेश गरेको देखिएको हुँदा उक्त बोलपत्रदातालाई रितपूर्वकको बोलपत्र मान्न नसकिने हुँदा आगामी मूल्यांकन प्रक्रियामा समावेश गराउन बोलपत्र मूल्यांकन समिति असमर्थ भएको भनि आवश्यक निर्देशन निर्णय प्रयोजनका लागि नगर कार्यपालिकाको बैठकमा पेश गर्ने भनि मूल्यांकन समितिबाट सिफारिस भई आएको ।

यसरी उल्लेखीत बोलपत्रदाताले पेश गरेको बोलपत्रमा राजश्व/संचित कोष खातामा आम्दानी रकम जम्मा नगरेको कारण आगामी मूल्यांकन प्रक्रियामा समावेश गर्ने कि नगर्ने भन्ने सम्बन्धमा द्विविधा उत्पन्न भएकोले उक्त द्विविधा अन्त्यका लागि आवश्यक राय/परामर्श माग गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई अनुरोध गर्ने भनि मिति २०७६।१।७ गते बसेको नगरकार्यपालकाको बैठकबाट निर्णय भएकोले उक्त निर्णय समेतका आधरमा आवश्यक राय/परामर्श/निर्देशन प्रदान गरीदिनु हुन सादर अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

"धरौटी खातामा जम्मा भएको बोलपत्र कागजात दस्तुर राजश्व खातामा दाखिला गरी बोलपत्र मूल्यांकन प्रक्रियामा लैजान उपयुक्त हुने।"

मितिः २०७६।०१।१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा ।

**राय परामर्श माग गरिएको बिषय :**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा काठमाडौंको च.नं. ५४६, मिति २०७६।०१।१५ पत्रमा बहुराष्ट्रिय औषधि उत्पादक कम्पनीको सामाजिक उत्तरदायित्व कार्यक्रम अर्न्तगत नेपालमा विभिन्न नसर्ने रोगहरुको उपचारमा उपयोगी हुने ३० प्रकारका औषधिहरु प्रचलित बजार मूल्यभन्दा कम मूल्यमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयलाई दुई पक्षीय सम्झौताको माध्यमबाट उपलब्ध गराउन सक्ने भन्ने प्रस्तावको सम्बन्धमा मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनका लागि यस कार्यालयमा राय माग गरेको ।

**राय परामर्श :**

“प्रस्तुत राय मागको सम्बन्धमा कुनै बस्तु वा मालसामानको उत्पादक एक मात्र भएको वा उक्त उत्पादक कम्पनी वा संस्था सरकारी स्वामित्वमा भएको अवस्थामा सिधै खरिद गर्न सकिने विधि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपददफा १(ख) र घ(१) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(३) र ३(क) मा रहेको अवस्थामा बाहेक विद्यमान सार्वजनिक खरिद ऐन नियमको माध्यमबाट सोझै खरिद गर्न सक्ने अवस्था नदेखिएको हुँदा प्रचलित सार्वजनिक खरिदका सर्वमान्य सिद्धान्त पालना गरी प्रतिष्पर्धाको माध्यमबाट सार्वजनिक निकायले कानुनसम्मत खरिद कार्य सम्पन्न गर्नुपर्ने ।”

मिति : २०७६।०१।२६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

संघिय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन, सुर्खेत ।

**राय परामर्श माग गरिएको बिषय :**

संघिय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन सुर्खेतको च.नं. १०२९, मिति २०७६।०१।२३ को पत्र अनुसार डिभिजन सडकबाट मिति २०७५।१२।१५ गते विद्युतीय माध्यमबाट मात्र हाल्न मिल्ने गरी सूचना नं.०७।०७५।०७६ अन्तर्गत ६ वटा शिलबन्दी बोलपत्र प्रस्ताव आव्हान भएको थियो । बोलपत्र सूचनामा उल्लेख भए अनुसार मिति २०७६।१।१३ गते १७:०० बजेसम्म बोलपत्र खरिद गरी मिति २०७६।०१।१४ गते शनिबार परेकोले मिति २०७६।०१।१५ गते १२:०० बजेसम्म बोलपत्र प्रस्ताव दर्ता गरी मिति २०७६।१।१५ गते १३:०० बजे दर्ता हुन आएका प्रस्ताव खोल्ने समय तालिका थियो । सोही सुचनाको ठेक्का नं. RDSKT/3371633/075/76-44 का लागि NS Builders, Surkhet ले मिति २०७६।१।१५ गते नै बोलपत्र खरिद बापतको रु. ३००० हजारको बैंक भौचर भरी e-Bid मार्फत् बोलपत्र प्रस्ताव पेश गरेको थियो । बोलपत्र प्रस्ताव मूल्यांकन गर्दा NS Builders, Surkhet ले नै न्यून कबोल अङ्क प्रस्ताव गरेकोले सोही बोलपत्रदाताको नाममा ठेक्का स्विकृत हुने आशयको सूचना मिति २०७६।१।२१ यस कार्यालयबाट प्रकाशित भएको छ । आशयको सूचना सम्बन्धमा दोस्रो नम्बरमा रहेको श्री मल्ल कन्स्ट्रक्शन, सुर्खेतले मिति २०७६।१।१५ गते बोलपत्र खरिद गर्न नमिल्ने भनी दावी विरोध पेश गरेकोले सो सम्बन्धमा आवश्यक निर्देशन हुन अनुरोध छ ।

**राय परामर्श :**

“विद्युतीय खरिद प्रणाली प्रयोग गरी बोलपत्र पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र पेश गर्ने अन्तिम दिनको १२ बजे भित्र बोलपत्र कागजात दस्तुर दाखिला गरेकोमा समेत मूल्यांकनमा

समावेश गर्न मिल्ने । साथै बोलपत्र आह्वानको सूचना प्रकाशित गर्दा यस कार्यालयबाट जारी भएको स्टयान्डर्ड बिड डकुमेन्टमा रहेको फरमेटको अनिवार्य पालना गर्नु हुन ।"

मितिः २०७६।०१।३१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

विश्वविद्यालय अनुदान आयोग ।

**राय परामर्श माग गरिएको बिषय :**

विश्वविद्यालय अनुदान आयोगको च.नं. ९८९, मिति २०७६।०१।१५ र च.नं. ९९२, मिति २०७६।०१।२४ गरी दुईवटा फरक फरक पत्रमा निम्न बमोजिम यस कार्यालयमा राय माग गरेको :

१) गाडी मर्मतका लागि सम्बन्धित कम्पनीको आधिकारिक बिक्रेताकोमा सोझै मर्मत गर्ने गरेको तर गाडी मर्मतका लागि कोटेशन माग गरी काम गर्दा फरक फरक मूल्य पर्ने र रु. १ लाखभन्दा बढी पर्ने हुनाले आधिकारिक बिक्रेताकोमा सोझै मर्मत गर्ने व्यवस्था गर्न के गर्ने ?

२) कम्प्यूटर, प्रिन्टर लगायतका मालसामानहरु मर्मत गराउनका लागि सूचीकृत फर्महरु मार्फत गराउँदा टाढाको दूरीमा रहेका फर्महरुबाट समयमै सेवा लिन नसक्ने अवस्थामा नजिकका सेवा प्रदायकबाट AMC (Annual Maintaince Contract) गराउन सकिने या नसकिने भन्ने बिषयमा राय माग भएको ।

**राय परामर्श :**

"प्रस्तुत राय मागको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ को उपदफा (घ) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ को अवस्था सिर्जना भएमा र बुँदा नं. २ को हकमा नियम ८५ को उपनियम (५) को अवस्था सिर्जना भएमा सोही कानुनी प्रक्रिया बमोजिम हुने गरी त्यहाँबाट कानुनसम्मत खरिदकार्य सम्पन्न गर्नुपर्ने ।"

मिति : २०७६।०१।३१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

तातोपानी गाउँपालिका, तातोपानी, जुम्ला ।

**राय परामर्श माग गरिएको बिषय :**

तातोपानी गाउँपालिका जुम्लाको आ.व २०७५/०७६ को ग्रामिण सडक योजना निर्माण कार्य व्यवस्थापन गर्न मिति २०७५।११।२२ गतेको कार्यपालिकाको निर्णयानुसार सबै सडक निर्माणका प्याकेजहरु e-Bidding प्रक्रियाबाट मात्र कार्य गर्ने गराउने निर्णय भएबमोजिम यस कार्यालयबाट मिति २०७६।०१।०८ र १० गते Invitation for Sealed Quotation for various Rural Road Track opening and Field Construction work को १५ दिनको सूचना नागरीक राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको सन्दर्भमा उक्त सूचाना www.bolpatra.gov.np मा अपलोड गर्दा बखत Procrument method मा Sealed quotation option मा छनौट गर्नुपर्ने ठाउँमा प्राविधिक त्रुटिका कारण NCB option मा छनौट भई Bid document upload भए अनुसार NCB प्रक्रियामा विभिन्न निर्माण कम्पनीहरु द्वारा पेश गरिएको शिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको २ बजे मिति २०७६।०१।२३ र २०७६।०१।२५ गते शिलबन्दी दरभाउपत्र खोल्दा तपशिल बमोजिम देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ बमोजिम शिलबन्दी दरभाउपत्र सम्बन्धी मूल्याङ्कन प्रक्रियामा अगाडी बढाउने वा सबै प्रक्रिया रद्द गरी नयाँ प्रक्रियामा जाने विषयमा आवश्यक राय परामर्श उपलब्ध गरी दिन हुन अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

“त्यस कार्यालयबाट राय माग गरिएको पत्रमा लेखीए बमोजिम त्यस कार्यालयले Procurement method मा Sealed quotation option मा छनौट गर्नुपर्ने ठाउँमा प्राविधिक त्रुटीका कारण NCB Option मा छनौट भएको भनि उल्लेख भएको देखिएकोले यसरी कार्य गर्दा गराउंदा यस्तो त्रुटी नगरी प्रचलित कानुन रीत, प्रक्रिया र विधि बमोजिम तोकिएको रीत पुरा गरी खरिद कार्य गर्न त्यस कार्यालयलाई ध्यानाकर्षण गराइएको छ ।

प्रस्तुत विषयका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४० र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा स्पष्ट व्यवस्था भएकोले उक्त कानुनी प्रावधानको अनुसरण गर्दै उल्लेखीत विषयमा तहाँबाटै कानुन सम्मत निर्णय गर्नुपर्ने ।”

मितिः २०७५।०१।३१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

चन्दननाथ नगर कार्यपालिकाको कार्यालय, जुम्ला ।

**राय परामर्श माग गरिएको बिषय :**

चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुम्लाको प.सं. ०७४/७५, च.नं. ८९३, मिति २०७५।०१।२० को पत्रबाट विद्युतीय माध्यमबाट निर्माण कार्यको खरिदका लागि दरभाउपत्र आव्हान गरिएकोमा एक मात्र दरभाउपत्र परेको हुँदा स्वीकृत गर्ने बिषयमा द्विविधा भएको भनी राय माग भई आएको ।

**राय परामर्श :**

माग गरिएको रायको बिषयमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम (३क) मा तीन भन्दा कम सिलबन्दी दरभाउपत्र पेश हुन आएमा वा दरभाउपत्र पेश नै नभएमा सो सम्वन्धमा कुनै कुरा उल्लेख नगरी दोस्रो पटक सूचना प्रकाशन गर्नु पर्ने स्पष्ट ब्यवस्था भएको हुँदा थप राय दिई रहनु नपर्ने ।

मिति : २०७६।०२।०१

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ ।

**राय परामर्श माग गरिएको बिषय :**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङको प.स. ०७५।७६, च.नं. १८६६, मिति २०७६।२।७ को पत्र अनुसार उक्त नगरपालिकाको केन्द्र रहेको दिक्तेल बजारको ल्याण्डफिल्ड साईट र फोहर व्यवस्थापन प्रयोजनार्थ फर्मेन्टेसन तथा कम्पोष्ट प्लान्ट सम्बन्धी कार्य Supply, Delivery, Installation, Testing and Commissioning of Fermentation and Compost Plant (Bishesh Anudan, Package No. (3)) कार्यका लागि आ.व. २०७५/७६, ठेक्का नं.: 12/DRM/NCB/2075-076, मिति २०७५।१२।२९ गतेको सौर्य राष्ट्रीय दैनिकमा विद्युतीय बोलपत्र (e-bid) सम्बन्धी प्रकाशित सूचना अनुसार विद्युतीय प्रणाली (e-bid) मार्फत मिति २०७६।०१।३० गते सम्म दर्ता भई सोही दिन नियमानुसार बोलपत्रहरू खोल्दा जम्मा १ (एक) वटा बोलपत्रदाता श्री रिसोर्स एण्ड चेन्ज म्यानेजमेन्ट प्रा.लि.को बोलपत्र मात्र पेश भएको । नियमअनुसार विद्युतीय बोलपत्र (e-bid) गरी मूल्याङ्कनको चरणमा रहेको ।

सूचनामा माग भए बमोजिमका फर्म दर्ता, बैंक जमानत लगायत अन्य कागजातहरूको अध्ययन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० बमोजिम पूर्णताको परिक्षण गर्दा एक मात्र बोलपत्रदाता श्री रिसोर्स एण्ड चेन्ज म्यानेजमेन्ट प्रा.लि.ले बोलपत्र कागजात (Bidding Document) को Section-II को Bid Data Sheet को ITB 11.1 (b) मा ३ (तीन) प्रकारका अनुभवका कागजातहरू (1) Supporting documents showing minimum 5 years of working experience in Permaculture Promotion activities, (2) Supporting

documents showing relevant experience in Tunnel Biogas Technology and Permaculture र (3) Supporting documents showing relevant experience in supply of agro-machinery and equipment माग गरिएकोमा (1) Supporting documents showing minimum 5 years of working experience in Permaculture Promotion activities संग सम्बन्धित अनुभवका कुराहरू लिखित रुपमा पेश गरेको तर, ती कुराहरूको पुष्याई हुने कुनै पनि अनुभवका कागजातहरू पेश नगरेको र अन्य दुई प्रकारका अनुभवहरू (2) Supporting documents showing relevant experience in Tunnel Biogas Technology and Permaculture र (3) Supporting documents showing relevant experience in supply of agro-machinery and equipment भन्ने विषयमा कुनै कुरा उल्लेख नगरेको ।

बोलपत्रकागजात (Bidding Document) को Section-II को Bid Data Sheet को ITB11.1 (b) मा ३ (तीन) प्रकारका अनुभवका कागजातहरू (1) Supporting documents showing minimum 5 years of working experience in Permaculture Promotion activities, (2) Supporting documents showing relevant experience in Tunnel Biogas Technology and Permaculture र (3) Supporting documents showing relevant experience in supply of agro-machinery and equipment माग गरिएकोमा (1) Supporting documents showing minimum 5 years of working experience in Permaculture Promotion activities संग सम्बन्धित अनुभवका कुराहरू लिखित रुपमा पेश गरेको तर, ती कुराहरूको पुष्याई हुने कुनैपनि अनुभवका कागजातहरू पेश नगरेको र अन्य दुई प्रकारका अनुभवहरू (2) Supporting documents showing relevant experience in Tunnel Biogas Technology and Permaculture र (3) Supporting documents showing relevant experience in supply of agro-machinery and equipment भन्ने विषयमा कुनै कुरा उल्लेख नगरेको साथै कुनै पनि अनुभवका कागजातहरू पेश नगरेको । माथि उल्लेख भए बमोजिम माग गरिएको अनुभवका कागजात बोलपत्रदाता संग माग गरी मूल्याङ्कन प्रक्रिया अगाडी बढाउन सकिने वा नसकिने दुविधा पर्न गएको ।

साथै सार्वजनिक खरिद नियमावलीको नियम ४० उपनियम (२) (ङ) मा बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा उल्लेख हुनु पर्नेछ भनी उल्लेख भएको । साथै विद्युतीय बोलपत्र कागजात (Bidding Document) को Section-II को Bid Data Sheet को ITB11.1 (b) मा Letter of Bid/ITB 11.1 (i) को 4 मा Declaration Letter तथा Evaluation and Qualification

Criteria को 1.7 मा Letter of Bid र 1.4 मा Self-Declaration चाहिने भनी उल्लेख भएकोमा Letter of Bid तोकिएको ढाँचामा नै प्राप्त भएको तर, Self-Declaration प्राप्त नभएकोले स्व-घोषणा (Self-Declaration Letter) कागजात पेश नभएको अवस्थामा बोलपत्रहरू सारभूत रुपमा प्रभावग्राही भएको मान्न सकिन्छ सकिदैन दुविधा पर्न गएको भनि लेखी आएको ।

**राय परामर्श :**

"प्रस्तुत राय मागको बिषयमा त्यहाँबाट जारी भएको बोलपत्र कागजातमा माग गरिएको Qualification Criteria यस कार्यालयबाट जारी भएको Standard Bid Document र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ बमोजिम भएको नदेखिंदा त्यहाँ कार्यालयको ध्यानाकर्षण समेत गराउँदै त्यस सम्बन्धमा प्रचलित ऐन नियमको परिधिभित्र रही कानुनसम्मत निर्णय त्यहाँ कार्यालयबाटै हुनुपर्ने देखिंदा यस कार्यालयबाट राय प्रदान नहुने ।"

मिति : २०७६।०२।०२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

पूर्वाधार विकास कार्यालय, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

पूर्वाधार विकास कार्यालय, ललितपुरको प.सं. २०७५/७६, च.नं. ४७७, मिति २०७६।१।२५ को पत्रबाट उक्त कार्यालयले सतुंगल-मातातीर्थ-देउराली-कुलेखानी सडक सुधार आयोजना काठमाडौ (ठे.नं IDOLTP/W/NCB/01/2075-076) को लागत अनुमान रकम रु. ४७,८१,१९,४५०।०४ र वगुवा-प्यूटार-आश्राङ-दुर्लुङ-चन्दनपुर सडक ललितपुर (ठे.नं IDOLTP/W/NCB/02/2075-076)को लागत अनुमान रकम रु. ५१,२३,१५,५६२।०७ को निर्माण कार्यका लागि कार्यालयबाट २०७५।०८।१७ बोलपत्र आव्हानको सूचना प्रकाशन भएको । सूचनामा तोकिएको समय २०७५।९।१८ गते भित्र विद्युतीय माध्यमबाट उपरोक्त सडकहरुको क्रमशः १९ वटा तथा २४ वटा बोलपत्रदाताहरुबाट बोलपत्र पेश हुन आएको । मिति २०७५।११।२६ को बोलपत्र मूल्याङ्कन समितिको निर्णयानुसार सतुंगल-मातातीर्थ-देउराली-कुलेखानी सडक सुधार आयोजना काठमाडाको लागि १६ वटा तथा वगुवा-प्यूटार-आश्राङ-दुर्लुङ-चन्दनपुर सडक ललितपुरको लागि १५ वटा बोलपत्र दाताहरु प्राविधिक प्रस्तावको मूल्यांकनमा सफल भै आर्थिक प्रस्ताव खोल्नको लागि सिफारिश गरिएको । मिति २०७५।१२।१८ को आर्थिक प्रस्ताव खोल्ने सूचनाको सम्वन्धमा वगुवा-प्यूटार-आश्राङ-दुर्लुङ-चन्दनपुरसडक ललितपुरको लागि बोलपत्रदाता श्री रौताहा पि. के. जेभी ले मिति

२०७५।१२।१८ मा पेश गरेको निवेदन उपर कार्यवाही हुंदा निजले पेश गरेको बोलपत्र समेत प्राविधिक प्रस्तवको मूल्याङ्कनमा सफल भै आर्थिक प्रस्तावको मूल्याङ्कनका लागि सिफारिश भएको र सो समेत १६ बोलपत्रदाताहरु प्राविधिक प्रस्तावमा उतीर्ण भएका । मिति २०७५।१२।२५ मा सतुंगल-मातातीर्थ-देउराली-कुलेखानी सडक सुधार आयोजना काठमाडौको आर्थिक प्रस्ताव खोल्दा न्युनतम कवोल गर्ने बोलपत्रदाता श्री अमर कन्श्ट्रक्शन प्रा.लि.कालीमाटी काठमाडौले रु. २४,९७,७८,३६५।२० (मु.अ.कर र PS समेत) रहेको पाइयो । यसै गरी मिति २०७६।०१।०८ गते वगुवा-प्यूटार-आश्राङ-दुर्लुङ-चन्दनपुर सडक ललितपुरको आर्थिक प्रस्ताव खोल्दा न्युनतम कवोल गर्ने बोलपत्रदाता श्री अमर कन्श्ट्रक्शन प्रा.लि.कालीमाटी काठमाडौले रु. २५,०७,२४,७७३।२० (मु.अ.कर र PS समेत) रहेको पाइयो । साथै दुवै ठेक्कामा एउटै बोलपत्रदाता श्री अमर कन्स्ट्रक्शन प्रा.लिले पेश गरेको बोलपत्र नै सवै भन्दा न्युनतम कवोल अंक भएकोले Bid Document को वुंदा नं ३५(ITB) आकर्षित भएको अवस्थामा Bid Document को Section III (Evaluation Criteria) वुंदा नं २.१.२ Multiple Contract अनुसार मूल्याङ्कन गर्ने निर्णय भएको ।

मिति २०७६।१।१० को बोलपत्र मूल्याङ्कन समितिको निर्णयले सतुंगल-मातातीर्थ-देउराली-कुलेखानी सडक सुधार आयोजना काठमाडौ को लागि प्राविधिक प्रस्तावबाट सफल भएका १६ वटा बोलपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्याङ्कनबाट सवैभन्दा न्युनतम रकम रु. २४,९७,७८,३६५।२० (मु.अ.कर र PS समेत) कवोल भएको श्री अमर कन्श्ट्रक्शन प्रा.लि.को बोलपत्र न्युनतम मुल्यांकित भै सारभुत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्र स्वीकृतीका लागि सिफासिश गरिएको । त्यस्तै सोहि मितिको निर्णयानुसार वगुवा-प्यूटार-आश्राङ-दुर्लुङ-चन्दनपुर सडक ललितपुरको लागि प्राविधिक प्रस्तावबाट सफल १६ बोलपत्रदाताहरु मध्ये श्री अमर कन्स्ट्रक्शन प्रा.लि.ले पेश गरेको बोलपत्र (आर्थिक प्रस्ताव) अनुसार कायम हुन आउने कवोल अंक रकम रु. २५,०७,२४,७७३।२० सवैभन्दा न्यूनतम भएता पनि Bid Document को (ITB) ३५.४ तथा Section III, Multiple Contract अनुसार Least Cost Combination समेतको आधारमा पुनःप्राविधिक मूल्यांकन गर्दा निज बोलपत्रदाता श्री अमर कन्स्ट्रक्शन प्रा.लि.Personel तथा Equipment र Average Annual Turnover मा अनुर्तिण भएकोले निज बाहेकको सवैभन्दा न्यूनतम रकम कवोल गर्ने (Second Lowest) बोलपत्रदाता श्री याक्थुम्हांग-महांक्ष्मी-शुभकामना जेभी बालाजु, काठमाडौ ले कवेल गरेको रकम रु. २६,२३,३३,४८८।६० (मु.अ.कर र PS समेत) भएकोमा नीज श्री याक्थुम्हांग-महांक्ष्मी-शुभकामना जेभी बालाजु,काठमाडौले पेश गरेको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भएको पाइएकोले उक्त बोलपत्र स्वीकृतीका लागी सिफारिश भएको ।

यसै गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) को प्रयोजनार्थ मिति २०७६।०१।१३ मा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकासित गरिएको र तोकिएको अवधि भित्र कुनै पनि उजुरी प्राप्त नभएकोले मिति २०७६।१।२० मा भौतिक पूर्वाधार विकास मन्त्रालय प्रदेश नं ३,हेटौंडामा बोलपत्र स्वीकृतीका लागि पेश भएकोमा मन्त्रालयको च.नं ३१०३७ मिति २०७७६।१।२३ को पत्रानुसार यस कार्यालयबाट बोलपत्र स्वीकृतीका लागि पेश भएको Bid Evaluation Report तथा निर्णयमा बोलपत्र मूल्याङ्कन गर्दा Bid Document को ITB 35.4 तथा Section III Multiple Contract मा if भन्ने रहेको र सूचनामा Multiple Contract उल्लेख नभएको सम्वन्धमा Multiple Contract को दफा आकर्षित हुने वा नहुने विषयमा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट राय लिई पुनःपेश गर्नहुन भन्ने व्यहोरा जानकारी गराइएको । Bid Document को ITB 35.4 तथा Section III Multiple Contract मा if भन्ने रहेको र सूचनामा Multiple Contract उल्लेख नभएको संवन्धमा । Multiple Contract को दफा आकर्षित हुने वा नहुने भनि लेखी आएको ।

**राय परामर्श :**

"Work लाई ग्रुप गरिएको, Multiple Contract Award गरीने तथा Multiple Contract Evaluattion को बिधि स्पस्ट गरी Bidding Document मा समावेश गरिएको अवस्थामा बाहेक Multiple Contract को ITB 35.4 Clause आर्कषित नहुने हुँदा उक्त ठेक्कामा त्यहाबाट जारी भएको बोलपत्र डकुमेन्ट र प्रचलित कानुन बमोजिम त्यहाँबाटै निर्णय हुनु पर्ने ।"

मिति २०७६।०२।१२

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङ ।

**राय परामर्श माग गरिएको बिषय :**

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, खोटाङको प.स. ०७५/७६, च.नं.१८६६, मिति २०७६।२।७ को पत्र अनुसार उक्त नगरपालिकाको वडा नं. ६, १० र ११ को सिमानामा पर्ने बगरेभञ्ज्याङमा भ्यू टावर (पेन टावर) निर्माण कार्य गर्ने प्रयोजनार्थ बगरेभञ्ज्याङमा भ्यू टावर (पेन टावर) निर्माण कार्य [Construction of The View Tower (Pen Tower) in Bagarebhanjyang] कार्यका लागि आ.व. २०७५/०७६, ठेक्का नं.: 13/DRM/NCB/2075-076, कार्य गर्ने प्रयोजनका लागि ठेक्का नं. 13/DRM/NCB/2075-076 मिति २०७६।०१।०५ गतेको सौर्य राष्ट्रीय दैनिकमा विद्युतीय बोलपत्र (e-bid) सम्बन्धी प्रकाशित सूचना अनुसार विद्युतीय प्रणाली (e-Bid) मार्फत मिति २०७६।०२।०५ गते सम्म दर्ता भई सोही दिन

नियमानुसार बोलपत्रहरू खोल्दा जम्मा ५ (पाँच) वटा बोलपत्रदाताहरू श्री मुकुन्द ईन्दिरा निर्माण सेवा, श्री एस पि निर्माण सेवा, श्री श्याम कन्स्ट्रक्सन, श्री रुजन-मोहन एण्ड व्यासी गाउं जे.भि. र श्री रावा निर्माण सेवा प्रा.लि.का बोलपत्रहरू पेश भएको । नियम अनुसार विद्युतीय बोलपत्र (e-Bid) गरी मूल्याङ्कनको चरणमा रहेको । सूचनामा माग भए बमोजिमका फर्म दर्ता, बैंक जमानत लगायत अन्य कागजातहरूको अध्ययन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६० बमोजिम पूर्णताको परिक्षण गर्दा न्यूनतम कबोल पेश गर्ने बोलपत्रदाता श्री एस पि निर्माण सेवाले घरेलु तथा साना उद्योग विकास समितिमा तथा स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको प्रमाण-पत्र पेश गरेको तर निर्माण व्यवसायीको रुपमा अन्यत्र दर्ता भएको प्रमाण पेश नगरेको । विद्युतीय बोलपत्र कागजात (Bidding Document) को Section-I को Instruction to Bidder को 21.1 (b) iii को 3 मा Company Registration चाहिने भनी उल्लेख भएको, Section-II को ITB 11.1 (i) को 1 मा Upto date Firm/Company Registraion Certificate चाहिने भनी उल्लेख भएको तथा Evaluation and Qualification Criteria को Qualification Criteria अन्तर्गत 2.4 मा Firm Registration Certificate र 2.5 मा Business Registration Certificate चाहिने भनी उल्लेख भएकोमा घरेलु तथा साना उद्योग विकास समितिको प्रमाण-पत्र पेश गरेको, स्थायी लेखा नम्बर (PAN) मा दर्ता भएको प्रमाण पेश गरेको तर निर्माण व्यवसायीको रुपमा अन्यत्र दर्ता भएको प्रमाण पेश नगरेको अवस्थामा न्यूनतम कबोल अंक पेश गर्ने बोलपत्रदातालाई सारभूत रुपमा प्रभावग्राही भएको मान्न सकिन्छ सकिँदैन दुविधा पर्न गएको ।

**राय परामर्श :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३(४) बमोजिम सार्वजनिक निकायले बोलपत्रको परीक्षण गर्ने सिलसिलामा बोलपत्रदातासंग आवश्यक जानकारी माग गर्न सक्नेछ भन्ने प्रस्ट उल्लेख भएको भएकोले सोही अनुसार ताहाबाटै कानुनसम्मत निर्णय गर्नुपर्ने ।

मितिः २०७६।०२।१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।

**राय परामर्श माग गरिएको बिषय :**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय को च.नं. ६१२।८५७६, मिति २०७६।०२।०७ को पत्रमा "आयोजनाहरुको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०७६", का सम्बन्धमा यस कार्यालयबाट राय माग गरिएको ।

**राय परामर्श :**

"प्रस्तुत राय मागको सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४क मा "यस ऐनको कार्यान्वयनको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयले आवश्यक प्राविधिक मार्गदर्शन, कार्यविधि वा निर्देशिका बनाउन सक्नेछ र त्यस्तो कार्यविधि वा निर्देशिका नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ" भन्ने उल्लेख भएको अलग्गै सन्दर्भ हुँदा प्रस्तुत "आयोजनाहरुको बहुबर्षीय ठेक्का सम्बन्धी मापदण्ड २०७६", उक्त दफाको प्रयोग नै नगरी नेपाल सरकार मन्त्रिपरिषद्‌बाट स्वीकृत गरी सो मापदण्ड बनाई लागू गर्न उपयुक्त नै हुने यस कार्यालयको राय रहेको व्यहोरा जानकारी गराउने ।"

मितिः २०७६।०२।१३

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नेपाल आयल निगम लिमिटेड ।

**राय परामर्श माग गरिएको बिषय :**

नेपाल आयल निगम लिमिटेडको प.सं.०७५।०७६ च.नं. ५२९२, मिति २०७६।०१।२७ को पत्रमा सार्वजनिक खरिद अनुगमन कार्यालयले बनाएको Standard Bid Document, e-GP System आदि प्रयोग गरीएता पनि नेपाल आयल निगमको आर्थिक प्रशासन तथा खरिद सम्बन्धी विनियमावली, २०६४ बमोजिम समेत गरिएको खरिद कार्यमा तीनवटा भन्दा घटी रितपूर्वक बोलपत्र पर्न नआएको अवस्थामा दोश्रो पटक गर्दा पनि सोही अवस्था देखिएमा के गर्ने भन्ने सम्बन्धमा राय माग भई आएको ।

**राय परामर्श :**

"प्रस्तुत राय मागको बिषयमा त्यहाँबाट प्रकाशित बोलपत्रका सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद गर्दा यस ऐन बमोजिमको कार्यविधि पुरा गरी गर्नुपर्ने र सो को प्रतिकुल हुने गरी गरिएको खरिद बदर तथा अमान्य हुनेछ भन्ने उल्लेख भएको हुँदा सार्वजनिक खरिद ऐन र नियमावलीमा भएको कानुनी व्यवस्थाको परिपालना गरी खरिद कार्य गर्नुपर्ने ।"

मिति : २०७६।०२।१९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

कानुन किताब व्यवस्था समिति, बबरमहल, काठमाडौं ।

**राय परामर्श माग गरिएको बिषय :**

कानुन किताब व्यवस्था समिति, बबरमहल,काठमाडौंको प.स.०७५/७६, च.नं.३१०, मिति २०७६।२।१४ को पत्र अनुसार उक्त समितिबाट मिति २०७५।१२।१७ मा १५ दिनको समय दिई छपाई कागज खरिद गर्न दरभाउपत्र माग गरिएकोमा सार्वजनिक निकायले प्रकाशित गरेको दरभाउपत्रको सूचना तथा शर्तहरुमा दरभाउपत्रदाताले आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफनो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा र व्यवसाय सम्बन्धि कसूरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको स्वघोषणा पत्र दरभाउपत्र साथ पेश गर्न माग गरेकोमा दरभाउपत्रको मूल्यांकन गर्दा उक्त पत्र समावेश गरेको नपाइएको तर उक्त फर्मले पेश गरेको दरभाउ सबैभन्दा कम प्रस्ताव देखिएको हुदा उक्त दरभाउपत्रलाई मान्यता दिन सकिने वा नसकिने सम्बन्धमा द्धिविधा भई मूल्यांकन समितिले त्यहाको राय माग गर्न सिफारिस गर्ने निर्णय गरेको भनि राय माग भई आएको ।

**राय परामर्श :**

“स्वघोषणामा उल्लेख हुने कुराहरु बोलपत्रको कागजात साथ संलग्न Letter of Bid मा छ छैन हेरि सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं संसोधनमा भएका व्यवस्थाहरु समेतका आधारमा त्यहाँबाटै कानुनसम्मत निर्णय गनुपर्ने ।”

मिति : २०७६।०२।३०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सडक डिभिजन कार्यालय, लहान ।

**राय परामर्श माग गरिएको बिषय :**

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, सडक डिभिजन लाहानको च.नं. ६१५ मिति २०७६।०२।०२ को पत्र अनुसार सडक डिभिजन अन्तर्गत मिति २०७५।०९।०८ मा प्रकाशित ठेक्का नं. RDLHN/337157-4/075/076-01, कोसेबा खोला पुलको PPMO's e-GP System: www.bolpatra.gov.np/egp बाट online upload गर्दा bid document को Construction Experience in Key Activities मा For Joint Venture: each Partner and All Partner combined must meet all requirements. One Partner not applicable भनेर आयो । हामीले ठेक्काको प्राविधिक पक्षको मूल्याङ्कन गर्दा For Joint Venture: All Partners combined, must meet requirement. Each partner and one Partner not applicable अनुसार गरी फायल स्वीकृती हुन सडक विभाग पठाउँदा फायल स्वीकृत नभई फिर्ता आयो । अब हामीले सो ठेक्कालाई cancel गरेर Re-tender गर्ने कि bid document को Construction Experience in Key Activities मा रहेका For Joint Venture: each

Partner and All Partner combined must meet all requirements. One Partner not applicable अनुसारको पुनः मूल्याङ्कन गरेर फायल स्वीकृती हुन सडक विभागमा पठाउने सम्बन्धमा आवश्यक रायको लागि अनुरोध छ ।

**राय परामर्श :**

“राय माग भएको बिषयका सम्बन्धमा यस कार्यालयबाट जारी भएको स्टयान्डर्ड बिड डकुमेन्टमा भएका प्रावधानहरु बमोजिम कार्यालयले Qualification Criteria राखे नराखेको एकिन गरी सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं र सातौं संसोधनमा भएका व्यवस्थाहरु समेतका आधारमा ताहाँ कार्यालयबाटै कानुनसम्मत निर्णय हुनुपर्ने ।”

मिति : २०७६।०२।३०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, गोरखा जिल्ला, गण्डकी प्रदेश ।

**राय परामर्श माग गरिएको बिषय :**

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, गोरखा जिल्ला, गण्डकी प्रदेशको प. सं. ०७५/०७६, च. न. ५७५, मिति २०७६।०२।१५ को पत्रबाट Sili Khola Water Supply project Palumgtar Gorkha IFB No 12/075/076/WorksSili/WSSDO Gorkha e-Bid मा पेश भएका दुई वटा प्राविधिक प्रस्ताव मध्ये अनक कृपा संरक्षण जे. भी. भरतपुर, चितवनको बोलपत्र फारम खरिद बापतको राजस्व बोलपत्र पेश गर्ने अन्तिम मिति २०७६।०१।२३ गते सम्म कार्यालयको राजस्व खातामा दाखिला नभएको, तर राष्ट्रिय वाणिज्य बैकं भरतपुरको च.नं. १९१७, मिति २०७६।०२।१३ को जो जस सगँ सम्बन्धित छ विषयको पत्रमा “श्री अनक कृपा संरक्षण जे. भी. भरतपुर, चितवनले २०७६।०१।१७ गते राष्ट्रिय वाणिज्य बैंक, भरतपुरबाट श्री खानेपानी तथा सरसफाई डिभिजन कार्यालय गोरखा (कार्यालय कोड ७०४३६३६०२) को राजस्व खाता नं. १०००२०००१००० मा रु ५०००।- दाखिला गरेको तर उक्त रकम बैकं प्रविष्टि गर्ने क्रममा भुलवश खानेपानि तथा सरसफाई डिभिजन कार्यालय, भरतपुरमा जम्मा हुन पुगी, महालेखा नियन्त्रक कार्यालय बाट सम्बन्धित खातामा दाखिला गरेको मितिमै अभिलेख रहने गरी संशोधन भएको जानकारीको लागी अनुरोध गर्दछौ” भन्ने व्यहोराको पत्र अनक कृपा संरक्षण जे. भी. भरतपुर, चितवनले पेश गरेको र निज अनक कृपा संरक्षण जे. भी. भरतपुर, चितवनको बोलपत्र खरिद बापत राजश्व भौचर मिति २०७६।०१।१७, बैकं स्लिप नं. ४०८२८७९ बाट रु ५०००।- दाखिला भएको तर राजस्व सूचना प्रणालीमा २०७६।०१।२६ गते payment date २०७६।०१।१७ उल्लेख भई देखिएकोले निज अनक कृपा

संरक्षण जे. भी. भरतपुर, चितवनलाई प्राविधिक प्रस्ताव मूल्याकंनमा समावेश गर्ने वा नगर्ने विषयमा द्विविधा भएकोले राय मागिएको ।

**राय परामर्श :**

"बोलपत्रदाताले निर्धारित समयाबधि भित्रै शुरुमा नै राजश्व दाखिला गरीसकेको देखिएकोले बोलपत्र साथ पेश भएका सम्पूर्ण डकुमेन्ट अध्ययन गरी उक्त बोलपत्रदातालाई मूल्यांकनमा समावेश गर्ने । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौ र सातौ संसोधनमा भएका व्यवस्थाहरु समेतका आधारमा मूल्यांकन गर्नु हुन ।"

मिति : २०७६।०२।३०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सर्लाही ।

**राय परामर्श माग गरिएको बिषय :**

लालबन्दी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सर्लाहीको प.स. २०७५/०७६, च.नं. २२०७, मिति २०७६।१।३१ को पत्रबाट नगरपालिकाको NCB/22/2075/76 (रानिगञ्ज परवानीपुर मिलनचोक तनघरे सडक कालोपत्रे) मिति २०७५।१२।१८ मा प्रथम पटक बोलपत्र आब्हान भई मिति २०७६।०१।१९ गते दिउँसो १२ बजे भन्दा अघि सम्म e-Bid गर्नुपर्ने समय दिइएकोमा सबै बोलपत्रदाताहरुबाट तहाँ कार्यालयको Bid Document को Invitation for Bids को बुँदा नं. ५ मा 2019-04-30 (२०७६।०१।१७) को दिनको ५ बजे सम्म Bid Document खरिद गरीसक्नुपर्ने प्रावधान लेखीएकोमा ठेक्का खोल्ने अन्तिम दिन २०७६।०१।१८ गते सार्वजनिक बिदा परेको हुँदा २०७६।०१।१९ गते बोलपत्रको राजश्व दाखिला गरी e-Bid मार्फत बोलपत्र दर्ता हुन आएकोमा सो अन्तिम दिन पेश भएको बोलपत्रलाई मूल्याङ्कनमा समावेश गर्न मिल्ने वा नमिल्ने द्धिविधा भएको भनी राय माग भै आएको ।

**राय परामर्श :**

"विद्युतीय खरिद प्रणाली प्रयोग गरी बोलपत्र पेश गर्ने बोलपत्रदाताको हकमा बोलपत्र पेश गर्ने अन्तिम दिनको १२ बजे भित्र बोलपत्र कागजात दस्तुर दाखिला गरेकोमा समेत मूल्यांकनमा समावेश गर्न मिल्ने । साथै बोलपत्र आह्वानको सूचना प्रकाशित गर्दा यस कार्यालयबाट जारी भएको स्टयान्डर्ड बिडिङ डकुमेन्टमा रहेको फरमेटको अनिवार्य पालना गर्नु हुन ।"

मिति : २०७६।०२।३०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारा, प्रदेश नं.२ ।

**राय परामर्श माग गरिएको बिषय :**

घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बाराको च.नं. ३६७०, मिति २०७६।०१।२५ को पत्र अनुसार आ.व. ०७३/०७४ मेडमा कार्यक्रम सञ्चालन गर्न टेन्डर हुँदा कार्यक्रम गर्न छनौट भई रु. ४९,३२,७६६।०० मा सम्झौता भएको संस्था उद्यम विकास परामर्श तथा तालिम केन्द्र प्रा.लि., बाराले मिति २०७३।८।२० को कार्यादेश बमोजिम यस कार्यालयबाट रु. ४,९३,०००।०० पेश्की लिई कार्य सुरु गरी प्रथम रनिङ्ग बिल मिति २०७४।२।१४ मा पेश गरी पेश्की कटाई भुक्तानी गर्न रु. २१,५५,७७७।०० को भ्याट बिल र मिति २०७४।०३।२० मा रु. २२,८३,७१३।- भ्याट बिल पेश गरी जम्मा रु. ४४,३९,४९०।०० को भ्याट बिल पेश गरेकोमा भुलवश नियमानुसार काट्नु पर्ने १०% रिटेन्सन मनी नकाटी भुक्तानी भएको र अर्को आ.व.२०७४/०७५ मा मिति २०७५।३।११ मा भएको तेस्रो पक्ष मूल्याङ्कन प्रतिवेदन अनुसार रिटेन्सन मनीको ९० प्रतिशत रकम भुक्तानी गर्ने भनी लेखी आएकोले आ.व. २०७४/०७५ को मेडमा कार्यक्रम गर्न छनोट भई रु. ६७,५०,१०१।०० सम्झौता भएको संस्था ग्रामीण क्षेत्र तथा कृषि वन विकास केन्द्र, बाराको अन्तिम भुक्तानी सँगै उद्यम विकास परामर्श तथा तालिम केन्द्र प्रा.लि., कलैयाको गत आ.व.२०७३/०७४ मा पेश हुन छुट भएको रु. ४,८०,२५०।०० को मिति २०७५।०३।३२ को भ्याट बिल प्राप्त भए पश्चात गत आ.व. २०७३/०७४ मा कट्टा गर्न छुट भएको १०% रिटेन्सन मनी रु. ४,४९,०००।०० समेत कट्टा भएकोमा सो रिटेन्सन मनी तेस्रो पक्ष मूल्याङ्कन अनुसार हाल भुक्तानी गर्न मिल्ने नमिल्ने विषय आवश्यक राय दिनुहुन अनुरोध गर्दछु भनि लेखी आएको ।

**राय परामर्श :**

"राय माग भएको बिषयमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा द्विविधा नभएको देखिदा प्रचलित आर्थिक ऐन नियम बमोजिमको रित प्रक्रिया पुरयाई फिर्ता दिने सम्बन्धमा त्यहाँ कार्यालयबाटै कानुनसम्मत निर्णय हुनुपर्ने देखिदा यस कार्यालयबाट थप राय प्रदान गरीहनु नपर्ने ।"

मिति : २०७६।०२।३०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनवल, नवलपरासी ।

**राय परामर्श माग गरिएको बिषय :**

सुनवल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनवल, नवलपरासीको च.नं. १९३२, मिति २०७६।०२।०७ को पत्र अनुसार नगरपालिकाले हिलपार्क सडक तथा नाली निर्माण (ठेक्का नं. 34/SUN/Work/NCB/2075/76) का लागि शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचनाका आधारमा श्री कर्माचार्य कन्स्ट्रक्शन, सुनवल-४, नवलपरासीले पेश गरेको बोलपत्र मूल्यांकन गर्दा BOQ को क्र.सं. B को 7 मा दर उल्लेख गर्दा अंकमा रु. १०,०००।०० र अक्षरमा एक हजार उल्लेख गरेको तर जोड जम्मा गर्दा १०,०००।०० लाई आधार मानी जोड जम्मा गरेको पाईएको र उक्त फर्मले अक्षरमा पेश गरेको दरले हिसाब गर्दा कम लागत आउने भएको र अंक र अक्षरमा फरक पर्न गएको हुँदा उक्त अवस्थामा मूल्यांकन गर्न जटिलता श्रृजना भएकोले उक्त फर्मलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६५ को उपनियम २ बमोजिम स्पष्टीकरण माग गर्न सकिने/नसकिने, उक्त फर्मले काम गर्न नसक्ने भएमा धरौटी जफत गर्ने/नगर्ने सो सम्बन्धमा त्यस कार्यालयको निर्देशन आवश्यक भएकोले आवश्यक सहयोगका लागि अनुरोध छ ।

**राय परामर्श :**

"राय माग भएको बिषयका सम्बन्धमा यस कार्यालयबाट जारी भएको Standard Bid Document, Procurement of Works,National Competitive Bidding (NCB), Single Stage Two Envelope Bidding Procedure ( procurement of Value Nrs.20 million to Nrs.1 Billion) को ITB-Clause 33(d) मा स्पस्ट व्यवस्था रहेकोले सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौ र सातौ संशोधनमा भएका व्यवस्थाहरु समेतका आधारमा त्यहाँबाटै निर्णय हुनुपर्ने देखिएकोले यस कार्यालयबाट थप राय दिइरहनु नपर्ने ।"

मिति : २०७६।०२।३०

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

बबई सिंचाई आयोजना, बैदी, बर्दिया ।

**राय परामर्श माग गरिएको बिषय :**

बबई सिंचाई आयोजना, बैदी, बर्दियाको प.स. ०७६।०७७, च.नं. २६, मिति २०७६।०१।३० को पत्रबाट निर्माण कार्यको ठेक्का सम्झौता गर्दा बिभिन्न Performance Security (PBG) माग गर्दा तपसिलमा उल्लेख गरिएको अवस्थामा कुल कती रकम र अवधि सम्मको माग गर्ने सम्वन्धमा द्धिविधा भएको भनि राय माग भै आएको ।

तपसिल

१. बोलपत्रदाताले ल.ई. भन्दा कम १५% सम्म घटि कवोल गर्दा कवोल अंकको ५% Performance Bank Guarantee (PEG) ITB 40.1 (i) बमोजिम निर्माण अवधि+मर्मत सम्भार अवधि+थप ३० दिन सम्मको माग गर्ने द्धिविधा नभएतापनि १५% भन्दा बढी घटेर ठेक्का कवोल गर्नेको हकमा Font Loaded Unbalanced र Substantially Low Bid का कारण ठेकेदारले ठेक्का बिचमै नछाडोस भनि ITB 40.1 (ii) बमोजिम थप घटेको अंङ्कको ५०% Performance Bank Guarantee निर्माण अवधि+थप ३० दिनको प्राप्त गर्नुपर्ने हो कि यो पनि ITB 40.1 (i) मा झैं पहिलो १५% का लागि आवश्यक पर्ने PBG सरहनै निर्माण अवधि+DLP+थप ३० दिनका लागि माग गर्नु पर्ने हो ? सो बारे PPMO को SBD को GCC 58 Securities को उपदफा 58.1 मा केही अस्पष्टता भएको ।

२. ITB 40.1 बमोजिम पहिलो १५% सम्मको ५% र १५% भन्दा बढी घटेर पेश गरिएको ठेक्कामा (Substantially Low Bid, Font Loaded र Unbalanced Bid का लागि) १५% भन्दा बढी घटेको अंङ्कको थप ५०% PBG माग गरेपछि पनि ITB को 35.5 मा उल्लेख गरीए अनुसार BDS मा अतिरिक्त ८% PBG माग गर्नुपर्ने हो ?

**राय परामर्श :**

"सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी भएको Standard Bidding Document को ITB 35.5 र 40.1 मा उल्लेख भएका प्रावधानहरुलाई संयुक्त रुपमा अनुसरण गर्न सकिने र सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ६५ को उपनियम २ र ३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को छैठौं र सातौं संसोधनमा भएका बिषयका समेतका आधारमा तहाँ कार्यालयबाट कानुन सम्मत निर्णय हुनुपर्ने ।"

मितिः २०७६।०३।०६

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा ।

**राय परामर्श माग गरिएको बिषय :**

स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखाको प.सं.०७५।०७६ च.नं. २५९५, मिति २०७६।०२।२७ को पत्रमा परिवार कल्याण महाशाखाको लागि आवश्यक SNCU/NICU Equipments (DHOS/G/ICB-8.4/CHD/2075-76/Procurement of Syringe) खरिद गर्नको लागि बोलपत्र आव्हान गरिएकोमा पेश भएका बोलपत्रमध्ये एक बोलपत्रदातालाई पहिलेको कुनै खरिद कार्यका सम्बन्धमा कालो सूचिमा राख्नका लागि सार्वजनिक खरिद

अनुगमन कार्यालयमा सिफारिश गरिएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उनियम (२) बमोजिम सम्बन्धमा निज बोलपत्रदातालाई नयाँ खरिद प्रक्रियामा सहभागी हुनबाट रोक लगाउन सक्नेछ भन्ने व्यवस्था रहेको तर रोक लगाए वा नलगाएको जानकारी प्राप्त नभएकोले कालो सूचिमा राख्न सिफारिश गर्ने सार्वजनिक निकायकै हकमा नयाँ खरिद कार्यमा सहभागी हुन रोक लगाएको मान्न सकिने वा नसकिने बारेमा के गर्न सकिन्छ भन्ने बिषयमा राय माग भई आएको ।

**राय परामर्श :**

“त्यस स्वास्थ्य सेवा विभागबाट राय माग गरी लेखीएको पत्र सम्बन्धमा श्री Janamukhi Health Enterprises लाई त्यहाँ विभागबाटै सार्वजनिक खरिद ऐन, नियमावलीका प्रावधान विपरित कार्य गरेकोले कालो सूचिमा राखिदिनुहुन भनी त्यहाँ विभागले नैं सिफारिश गरी यस कार्यालयमा मिति २०७६।०३।०८ मा पत्र पठाएकोले उक्त Enterprises लाई नियमानुसार कालो सूचिमा राख्ने कारवाही प्रक्रिया अघि बढिरहेकोले यस बिषयमा राय दिनु नपर्ने ।”

मिति : २०७६।०३।०८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

शहरी विकास तथा भवन कार्यालय, धुलिखेल, काभ्रेपलान्चोक ।

**राय परामर्श माग गरिएको बिषय :**

शहरी विकास तथा भवन कार्यालय, धुलिखेल, काभ्रेपलान्चोकको प.स.०७५/०७६, च.नं.२९५२, मिति २०७६।२।२६ को पत्रबाट दोलखा जिल्ला शैलुङ्ग गाउँपालिकामा एकिकृत वस्ति विकास कार्यक्र अर्न्तगत सडकको स्तरोन्ती गर्नको लागि बोलपत्र आव्हान गरी मूल्याङ्कनको चरणमा रहेको । Standard Bid Document को ITB 12.1 अनुसार "The Letter of Bid, Schedules, and all documents listed under ITB 11, shall be prepared using the relevant forms in section 4(Bidding forms), if so provided. The Forms must be completed without any alterations to the text, and no substitutes shall be accepted. All blank spaces shall be filled in with the information requested." र Standard Bid Document को Letter of Bid form मा "The Bidder must accomplish the Letter of Bid in its letterhead clearly showing the Bidder's complete name and address." तर बोलपत्रदाताहरुले बोलपत्र पेश गर्दा ITB12.1 विपरित Letter of Bid को बुँदाहरु परिवर्तन गरेको र Letter of Price Bid उल्लेख भएको र Standard Bid Document को Letter of Bid Form मा उल्लेख भए बमोजिम LetterHead मा Letter of Bid पेश नगरेको । उक्त

बोलपत्रदाताहरुलाई मुल्याङ्कनमा अनुर्तिण मान्ने वा बोलपत्रदाताहरुबाट उक्त Letter of Bid कागजात सच्चाई माग गर्ने Standard Bid Document र सार्वजनिक खरिद ऐन तथा नियमावलीबाट स्पष्ट नभएको भनि लेखी आएको ।

**राय परामर्श :**

“Standard Bid Document अनुसारको Letter of Bid मा सही छाप भएको बिडलाई Responsive मानिने तथा Standard Bid Document को फरमेट अनुसार नभएका Letter of Bid को हकमा, पेश गरिएको Bid responsive मान्न नसकिने ।”

मिति : २०७६।०३।०९

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

श्री जलश्रोत तथा सिंचाई विकास डिभिजन, गण्डकी प्रदेश, गोरखा ।

**राय परामर्श माग गरिएको बिषय :**

श्री जलश्रोत तथा सिंचाई विकास डिभिजन, गण्डकी प्रदेश, गोरखाको प.स. ०७५/७६, च.नं. ४५५, मिति २०७६।०२।२८ को पत्रबाट डिभिजन कार्यालयबाट मिति २०७६/०१/२४ मा ठेक्का नं. KLIP/WRIDDO/NCB/03/075-076, GLIP/WRIDDO/NCB/04/075-076, BLIP/ WRIDDO/NCB/05/075-076 आव्हान भएको र उक्त बोलपत्र मिति २०७६।०२।२३ मा खोलि मूल्याङ्कन गर्दा सिष्टम एंड इनर्जी प्रा.लि. ले पेश गरेको स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रमा ठक्का पट्टा गर्ने उल्लेख नभएको र मिति २०७६।०२।२७ मा Clarification माग गरेको र त्यस प्रा.ली.ले पेश गरेको प्रबन्धपत्रको संशोधनमा भौतिक पुर्वाधार बिकास निर्माणको लागि बोल कवोल, टेण्डरमा भाग लिने तथा लिन लगाउने भनि उल्लेख भएको हुँदा उक्त सिस्टम एण्ड इनर्जीलाई बोलपत्र मुल्याङ्कनमा समावेश गराउन आवश्यक राय सुझाबको लागि अनुरोध भै आएको ।

**राय परामर्श :**

“सम्बन्धित बोलपत्रदाताले निर्माण व्यवसाय गर्ने इजाजतपत्र प्राप्त गरेको छ छैन यकिन गरी त्यहाँबाटै कानुनसम्मत निर्णय गर्नुपर्ने देखिदा यस कार्यालयबाट थप राय दिइरहनु नपर्ने ।”

मिति : २०७६।०३।१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

श्री जलश्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुली, प्रदेश नं. ३ ।

**राय परामर्श माग गरिएको बिषय :**

जलश्रोत तथा सिंचाई विकास डिभिजन, सिन्धुली, प्रदेश नं. ३ को प.स. ०७५/०७६, च.नं. ४०७, मिति २०७६।०३।०३ को पत्रबाट यस कार्यालयद्वारा बोलपत्र आव्हानको सूचना अनुसार क्रमश १. ठेक्का नं. WRIDD-SINDH/KMIP/NCB-09/075-76 को ईविडमा भाग लिने निर्माण व्यवसायी जगदम्बा-जीवन जे.भी., २. ठेक्का नं. WRIDD-SINDH/MSNIP/NCB-10/075-76 को ईविडमा भाग लिने निर्माण व्यवसायी जगदम्बा-जीवन जे.भी. र ३. ठेक्का नं. WRIDD-SINDH/NIP/NCB-10/075-76 को ईविडमा भाग लिने निर्माण व्यवसायी थापा-इम्मानुएल जे.भी. सार्वजनिक खरिद (सातौं संशोधन) नियमावली, २०७६ नियम ६५ क (१) निज निर्माण व्यवसायी उपर भ्रष्टाचारको कसुरमा मुद्दा दायर भए नभएको सम्वन्धमा एकिन गरी दिन हुन भनी अनुरोध भै आएको ।

**राय परामर्श :**

"राय माग भएको बिषयका सम्बन्धमा सम्बन्धित निकायबाट जानकारी माग गरी एकिन गर्नुपर्ने देखिएकोले यस कार्यालयबाट राय प्रदान गरीहरनु नपर्ने ।"

मिति : २०७६।०३।१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

गोलबजार नगरपालिका, सिरहा ।

**राय परामर्श माग गरिएको बिषय :**

श्री गोलबजार नगरपालिका, सिरहको प.स.०७५/७६, च.नं. २७४७, मिति २०७६।३।१६ को पत्रबाट मिति २०७६/२/२५ गते प्रकाशित नगरपालिकाको प्रशासकीय भवन सम्बन्धिको बोलपत्र IFB No. GLB-MUN-NCB-18-075-076 को प्राविधिक मूल्यांकनको क्रममा नेपाल आर्दश निर्माण कम्पनी प्रा.लि.ले बोलपत्र फाराम दस्तुर रु. १०,०००।- राष्ट्रिय बाणिज्य बैक लि. सिरहामा गोलबजार नगरपालिकाको नाममा रहेको राजश्व खाता नं. २१३०३०४०१४१०६ मा जम्मा गर्नु पर्नेमा राष्ट्रिय बाणिज्य बैक लि. सिरहामा गोलबजार नगरपालिकाको नाममा रहेको धरौटी खाता नं. २१३०३०३०००३०२ मा जम्मा गरेको छ। उक्त कम्पनी फर्मलाई प्राविधिक मूल्याङ्कनमा स्वीकृत गर्न मिलने वा नमिल्ने सम्बन्धि लिखित राय दिनुहुन अनुरोध भै आएको।

**राय परामर्श :**

"कार्यालयको धरौटी खातामा जम्मा भएको रकमलाई कार्यालयले राजश्व खातामा ट्रान्सफर गर्न सक्ने अवस्था देखिएकोले उक्त रकम सम्बन्धित राजश्व खातामा जम्मा गरी मूल्यांकनमा समावेश गर्न उचित हुने ।"

मितिः २०७६।३।१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

वुद्धभूमी नगरपालिका, नगरकार्यपलिकाको कार्यालय, वुडढी, कपिलबस्तु ।

**राय परामर्श माग गरिएको बिषय :**

बुद्धभूमि नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, बुड्ढी, कपिलवस्तुको प.स. ०७५।७६, च.नं. २९५२, मिति २०७६।२।२६ को पत्रबाट उक्त नगरपालिकाबाट आ.व ०७५/०७६ मा संचालन हुने बहुवर्षीय योजना भृकुटी चोक, राजपुर, प्रेमनगर, कठनीहवा, लोहरौला, चेत्रादेही सडक स्तर उन्नती तथा पक्कि पुल निर्माण ठेक्का नं 35/BM/POW/075-76 को ठेक्का प्रक्रिया पुरा भई सम्झौता क्रममा रहेको छ। उक्त योजनाको सम्पन्न गर्ने म्याद २४ महिनाको रहेको छ। उक्त योजनाको Special Condition of Contract मा मूल्य समायोजन नराखिएको तर सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ अनुसार १२ महिना भन्दा बढी अवाधिको खरिद सम्झौता कार्यन्वयन गर्ने क्रममा मूल्य समायोजनको व्यवस्था भएको हुँदा, हाल उक्त योजना सम्झौता गर्दा मूल्य समायोजन राख्न मिल्ने वा नमिल्ने स्पस्ट पारिदिनुहुन अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

"बोलपत्र आह्वान गर्दा जारी गरिएको बिड डकुमेन्टको Special Condition Of Contract खण्डमा राखिएका व्यवस्थाहरु मात्र खरिद सम्झौतामा राख्न मिल्ने ।"

मिति : २०७६।०३।१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

श्री थाहा नगरपालिका कार्यालय, मकवानपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

थाहा नगरपालिका कार्यालय,मकवानपुरबाट निर्माण कार्यको लागि आव्हान भएको जम्मा दुईवटा बोलपत्र पेश हुन आएकोमा कम कबोल गर्ने बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्न आशयपत्र निकाली सकिएकोमा अर्को बोलपत्रदाताले बोलपत्र पुनः मुल्याङ्कन गरी पाउँ भनी निवेदन पेश गरेको हुँदा निम्न कुराहरु खुलाई पठाईदिन अनुरोध भै आएको :

(क) Bidding Document को Section 1 : ITB C. Preparation of Bids, 11. Documents comprising the bid a) Letter of Bid मा र Bid Document, ITB, Section c, 17 no. Format and Signing of Bid, 17.2 … and shall be signed by

a person duly authorized to sign on behalf of the Bidder उल्लेख भएकोमा सबै पानामा e-Bid गर्दा सहि नभएमा ठेक्का स्विकृत गर्न मिल्ने वा नमिल्ने ?

(ख) Bidding Document को Section 1 : ITB C. Preparation of Bids, 11. Documents comprising the bid e) Documentary evidence of establishing the bidders eligibility अर्न्तगत to Whom it may concern मा कार्यालयलाई सम्बोधन गर्नुपर्ने वा नपर्ने र बोलपत्र आव्हान हुनु पुर्बकै मिति राखि सो पत्र राख्न मिल्ने वा नमिल्ने ?

(ग) Bidding Document को Section 1 : C. 11 (d) अर्न्तगतको Power of Attorney मा सम्बोधन गर्नुपर्ने वा नपर्ने ?

**राय परामर्श :**

बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी भएको Standard Bid Document प्रयोग नभएको देखिएकोले ध्यानाकर्षण गराउदै सो सम्बन्धमा यस कार्यालयबाट थप राय प्रदान नहुने ।

मिति : २०७६।०३।१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, ज्वागल, ललितपुर ।

**राय परामर्श माग गरिएको बिषय :**

सडक विभाग, विकास सहायता कार्यान्वयन महाशाखा, ज्वागल, ललितपुरको प.स. ०७५/७६, च.नं. ६२९, मिति २०७६।३।१६ को पत्र अनुसार विश्व बैकको सहयोगमा संचालित नेपाल भारत क्षेत्रीय व्यापार तथा यातायात आउोजना अर्न्तगत पहिरो नियन्त्रण सम्बन्धि कार्य अर्न्तगत नारायणघाट मुग्लिंग सडक खण्डको Contract NIRTTP-DOR-W-NCB- 6 लागि मिति २२ अप्रिल २०१९ मा बोलपत्र आह्वान भएको, बोलपत्र खोल्ने अन्तिम मिति २३ मे २०१९ को १२ बजे भित्र दर्ता हुन आउका बोलपत्रहरु सोही दिन खोली बोलपत्रदाता मध्ये Bajra Guru Him Sagarmatha New Technical JV को Joint venture Agreement मा उल्लेखीत नामको समबन्धमा केहि अस्पस्टता देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को उपदफा ४ अनुसार र Instructions to Bidders Clause 27.1 अनुसार Clarification सोधिएको र उक्त बोलपत्रदाताबाट भूलबस नाम फरक परक लेखीए तापनि उल्लेखीत कम्पनीको छाप र JV Agreement को शरुमा र अन्त्यमा उल्लेखीत नाम नै उक्त कम्पनीको आधिकारिक भएको व्यहोराको Clarification पेश गरेको छ । सार्वजनिक खरिद ऐन २०६३ को

दफा २५को उपदफा २ मा बोलपत्र सम्बन्धि कागजातमा सानातिना फरक भएमा सम्भव भए सम्म सो को मूल्य निकाली त्यसतो मुल्य समेत उपदफा १ बमोजिम बोलपत्र मूल्यांकनमा समावेश गर्नुपर्नेछ भन्ने उल्लेख भएकोले सो अनुसार JV Agreement मा नाम उल्लेख गर्दा कुनै एउटा ठाउमा नाम फरक पर्न गएको र निजको Clarification बाट सो को सम्बन्धमा मूल्यांकन समितिमा छलफल भएको र सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ को उपदफा ३ बमोजिमको अवस्था नरहेको हुदा उक्त जेभि लाई बोलपत्र मूल्यांकनमा समावेश गरिएको ।

न्युनतम दररेट पेश गर्ने बोलपत्रदाता Bajra Guru Him Sagarmatha New Technical JV को JV Agreement को सम्बन्धमा केहि अस्पसटता देखिएको र अर्को बोलपत्रदाता Swachhanda-Shyam Sundar-Creation JV ले निवेदन पेश गरेको तथा सार्वजनि खरिद अनुगमन कार्यालयको च.नं.२४०१, मिति २०७६।२।२० को पत्र प्राप्त भएको भनि लेखी आएको ।

**राय परामर्श :**

"सार्वजनिक खरिद ऐन, २०६३ को दफा १०(६) मा रहेको व्यवस्था बमोजिम मूल्यांकन प्रक्रिया अगाडी बढाउन उपयुक्त हुने ।"

मिति : २०७६।०३।१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

नौमूले गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, दैलेख ।

**राय परामर्श माग गरिएको बिषय :**

नौमूले गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, दैलेखको प.स. ०७५/७६, च.नं. १२१२, मिति २०७६।३।९ को पत्रबाट उक्त गाउँपालिकाले बिभिन्न स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधि वितरण गर्नको लागि औषधि तथा स्वास्थ्य सामग्रीहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने सूचना २०७६।२।१५ मा कार्यालयमा टिप्पणी सहित प्रथम पटक प्रकाशित मिति २०७६।२।१५ लेखी मिति २०७६।२।१६ को राष्ट्रिय धमाका दैनिकमा प्रकाशित गरिएको देखिन्छ । उक्त दरभाउपत्र आह्वानको सूचना प्रकाशित मिति २०७६।२।१५ तथा पत्रिकामा प्रकाशित मिति २०७६।२।१६ फरक पर्न गएको तथा यस कार्यालयबाट प्रथम पटक सूचना प्रकाशित मिति २०७६।२।१५ लाई आधार मानी १५ दिन सम्म खरिद भई १६ औं दिनको मध्यान्ह १२.०० बजे सम्म दर्ता गरी दिउसो २:०० बजे नै उक्त सिलबन्दी दरभाउपत्र मिति २०७६।२।३० को दिनको २:०० बजे सिलबन्दी दरभाउपत्र खोलिएको तथा केहि व्यक्तिहरुबाट सिलबन्दी दरभाउपत्र खोल्ने मिति पत्रिकामा प्रकाशन मिति २०७६।२।१६ लाई आधार मानी गर्नु पर्ने भनि

गुनासो आएकोमा यस सर्न्दभमा पत्रिकामा प्रकाशित मिति २०७६।२।१६ लाई मान्ने वा २०७६।२।१५ लाई आधार मानी सिलबन्दी दरभाउपत्र खोल्ने भन्ने बिषयमा दुविधा भएको भनि लेखी आएको ।

**राय परामर्श :**

“पत्रिकामा सूचना प्रकाशन भएको मितिका आधारमा गणना गरी उक्त दरभाउपत्र खोल्ने मिति कायम हुने ।”

मिति : २०७६।०३।१८

**राय परामर्श माग गर्ने सार्वजनिक निकाय :**

कृषि बिकास बैंक लिमिटेड ।

**राय परामर्श माग गरिएको बिषय :**

यस बैंकबाट मिति २०७५/१२/२० को नागरीक राष्ट्रिय दैनिकमा सिलबन्दी वोलपत्र आह्वानको सूचनाको क्रम संख्या 02/ADBL/CS/081/2076 अन्तर्गत कृ.बि.बैंक लि. जनकपुरमा काउण्टर, हेल्पडेक्स, पार्टिसन तथा सजावट निर्माण कार्यको लागि सूचना प्रकाशन भएको । सो अनुसार बिभिन्न ५ फर्म/कम्पनीको निवेदन पर्न आएकोमा वोलपत्रको मूल्यांकन गर्न मिति २०७६।१।२५ मा समिति गठन भई उक्त समितिले विभिन्न ५ वटा फर्म कम्पनीको बोलपत्रको विभिन्न चरणमा मूल्यांकन गरी आर्थिक मूल्यांकनको लागि गणेश खुश्वु निर्माण सेवा, सर्लाही, क्षिरेश्वर निर्माण सेवा, धनुषा र आदर्शज्योति कष्ट्रक्सन का.म.न.पा ३१ छनौट भएकोमा आर्थिक मूल्यांकनबाट न्यूनतम मूल्याकित सारभूत रुपमा प्रभावग्राही देखिएको क्षिरेश्वर निर्माण सेवा, धनुषालाई मूल्यांकन समितिले छनौट गरी मिति २०७६।२।२५ को नागरीक राष्ट्रिय दैनिकमा वोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना प्रकाशित गरिएको । उक्त सूचनामा चित्त नबुझि गणेश खुश्वु निर्माण सेवाले मिति २०७६।२।२९ को निवेदन हुलाक मार्फत पठाई यस बैंकमा मिति २०७६।२।३१ मा प्राप्त भएको छ र निजले दिएको निवेदनमा बोलपत्र फर्मको बुदा नं ११ (ख) र बुदा नं १७ को (झ) उल्लेख गरी प्रत्येक आईटममा दर रेट भरी नआएमा सो फर्म रद्ध हुनेछ भनी सोही अनुसारको दाबी गरेको देखियो । मूल्यांकन समितिबाट आर्थिक मूल्यांकन गर्दा BOQ को जम्मा आईटम २३ भएको र वोलकवोल गरेको कुल रकम उल्लेख गरेको र सो भित्रको आईटमहरु मध्ये आईटम नं ५ को quantity मा २८ Sqft. भई Rate per unit Column मा उल्लेख नभएको तर Amount उल्लेख गरेको देखिन्छ । मूल्यांकन समितिले आर्थिक मूल्यांकन गर्दा क्षिरेश्वर निर्माण सेवाले पेश गरेको BOQ Total दररेट बाट २५ प्रतिशत घटी पेश गरेको र आईटम नं ५ मा quantity र Unit Total

Amount रु. २८०००।- लाई भाग गरी Rate Per Unit निकाल्दा न्यूनतम मूल्यांकन भई सारभूत रुपमा प्रभावग्राही देखिएकोले छनौट गरेकोमा निबेदक गणेश खुशवु निर्माण सेवा प्रो. गणेश झा ले आईटम र दररेट नभरेको भनी बोलपत्र डकुमेण्टको बुदा नं ११ र "बोलपत्र मुल्य" र बुदा नं १७ मा "कारबाही नहुने सम्बन्धमा" उल्लेख गरी मुलत दररेट नभरेको र आशयको सूचना त्रुटीपूर्ण भएकोले सच्याइ पाउ भनी निबेदन दिएकोले सो सम्बन्धमा आशयको सूचना अनुसारको प्रक्रिया अगाडि बढाउने वा निबेदक गणेश खुशवु निर्माण सेवाको निबेदनमा माग भए बमोजिम यस अघि निर्णय भएको बोलपत्र रद्ध गरी निजलाई दिनु उचित हुने हो वा पूरै वोलपत्र रद्ध गर्नु पर्ने हो वा अन्य प्रक्रिया अगाडि बढाउनु पर्ने हो आबश्यक राय परामर्श उपलब्ध गराईदिनुहुन अनुरोध छ भनि लेखी आएको ।

**राय परामर्श :**

"बोलपत्र आह्वान गर्दा यस कार्यालयबाट जारी भएको Standard Bid Document प्रयोग नभएको देखिएकोले ध्यानाकर्षण गराउदै सो सम्बन्धमा यस कार्यालयबाट थप राय प्रदान नहुने ।"

# कालोसूची सम्वन्धी विवरण

| क.सं | फर्म/कम्पनीको नाम | अवधी | प्रकार | हालको अवस्था |
|---|---|---|---|---|
| १ | श्री खेमतारा कन्स्ट्रक्सन, सैनामैना - ८, रुपन्देही । | 2019-07-28 to 2021-07-27 | Civil Works | Active |
| २ | श्री सोमु कन्स्ट्रक्सन, ददिकोट - ८, भक्तपुर । | 2019-07-28 to 2021-07-27 | Civil Works | Active |
| ३ | श्री J.B. ENT. Pvt. Ltd., सिनामंगल, काठमाण्डौ । | 2019-07-28 to 2021-07-27 | Civil Works | Active |
| ४ | श्री हिलारा कन्स्ट्रक्सन, हुम्ला -२, सिमिकोट । | 2019-07-28 to 2021-07-27 | Civil Works | Active |
| ५ | श्री जि. एम. कन्स्ट्रक्सन प्रा.ली., गोङ्गवु-६, काठमाण्डौ । | 2019-07-08 to 2021-07-07 | Civil Works | Active |
| ६ | श्री थोदुङ्ग/अजम्वर/शिवराम जे.भी., अनामनगर, काठमाण्डौ । | 2019-07-08 to 2020-07-07 | Civil Works | Suspend |
| ७ | श्री द कञ्चनजघां/लामा विल्डर्स जे.भी., बौद्ध, काठमाण्डौ । | 2019-07-08 to 2021-07-07 | Civil Works | Active |
| ८ | श्री लोकवीर एण्ड बेताली/नेपाल/प्रगती जे.भी., बुद्धनगर, काठमाण्डौ । | 2019-07-08 to 2020-07-07 | Civil Works | Active |
| ९ | श्री लोहोनी एण्ड ब्रदर/थोदुङ्ग/सुरुची जे.भी., अनामनगर, काठमाण्डौ । | 2019-07-08 to 2020-07-07 | Civil Works | Suspend |
| १० | श्री जोशी ब्रदर्श, जडिबुटी, काठमाण्डौ । | 2019-06-15 to 2021-06-14 | Goods | Active |
| ११ | श्री बुस्ती निर्माण सेवा, भिमेश्वर न.पा., दोलखा । | 2019-06-15 to 2020-06-14 | Civil Works | Active |
| १२ | श्री आर.बि. सप्लायर्स, बानेश्वर ९, काठमाण्डौ । | 2019-06-15 to 2020-06-14 | Goods | Active |
| १३ | श्री पि.आर. निर्माण सेवा, बालकुमारी ८, ललितपुर । | 2019-05-17 to 2020-05-17 | Civil Works | Active |
| १४ | श्री सिता निर्माण सेवा, मजकोट ९, जाजरकोट । | 2019-05-17 to 2020-05-17 | Civil Works | Active |
| १५ | श्री एम.के. श्रृष्टि जे.भी., पुल्चोक, ललितपुर । | 2019-05-17 to 2022-05-16 | Civil Works | Active |

| क.सं | फर्म/कम्पनीको नाम | अवधी | प्रकार | हालको अवस्था |
|---|---|---|---|---|
| १६ | श्री नेपाल स्वाभिमान प्रा.ली., का.म.न.पा.१०, बानेश्वर, काठमाण्डौ । | 2019-05-17 to 2022-05-16 | Goods | Active |
| १७ | श्री नेशनल वायोमेडिकल प्रा.लि., त्रिपुरेश्वर, काठमाण्डौ । | 2019-05-17 to 2022-05-16 | Goods | Active |
| १८ | श्री Central China Power Grid International Economic & Trade Co. Ltd., China. | 2019-05-17 to 2022-05-16 | Civil Works | Active |
| १९ | श्री China Shanix Construction Engineering (Group) Corporation, China. | 2019-05-17 to 2022-05-16 | Civil Works | Active |
| २० | श्री दिनेश कन्स्ट्रक्सन, चण्डोल ४, विशालनगर, काठमाण्डौ । | 2019-05-17 to 2021-05-16 | Civil Works | Active |
| २१ | श्री एल.जि.ए. कन्सट्रक्सन, कोटेश्वर ३५, काठमाण्डौ । | 2019-04-23 to 2021-04-22 | Civil Works | Active |
| २२ | श्री के.एन.एस. ट्रेडर्स एण्ड विल्डर्स प्रा.ली., कलंकी १४, काठमाण्डौ । | 2019-04-08 to 2022-04-07 | Civil Works | Active |
| २३ | श्री ग्लोवल विजनेश सप्लायर्स, सानोभऱ्याङ्ग, काठमाण्डौ । | 2019-04-08 to 2022-04-07 | Goods | Active |
| २४ | श्री कृष्ण चर्तुभुज निर्माण सेवा, हेटौंडा ११, मकवानपुर । | 2019-04-08 to 2022-04-07 | Civil Works | Suspend |
| २५ | श्री कृष्ण मञ्जु कन्स्ट्रक्सन, हेटौंडा १०, मकवानपुर | 2019-04-08 to 2022-04-07 | Civil Works | Suspend |
| २६ | श्री राना एण्ड पाखिन कन्स्ट्रक्सन जे.भी., हेटौंडा ४, मकवानपुर । | 2019-04-08 to 2022-04-07 | Civil Works | Suspend |
| २७ | श्री हिमाल मेडिसर्भ, त्रिपुरेश्वर, काठमाण्डौ । | 2019-04-08 to 2020-04-07 | Goods | Active |
| २८ | श्री लवमी जनरल अर्डर सप्लायर्स, हेटौंडा ४, मकवानपुर । | 2019-04-08 to 2020-04-07 | Goods | Active |
| २९ | श्री आर.एस. निर्माण सेवा, हेटौंडा ४, मकवानपुर । | 2019-04-08 to 2022-04-07 | Civil Works | Active |
| ३० | श्री प्रतिष्ठा एक्सपोर्ट इम्पोर्ट प्रा.ली., पुलतीसडक, काठमाण्डौ । | 2019-04-08 to 2022-04-07 | Goods | Active |
| ३१ | श्री हिलपार्क कन्स्ट्रक्सन, वागडोल, ललितपुर । | 2019-04-02 to 2022-04-01 | Civil Works | Active |
| ३२ | श्री पार्वती ट्रेडर्स, वुढानिलकण्ठ-८, काठमाण्डौ । | 2019-04-02 to 2021-04-01 | Civil Works | Active |

| क.सं | फर्म/कम्पनीको नाम | अवधी | प्रकार | हालको अवस्था |
|---|---|---|---|---|
| ३३ | श्री मनकामना सप्लायर्स, गोरखा न.पा. ६, गोरखा । | 2019-02-23 to 2020-02-22 | Civil Works | Active |
| ३४ | श्री जि.एम. कन्स्ट्रक्सन प्रा.ली., गोङ्गवु, काठमाण्डौ । | 2019-02-23 to 2022-02-22 | Civil Works | Active |
| ३५ | श्री दि आनन्द प्रा.ली., भरतपुर ९, चितवन । | 2019-02-23 to 2021-02-22 | Civil Works | Active |
| ३६ | श्री टाटागाउँ कन्स्ट्रक्सन प्रा.ली., थापाथली, काठमाण्डौ । | 2019-02-23 to 2021-02-22 | Civil Works | Active |
| ३७ | श्री एस.वि.ए./प्रगती जे.भी., कपन १, काठमाण्डौ । | 2019-02-23 to 2021-02-22 | Civil Works | Suspend |
| ३८ | श्री नेपाल प्रगती/राप्ती/उच्च हिमालय जे.भी. रोल्पा । | 2019-01-17 to 2022-01-16 | Civil Works | Active |
| ३९ | श्री शुभ नवरंग कन्स्ट्रक्सन, कमल गा.पा. ५, झापा । | 2019-01-17 to 2020-01-16 | Civil Works | Active |
| ४० | श्री महालक्ष्मी इन्जिनियरिङ्ग वर्कशप प्रा.ली., हेटौंडा, मकवानपुर । | 2019-01-17 to 2022-01-16 | Civil Works | Active |
| ४१ | श्री कैलाशपती निर्माण सेवा एण्ड सप्लायर्स प्रा.ली., नुवाकोट । | 2019-01-17 to 2020-01-16 | Civil Works | Active |
| ४२ | श्री सपना एण्ड सरोज कन्स्ट्रक्सन सप्लायर्स, खलंगा ३ (हाल भे.न.पा ३), जाजरकोट । | 2019-01-17 to 2021-01-17 | Goods | Active |
| ४३ | श्री कोष्टल-पप्पु जे.भी., तिनकुने, काठमाण्डौं। | 2019-03-23 to 2022-03-22 | Civil Works | Active |
| ४४ | श्री फ्रेन्ड्स निर्माण सेवा | 2018-10-30 to 2021-10-29 | Civil Works | Active |
| ४५ | श्री सर्बउद्धार निर्माण सेवा | 2018-10-30 to 2021-10-29 | Civil Works | Active |
| ४६ | श्री सर्बउद्धार/फ्रेन्ड्स जे.भी., काठमाण्डौ । | 2018-10-30 to 2021-10-29 | Civil Works | Active |
| ४७ | श्री इशान कन्स्ट्रक्सन प्रा.ली., काठमाडौं । | 2018-10-13 to 2019-10-13 | Civil Works | Active |
| ४८ | श्री थोदुंग/बौद्ध जे.भी. | 2018-09-10 to 2019-09-09 | Civil Works | Suspend |
| ४९ | श्री थोदुंग कन्स्ट्रक्सन प्रा.ली. | 2018-09-10 to 2019-09-09 | Civil Works | Suspend |
| ५० | श्री बौद्ध निर्माण सेवा | 2018-09-10 to 2019-09-09 | Civil Works | Suspend |

# आ.व. २०६४/६५ देखी आ.व. २०७५/७६ सम्मको कालोसूची विवरण

| सि.नं. | आर्थिक बर्ष | कालोसूची संख्या |
|---|---|---|
| १. | २०६४/६५ | ६ |
| २. | २०६५/६६ | १० |
| ३. | २०६६/६७ | १५ |
| ४. | २०६७/६८ | ८ |
| ५. | २०६८/६९ | २५ |
| ६. | २०६९/७० | १३ |
| ७. | २०७०/७१ | ३० |
| ८. | २०७१/७२ | ३६ |
| ९. | २०७२/७३ | १८ |
| १०. | २०७३/७४ | ४७ |
| ११. | २०७४/७५ | ५२ |
| १२. | २०७५/७६ | ५० |
| | **जम्मा** | **३१०** |

अनुसूची ८

# विद्युतीय खरिद प्रणाली (e-GP System) को तथ्याङ्क

| सि.नं | विवरण | आ.व. २०७५/७६ मा | हाल सम्म |
|---|---|---|---|
| १ | दर्ता भएका सार्वजनिक निकायको संख्या | १,५०५ | २२७० |
| २ | दर्ता भएका बोलपत्रदाता | ६,०८० | १०,८२६ |
| ३ | सम्पन्न भएका वोलपत्रहरु | १३,११५ | १७३५४ |

अनुसूची ९

अनुसूची-२

(नियम २० को उपनियम (२) र नियम २५ को उपनियम (१) संग सम्वन्धित)

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सार्वजनिक खरिद अनुगमन कार्यालय

# आ.ब. २०७५/७६ को बार्षिक प्रगति विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | बार्षिक लक्ष्य | | | तेस्रो चौमासिक अवधिसम्मको लक्ष्य | | | यस चौमासिक अवधि सम्मको भौतिक प्रगति | | | यस चौमासिक अविधसम्मको खर्च | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सूचक | भार | बजेट | सूचक | भार | बजेट | सूचक | भार | प्रतिशत | रकम रु. | प्रतिशत | |
| 1 | 2 | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
| ८.२.९.२ | भवन मर्मत पार्टेशन वायरिङ (पूँजीगत सुधार खर्च) | वटा | ३ | २.६२ | १,५००.० | ३ | २.६२ | १,५००.० | ३ | २.६२ | १००.० | १४८५.८६ | ९९.०६ | |
| ८.३.१.५५ | फर्निचर खरिद सोफासेट, कुर्सि, मिटिङ टेवल आदी (कार्यालयको लागि फर्निचर फिक्चर्स) | वटा | २० | ०.८७ | ५००.० | २० | ०.८७ | ५००.० | २० | ०.८७ | १००.० | ४९८.११ | ९९.६२ | |
| ८.५.१.८३ | ल्यापटप कम्प्युटर (कार्यालय संचालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | वटा | ५ | १.२६ | ७२०.० | ५ | १.२६ | ७२०.० | ५ | १.२६ | १००.० | ४७०.३१ | ६५.३२ | |
| ८.५.१.८८ | डाटा सेन्टरमा सर्भर, राउटर, फायरवाल खरिद (कार्यालय संचालनसंग सम्बन्धी यन्त्र, उपकरण तथा मेशीन औजार) | वटा | २ | ३.४९ | २,०००.० | २ | ३.४९ | २,०००.० | २ | ३.४९ | १००.० | ७५६.५६ | ३७.८३ | |
| ८.८.१८.१६१ | विडिङ डकुमेन्ट, टेकनिकल नोट परिमार्जन तथा तयारी(अन्य पूँजीगत अनुसन्धान तथा परामर्श) | वटा | ६ | ५.२३ | ३,०००.० | ६ | ५.२३ | ३,०००.० | ६ | ५.२३ | १००.० | १३४५.७८ | ४४.८६ | |
| ८.८.१९.९ | bolpatra.gov.np र ppmo.gov.np वेभसाइटको SSL उपलब्धता(सफ्टवेयर निर्माण तथा परामर्श) | पटक | २ | ०.८७ | ५००.० | २ | ०.८७ | ५००.० | २ | ०.८७ | १००.० | २५४.२५ | ५०.८५ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८.८.१९.१३ | e-GP सम्वन्धी सूचना प्रवाह गर्न Mobile Notification SMS System Services Development (सफ्टवेयर निर्माण तथा परामर्श) | पटक | १ | ०.३५ | २००.० | १ | ०.३५ | २००.० | १ | ०.३५ | १००.० | ९८.३१ | ४९.१६ | |
| ८.८.१९.४२ | e-GP सम्वन्धी सूचना प्रवाह गर्न Mobile Apps Development (सफ्टवेयर निर्माण तथा परामर्श) | वटा | १ | ०.३५ | २००.० | १ | ०.३५ | २००.० | १ | ०.३५ | १००.० | ९९.५० | ४९.७५ | |
| ८.८.१९.४३ | Upgradation of e-GP System(सफ्टवेयर निर्माण तथा परामर्श) | पटक/ संख्या | १ | ८.७२ | ५,०००.० | १ | ८.७२ | ५,०००.० | ० | ०.०० | ०.०० | ९८.९६ | १.९८ | |
| २.१२.१.७ | AMC for Hardware and Networking(सेवा करार) | पटक | १ | ०.५२ | ३००.० | १ | ०.५२ | ३००.० | १ | ०.५२ | १००.० | २९३.५७ | ९७.८६ | |
| २.१२.१.१३ | सूचना प्रविधि परामर्शदाता/ IT Specialist ( Database, System, Network Administrator र Programmer)(सेवा करार) | जना | ४ | १०.१० | ५,७८७.० | ४ | १०.१० | ५,७८७.० | १ | २.५२ | २५.०० | ४५५.०० | ७.८६ | |
| २.१२.१.२८ | e-GP help Hesk संचालन परामर्श सेवा(सेवा करार) | जना | १ | ८.७२ | ५,०००.० | १ | ८.७२ | ५,०००.० | १ | ८.७२ | १००.० | ११६६.१६ | २३.३२ | |
| २.१२.१.३२ | कार्यालय सुरक्षा सेवा खरिद(सेवा करार) | जना | १ | ०.८७ | ५००.० | १ | ०.८७ | ५००.० | १ | ०.८७ | १००.० | ४९६.३० | ९९.२६ | |
| २.१२.१.४२ | Operation and Maintenance of e-GP System (सेवा करार)(सेवा करार) | निरन्तर | १ | ३४.८९ | २०,०००.० | १ | ३४.८९ | २०,०००.० | १ | ३४.८९ | १००.० | १४७११.०२ | ७३.५६ | |
| २.१२.२.५ | सार्वजनिक खरिद विज्ञ(व्यक्ति करार) | जना | १ | ५.२३ | ३,०००.० | १ | ५.२३ | ३,०००.० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २.१२.२.७ | कम्प्युटर अपरेटर(व्यक्ति करार) | जना | १ | ०.५५ | ३१३.० | १ | ०.५५ | ३१३.० | १ | ०.५५ | १००.० | ३०५.५० | ९७.६० | |
| २.१४.२.१ | कर्मचारी दक्षता अभिवृद्धि तालिम(कर्मचारी दक्षता बृद्धि तालिम (प्रमाण पत्र नदिने)) | संख्या | ३ | १.०५ | ६००.० | ३ | १.०५ | ६००.० | ० | ०.०० | ०.०० | १३.०० | २.१७ | |
| २.१५.१.१० | e-GP सम्वन्धी सचेतना अभिवृद्धि गर्न वर्कशप र अन्तरक्रिया(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | २ | ०.५२ | ३००.० | २ | ०.५२ | ३००.० | २ | ०.५२ | १००.० | १७८.२२ | ५९.४१ | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१५.१.१३ | चौमासिक / बार्षिक प्रगति समिक्षा(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | ४ | ०.३५ | २००.० | ४ | ०.३५ | २००.० | ४ | ०.३५ | १००.० | ११८.८१ | ५९.४१ | |
| २.१५.१.१८ | सार्वजनिक खरिद सम्वन्धी NPPSF, NPPR, खरिद इकाई प्रमुखहरुसंग अन्तरक्रिया / गोष्ठी(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | १ | ०.२६ | १५०.० | १ | ०.२६ | १५०.० | १ | ०.२६ | १००.० | ८९.११ | ५९.४१ | |
| २.१५.१.१९ | सार्वजनिक खरिद सम्वन्धमा अनुशिक्षण कार्यक्रम(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | ५ | ०.४४ | २५०.० | ५ | ०.४४ | २५०.० | ५ | ०.४४ | १००.० | १४८.५२ | ५९.४१ | |
| २.१५.१.२१ | सार्वजनिक निकाय, वोलपत्रदाता तथा बैंकहरुको लागि e-GP सम्वन्धी तालिम(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | पटक | १० | १.७४ | १,०००.० | १० | १.७४ | १,०००.० | १० | १.७४ | १००.० | ५९४.०७ | ५९.४१ | |
| २.१५.१.३१ | सार्वजनिक खरिद सम्वन्धि अन्तरक्रिया कार्यक्रम(उद्यमशीलता ,रोजगारी मुलक / सशक्तिकरण / सीप विकास तथा क्षमता अभिवृद्धि तालिम) | वटा | २० | १.०५ | ६००.० | २० | १.०५ | ६००.० | २० | १.०५ | १००.० | ३५६.४४ | ५९.४१ | |
| २.१५.३.९३ | सार्वजनिक खरिद अनुगमन कार्यालयको बार्षिक प्रतिवेदन तयारी(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | पटक/ संख्या | १ | ०.८७ | ५००.० | १ | ०.८७ | ५००.० | १ | ०.८७ | १००.० | ४३०.५३ | ८६.११ | |
| २.१५.३.९४ | सार्वजनिक खरिद पत्रिका प्रकाशन(प्रचार प्रसार तथा सामाग्री उत्पादन तथा प्रकाशन र वितरण) | पटक/ संख्या | १ | ०.८७ | ५००.० | १ | ०.८७ | ५००.० | ० | ०.०० | ०.०० | ०.०० | ०.०० | |
| २.१९.१.१ | अनुगमन मुल्यांङ्कन र भ्रमण खर्च(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | १५ | ०.२६ | १५०.० | १५ | ०.२६ | १५०.० | १५ | ०.२६ | १००.० | १२०.३० | ८०.२० | |
| २.१९.१.९ | सार्वजनिक खरिद सम्बन्धी गुनासोको स्थलगत अध्ययन तथा निरीक्षण(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च) | पटक | १५ | १.३१ | ७५०.० | १५ | १.३१ | ७५०.० | १५ | १.३१ | १००.० | ६०१.५० | ८०.२० | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१९.१.३३ | e-GP सम्वन्धि अनुगमन निरिक्षण, सहजिकरण(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वियन भ्रमण खर्च) | पटक | ५ | ०.८७ | ५००.० | ५ | ०.८७ | ५००.० | ५ | ०.८७ | १००.० | ४०१.०० | ८०.२० | |
| २.१९.१.५५ | सार्वजनिक खरिद सम्वन्धी अनुगमन(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वियन भ्रमण खर्च) | जिल्ला | १२ | १.०५ | ६००.० | १२ | १.०५ | ६००.० | १० | ०.८७ | ८३.३३ | ४८१.२० | ८०.२० | |
| २.१९.१.५६ | सार्वजनिक खरिद पुनरावलोकन समितिको निर्णय कार्यान्वयन सम्वन्धी अनुगमन(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वियन भ्रमण खर्च) | पटक | ४ | ०.७० | ४००.० | ४ | ०.७० | ४००.० | २ | ०.३५ | ५०.०० | ३२०.८० | ८०.२० | |
| २.१९.१.५७ | सार्वजनिक निकायहरुको वार्षिक खरिद योजना, खरिद गुरुयोजना सम्बन्धी अनुगमन(अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वियन भ्रमण खर्च) | पटक | ५ | ०.३५ | २००.० | ५ | ०.३५ | २००.० | ४ | ०.२८ | ८०.०० | १५९.२७ | ७९.६३ | |
| २.१९.३.१ | बैदेशिक अध्ययन/अवलोकन भ्रमण खर्च(वैदेशिक भ्रमण) | संख्या | १० | ३.६६ | २,१००.० | १० | ३.६६ | २,१००.० | ० | ०.०० | ०.०० | १०.०० | ०.४८ | |
| **(क)** | **जम्मा (चालु तथा पुँजिगत)** | | | १००.०० | **५७,३२०.०** | | **१००.०** | **५७,३२०.०** | | **७२.३०** | **७२.३०** | **२६५,५८.०** | **४६.३३** | |
| **(ख)** | **प्रशासनिक खर्च** | | | | ४४.१००.० | | | ४४.१००.० | | | | ३४३५९.६ | **७७.९१** | |
| **(ग)** | **कुल जम्मा** | | | **१००.०** | **१०१,४२०** | | **१००.००** | **१०१,४२०** | | **७२.३०** | **७२.३०** | **६०,९१७.५** | **६०.०६** | |